# निरन्तर नेपाली व्याकरण र रचना

## कक्षा ८

लेखक तथा सम्पादक
डा. भूपहरि पौडेल

निरन्तर प्रकाशन
पुतलीसडक, काठमाडौँ–२९, नेपाल ।
फोन: ०१–४५४६३८४

नाम :........................................................................................

कक्षा :............................................ रोल नं. ................................

सेक्सन :......................................... विषय :..................................

विद्यालयको नाम :.......................................................................


| | | |
|---|---|---|
| पुस्तक | : | निरन्तर नेपाली व्याकरण र रचना, कक्षा–८ |
| लेखक तथा सम्पादक | : | डा. भूपहरि पौडेल |
| प्रथम संस्करण | : | २०७६, वैशाख |
| द्वितीय संस्करण | : | २०७७, वैशाख |
| तृतीय संस्करण | : | २०७८, वैशाख (पूर्ण परिमार्जित) |
| | | पुनः मुद्रण २०८०, वैशाख |


| | | |
|---|---|---|
| सर्वाधिकार | : | © प्रकाशकमा |


| | | |
|---|---|---|
| प्रकाशक | : | निरन्तर प्रकाशन |
| | | काठमाडौँ, नेपाल |
| | | फोन नं. ०१–४५४६३८४ |
| मूल्य | : | रू. ३४२।– |

छपाइ नेपालमा ।

# भूमिका

भाषाको प्रयोग मानवसमाजमा दैनिक व्यावहारिक प्रयोजनका निमित्त गरिन्छ । सुनाइ, बोलाइ, पढाइ र लेखाइ सीपको विकास गर्नु भाषा सिकाइको प्रमुख सक्षमता हो । भाषाका यिनै चार सिप विकास गर्न विभिन्न व्याकरण निर्माण गरिएका छन् । यसरी निर्माण गरिएका व्याकरणहरू व्यवहारिकभन्दा पनि सैद्धान्तिक पद्धतिका रहेका पाइन्छन् । सैद्धान्तिक प्रकृतिका व्याकरणका पठनपाठनबाट विद्यार्थीहरूले भाषाका नियम जानेका हुन्छन् तर भाषा प्रयोगमा कठिनाइ महसुस पनि गरेका छन् । भाषा सिकाइमा रहेका विभिन्न कठिनाइहरूलाई सुधार गर्ने उद्देश्यले प्रस्तुत व्याकरण शृङ्खला लेखिएको हो । यस पुस्तकबाट व्याकरण शिक्षण गराउँदा विद्यार्थीहरूलाई घोक्न नलगाई उनीहरूकै परिवेश एवम् चित्रका माध्यमबाट सिकाउने प्रयास गरिएको छ । भाषा व्याकरण भनेको सिद्धान्तको व्याख्या र इतिहासको वर्णनमा भन्दा व्यावहारिक प्रयोग र अभ्यासमा केन्द्रित हुने पक्ष हुन् । यिनीहरूको व्यावहारिक प्रयोगका लागि भाषिक सीपहरूको प्रयोग हुनु जरुरी छ । अतः भाषा व्याकरणका यस्ता पाठ्य तथा अभ्यासपरक सामग्रीले अभ्यासात्मक पक्ष र गतिविधिमा जोड दिनु स्वाभाविक भएकाले यस्तै अभ्यासपरक सामग्री तथा आगमनात्मक विधिले पाठ्यपुस्तकमा प्राथमिकता पाएका छन् ।

प्रस्तुत पुस्तक निरन्तर नेपाली व्याकरण र रचना कक्षा–८ शिक्षक मित्रहरूको अभिप्रेरणाबाट विद्यार्थीहरूका लागि लेखिएको हो । पुस्तक प्रकाशक वितरक निरन्तर प्रकाशनका सारथीद्वय रामहरि खड्का र पूर्ण बस्नेतमा हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु ।

अन्तमा यस पुस्तकलाई आधिकारिक तथा त्रुटिरहित बनाउन सक्दो प्रयास गरिएको छ तर पनि कतै त्रुटि रहन गएको हुनसक्छ त्यसका लागि विज्ञहरूबाट सकारात्मक सुझावको अपेक्षा गर्दछु ।

२०८०, वैशाख

– लेखक तथा सम्पादक

# विषयसूची


| खण्ड 'क' | व्याकरण | १–१७६ |
|---|---|---|
| एकाइ १ | भाषा र व्याकरण | १ |
| एकाइ २ | वर्ण र अक्षर | ४ |
| एकाइ ३ | वर्ण, शब्द र अनुच्छेद | ७ |
| एकाइ ४ | नाम | १२ |
| एकाइ ५ | सर्वनाम | १८ |
| एकाइ ६ | विशेषण | २३ |
| एकाइ ७ | क्रियापद | २८ |
| एकाइ ८ | अव्यय | ३३ |
| एकाइ ९ | लिङ्ग, वचन र पुरुष | ३९ |
| एकाइ १० | वर्णविन्यास | ५० |
| एकाइ ११ | काल र पक्ष | ६९ |
| एकाइ १२ | क्रियाको अर्थ वा भाव | ७९ |
| एकाइ १३ | शब्दनिर्माण प्रक्रिया | ८६ |
| एकाइ १४ | उपसर्ग र प्रत्ययद्वारा शब्दनिर्माण प्रक्रिया | ८७ |
| एकाइ १५ | समास प्रक्रियाद्वारा शब्द निर्माण | ९८ |
| एकाइ १६ | द्वित्व प्रक्रियाद्वारा शब्द निर्माण | १०६ |
| एकाइ १७ | सन्धि र प्रक्रियाद्वारा शब्द निर्माण | १०९ |
| एकाइ १८ | करण–अकरण | ११२ |
| एकाइ १९ | आदरार्थी | ११७ |
| एकाइ २० | शब्दभण्डार | १२१ |
| एकाइ २१ | प्रेरणार्थक | १३५ |
| एकाइ २२ | वाच्य | १३९ |
| एकाइ २३ | कारक र विभक्ति | १४५ |
| एकाइ २४ | पदसङ्गति | १५३ |
| एकाइ २५ | वाक्य र वाक्यका प्रकार | १५७ |
| एकाइ २६ | वाक्य संश्लेषण र विश्लेषण | १६३ |
| एकाइ २७ | उक्ति र उक्ति परिवर्तन | १६८ |
| एकाइ २८ | पारिभाषिक/ प्राविधिक शब्द | १७२ |
| एकाइ २९ | उखान टुक्का | १७६ |

| खण्ड 'ख' | रचना | १८७–२२४ |
|---|---|---|
| एकाइ १ | बोध | १८६ |
| एकाइ २ | सारांश लेखन | १९२ |
| एकाइ ३ | जीवनी लेखन | १९७ |
| एकाइ ४ | कथा लेखन | २०१ |
| एकाइ ५ | वादविवाद लेखन | २०६ |
| एकाइ ६ | संवाद लेखन | २१० |
| एकाइ ७ | मनोवाद लेखन | २१४ |
| एकाइ ८ | चिठी लेखन | २१८ |
| एकाइ ९ | निबन्ध लेखन | २२४ |

एकाइ १

# भाषा र व्याकरण

## १.१ भाषाको परिचय

मानिसले आफ्ना विचार आदानप्रदान गर्ने माध्यमलाई भाषा भनिन्छ । मानिसले आफ्ना मनमा लागेका विचार अथवा भावनाहरू भाषाका माध्यमबाट व्यक्त गर्दछ । संस्कृतको 'भाष्' धातुमा 'आ' प्रत्यय लागेर भाषा शब्दको निर्माण भएको हो । मानिसको मुखबाट व्यक्त आवाज नै भाषा हो । खोक्दा, हाच्छिउँ गर्दा, हाइ गर्दा पनि मुखबाट आवाज त आउँछ तर त्यसलाई भाषा मानिँदैन । मानिसको उच्चारण अङ्ग (मुख, नाक, जिब्रो, दाँत, ओठ आदि) द्वारा उच्चरित सार्थक ध्वनिलाई मात्र भाषा भनिन्छ । हुन त विचारविनिमय स्पर्शबाट (छोएर, कोट्याएर, चिमोटेर) आवाजबाट (सिटी बजाएर, ताली बजाएर, चुट्की बजाएर) र सङ्केतबाट (हात हल्लाएर, आँखा झिम्काएर, झन्डा देखाएर, बत्ती बालेर) पनि गर्ने गरिन्छ तर यस्ता कार्यहरूबाट सीमित मात्रामा मात्र विचार व्यक्त हुने भएको हुनाले यिनलाई भाषा मानिँदैन । त्यसैले भाषा भनेको मानवीय उच्चारण अवयवद्वारा उच्चरित सार्थक ध्वनि हो, जसबाट मानव समुदायमा सजिलै विचार आदानप्रदान गर्न सकिन्छ ।

भाषा मानवीय वस्तु हो । मानिसले बोल्ने बोलीका रूपमा प्रयोग हुने भाषालाई वाक् भनिन्छ । भाषामा प्रयोग हुने यस्ता वाक् वा बोली प्रतीकको रूपमा प्रयोग हुन्छ । यसलाई हामीले आफूभन्दा अघिल्ला पिँढीबाट अथवा हाम्रा पुर्खाहरूबाट सहज रूपमा स्वीकार्दै आएका हुन्छौँ । भाषा परम्परागत रूपमा हस्तान्तरित हुँदै आएको पुर्ख्यौली सम्पत्ति हो ।

भाषा परिर्वनशील छ । सही किसिमले उच्चारण नहुनु वा सही ढङ्गले नसुन्नाले बोलीमा भिन्नता आउँछ । मानिसले असजिलो उच्चारण गर्न छाडेर सजिलो उच्चारण गर्छ । फलस्वरूप भाषामा क्षेत्रीय भेद जन्मदै जान्छ अनि भाषिका र उपभाषिकाको सिर्जना हुन पुग्छ । त्यसकारण भाषा व्यवस्थित हुन्छ । भाषाभित्र वर्ण, शब्द, पदावली र वाक्यको निश्चित व्यवस्था हुन्छ ।

### १.१.१ भाषाका प्रकार

भाषालाई विभिन्न प्रकारमा वर्गीकरण गरेको पाइन्छ । प्रयोगका आधारमा भाषालाई दुई प्रकारमा विभाजन गर्न सकिन्छ :

(क) कथ्य भाषा

(ख) लेख्य भाषा

### (क) कथ्य भाषा

भाषाको पहिलो रूप 'कथ्य' हो । 'कथ्य' भन्नाले बोलचालमा आएको भाषा भन्ने बुझिन्छ । समाजमा बस्ने मानिसहरूले सामाजिक व्यवहार गर्दा एक अर्कासँग भेट हुँदा उनीहरूले आफ्ना मनमा उब्जेका विचार वा भावलाई कुराकानी गरेर आदानप्रदान गर्दछन् । यसरी कुराकानीमा प्रयोग हुने भाषालाई कथ्य भाषा भनिन्छ । कथ्य भाषा श्रवणेन्द्रियद्वारा ग्रहण गरिन्छ । त्यसकारण कथ्य भाषाका लागि वक्ता र श्रोता दुवै उपस्थित हुनु आवश्यक हुन्छ । कथ्य भाषा साक्षर र निरक्षर दुवैले प्रयोग गर्दछन् । कथ्य भाषा व्यापक क्षेत्रमा फैलिएको हुन्छ । यो बढी परिवर्तनशील हुन्छ । यस भाषामा हाउभाउको प्रयोग हुन्छ । कथ्य भाषा सहज र स्वाभाविक रूपमा प्रयोग गरिन्छ ।

### (ख) लेख्य भाषा

भाषा प्रयोगको दोस्रो रूप लेख्य हो। कथ्य भाषाको विकास भएपछि मात्र लेख्य भाषाको विकास भएको हो। संसारमा उपलब्ध भएका सबै भाषाको लेख्य रूपको विकास भएको पाइँदैन। वास्तवमा लेखनमा प्रयोग हुने भाषा नै लेख्य भाषा हो। समाजमा बसोबास गर्दै आएका सबै मानिसले भेटघाट गरेर मात्र विचारको विनिमय गर्न सक्दैनन्। एउटा वक्ताले सबै ठाउँमा सबैलाई भेटेर मनका भाव अथवा विचार पोख्न सक्दैन। अरूलाई आफ्ना कुरा बताउन अथवा बुझाउन मानिस लेख्ने गर्दछ र लेखेको कुरा पढ्ने गर्दछ। यही लेखनमा प्रयोग हुने भाषालाई नै लेख्य भाषा भनिन्छ। लेख्य भाषाका लागि लेखक र पाठकको आवश्यकता पर्दछ। लेखकले लेखेका कुरा पाठकले आफूलाई फुर्सद भएको समयमा पढ्न सक्छ। लेख्य भाषा साक्षर व्यक्तिले मात्र पढ्न सक्छन्। यो कथ्य भाषाको तुलनामा कम परिवर्तनशील हुने गर्दछ। यसको क्षेत्र पनि कथ्य भाषाको जस्तो व्यापक नभई सीमित हुन्छ। लेख्य भाषा लामो समयसम्म सुरक्षित राख्न सकिन्छ। तर कथ्य भाषा भने वक्ताको बोलीलाई रेकर्ड गरेर सुरक्षित नगर्ने हो भने उतिखेरै लोप हुन्छ। लेख्य भाषा भने व्यक्ति विशेषको सङ्ग्रहालय र पुस्तकालयमा सृष्टि पर्यन्त रहिरहन्छ।

## १.२ व्याकरण

व्याकरण 'कृ' धातुमा 'आ' र 'वि' उपसर्ग र 'अन' प्रत्यय लागेर बनेको शब्द हो जसको शाब्दिक अर्थ भाषिक नियम भन्ने हुन्छ। संसारमा धेरै भाषाहरू छन्। प्रत्येक भाषाको आआफ्नै वर्ण र उच्चारण व्यवस्था तथा नियम हुन्छन्। वर्णव्यवस्था, लिपि र संरचना पनि फरक हुन्छन्। कुनै पनि नियमविनाको भाषा हुँदैन। ती भाषाहरू बोलचालको रूपमा प्रयोग गर्दा एउटा निश्चित क्रम अथवा नियममा आबद्ध हुन्छन्। भाषाअन्तर्गत भाषाको नियम अथवा व्यवस्था रहेको हुन्छ। त्यही भाषाको नियम अथवा व्यवस्थालाई व्याकरण

भनिन्छ । कुनै पनि भाषा शुद्धसँग बोल्न, लेख्न, पढ्न र सन्दर्भअनुसार अर्थ बुझ्न पढ्नुपर्छ । व्याकरणले भाषालाई ठिक ठिकसँग बोल्न र लेख्न मद्दत गर्छ । व्याकरणका कारण प्रयोग कर्ताले प्रयोग गर्ने भाषा समान हुन्छ र भाषाका वक्ताबिच सहज बोध हुन्छ ।

संसारका अरू भाषामा भएजस्तै नेपाली भाषाका पनि आफ्नै नियम छन् । आफ्नै किसिमका भाषिक संरचना र विशेषता छन् । जस्तैः अङ्ग्रेजी भाषा कर्ता + क्रिया + कर्ममा संरचित हुन्छ भने नेपाली भाषा कर्ता + कर्म + क्रियामा संरचित हुन्छ । भाषामा रहेको यस्तो व्यवस्था रूप, पद, पदावली, उपवाक्य र वाक्य स्तरमा रहेका हुन्छन् । यिनै कुरा थाहा पाउन व्याकरण पढ्नुपर्छ । नेपाली व्याकरणले नेपाली भाषाको स्वरूप, लेखनपद्धति, ठिक र बेठिक छुट्याउने तरिका र उच्चारण पद्धति थाहा पाउन सहयोग पुऱ्याउँछ ।

## अभ्यास

१. **भाषा भनेको के हो ?**

२. **भाषा कुन कुन माध्यमबाट व्यक्त हुन्छ ?**

३. **कथ्य भाषा भनेको के हो ?**

४. **लेख्य भाषा भनेको के हो ?**

५. **व्याकरण भनेको के हो ?**

६. **व्याकरणमा के के कुराको अध्ययन गरिन्छ ?**

७. **तल दिइएका दुईओटा चित्र हेर्नुहोस् । चित्रमा तपाईंले के के देख्नुभयो ? कक्षामा पालैपालो भन्नुहोस् :**





एकाइ

२


# वर्ण र अक्षर

## १. पढ्नुहोस् र बुझ्नुहोस् :


वर्ण भनेको भाषाको सबैभन्दा सानो एकाइ हो । यही कुरालाई अर्को वाक्यमा भन्दा मानव भाषाको उच्चरित ध्वनि व्यवस्थामा पाइने लघुत्तम अर्थभेदक एकाइलाई वर्ण भनिन्छ । यो वर्ण आफैमा अर्थपूर्ण नभए पनि शब्दमा प्रयोग भएपछि भने त्यस वर्णको फरक अर्थ लाग्दछ । जस्तैः काट, खाट, घाट, चाट मा क्, ख्, घ्, च् बाहेक समान ध्वनि परिवेश 'आट्' छन् । ती समान ध्वनिको अगाडि क्, ख्, घ्, च् जोडिँदा अर्थमा फरक आउँछ ।

नेपालीमा वर्णहरू दुई प्रकारका छन् :

**स्वरवर्ण र व्यञ्जनवर्ण**




स्वरवर्ण




व्यञ्जनवर्ण

### (क) स्वरवर्ण

फोक्सोबाट आएको सासको माध्यमबाट कतै नरोकिई अथवा कुनै बाधा व्यवधानविना उच्चारण हुने वर्णलाई स्वरवर्ण भनिन्छ । स्वर वर्णलाई अरू कुनै वर्णको सहायताविना उच्चारण गर्न सकिन्छ । यस्ता वर्णहरू स्वतन्त्र हुन्छन् । नेपाली भाषाको परम्परागत व्याकरणमा १३ ओटा स्वरवर्ण मानिएका छन् । जस्तै :

अ, आ, इ, ई, उ, ऊ, ऋ, ए, ऐ, ओ, औ, अं, अः

ऋ संस्कृत भाषाको वर्ण हो ।

ई, ऊ, ऐ र औ संयुक्त वर्ण हुन् ।

| | |
|---|---|
| इ + इ = ई | उ + उ = ऊ |
| अ + इ = ऐ | अ + उ = औ |

त्यसैले नेपालीमा संस्कृत भाषाका स्वरवर्ण ऋ र संयुक्त स्वरवर्ण ई, ऊ, ऐ, औ, अं, अः छुट्याएर जम्मा ६ ओटा मात्र छन् ।

### (ख) व्यञ्जनवर्ण

फोक्सोबाट आएको सासका माध्यमबाट मुखभित्रका विभिन्न भागमा ठोक्किई उच्चारण हुने वर्णलाई व्यञ्जनवर्ण भनिन्छ । यी वर्ण स्वर वर्णको सहायताले मात्र उच्चारण गरिन्छन् । प्रचलित लेख्य रूपमा व्यञ्जन वर्णहरू ३६ ओटा छन् ।

नेपाली भाषामा ञ, ण्, श्, ष वर्ण उच्चारणका क्रममा छैनन् । यी लेख्य क्रममा मात्र छन् । यी वर्णहरू संस्कृत भाषाका वर्णहरू हुन् । त्यस्तैः क्ष, त्र, ज्ञ संयुक्त वर्ण हुन् ।

| | | |
|---|---|---|
| क् + ष् = क्ष् | त् + र् = त्र् | ज् + ञ् = ज्ञ |

यसरी लेख्य रूपमा ३६ ओटा वर्णहरू भए पनि उच्चारणका आधारमा नेपाली व्यञ्जन वर्णहरू २९ ओटा मात्र छन् । जस्तै :

क्, ख्, ग्, घ्, ङ्, च्, छ्, ज्, झ्, ट्, ठ्, ड्, ढ्, त्, थ्, द्, ध्, न्, प्, फ्, ब्, भ्, म्, य्, र्, ल्, व्, स्, ह्

## २. अक्षरको परिचय

वर्णभन्दा माथिल्लो भाषिक एकाइलाई अक्षर भनिन्छ । एक अथवा एकभन्दा बढी ध्वनिहरूको समूहलाई उच्चारण गर्दा फोक्सोबाट आएको सासको एक झट्कामा उच्चरित हुन्छ भने त्यसलाई अक्षर भनिन्छ । एक अथवा एकभन्दा बढी वर्ण मिलेर अक्षर बन्दछ । अक्षरमा कम्तिमा एउटा स्वरवर्ण हुन्छ । नेपालीमा क, ख, ग, घ ...... वर्ण मात्र हुन् । यो

स्वरसँग मिलेर आउँदा मात्र अक्षर बन्दछन् :

कृ (क् + अ)  ख (ख् +अ)  ग (ग् + अ)

| | |
|---|---|
| वर्ण : | क्, ख्, ग्, घ्, ङ् (स्वरवर्ण मिलेर बनेको अक्षर) |
| अक्षर : | क, ख, ग, घ, ङ (एउटै वर्ण भएका अक्षर) |

### अक्षर छुट्याउने तरिका

(क) स्वरवर्ण जति एक अक्षरका हुन्छन् ।

(ख) स्वर वर्णसँग जोडिई आएका वर्ण अक्षर हुन् : जस्तैः

| | |
|---|---|
| क् + अ = क | क् + आ = का |
| क + इ = कि | क + उ = कु |
| क् + ए = के | क् + ओ = को आदि । |

(ग) हलन्त वर्ण अथवा खुट्टा काटेर लेखेका आधा वर्णलाई अक्षर मानिँदैन ।

(घ) स्वरवर्ण सरह अथवा लामो समयसम्म उच्चरित हुने वर्ण एक अक्षरको हुन्छ ।

**अक्षरको संरचना**

| शब्द | वर्णहरू | अक्षर सङ्ख्या |
|---|---|---|
| म | म्+अ | १ |
| त्यो | त्+य्+ओ | १ |
| पिता | प+इ+त्+त्+आ | २ |
| घरेलु | घ+अर्+ए+ल्+उ | ३ |
| देखावटी | द+ए+ख्+आ+व्+अ+व्+ट्+इ | ४ |



## अभ्यास

१. **वर्ण भनेको के हो ?**

२. **वर्णलाई कति भागमा विभाजन गरिएको छ ?**

३. **स्वरवर्ण भनेको के हो ? उच्चारणका आधारमा स्वरवर्ण कतिओटा छन् ?**

४. **व्यञ्जनवर्ण भनेको के हो ? उच्चारणका आधारमा व्यञ्जनवर्ण कतिओटा छन् ?**

५. **अक्षर भनेको के हो ?**


६ **अक्षर छुट्याउने तरिकाहरू उल्लेख गर्नुहोस् ।**

एकाइ

3

# वर्ण, शब्द र अनुच्छेद

## १. पढ्नुहोस् र बुझ्नुहोस् :




### (क) भाषामा जम्मा तीनओटा पक्ष हुन्छन् । जस्तै :

| वर्ण | शब्द | अनुच्छेद |
|---|---|---|

वर्णको ज्ञान विषयमा यही पुस्तकको पाठ दुइमा विस्तृत रूपमा लेखिएको छ। तर, त्यति लेखाइले मात्र वर्णको पूर्ण ज्ञान हुँदैन। वर्णको पूर्ण ज्ञानका निम्ति शब्द, वाक्य र अनुच्छेदको ज्ञान आवश्यक हुन्छ। यसलाई संवादको शैलीमा प्रस्तुत गरिन्छ।

गीता : वर्ण भनेको के हो ?

दिवेश : वर्ण भनेको भाषाको पहिलो एकाइ हो ।

शिवानी : भाषाको पहिलो एकाइ वर्ण हो भन्ने कुराको तात्पर्य के हो ?

सुभाष : भाषाको पहिलो एकाइ वर्ण हो किनभने वर्णको राम्रो ज्ञान नगरी भाषाको दोस्रो एकाइ शब्द ज्ञान अपूर्ण हुन्छ । अनि वाक्यको ज्ञान नभई अनुच्छेद लेखनतर्फ कलम चल्दैन । अनुच्छेदको विस्तारबाटै लेख लेख्ने र पुस्तक लेख्ने अभ्यास गर्न सकिन्छ ।

कविता : वाक्य सिर्जनाका निम्ति आधारभूत वर्ण कति किसिमका हुन्छन् ?

दिनेश : वर्णको विस्तार तलको चित्रमा देखाउन सकिन्छ ।

क + े + ह + ी = केही

### (ख) वर्ण त्यस्तो ध्वनिलाई भनिन्छ जसलाई टुक्र्याउन सकिँदैन ।

जस्तै : क्, च्, ट्, त्, प्

ह्रस्व तथा दीर्घस्वर गरी स्वरवर्ण दुई किसिमका हुन्छन् ।

स्वर ध्वनी लागेर तेत्तीसवटा व्यञ्जन वर्णहरूलाई सन्दर्भअनुसार शब्दहरू बनाउन सकिन्छ ।

शब्दका प्रकार :

एक अथवा एकभन्दा बढी वर्णहरूको मेल नै शब्द हो । जस्तो :

#### (अ) मात्रा लागेका छोटा वाक्य

(क) म पाठ पढ्छु (ख) ए के भयो हँ ? (ग) तँ बजार गइस् ।

#### (आ) मात्रा जोडिएका अक्षर

| | | |
|---|---|---|
| मामा | पापा | चाचा |
| दाजु | काका | थाहा |

(क) मामाले भान्जालाई माया गर्नुभयो ।

(ख) पापा गुलियो छ ।

(ग) चाचा काममा जानुभयो ।

(घ) दाजुले धेरै पढ्नुभयो ।

(ङ) काका विद्यालय जानुभयो ।

(च) सबैले मेरो कुरा थाहा पाउनुपर्छ ।

#### (इ) तीनअक्षरी शब्द, जस्तै :

| | | | | | | |
|---|---|---|---|---|---|---|
| शिक्षक | विद्यार्थी | खटिया | लुटेरा | नजिक | नारद | अर्जुन |
| सुनार | प्रयास | समात्नु | समय | प्रसन्न | नरक | आराम |

### (ई) चार अक्षरका शब्द, जस्तै :

| | | | | | |
|---|---|---|---|---|---|
| राजपूत | आयोजना | व्यवहार | शिशुपाल | सच्याउन | खेलकुद |
| आगमन | हनुमान | यथोचित | परिणाम | कृतज्ञता | दानवीर |

### (उ) वाक्यको बनोट

वर्ण अथवा अक्षरको विस्तार शब्द हो । शब्दको विस्तार वाक्य हो । वाक्यको निर्माण नभई शब्दको मात्र अर्थ स्पष्ट हुँदैन । त्यसैले पढ्ने, बोल्ने र लेख्ने भाषाको विस्तारका निम्ति वाक्यनिर्माण अनिवार्य मानिन्छ । जस्तै :

(क) अशोक विद्यालय पढेर घर फर्क्यो ।

(ख) आज ज्यादा जाडो छ ।

(ग) नरिवल मिठो हुन्छ ।

(घ) सविताले कलमले गृहकार्य गरिन् ।

वाक्यमा कर्ता, कर्म र क्रियापदको मेल हुनुपर्छ । कर्ता, कर्म र क्रियापदको मेल नभएको वाक्य अपूर्ण वाक्य हुन्छ । जस्तै :

| क | ख |
|---|---|
| हरि पाठशाला | हरि पाठशाला जान्छ । |
| दूध तातो | दूध तातो छ । |
| गुरुआमा पाठ | गुरुआमा पाठ पढाउनुहुन्छ । |
| म गाई | म गाई चराउन जान्छु । |
| आमा भात | आमा भात पकाउनु हुन्छ । |

माथि 'क' र 'ख' समूहमा वाक्यहरू दिइएका छन् । 'क' समूहका पाँचओटा वाक्यमा कर्ता र कर्मपद भए पनि क्रियापद दिइएको छैन । त्यसैले उक्त पाँचओटा वाक्यको अर्थ स्पष्ट छैन । 'ख' समूहको वाक्यमा क्रियापद राखेर अर्थपूर्ण वाक्य बनाइएको छ । उदाहरणबाट पनि दुई अथवा दुईभन्दा बढी सार्थक क्रिया, कर्ता र क्रियापदयुक्त शब्दहरूको समूह वाक्य हो भन्ने स्पष्ट हुन्छ । कतै कतै कर्मपद लुकेका वाक्य पनि प्रयोग हुन्छन् । जस्तै : म खान्छु । म जान्छु ।

## २. तलका शब्दहरू पढ्नुहोस् :

| | | | |
|---|---|---|---|
| गाई | युधिष्ठिर | पक्षी | विद्यालय |

माथि दिइएका शब्दको पनि स्पष्ट अर्थ खुल्दैन । शब्दमा के अर्थ लुकेको छ भन्ने कुरा हामीलाई थाहै छैन । कुन शब्दको के कस्तो अर्थ लुकेको रहेछ भन्ने कुरा तलको

प्रस्तुतिबाट थाहा हुन्छ । जस्तै :

(क) गाई वनमा चर्छ । (ख) युधिष्ठिर महाभारतका पात्र हुन् ।

(ग) पक्षी आकाशमा उड्छ । (घ) विद्यालयमा विद्यार्थीहरू पढ्न जान्छन् ।

त्यस्तै, अरू केही वाक्यहरू पढ्नुहोस् । ती वाक्यहरू कर्ता, कर्म र क्रियापद मिलेका सार्थक वाक्य हुन् कि होइनन् ?

(क) धेरै पहिले नल नाम गरेका राजा थिए ।

(ख) राजाकी पत्नीको नाम दमयन्ती थियो ।

(ग) नेपालको राजधानी काठमाडौँ हो ।

(घ) राधिका चलाख छिन् ।

(ङ) गाई, भैँसी र बाख्रा वनमा चरिरहेका छन् ।

(च) कविता गीत गाउँछिन् ।

(छ) सूर्यको किरण सबैतिर फैलिएको छ ।

(ज) तिमी कुर्सीमा बस ।

अपवादको रूपमा प्रसङ्गअनुसार एउटै शब्दको पनि वाक्य भेटिन्छ । जस्तै :

| | | | |
|---|---|---|---|
| आउनुहोस् | आइन् | चुप | बस्नुहोस् |
| भन्नुहोस् | बोल | हिँड्नुहोस् | लिनुहोस् |

कर्ता र कर्मपदको प्रयोग नभई क्रियापदको मात्र प्रयोगले पनि अर्थ स्पष्ट खुलेको हुन्छ ।

वाक्यहरूको समूह अनुच्छेद हो । कुनै अनुच्छेद थोरै वाक्यमा लेखिएको हुन्छ । कुनै अनुच्छेद धेरै वाक्यमा लेखिएको हुन्छ । तर अनुच्छेद ठिक्कको राम्रो हुन्छ । लामो अनुच्छेद पढ्न झ्याउ लाग्छ ।

**तल दिइएको अनुच्छेद पढ्नुहोस् । त्यस अनुच्छेदमा कति वाक्य छन् ? गनेर साथीलाई सुनाउनुहोस् :**

मीना, तिनको भाइ र तिनका आमाबाबु आफ्ना बाजेबजैलाई भेट्न कारमा जाँदै थिए । बाटोमा कारमा समस्या देखापर्‍यो र तिनको कारलाई नियन्त्रणमा राख्न सकेनन् अनि रूखमा ठोक्किएर ध्वस्त भयो ।

मीना बाहेक कोही पनि बचेनन् । तिनका बाजेबजै स्वयं तिनकै बाबुमा आश्रित थिए, उनीहरूले नै हाल तिनलाई पालनपोषण गर्दै थिए । उनीहरूप्रति कृतज्ञता प्रकट गर्न मीनाले अल्पकालिन नोकरी गरिन्, घरायसी सम्पूर्ण काम गरिन् र उनीहरूलाई सघाएर आफ्नो अध्ययन समेत गरिन् ।

तिनले आफ्ना कठिनाइहरू हुँदाहुँदै पनि आफ्नो परिवारमा सकस बारे कसैसँग कहीँ कतै

गुनासो गरिनन् । बरू तिनले सधै जीवनको अर्को उज्यालो र असल पक्ष सबैमा देखिन् । मीनाको कथा सकिएपछि तिनका साथीहरूले मीनाका लागि सहानुभूति व्यक्त गरे र उनीप्रति सधैं राम्रो व्यवहार गर्ने प्रतिज्ञा गरे । त्यसपछि तिनीहरूले अरूहरूमा पनि राम्रो मात्र देख्ने निश्चय गरे ।



## अभ्यास

१. **तल दिइएकामध्ये ठिक वाक्यमा ( √) यस्तो चिन्ह र बेठिक वाक्यमा (×) यस्तो चिन्ह दिनुहोस् ।**

(क) मानिसले सोचविचार गरेर काम ।

(ख) रविले सबै विषयको गृहकार्य पूरा गरे ।

(ग) मामा खाडादेवीबाट कहिले ।

(घ) तिमी मसँग नेपाली व्याकरण पढ ।


(ङ) जो मिहिनेत गर्छ ऊ परीक्षामा सफल ।

(च) मकैको खेती लेखेवापत कृष्णलाल ।

(छ) बाबाले बजारबाट केराउ किनेर ल्याउनुभयो ।

२. **कर्ता, कर्म र क्रियापदका पाँच पाँचवटा पद खोजेर वाक्य बनाउनुहोस् ।**

३. **तलका वृक्ष तालिकामा कर्मपद दिइएका छन् । ती कर्मपदलाई सुहाउने कर्ता र क्रियापद के कस्ता हुन्छन् ?**




४. **तपाईं दश वाक्यको एक अनुच्छेद लेखेर कक्षामा शिक्षकबाट रुजू गराई साथीलाई सुनाउनुहोस् ।**

एकाइ
४

# नाम

## १. पढ्नुहोस् र बुझ्नुहोस् :

एउटा गाउँमा इमानदार दाउरे थियो । ऊ दाउरा बेचेर जीविका चलाउने सोझो गाउँले हो । उसको इमानदारिता देखेर सबै गाउँलेहरू छक्क पर्थे । एकदिन उसले दाउरा काट्दाकाट्दै अकस्मात् बन्चरो पोखरीमा खसेर हरायो । पोखरी निकै गहिरो थियो । त्यसैले कमाइ खाने आफ्नो बन्चरो गुम्ने भयो भन्ने ठानेर रुन थाल्यो । जलदेवताले सुनको बन्चरो ल्याएर किसानलाई सोधे, "यो तिम्रो बन्चरो हो ?" उसले होइन भन्ने जवाफ दियो । जलदेवता फेरि पोखरीभित्र पसेर चाँदीको बन्चरो ल्याएर दिन खोजे तर दाउरेले त्यो पनि लिन मानेन । अन्त्यमा जलदेवताले उसकै फलामको बन्चरो दिँदा दाउरेले खुसी भएर लियो ।

उसले लोभ नदेखाएको हुँदा जलदेवता निकै खुसी भए । उसको इमानदारिताको प्रशंसा गर्दै जलदेवताले तीनओटै बन्चराहरू दाउरेलाई दिए । त्यसपछि दाउरेका दुःखका दिन गए । उसले घरमा आवश्यक पर्ने चामल, दाल, तेल, थाल, कचौरा आदि सबै किनेर ल्यायो । घरको मर्मत गऱ्यो । उसका छोराछोरी राम र राधा पनि खुसी भए । उसले छोराछोरीलाई पढाइ, लेखाइ गरायो । उसले घरमा गाई, भेडा, बाख्रा ल्यायो । आज उसको परिवार सुखी र सम्पन्न छ ।

**माथिको कथाबाट नाम शब्द छानी तालिकामा भर्नुहोस् :**

| व्यक्ति | वस्तु | ठाउँ | समूह | द्रव्य | भाव |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

कुनै व्यक्ति पदार्थ, स्थान, समूह तथा भाव बुझाउन आउने शब्दलाई नाम भनिन्छ । अर्थात् व्यक्ति वा वस्तुलाई जेभन्दा चिनिन्छ, त्यही नै नाम हो । नाम को र के प्रश्नको उत्तरमा आउने गर्दछ ।

को ? बुबा, दिदी, सुमन, मान्छे, केटो, प्रधानमन्त्री आदि ।

के ? घर, कलम, हिमाल, पहाड, झोला, आँप आदि ।

## २. नामका प्रकार

परम्परागत आधारमा नामलाई पाँच प्रकारमा विभाजन गरिन्छ :

**नामका प्रकार**

१. व्यक्तिवाचक
२. जातिवाचक
३. समूहवाचक
४. प्रश्नवाचक
५. भाववाचक

### (क) व्यक्तिवाचक नाम

| | |
|---|---|
| व्यक्ति : | राम, हरि, सीता, रमा, गोपाल, रामायण |
| वस्तु : | मुनामदन, बाइबल, कुरान, साइकल, रेल |
| स्थान : | नेपाल, काठमाडौँ, गण्डकी, मकालु, सगरमाथा, केशरमहल, तलेजु |

कुनै निश्चित व्यक्ति वा वस्तुलाई तोकेर बुझाउने नामलाई व्यक्तिवाचक नाम भनिन्छ ।

### (ख) जातिवाचक नाम

मान्छे, घर, किताब, नदी, फूल, हिमाल, कलम, चरो, दरबार, गाई, चाड, गाउँ, पशु, देवता, दानव, पहाड, रूख, उपत्यका, जात्रा आदि ।

कुनै व्यक्तिलाई नतोकेर त्यसको सिङ्गो जातिलाई बुझाउने साझा नामलाई जातिवाचक नाम भनिन्छ ।

### (ग) समूहवाचक नाम

भिड, परिवार, ताँती, हूल, बथान, गण, फौज, पुञ्ज, जन्ती, कक्षा, मलामी, लस्कर, साझा, गण, वृन्द, झुण्ड आदि ।

व्यक्ति, प्राणी वा वस्तुको समुदाय बुझाउने नामलाई समूहवाचक नाम भनिन्छ ।

### (घ) द्रव्यवाचक नाम

सुन, चाँदि, फलाम, पीठो, माटो, हावा, अक्सिजन, चामल, पानी, दूध, कपडा, घाँस, धान, मकै, एउटा इत्यादि ।

गन्न नसकिने तर नाप वा तौल लिन सकिने वस्तुलाई बुझाउने नामलाई द्रव्यवाचक नाम भनिन्छ ।

### (ङ) भाववाचक नाम :

सुख, दुःख, दया, प्रेम, रिस, ईर्ष्या, घृणा, शान्ति, हाँसो, खुसी, मानवता, सुन्दरता, गरिबी, पढाइ, पीडा आदि ।

देख्न र छुन नसकिने तर मनले अनुभव गर्न सकिने नामलाई भाववाचक नाम भनिन्छ ।



## अभ्यास

**१. तल दिइएको जीवनी पढ्नुहोस् । त्यस जीवनीमा कुन कुन नामपद प्रयोग भएका छन्, छुट्याएर कक्षामा छलफल गर्नुहोस् :**

एघारौँ शताब्दीमा तिब्बतमा एक बालकको जन्म भएको थियो । उक्त बालकको नाम मिलारेपा राखिएको थियो । मिलारेपा ७ वर्षको हुँदा उनको बाबुको देहावसान भयो । काकाका परिवारले सबै सम्पत्ति लिएको हुँदा मिलारेपाकी बहिनी र उनी खुब दुःखमा परे । आफ्ना काकासँग सम्पत्ति फिर्ता लिन खुब बिन्ती भाउ गरे तर उनको कुरा सुनेनन् । जब उनको १५ वर्षको उमेर भएको थियो, एकदिन मिलारेपा गीत गुनगुनाउँदै आफ्नी आमाको छेउमा गएछन् । आमाले नजिकै रहेको लौरो टिपेर हान्दै 'कस्तो कुपुत्र मैले जन्माएछु, धिक्कार छ तँलाई । दुश्मनसँग बदला लिनुको सट्टा गीत गाएर हिँड्छस्' भनिछन् । त्यसपछि भने उनका आँखा खुलेछन् ।

आमाले बेहोस् हुनेगरी पिटेकाले घर छोडेर तन्त्रविद्या सिक्नको लागि गुरु कहाँ गएछन् । एकदम लगनशील भएर तन्त्रविद्या सिकेछन् । जुन विद्याले भनेको बेलामा असिना तथा हिउँ पार्न सक्थ्यो । तन्त्रविद्या सिकेपछि आफ्ना काकाको खेतबालीमा असिना र हिम वर्षात् गरेर हैरान पारे । जब उनको मन केही वर्षपछि शान्त भयो, त्यसपछि तिब्बती लामाको सरसल्लाह अनुसार योग सिक्न भारतमा गए । भारतका थुप्रै स्थानमा योग गुरुको खोजी गरे । धेरै समयपछि थुप्रै स्थानहरूमा खोजेपछि बल्ल मरपा योगगुरुलाई भेटे । गुरुले अनेकौँ परीक्षा लिए । कठोरभन्दा कठोर परीक्षा लिँदै गर्दा मरपाकी श्रीमतीलाई नै दया लागेर अर्को गुरुकहाँ आफ्नो श्रीमान्ले थाहा नपाउने गरी योग सिक्न पठाइन् । नयाँ गुरुले पनि झन् गाली गर्दै गुरु भनेको एउटै हुन्छ, बरु म पनि जान्छु भनेर सँगै मरपाकोमा नै फर्किए । पहिलेकै ठाउँमा फर्किएपछि मरपा खुब रिसाए । मिलारेपाले मनमनै सोचे, मैले यो

जुनीमा योग साधना गर्न नसके पनि अर्को जुनीलाई बाटो खोल्छु, बरु आजीवन यिनै गुरु कहाँ सेवा गरेर बस्छु । यो सोचेको गुरुले चाल पाएर मिलारेपालाई अँगालो हाले । तिमी मेरो शिष्य बन्न लायक छौं । आजबाट तिमीलाई म योग सिकाउँछु भनेर सिकाउन थाले । मिलारेपाको गुरुप्रतिको निष्ठा, दृढता, तत्परता र समर्पण भावनाले गर्दा उनले राम्रोसँग योग सिक्दै गए । पछि उनी एक नामुद तान्त्रिकका अलावा एक वरिष्ठ योग गुरु पनि बने । पछि गुरुले पहाड तथा हिमालयमा गई तपस्या गर्नु भनेर पठाए ।

मिलारेपाले काभ्रे नालामाथि रहेको ल्हासा पासाको सरस्वती स्थानमा पनि ध्यान गरेको इतिहास भेटिन्छ । उनले नाला क्षेत्रका कृषकको बालीनाली सुरक्षाको लागि असिना र आँधीहुरीबाट जोगाउन आफ्ना शिष्यलाई आफूले सिकेको विद्या असिना तथा हावाहुरी रोक्ने अथवा अन्यत्र पार्ने तन्त्रविद्या सिकाएर उनी गए । ती तन्त्रविद्या सिकेका लामाले आजको दिनसम्म पनि असिना तथा हावा हुरी रोकेको जनविश्वास रहेको छ ।

यो कार्य गरेवापत नाला इलाकामा रहेका प्रत्येक घरले बाली भित्र्याउने हरेक समयमा एक पाथी धान र एक पाथी गहुँ दिनुपर्दथ्यो । यसलाई लामा पाथी भन्ने गरिन्थ्यो । हिजोआज यो चलन विस्तारै लोप हुँदै गएको छ । मिलारेपाका शिष्यले नालाका अहिला गर्नेध्यो, काजीबहादुर वैद्यको घर अगाडिको सार्वजनिक जग्गा (जसलाई लामात्वपुचा भनिन्थ्यो), त्यसमा बाँस गाडेर बाँसकै फिरफिरे राखिन्थ्यो । फिरफिरेले बालीनालीमा असिना पर्दैन भन्ने जनविश्वास थियो । बाँसको फिरफिरेमा लामा अक्षरको मन्त्र लेखिएको हुन्थ्यो । फिरफिरे गाडिसकेपछि मात्र नाला क्षेत्रमा चङ्गा उडाउन पाइन्थ्यो, नत्र बूढापाकाहरूले गाली गर्दथे । बूढापाकाहरूले गाली गर्नुको कारण चङ्गा उडाउनु भनेको देवराज इन्द्रलाई पानी पार्न चिठी पठाउनु हो रे । बाँसको फिर्फिरे बाली सुरक्षा नगरीकन नै चङ्गा उड्यो भने असिना पानीले पाकेको बाली सुरक्षा नहुने भएको हुनाले चङ्गा उडायो भनेर गाली गरेको रहेछ । जे होस् पहिलेखि नै नाला क्षेत्रमा तन्त्रविद्याको महत्त्वपूर्ण भूमिका रहेछ भन्ने थाहा हुन्छ । नेपाल, भारत, तिब्बतका साथै विभिन्न स्थानका सिद्ध पुरुषहरूले तपस्या तथा ध्यान गर्ने स्थान नै उग्रचण्डी नाला क्षेत्र रहेछ भन्ने स्पष्ट थाहा हुन्छ ।

*(रत्नप्रसाद अनामणि श्रेष्ठ)*

२ **तलका शब्दहरू कुनकुन नाम अन्तर्गत पर्दछन् ? तालिकामा भर्नुहोस् :**

हिमाल, फलाम, सगरमाथा, गोपाल, बथान, दया, जन्ती, देवता, चरो, हरि, तामा, मेची, दसैं, पानी, समाज, दया, प्रेम, सुन, किताब, गाई, तिहार, रामायण, पानी, बथान, हूल, गण, गुल्म, सुख, कलम ।

| व्यक्तिवाचक | जातिवाचक | समूहवाचक | द्रव्यवाचक | भाववाचक |
|---|---|---|---|---|
| | | | | |

३. **तलका शब्द समूह र नामका बिचमा जोडा मिलाउनुनहोस् :**

| | |
|---|---|
| व्यक्तिवाचक | सुन, चामल, पानी, हावा |
| जातिवाचक | दया, रिस, पढाइ, मानवता |
| समूहवाचक | हरि, छिरिङ, मुनामदन |
| द्रव्यवाचक | हिमाल, फूल, मानिस चरा |
| भाववाचक | बथान, जन्ती, फौज, गण |

४. **तल दिइएका शब्दहरूलाई के र को प्रश्न गरेर छुट्याउनुहोस् :**

हावा, आमा, फलाम, किताब, तिहार, गुल्म, मानवता, पढाइ, दया, प्रेम, हरि, सीता, मेची, फलाम, हुल, बथान, हार, किताब, झोला, घर, दरबार, पढाइ, रोदन, पहाड, सगरमाथा


| को | के |
|---|---|
| | |

५. **तलका शब्दहरूको वाक्य बनाउनुहोस् :**

| | | | | | |
|---|---|---|---|---|---|
| हिमाल | नदी | रामायण | मुनामदन | पर्व | बथान |
| फौज | धान | चामल | सुन्दरता | मानवता | सुख |

६. **तलका चित्र हेर्नुहोस् । चित्रका मुनि कुन कुन नामपद उपयुक्त हुन्छन्, भर्नुहोस् :**





## परियोजना कार्य

१. **दिइएका शब्द समूहबाट नाम शब्दमा गोलो घेरा लगाउनुहोस् :**

राम, हिमाल, राम्रो, हाम्रो, पिठो, मिठो, कस्तो, शान्ति, गुलियो, मुनामदन, पहिलो, ताँती, माया, भेरी, राम, चाड, सागर, मेची, लस्कर, पोखरा, मनकामना, काठ, सुन, हो चो, महादेव, पढाइ, सुख, काठमाडौँ, मानिस, बुबा, दिदी, देवता, बाँदर, चरा, बाघ, महाभारत, देश

२. **निम्न शब्दहरूलाई तालिकामा भर्नुहोस् :**

मानिस, मुनामदन, माया, मित्रता, सुन्दरता, असोज, सयपत्री, घोडा, फूल, कलम, घर मो तीराम, दया, अग्लाइ, पिठो, हीरा, सुन, चाङ, लहर, दही, कपडा, तेल, नेपाल तिहार, कुरान, जापान, माघी, सगरमाथा, सिन्धुली, मनकामना

| व्यक्तिवाचक | जातिवाचक | समूहवाचक | द्रव्यवाचक | भाववाचक |
|---|---|---|---|---|
| | | | | |

३. **खाली ठाउँमा मिल्ने नाम शब्द लेख्नुहोस् :**

(क) उनीहरू राम्रा राम्रा................पढ्छन् ।

(ख) ...................दुध दिन्छ ।

(ग) मानिसले मानिसलाई..............गर्नुहुन्न ।

(घ) मेरी दिदीको नाम.......................हो ।

(ङ) मलाई.....................पढाउनुहुन्छ ।

(च) ................खेतबारीमा काम गर्नुहुन्छ ।

४. **तलका वाक्य पढी नाम शब्द छुट्याउनुहोस् :**

(क) उसकी एउटी श्रीमती तीन जना छोरा र एउटी छोरी थिए ।

(ख) कोही पुस्तक पढ्न, कोही फुटबल खेल्न, कोही देश घुमेर आनन्द लिन चाहन्छन् ।

(ग) सीताले काठमाडौँमा गएर कपडा, नुन, तेल, पुस्तक, मुनामदन किनिन् ।

(घ) सीताले घरमा भएको फोहोरको थुप्रोलाई बाल्टिनीमा हाली बगैँचामा फाली ।

(ङ) ऊ धर्म गर्न दिनदिनै मन्दिरमा गई पूजा गरी फूल चढाउँथी ।

एकाइ
५

# सर्वनाम

## १. तल दिइएको अनुच्छेद पढ्नुहोस् :

कक्षामा म, तिमी र ऊ सँगै मिलेर बस्नुपर्छ । हामी सबै मिलेर बस्यौँ भने पढ्न र लेख्न सजिलो हुन्छ । गुरु हामीलाई कहिले तँ को वचन बोल्नु हुँदैन । हामीले गुरुलाई पनि तपाईँ हजुर भनेर सम्बोधन गर्नुपर्छ । आफू अनुशासित भयो भने कसैले पनि हेप्न सक्दैनन् । त्यो, यो, ती, यी खराब छन् भनेर शङ्का गर्नुभन्दा स्वयम् सुधार हुनुपर्छ । यसो गऱ्यो भने जोसुकै व्यक्तिले पनि मन पराउँछन् ।

**माथिको अनुच्छेदमा प्रयोग भएका सर्वनाम शब्द टिप्नुहोस् :**

...................... ...................... ......................... .......................... ............................

राम घर गयो । ऊ हिजो आएको थियो ।

यहाँ रामको सट्टामा 'ऊ' सर्वनामको प्रयोग भएको छ ।

सुमन र रमेश मिल्ने साथी हुन् । उनीहरू सँगै पढ्छन् ।

यहाँ सुमन र रमेशको सट्टामा उनीहरू सर्वनाम शब्द प्रयोग भएको छ ।

गाउँमा दिनदिनै चोरीको घटना बढ्दै छ । यो राम्रो कुरा होइन ।

त्यसैले यहाँ 'गाउँमा दिनदिनै चोरीको घटना बढ्दै छ । वाक्यको सट्टामा 'यो' सर्वनाम आएको छ ।

नामको सट्टामा प्रयोग गरिने शब्दलाई सर्वनाम भनिन्छ । त्यसैले सर्वनाम नामको सट्टामा मात्र नभएर पदावली, उपवाक्य र वाक्यका सट्टामा पनि आउन सक्छ ।

## २. सर्वनामका प्रकार

नेपालीमा सर्वनाम पाँच प्रकारका छन् । जस्तै :

सर्वनाम

१. पुरुषवाचक सर्वनाम
२. दर्शकवाचक सर्वनाम
३. सम्बन्धवाचक सर्वनाम
४. प्रश्नवाचक सर्वनाम
५. निजवाचक सर्वनाम

## (क) पुरुषवाचक सर्वनाम

पुरुष वा स्त्रीका सट्टामा प्रयोग हुने शब्दलाई पुरुषवाचक सर्वनाम भनिन्छ । पुरुषवाचक सर्वनाम तीन प्रकारका छन् :

### १. प्रथम पुरुषवाचक सर्वनाम

बोल्ने व्यक्तिलाई बुझाउने सर्वनामलाई प्रथम पुरुषवाचक सर्वनाम भनिन्छ । जस्तैः म, हामी ।

### २. द्वितीय पुरुषवाचक सर्वनाम

सुन्ने व्यक्ति वा जोसँग कुरा गरिन्छ त्यसलाई द्वितीय पुरुषवाचक सर्वनाम भनिन्छ । जस्तैः तँ, तिमी, तपाईँ, हजुर ।

### ३. तृतीय पुरुषवाचक सर्वनाम

बोल्ने मान्छेले सुन्ने मान्छेसँग जसका बारेमा कुरा गरिन्छ, त्यसलाई बुझाउने शब्दलाई तृतीय पुरुषवाचक सर्वनाम भनिन्छ । जस्तैः ऊ, उनी, यी, यिनी, ती, तिनी, उहाँ, यिनीहरू, तिनीहरू, उनीहरू आदि ।

## (ख) दर्शकवाचक सर्वनाम

नजिक वा टाढाको व्यक्ति वा वस्तुलाई तोकेर देखाउने सर्वनामलाई दर्शकवाचक सर्वनाम भनिन्छ ।

दर्शकवाचक सर्वनाम २ प्रकारका छन् :

### १. निकट दर्शकवाचक सर्वनाम

नजिक वा टाढाको व्यक्ति वा वस्तुलाई तोकेर देखाउने सर्वनामलाई दर्शकवाचक सर्वनाम भनिन्छ । जस्तैः यो, यी, यिनी, यिनीहरू

### २. दूरवर्ती दर्शकवाचक सर्वनाम

टाढाको व्यक्ति वा वस्तुलाई तोकेर देखाउने सर्वनामलाई दूरवर्ती दर्शकवाचक सर्वनाम भनिन्छ । जस्तैः त्यो, ती, तिनी, तिनीहरू

## (ग) सम्बन्धवाचक सर्वनाम :

नामको सट्टामा आई कुनै पनि व्यक्ति अथवा वस्तुहरूको बिचको सम्बन्ध देखाउने सर्वनामलाई सम्बन्धवाचक सर्वनाम भनिन्छ ।

सम्बन्धवाचक सर्वनाम २ प्रकारका छन् :

### १. निश्चयवाचक

नामपदको सम्बन्ध निश्चित गर्न बुझाउने सर्वनामलाई निश्चयवाचक सर्वनाम भनिन्छ । जस्तैः जे, जो, जुन आदि ।

### २. अनिश्चयवाचक

नामपदको सम्बन्धको अनिश्चिततालाई बुझाउने सर्वनामलाई अनिश्चयवाचक सर्वनाम भनिन्छ । जस्तैः जोसुकै, जुनसुकै, जेसुकै

## (घ) प्रश्नवाचक सर्वनाम

कुनै व्यक्ति वा वस्तुका बारेमा प्रश्न गर्दा नामकै काम गरेमा त्यस्तो सर्वनामलाई प्रश्नवाचक सर्वनाम भनिन्छ । जस्तैः को, के, कुन, केही, कहाँ, कतै

## (ङ) आत्मवाचक सर्वनाम

बोल्ने, सुन्ने र विषयमा आउने व्यक्ति आफैँलाई बुझाउने सर्वनामलाई आत्मवाचक सर्वनाम भनिन्छ । जस्तैः आफू, आफैँ, स्वयम्, निज, आफूहरू



## अभ्यास

१. **तल दिइएको कथामा कति ठाउँमा कुन कुन सर्वनामपद प्रयोग भएका छन्, कापीमा टिपोट गरी कक्षामा छलफल गर्नुहोस् :**

सर आइज्याक न्यूटन एक महान् वैज्ञानिक थिए । उनले गणित र विज्ञानमा शोधकार्य गर्नमा आफ्नो धेरै समय बिताए । उनको डायमण्ड भन्ने कुकुर थियो । उनी त्यसलाई अत्यन्तै माया गर्दथे । साँच्चै डायमण्ड एउटा मूक पशु भए पनि त्यसप्रति घर परिवारको सदस्य झैँ व्यवहार हुन्थ्यो ।

एकरात न्यूटन विज्ञानको एउटा समस्या सुल्झाउन आफ्नो टेबलमा एक्लै काम गर्दै थिए । उनी बाहिर घुम्न जाने विचारले आफ्ना कागजपत्रहरू सबै बिटा पारेर त्यसलाई शोधकार्य गरिएको कागजपत्रको फाइलमा राखे र बहिर जान उठे । टेबलमुनि सुतिरहेको डायमण्डले न्यूटन बाहिर गइरहेको देख्यो र त्यो पनि मालिकसँग जान दैलोतिर लम्कियो र त्यसले अन्जानमै टेबललाई हल्लाइदियो । फलस्वरूप टेबलमा जलिरहेको मैनबत्ती न्यूटनको कागजपत्रको बिटामा ढलेर आगो लाग्यो । त्यति नै बेला न्युटनले आगोको ज्वाला देखेर भित्र आए, उनका धेरै वर्षको शोधकार्यको पाइल खरानी भइसकेको थियो । जब न्यूटनले देखे उनको ठुलो परिश्रम र मूल्यवान् शोध नष्ट भयो । उनलाई ठुलो धक्का लाग्यो । उनले केही क्षण कुकुरलाई हेरे जो टेबलमाथि बसेर पुच्छर हल्लाउँदै थियो । तर न्यूटनको

आफ्नो पाल्तु प्रतिको प्रेम उच्च थियो । उनले आफ्नो साथीलाई धाप मारेर भने: मेरो प्यारो डायमण्ड ! तैँले कहिल्यै जान्दैनस् कि तैले के बदमासी गरिस् । न्युटन एक महान् वैज्ञानिक भएको कारणले मात्र महान् थिएनन्, अरू प्राणीप्रतिको प्रेमजस्ता असल गुण, धैर्य र क्षमाशीलताले पनि उनलाई महान् पुरुष बनायो ।

(सन्तनुप्रताप राणा, बाल कोपिलाबाट साभार)

२. **सर्वनाम भनेको के हो ?**

३. **सर्वनाम के कति प्रकारका छन् ?**

४. **पुरुषवाचक सर्वनामका प्रकार र उदाहरणहरू लेख्नुहोस् ।**

५ **आत्मवाचक सर्वनामको प्रयोग के कस्ता ठाउँमा गरिन्छ ?**

६. **दर्शकवाचक सर्वनामका पाँच वाक्य लेख्नुहोस् ।**

७. **तल दिइएका सर्वनाम कुन कुन प्रकारका छन् ? छुट्याउनुहोस् :**

| | | | | | | |
|---|---|---|---|---|---|---|
| म | ऊ | यो | आफु | उहाँ | कोही | के |
| कुन | जो | निज | आफैँ | कुनै | जुन | केही |

८. **तलका सर्वनाम शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :**

| | | | | | | |
|---|---|---|---|---|---|---|
| म | हामी | तँ | ऊ | त्यो | जुन | को |
| कुन | उहाँ | आफू | स्वयम् | उनी | यिनी | जोसुकै |

९. **दर्शकवाचक सर्वनामपद प्रयोग गरेर दुई अनुच्छेद लेखी कक्षामा छलफल गर्नुहोस् ।**

१०. **तलका चित्रमा कुन कुन सर्वनामपद राख्न सकिन्छ ?**






## परियोजना कार्य

१. **तलका सर्वनामलाई तालिकामा भर्नुहोस् :**

जो, आफू, तपाईँ, तिमी, को, यो, उनी, हामी, त्यो, तिनी, म, जुनसुकै, कुन, स्वयम् यहाँ, कोही, जुन, कुन, जसले, तँ, यिनी, ऊ, यसले, यी, उहाँ, आफैँ, ती

| पुरुषवाचक | सम्बन्धवाचक | दर्शकवाचक | प्रश्नवाचक | निजवाचक | अनिश्चयवाचक |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

२. **तलका वाक्यहरूमा मिल्दो सर्वनाम शब्द भर्नुहोस् :**

(क) हरिले भन्यो .................... नेपालको सन्तान हुँ ।

(ख) .................... सधैँ विद्यालय जान्छौँ ।

(ग) .................... अङ्ग्रेजी राम्ररी बोल्छ ।

(घ) .................... पनि यतै आउँदै छिन् ।

(ङ) .................... बजार गयौँ भने .................... घर बस्नुपछ

३. **दोहोरिएको नामको सट्टा सर्वनाम प्रयोग गर्नुहोस् :**

(क) राधा र कृष्ण विद्यालय जान्छन् । राधा र कृष्ण एउटै स्कुलमा पढ्छन् ।

(ख) भाइ राम्ररी पढ्छ । भाइ अल्छी छैन । भाइले सबैको मन जितेको छ ।

(ग) केटाहरू चौरमा छन् । केटाहरू फुटबल खेल्दै छन् । केटाहरू रमाइलो गर्दै छन् ।

(घ) दावा केटा हो । दावा केटी होइन । दावा राम्रो छ । दावा अग्लो छ ।

४. **तलका वाक्यमा आएका सर्वनाम शब्द चिनेर तिनका प्रकार लेख्नुहोस् :**

(क) जो परिश्रमी छ उसलाई सबैले माया गर्छन् ।

(ख) उहाँ हिजो किन रिसाउनु भएछ ?

(ग) जुन ठिक लाग्छ त्यही किन ।

(घ) त्यहाँ यातायातको सुविधा छैन ।

(ङ) तिमी आफ्नो काम आफैँ गर्न सक्छौ ।

(च) लखनले आफू मन लगाएर पढ्ने वाचा गऱ्यो ।

एकाइ
६

# विशेषण

## १. पढ्नुहोस् र बुझ्नुहोस् :

एउटा घना जङ्गलको बिचमा प्रशस्त कमलका फूलहरूले सुशोभित सुन्दर ताल थियो। ती कमलहरूको बिचमा एउटा अलौकिक र अत्यन्त  सुन्दर कमल थियो। त्यसमा एउटी सानी अप्सरा बस्थिन्। कोइली, हाँस, जुरेली, सुगा, मैना आदि वनका पन्छीहरू अप्सराको वरिपरि बस्थे। कोइली अप्सरालाई मीठो गीत सुनाउँथ्यो। सुगा मिठामिठा फलहरू ल्याउँथ्यो। खरायो आदि सानासाना जनावरहरू र अरू चराहरू तालको किनारमा बसेर अप्सरालाई हेर्ने गर्थे।

माथि दिइएको अनुच्छेदबाट विशेषण शब्द टिप्नुहोस्।

| | |
|---|---|
| कस्तो ? | मिहिनेती, राम्रो, नराम्रो, जाती, नजाती, पापी, परिश्रमी, अल्छी, पिरो, रातो |
| कत्रो ? | अग्लो, होचो, लामो, छोटो, सानो, ठुलो, पुड्को। |
| कति ? | थोरै, धेरै, निकै, अलिकति, प्रशस्त, हजार, एक, दुई, हजारौँ, दोब्बर |
| कुन ? | यो, त्यो, यी, ती, जे, के, जे, जोजो, जुनजुन, केके |
| कसको ? | उसको, उसका, मेरा, मेरो, |

त्यसैले, कस्तो, कत्रो, कति, कुन, कसको भनेर प्रश्न गर्दा उत्तर आएमा त्यो शब्द विशेषण हुन्छ।

नाम वा सर्वनामको गुण, दोष, अवस्था, स्थिति, परिमाण आदि विशेषता बुझाउने शब्दलाई विशेषण भनिन्छ।

## २. विशेषणका प्रकार

विशेषण पाँच प्रकारका हुन्छन्

विशेषण

- गुणबोधक
- सङ्ख्याबोधक
- परिमाणबोधक
- सार्वनामिक
- भेदक

### (क) गुणबोधक विशेषण

नाम वा सर्वनामको आकार, गुण, दोष, रङ, अवस्था आदि बुझाउने विशेषणलाई गुणबोधक विशेषण भनिन्छ । जस्तैः

| | | | |
|---|---|---|---|
| (क) | आकार बुझाउने | : | ठुलो, सानो, गोलो, चेप्टो, बाटुलो, लामो |
| (ख) | गुण वा दोष बुझाउने | : | असल, खराब, राम्रो, अल्छी, मीठो, तीतो |
| (ग) | रङ बुझाउने | : | रातो, पहेँलो, सेतो, हरियो, कालो |
| (घ) | अवस्था बुझाउने | : | बूढो, जवान, नयाँ, कडा |
| (ङ) | काल बुझाउने | : | नयाँ, पुरानो, प्राचीन, पोहोर, आउँदो |

### (ख) सङ्ख्याबोधक

नाम वा सर्वनामको निश्चित सङख्या, अनिश्चित सङ्ख्या, आवृत्ति, क्रम आदि बोध गराउने विशेषणलाई सङ्ख्याबोधक विशेषण भनिन्छ । जस्तै :

| | | | |
|---|---|---|---|
| (क) | निश्चित सङ्ख्या बुझाउने | : | एक, दुई, दस, बीस, पचास, सय, हजार |
| (ख) | अनिश्चित सङ्ख्या बुझाउने | : | पचासौँ, सयौँ, हजारौँ, |
| (ग) | क्रमवाचक | : | पहिलो, दोस्रो, प्रथम, द्वितीय |
| (घ) | अंशवाचक | : | आधा, डेढ, दुई तिहाइ, चौथाइ |
| (ङ) | प्रत्येक वाचक | : | हरेक, प्रत्येक, एकेक |

### (ग) परिमाणबोधक विशेषण

नाम वा सर्वनामको निश्चित सङ्ख्यालाई नबुझाई त्यसको यति, उति भन्ने परिमाण, तौल वा मात्रालाई बुझाउने विशेषणलाई परिमाणबोधक विशेषण भनिन्छ ।

जस्तैः धेरै, थोरै, सबै, अलिकति, कम, अधिक, ज्यादा, पूरा, घटी, बढी आदि ।

### (घ) सार्वनामिक विशेषण

नामपदको अगाडि आएर विशेषणका रूपमा प्रयोग हुने सर्वनाम शब्दलाई सार्वनामिक विशेषण भनिन्छ ।

जस्तैः यी कलमहरू, जति माया, कुन देश, कत्रो घर, यस्तो मौसम, यति पैसा, जुन काम

### (ङ) भेदक विशेषण

नाम सर्वनाम र विशेषणका पछिल्तिर षष्ठी (को, का, की, रो, रा, री, नो, ना, नी) लागेर भेदक विशेषण बन्दछ । यसले नाम वा पदलाई अरूभन्दा फरक देखाउने गर्दछ । जस्तैः

| | | | | | |
|---|---|---|---|---|---|
| (क) | रामको छोरा | – रामको | (घ) | आफ्नो मान्छे | – आफ्नो |
| (ख) | मेरो घर | – मेरो | (ङ) | उसका साथीहरू | – उसका |
| (ग) | तिम्रो पुस्तक | – तिम्रो | (च) | आफ्नी दिदी | – आफ्नी |



## अभ्यास

१. **विशेषण केलाई भनिन्छ ?**

२. **विशेषणका प्रकारहरू केके हुन् ?**

३. **कस्ता विशेषणलाई भेदक विशेषण भनिन्छ ?**

४ **तलका शब्द समूह र विशेषणका बिच जोडा मिलाउनुहोस् :**

| | | |
|---|---|---|
| (क) | गुणबोधक | धेरै, थारै, कम, अधिक |
| (ख) | परिमाणबोधक | यी, जति, कुन, कत्रो |
| (ग) | सङ्ख्याबोधक | मेरो, तिम्रो, उसका, आफ्नो |
| (घ) | सार्वनामिक | सानो, असल, रातो, पुरानो |

५. **तलका शब्दहरू कुन प्रकारका विशेषणअन्तर्गत पर्दछन्, तालिकामा भर्नुहोस् :**

आधा, धेरै, आफ्नो, दोब्बर, प्राचीन, कोही, कुन, अग्लो, प्रशस्त, छोटो, राम्रो, होची, अलिकति, एक, हजारौँ, ठुलो, त्यो, पहिलो, तीन, निकै, कत्रो, सेतो, मेरो, तेरो, उसको, अलिकति, ज्यादा, धनी, गरिब

| गुणबोधक | सङ्ख्याबोधक | परिमाणबोधक | सार्वनामिक | भेदक |
|---|---|---|---|---|
| ................. | ................. | ................. | ................. | ................. |
| ................. | ................. | ................. | ................. | ................. |
| ................. | ................. | ................. | ................. | ................. |
| ................. | ................. | ................. | ................. | ................. |
| ................. | ................. | ................. | ................. | ................. |

६. **तलका विशेषण शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :**

| | | | | | |
|---|---|---|---|---|---|
| नेपाली | प्राचीन | आधा | दोब्बर | प्रथम | सयौँ |
| मेरो | आफ्नो | जुन | जुनसुकै | अलिकति | जाती |

८. **तल दिइएको कथा पढ्नुहोस् । कथामा कुन कुन प्रकारका विशेषण पदको प्रयोग भएको छ, तालिका बनाएर छुट्याउनुहोस् :**

## फ्याउराको बठ्याइँ

कोशी किनारको जङ्गमा बस्ने एउटा फ्याउरो ज्यादै बाठो थियो । जङ्गलको राजा सिंहले उसलाई खुब मन पराउँथ्यो । फ्याउरो वेलावेलामा अरू जनावरहरूलाई जिस्क्याउने र छक्याउने गर्थ्यो । जनावरहरू रिसाउँथे । उनीहरू सिंहलाई गएर सबै कुरा भन्थे, तर सिंहले फ्याउरोलाई केही गर्दैनथ्यो । ऊ फ्याउराको बठ्याइँ सुनेर हाँस्थ्यो मात्र अनि अरूलाई 'धत्, लाटाहरू !' भनेर लखेटिदिन्थ्यो ।

एक दिन भालु, ब्वाँसो र जङ्गली बिरालोले मिलेर फ्याउरालाई मूर्ख बनाउने सल्लाह गरे । उनीहरूले सिंहलाई गएर भने, 'महाराज, फ्याउरो तपाईँलाई गाली गर्दै छ, सिंहभन्दा म ठुलो भन्दै छ र म सिंहलाई मान्दिनँ भन्दै छ ।'

तीनतीन जनाले एउटै कुरो भनेपछि सिंहले पनि पत्यायो । उसले गर्जिंदै भन्यो, 'कता छ, त्यो फ्याउरो ? बोलाएर ल्याउ । आज म त्यसलाई ठुलो सजाय दिन्छु ।'

सिंहले त्यसो भनेको सुनेर तीनै जना मनमनै औधि खुसी भए ।

'हवस् महाराज, म फ्याउरालाई बोलाएर ल्याउँछु' भनेर भालु जङ्गलतिर लाग्यो । फ्याउरो भए ठाउँ पुगेर उसले भन्यो, 'फ्याउरो भाइ, फ्याउरो भाइ, आज तिमीदेखि सिंह ज्यादै रिसाएको छ । तिमीलाई मृत्युदण्ड दिन्छु, मार्छु भनेर कराउँदै छ । तिमी आफ्नो ज्यान बचाउने काम गर ।'

भालुको कुरो सुनेर फ्याउरो आत्तियो र गुफाभित्र पसेर लुक्यो । उता, भालुले सिंह भए ठाउँ पुगेर भन्यो, 'महाराज, फ्याउरोले आउन मानेन । म त्यस्ता नाथे सिंहले भनेको मान्दिनँ भनेर उसले जवाफ दियो ।'

यस्तो सुनेपछि सिंह रिसले चूर भयो । उसले 'फ्याउरो लिएर आइज' भनी ब्वाँसोलाई पठायो । ब्वाँसोले पनि फ्याउरोलाई भन्यो, 'सिंहले जत्ति बोलाए पनि नजानू है । लुकेर बस्नू । तिमीलाई भेट्यो कि सिंहले मारिदिन्छ ।'

फ्याउरो झन् गुफाको कापभित्र पस्यो । ब्वाँसोले फर्केर 'फ्याउरोले आउन मानेन' भन्यो । सिंह झन् रिसायो र उसले बिरालोलाई पठायो । बिरालोले पनि फ्याउरोलाई त्यसैगरी डर देखायो र फर्केर सिंहलाई त्यस्तै कुरा सुनायो ।

अब सिंहलाई खपी नसक्नु भयो । उसले फ्याउरोलाई जसले समातेर ल्याउँछ त्यसले इनाम पाउँछ भनेर जङ्गलभरि झ्याली पिटाइदियो अनि त धेरै जनावरले समातेर झ्याँकुटी पार्दै फ्याउरोलाई सिंहका अगाडि ल्याएर उभ्याए ।

(डा. तारानाथ शर्मा/शरच्चन्द्र वस्ती, सगरमाथा–६ बाट साभार)

## परियोजना कार्य

१. **तल दिइएका शब्दहरूमा विशेषण शब्द पत्ता लगाउनुहोस् :**

फुर्तिलो, मानिस, सहरिया, सभ्यता, राता, रङ, तातो, भात, तीतो, ओखती, बलियो खसी, हिमाली, सौन्दर्य, अग्ला, रुख, बुढो, गोरु

२. **तल दिइएका विशेषण शब्दलाई तालिकामा भर्नुहोस् :**

अलिकति, कम, कुन, कत्रो, जति, पहिलो जवान, नयाँ, पुरानो, प्रथम, हजार, अधिक, मेरा, यो, प्रत्येक, उसको, तेरो, आफ्नो कुन, जुन, थोरै, दस, उसले, बाठो, गोलो, से तो, एक, आधा, हरेक

| गुणबोधक | सङ्ख्याबोधक | परिणामबोधक | सार्वनामिक | भेदक |
|---|---|---|---|---|
| | | | | |

३. **तल वाक्यमा प्रयोग भएका विशेषण र विशेष्य शब्द छुट्याउनुहोस् :**

(क) सबै मानिस सहयोगी हुनुपर्छ ।

(ख) मलाई कालो कलम मन पर्छ ।

(ग) जो व्यक्ति भए पनि हुन्छ ।

(घ) मेरो भाइ घर गयो ।

(ङ) मैले भोजपुरे खुकुरी किनेँ ।

(च) परिश्रमी किसान धनी हुन्छ ।

(छ) यी कलमहरू मेरा हुन् ।

(ज) मेरो ठुलो घर पोखरामा छ ।

(झ) रामकी बहिनीको बुद्धि तिखो छ ।

(ञ) सानी नानी कक्षामा आएर बसी ।

४. **तल दिइएका शब्दबाट विशेषण पद छुट्याउनुहोस् :**

अमिलो, अचार, अग्लो, रुख, विद्यार्थी, अनुशासित प्यारो, देश, धर्म, मान्छे, चिप्लो, रातो, फूल, गोलो, घर, कडा, प्राचीन, पुस्तक, टेबल, होचो, गोल, भकुण्डो, कलम, पहेँलो, यी, मेरा, सबै, अल्छी, लामो, दराज, भोजपुरे

एकाइ ७

# क्रियापद

## १. पढ्नुहोस् र बुझ्नुहोस् :

पारिजात एक बौद्धिक र चिन्तनशील स्रष्टा थिइन् । उनी गतिशील चरित्रकी लेखिका हुन् । उनको साहित्य लेखनमा विभिन्न आधुनिकवादको प्रभाव परेको पाइन्छ । उनका कृतिहरूमा समाजको यथार्थ चित्रण पाइन्छ । समाजमा विसङ्गति र विकृतिका विरुद्ध उनको कलम चलिरहेको थियो । उनले राजनीतिक रूपमा पनि आफूलाई निकै सचेत र सक्रिय तुल्याइन् । उनमा समाजवादी चिन्तकहरूको विशेष प्रभाव परेको थियो ।

माथिको अनुच्छेदबाट क्रियापदका शब्द टिप्नुहोस् :

## २. यो पनि बुझ्नुहोस् :

| धातु | | प्रत्यय | | क्रियापद |
|---|---|---|---|---|
| पढ् | + | छ | = | पढ्छ |
| सुत् | + | नेछ | = | सुत्ने छ |
| बस् | + | यो | = | बस्यो |
| हिँड् | + | यो | = | हिँड्यो |
| भन् | + | नेछ | = | भन्ने छ |

कुनै कामको अवस्था वा स्थिति बुझाउने पदलाई क्रियापद भनिन्छ । यसले वाक्यमा लिङ्ग, वचन, पुरुष र कालका पक्षहरूलाई चिनाउँदै तिनमा निहित अर्थलाई स्पष्ट पार्ने काम गर्दछ । धातुमा विभिन्न प्रत्ययहरू लागेर क्रियापद बन्दछन् ।

## ३. क्रियापदको परिचय

क्रियापदलाई विभिन्न आधारमा वर्गीकरण गर्न सकिन्छ :

क्रियापद
→ १. समापनका आधारमा
→ २. कर्म लिने र कर्म नलिने आधारमा
→ ३. बनोटका आधारमा
→ ४. अर्थ प्रधानताका आधारमा

### १. समापनका आधारमा

समापनका आधारमा क्रियापद दुई प्रकारका हुन्छन् :

(अ) समापिका क्रियापद (आ) असमापिका क्रियापद

#### (अ) समापिका क्रियापद

वाक्यमा नाम वा सर्वनामले गरेका काम पूरा भएको बुझाउन आउने क्रियापदलाई समापिका क्रियापद भनिन्छ ।

जस्तैः म पोखरा गएँ । ऊ खेल्न गयो ।
तँ राम्ररी पढ । म भाइलाई पढाउँछु । तिमी घर जान्छौ ।

#### (आ) असमापिका क्रियापद

वाक्यमा नाम वा सर्वनामले गरेको कार्यव्यापार पूर्ण नभएको बुझाउने क्रियापदलाई असमापिका क्रियापद भनिन्छ ।

जस्तैः म पढेर घर जान्छु । तिमी काम सकेर जाऊ ।
बहिनी टिभी हेरेर बसेकी छ । भाइ खेलेर खाजा खान्छ ।

### २. कर्म लिने र नलिने आधारमा

कर्म लिने र नलिने अधारमा क्रियापद २ प्रकारका छन् :

(क) सकर्मक क्रियापद

(ख) अकर्मक क्रियापद

#### (क) सकर्मक क्रियापद

वाक्यमा कर्म लिने क्रियापदलाई सकर्मक क्रियापद भनिन्छ । क्रियापदमा के र कसलाई भनी प्रश्न गर्दा आउने उत्तरहरू कर्म हुन् ।

जस्तैः रामले भात खायो । उनीहरूले पुस्तक पढे ।
श्यामले गीत गायो । मैले तिमीलाई चिनेको छु ।

#### (ख) अकर्मक क्रियापद

वाक्यमा कर्मको अपेक्षा नगर्ने वा कर्म नलिने क्रियापदलाई अकर्मक क्रियापद भनिन्छ । यस्ता क्रियापदमा के र कसलाई भनी प्रश्न गर्दा उत्तर आउँदैन ।

जस्तैः हामी बिदामा पोखरा जाँदै छौँ । ऊ धुरुधुरु रोयो ।
म त निदाएँछु । रमा उषालाई चुट्किला सुनाउँछिन् ।

### ३. बनोटका आधारमा

बनोटका आधारमा क्रियापदलाई २ प्रकारमा विभाजन गर्न सकिन्छ :

(क) सरल क्रियापद (ख) संयुक्त क्रियापद

#### (क) सरल क्रियापद

एउटा मात्र धातुबाट बनेको क्रियालाई सरल क्रियापद भनिन्छ ।

जस्तैः म विद्यालय जान्छु । (जाः धातु) तिमी खेल । (खेल्ः धातु)

सीता कविता लेख्छिन् । (लेख्ः धातु)

#### (ख) संयुक्त क्रियापद

दुई वा दुईभन्दा बढी धातुबाट बनेका क्रियापदहरूलाई संयुक्त क्रियापद भनिन्छ ।

जस्तैः म बाटोमा हिँडदै छु । हरि घर गइसकिहालेछ ।

तिमी छिटो आइदेऊ ।

### ४. अर्थ प्रधानताका आधारमा

अर्थ प्रधानताका आधारमा क्रियापदलाई २ प्रकारमा विभाजन गरिन्छ :

(क) मुख्य क्रियापद (ख) सहायक क्रियापद

#### (क) मुख्य क्रियापद

वाक्यमा अर्थका दृष्टिले प्रमुख रहेको क्रियापदलाई मुख्य क्रियापद भनिन्छ ।

जस्तैः राम गीत गाउँदै छ । मैले पढिसकेको थिएँ । उसलाई खेल्न देऊ ।

#### (ख) सहायक क्रियापद

वाक्यमा अर्थका दृष्टिले गौण मानिएको क्रियापदलाई सहायक क्रियापद भनिन्छ ।

जस्तैः राम गाउन थाल्यो । भाइ खेल्न जाने गर्छ ।

सुमन आएको थियो ।



## अभ्यास

१ क्रियापद भनेको के हो ?

२. सकर्मक र अकर्मक क्रियापद कसरी छुट्याउन सकिन्छ ?

३. समापक र असमापक क्रियापदमा के फरक छ ?

४ सरल र संयुक्त क्रियापदमा के फक छ ?

५. **मुख्य र सहायक क्रियापदमा के फरक छ ?**

६ **तलका वाक्यहरू सकर्मक र अकर्मक के हुन् ? चिनेर खाली ठाउँमा लेख्नुहोस् :**

(क) रामले पाठ पढयो । ..............................

(ख) भाइ भुसुक्क निदायो । ..............................

(ग) म बाघदेखि डराउँछु । ..............................

(घ) गीता नाच्दै छिन् । ..............................

(ङ) तिमी नाटक हेर्छौ । ..............................

(च) बुबा बजार जानुभयो । ..............................

(छ) मैले तिमीलाई चिनेको छु । ..............................

(ज) चरो भुर्र उड्यो । ..............................

७. **तलका वाक्यमा प्रयोग भएका क्रियापदलाई रेखाङ्कन गर्नुहोस् :**

(क) बालक रुन्छ, ऊ सुत्दैन ।

(ख) राम आयो तर श्याम आएन ।

(ग) जाँच आयो तर पढेको छैन ।

(घ) बिहान घरमा आऊ, विद्यालय सँगै जाउँला ।

(ङ) बादल लागेन किनभने पानी पर्दैन ।

(च) भाइले गृहकार्य गर्छ अनि खेल्न जान्छ ।

## परियोजना कार्य

१. **तल दिइएको क्रियापदमा धातु छुट्याउनुहोस् :**

लेख्छ, आयो, पढ्यो, खान्छ, जान्छन्, खेलिन्, पढेँ, निदायो, डराउँछ, आउँला, दिनेछ भन्नेछु, सुत्छ, गएछ, थाकेँ, हर्नेछ, जाला, भोकायो

२. **उदाहरणमा दिइएजस्तै तालिकामा भर्नुहोस् :**

| धातु | क्रियामूल | क्रियापद |
|---|---|---|
| लेख् | लेख् + नु = लेख्नु | लेख्छ, लेख्छौँ, लेख्यो, लेख्ला, लेख्ने छ |
| पढ् | | |
| सुन् | | |
| गर् | | |
| भन् | | |
| खन् | | |
| बस् | | |

३. **तलका वाक्यमध्ये समापिका र असमापिका क्रियापद छुट्याउनुहोस् :**

(क) सानी तरकारी काट्दै छे ।
(ख) हरिले क्रिकेट खेलेको थियो ।
(ग) तिमी कथा भन्दै छौ ।
(घ) धारामा पानी आएन होला ।
(ङ) दाजु पत्रिका पढ्दै हुनुहुन्थ्यो ।
(च) उनी मनकामना जाने भइन् ।
(छ) मैले त्यो कविता पढेको थिएँ ।
(ज) उनीहरूले धान रोपेका छन् ।
(झ) भाइ घर जान्छ ।

४. **तलका वाक्यमा प्रयोग भएका क्रियाहरू कार्य, घटना वा अवस्था बुझाउनेमध्ये कुनकुनमा पर्छन् लेख्नुहोस् :**

| | |
|---|---|
| (क) किसानले मकै रोप्यो । | (रोप्यो – कार्य) |
| (ख) कुखुराले दाना खायो । | (.................) |
| (ग) घर पहिरोले भत्क्यो । | (.................) |
| (घ) पसलले फलफूल बेच्यो । | (.................) |
| (ङ) रुख ढल्यो । | (.................) |
| (च) भाइले पुस्तक पढ्यो । | (.................) |
| (छ) म कोठामा बसेको छु । | (.................) |
| (ज) केटो एक्लै खेल्छ । | (.................) |
| (झ) भूकम्प आयो । | (.................) |
| (ञ) भाइले लुगा सुकायो । | (.................) |
| (ट) हामी बजारमा थियौँ । | (.................) |

एकाइ ८

# अव्यय

## १. पढ्नुहोस् र बुझ्नुहोस् :

तिमी राम्ररी पढ । घरमुनि बारीमा धेरै काँक्रा फलेका छन् । गुरुले भनेबमोजिम पढ्नुपर्छ । शिष्यले पढ्न, लेख्न अल्छी गर्नु हुँदैन । जब पानी पर्छ तब खेतबारी रसिलो हुन्छ । तारा, सीता र सविना खेल्न गए । ओहो ! परीक्षामा म पहिहला भएछु । राम्रोसँग लेखे धेरै नम्बर आउँछ । तिमी र म भोलि जनकपुर जाने ल । आमा हिजो मामाघर जानुभयो । यहाँ अचेल निकै चिसो बढेको छ । तिमी र म सुटुक्क पुस्तकालय जाने हुन्न ? यति धेरै गफ गर्न तिमीलाई कसले सिकायो ? घरमा अतिथि आएकाले हामी खुसी भयौँ ।

माथिको अनुच्छेदमा आएका अव्यय शब्द टिप्नुहोस् :

(क) नामयोगी : सँग, सित, तिर, भन्दा, मुनि, तर्फ, पछि, लागि

(ख) क्रियायोगी/क्रियाविशेषण : अहिले, धुरुधुरु, फटाफट, हिजो, वरपर

(ग) संयोजक : र, तर, पनि, अनि, जब, तब, वा, किनभने, जुन, नत्र, जसले, भने


(घ) विस्मयादिबोधक : आहा, स्यावास, बिचरा, धिक्कार, कठै, अहँ, छि, वाह, आहा, कठै

(ङ) निपात : त, पो, रे, कि, ऐ, क्यारे, न, चाहिँ

लिङ्ग, वचन, पुरुष, काल, पक्ष, भाव, वाच्य आदिका आधारमा रूप परिवर्तन नभई जस्ताको तस्तै रहने शब्दलाई अव्यय भनिन्छ ।

## २. अव्ययका प्रकार

अव्ययलाई निम्न प्रकारमा विभाजन गर्न सकिन्छ :



## (क) नामयोगी

| | |
|---|---|
| रामसँग पुस्तक छ । | (नामसँग) |
| मबाहेक त्यहाँ कोही थिएन । | (सर्वनामसँग) |
| तातोसँग चिसो खानेकुरा खानु हुँदैन । | (विशेषणसँग) |

नामिक पद वा नाम, सर्वनाम र विशेषणसँग जोडिएर आउने अव्यय शब्दलाई नामयोगी भनिन्छ ।

### नामयोगी शब्दहरू

| | | | | | |
|---|---|---|---|---|---|
| अघि | पछि | भित्र | बाहिर | नजिक | माथि |
| वारि | पारि | सम्म | बित्तिकै | पर्यन्त | पश्चात् |
| लागि | अनुसार | बमोजिम | भन्दा | समान | केवल |
| समेत | हित | साथ | सँग | बापत | बोहक |

## (ख) क्रियायोगी/क्रियाविशेषण

भाइ राम्ररी पढ्छ । म बजार गएर आएँ ।

छोरी निकै चलाख छे । ऊ भुसुक्क निदाएछ ।

क्रियापदको विशेषता बुझाउने अव्यय शब्दलाई क्रियायोगी भनिन्छ ।

क्रियायोगी प्राय: कहाँ, कहिले, कति, कसरी, किन जस्ता प्रश्नहरूको उत्तरमा आउने गर्दछन् ।

(क) कहाँ ? : अगाडि, नजिकै, भित्र, बाहिर, तल, पछि, माथि
(ख) कहिले ? : अहिले, उहिले, हिजो, दिउँसो, भर्खर, पर्सि, अस्ति, बेलुका, आज
(ग) कसरी ? : यसरी, उसरी, राम्ररी, फटाफट, जुरुक्क, थपक्क, भुर्र, बिस्तारै
(घ) किन ? : पढ्न, खान, भन्न, सुन्न, हाँस्न, जान, बोल्न, दिन
(ङ) कति ? : धेरै, प्रशस्त, ज्यादा, अति, निकै, असाध्यै, पूरै, अलिकति

## (ग) संयोजक

| | |
|---|---|
| सीता र रमा पढ्न गए । | (शब्दलाई जोड्ने ) |
| हरिको कान्छो छोरो र उमेश खेल्न गए । | (पदावलीलाई जोड्ने) |
| बादल लाग्यो तर पानी परेन । | (उपवाक्यलाई जोड्ने) |

दुई वा दुई भन्दा बढी पदावली वा उपवाक्यलाई जोड्ने अव्यय शब्दलाई संयोजक भनिन्छ ।

**संयोजक दुई प्रकारका छन् :**

**१. सापेक्ष संयोजक**

मुख्य उपवाक्यसँग अधीन उपवाक्य जोड्न आउने पदलाई सापेक्ष संयोजक भनिन्छ । यसमा जो, जे, जसलाई, जहाँ, जसको, जता, जस्ले, भने, भनी, संयोजक पर्दछन् ।

**२. निरपेक्ष संयोजक**

स्वतन्त्र अर्थ भएको दुई वाक्य जोड्न आउने पदलाई निरपेक्ष संयोजक भनिन्छ ।

यसमा र, तर, पनि, अनि, अथवा, कि, या, परन्तु, हुनत, तथापि, तैपनि, तसर्थ, यसर्थ जस्ता संयोजक पर्दछन् ।

### (घ) विस्मयादिबोधक

| | |
|---|---|
| अरे ! तिमी त पास भएछौ । | (आश्चर्यवाचक) |
| स्याबास ! तिमीले राम्रो काम गर्‍यौ । | (प्रशंसावाचक) |
| हरे शिव ! यो के सुन्नु परेको । | (शोकवाचक) |
| ए ! गोपाल तिमी यता आऊ । | (सम्बोधनवाचक) |
| आत्था ! कस्तो तातो रहेछ । | (पीडावाचक) |
| छिःछिः ! उसको हातभरि फोहोर लागेछ । | (तिरस्कारवाचक) |

वक्ताको मनमा उत्पन्न हुने हर्ष, पीडा, घृणा आश्चर्य, तिरस्कार, शोक आदि भाव बुझाउने अव्यय शब्दलाई विस्मयादिबोधक भनिन्छ ।

**विस्मयादिबोधकका प्रकारहरू**

| | | | |
|---|---|---|---|
| (क) | हर्षवाचक | : | आहा, जय, धन्य, वाह |
| (ख) | आश्चर्यवाचक | : | अहो, अरे, आम्मै, ल |
| (ग) | प्रशंसावाचक | : | स्याबास, वाह, ठीक, हुर्रे |
| (घ) | शोकवाचक | : | कठै, बिचरा, हरे, हरे शिव |
| (ङ) | तिरस्कारवाचक | : | थुक्क, धत्, छ्या, धिक्कार |
| (च) | विस्मृतिवाचक | : | ज्या, ला, ए, ओहो |
| (छ) | सम्बोधनवाचक | : | ए, ऐ, ओ |
| (ज) | पीडावाचक | : | आत्था, उफ्, आच्छु |
| (झ) | उपहासवाचक | : | हिहि, उस्, हाहा |

### (ङ) निपात

ल अब तिमी पढ । उसले खाजा पो खायो ।

अज्ञानी त पशु नै हुन्छन् । हाम्रो छोरो प्रथम भयो रे । खै, उता जाऊ ।

> आफ्नो छुट्टै शाब्दिक कोशीय अर्थ नभएका तर वाक्यमा प्रयोग हुँदा शब्दको अर्थमा मिठास उत्पन्न गराउन सक्ने अव्यय शब्दलाई निपात भनिन्छ ।

नेपालीमा अधिक प्रयोग हुने निपातहरू यस प्रकार छन् :

पो, नि, हँ, त, खै, कि, अरे, क्या, नाई, ब्यारे, लौ, हगि, क्या, न, ल आदि ।



## अभ्यास

१. **अव्ययको परिचय दिँदै यसका प्रकारहरू उल्लेख गर्नुहोस् ।**

२. **तल दिइएका अव्ययहरू कुनकुन प्रकारमा पर्दछन् ? तालिकामा भर्नुहोस् :**

तिर, छिटो, तर, कठै, पनि, सहित, सँग, र, अहो, क्यारे, पो, सुटुक्क, बाहेक, नि, मुनि, राम्ररी, हरे, जुन, जहिले, टुप्लुक्क, फनक्क, लौ, क्यारे, किनभने, भन्दा

| नामयोगी | क्रियायोगी | विस्मयादिबोधक | संयोजक | निपात |
|---|---|---|---|---|
| ................ | ................ | ................ | ................ | ................ |
| ................ | ................ | ................ | ................ | ................ |
| ................ | ................ | ................ | ................ | ................ |
| ................ | ................ | ................ | ................ | ................ |
| ................ | ................ | ................ | ................ | ................ |
| ................ | ................ | ................ | ................ | ................ |

३. **तलको अनुच्छेदमा प्रयोग भएका क्रियायोगीलाई रेखाङ्कन गर्नुहोस् :**

छिरिङ असल विद्यार्थी हो । ऊ सोलुखुम्बु जिल्लाको सल्लेरी माविमा कक्षा आठमा पढ्दै छ । ऊ मिहिनेतका साथ पढ्छ । ऊ बिहान सबेरै उठ्छ । ऊ नियमित रूपमा पढ्ने गर्छ । ऊ कक्षामा गृहकार्य सधैँ गर्छ । ऊ कहिल्यै विद्यालय जान भुल्दैन । ऊ सरासर घर आउँछ । ऊ बुबाआमाले भनेको काम खुरुक्क गर्छ । ऊ बिहानै रमाउँदै व्यायाम गर्छ । बेलुकीपख साथीहरूसँग हाँसीहाँसी खेल्ने गर्छ ।

४ **तलको अनुच्छेद पढी नामयोगीमा रेखाङ्कन गर्नुहोस् :**


नेपालको मध्य तराईमा पर्ने जनकपुरधाम एक प्रसिद्ध तीर्थस्थल हो । यसै सहरमा नेपालका प्रसिद्ध मन्दिरहरूमध्ये एक टिकम गडीकी महारानीद्वारा निर्मित जानकी मन्दिर यहाँको मुख्य आकर्षण नै हो । यस ठाउँमा यो मन्दिर मात्र नभई अन्य धेरै मन्दिरहरू पनि छन् । यसको उत्तरतिर छेवैमा विवाह मण्डप छ । त्यहाँ राम र जानकी, लक्ष्मण र उर्मिला लगायतका धेरै मूर्तिहरू पनि छन् । जानकी मन्दिरको दक्षिणपूर्वपट्टि केही पर राममन्दिर छ । यी मन्दिरहरूबाहेक जनकपुरमा अनेकौँ तालतलैयाहरू छन् । राममन्दिर अगाडि गङ्गासागर नामको तलाउ छ, जहाँ भक्तजनहरू स्नान गरी श्रद्धाभक्तिपूर्वक राम र जानकीको पूजाअर्चना गर्दछन् ।

५. **तलको संयोजकलाई वाक्यमा प्रयोग गर्नुहोस् :**

| | | | | |
|---|---|---|---|---|
| अनि | जहाँतहाँ | जबतब | किनभने | त्यसैले |
| तर | परन्तु | भने | यद्यपि | र |

६ **विस्मयादिबोधक शब्दहरूको प्रयोग गरेर फुटबल खेलको प्रत्यक्ष वर्णन गरी एक अनुच्छेद तयार पार्नुहोस् ।**

७. **तल दिइएका चित्रको वर्णन गरी अव्ययका प्रकारहरू पर्ने गरी दुई अनुच्छेद लेख्नुहोस् र शिक्षकलाई देखाउनुहोस् :**



## परियोजना कार्य

१. **तलका वाक्यहरूमा आवश्यकताअनुसार संयोजक शब्दहरू भर्नुहोस् :**

(क) रक्षाले केरा खाई ...............आँप पनि खाई ।

(ख) लता त्यहाँ जान्न ............... त्यहाँ कुकुर छ ।

(ग) सपना मामाघर गई ............... दुई दिन बसी ।

(घ) भाइ आयो ............... बहिनी आइन् ।

(ङ) हरि स्कुल जाँदैन ............... उसलाई सञ्चो छैन ।

(च) ऊ धेरै दुब्लो छ ...............साह्रै फुर्तिलो छ ।

(छ) दोर्जे जान्छ ............... जमुना जान्न ।

२. **मिल्ने निपात शब्द भरेर तलका वाक्यहरू पूरा गर्नुहोस् :**

नाइँ, त, नि, अरे, ए, पो, पनि, लौ, रे, अहँ, है, क्यारे, खै

(क) ...................... म आज कतै जान्नँ ।

(ख) रामलाई के भएको रहेछ ...................... ?

(ग) यो काम तिमी ...................... गर ।

(घ) मैले ...................... तपाईँलाई चिनिनँ ।

(ङ) ...................... सफल तिमी कता जान लाग्यौ ?

३. **मिल्दो नामयोगी शब्द भरेर तलका वाक्यहरू पूरा गर्नुहोस् :**

(क) श्याम जाने .................दाजु आउनुभयो ।

(ख) उसको घर पूर्व.....................फर्केको रहेछ ।

(ग) हाम्रो घर ................. बगैँचा छ ।

(घ) घाम पूर्व............. उदाउँछ ।

(ङ)) ऊ म................. अग्लो छ ।

४. **तल दिइएका शब्दहरू कुन कुन अव्यय अन्तर्गत पर्दछन्, छुट्याएर तालिकामा भर्नुहोस् :**

बाहिर, सुस्तरी, तर्फ, धन्यवाद, पो, क्यारे, थुक्क, नत्र, तसर्थ, अनुसार, छिटो, अथवा अरे, लौ, किनभने, मुनि, अन्य, विना, राम्ररी, निकै, केवल, अनि, राम्ररी, अति बमो जिम, नि, सधैँ, भर्खर, नजिक, सुटुक्क, जति, भरि, नत्र, जब, तापनि, आम्मै

| नामयोगी | क्रियाविशेषण | संयोजक | विस्मयादिबोधक | निपात |
|---|---|---|---|---|
| | | | | |

५. **तलका क्रियायोगी प्रयोग गरी विद्यालयको खेल मैदानको वर्णन गर्नुहोस् :**

यहाँ, झन्, नजिक, हिजो, अहिले, पहिले, सरासर, तुरुन्त, अत्यन्त

एकाइ
८

# लिङ्ग, वचन र पुरुष

## १. पढ्नुहोस् र बुझ्नुहोस् :

रामले कालो राँगो पालेको छ । पुड्को केटो विद्यालय जाँदै छ । रमाको घरमा बिरालो पसेको छ । भाउजू विद्यालयमा पढाउन जानुभयो । जेठी छोरीले एम. ए. को परीक्षामा प्रथम स्थान प्राप्त गरिन् । पुस्तकालयमा विद्यार्थीहरू पढ्न जान्छन् । गोरुलाई दुःख दिनु राम्रो होइन । छोराले राम्रो पुस्तक लेख्यो । म, तँ, तिमी र ऊ मिलेर भरे कक्षाको गृहकार्यबारे छलफल गर्नुपर्छ । तिमीहरूले कहिले परीक्षा उत्तीर्ण गऱ्यौ ? म पाठशाला जान्छु । सानो केटो एक्लै भएको हुनाले रुँदैछ । रातो झोलामा कापी छन् । आमाहरू माइत जानुभयो । खोलो बढ्यो । म लेख लेख्छु । तँ बजार जान्छस् । ऊ मामाघर जान्छ । तपाईंहरू भोलि घरमै बस्नुहोस् । हजुरहरू पाल्नुहुन्छ भने म कहीँ जान्नँ । त्यो साथीको घर गयो । उनी धेरै ज्ञानी छिन् ।

माथिको अनुच्छेदबाट लिङ्ग, वचन र पुरुष छुट्याएर लेख्नुहोस् ।

### (अ) पढ्नुहोस् र बुझ्नुहोस् :

| नाम | विशेषण | क्रिया |
|---|---|---|
| केटो – केटी | सेतो – सेती | जान्छ – जान्छे |
| बुबा – आमा | पुड्को – पुड्की | लेख्यो – लेखी |
| दुलहा – दुलही | होचो – होची | पढ्छ – पढ्छिन् |
| विद्वान् – विदुषी | अग्लो – अग्ली | गर्छ – गर्छिन् |

त्यसैले, स्त्री वा पुरुष अर्थात् भाले वा पोथी जाति छुट्याउनका लागि प्रयोग गरिने व्याकरणात्मक कोटिलाई लिङ्ग भनिन्छ ।

नेपाली भाषामा लिङ्गको अभिव्यक्ति नाम, सर्वनाम, विशेषण र क्रियापदबाट हुन्छ ।

## (आ) लिङ्गका प्रकार

नेपाली भाषामा लिङ्ग दुई प्रकारका छन् :

लिङ्ग

पुलिङ्ग — स्त्रीलिङ्ग

(क) पुलिङ्ग : पुरुष वा भाले जातिलाई बुझाउने पदलाई पुलिङ्ग भनिन्छ । जस्तैः

मानवीय : छोरा, भाइ, केटो, काका, दुलहा, नाति, राम, गोपाल, मामा, हजुरबुबा

अमानवीय : राँगो, गोरु, घोडा, बोको, बाघ, बाँदर, भँगेरो

(ख) स्त्रीलिङ्ग : स्त्री वा पोथी जातिलाई बुझाउने पदलाई स्त्रीलिङ्ग भनिन्छ । जस्तैः

मानवीय : आमा, बहिनी, केटी, काकी, दुलही, नातिनी, सीता, रमा, माइजू, हजुरआमा, बाँदर्नी

## (इ) लिङ्ग परिवर्तन

एउटा लिङ्गमा रहेका शब्द वा वाक्यलाई अर्को लिङ्गमा परिवर्तन गर्नुलाई लिङ्ग परिवर्तन भनिन्छ ।

### लिङ्ग परिवर्तन गर्ने तरिका

(क) पुलिङ्ग शब्दको अन्त्यमा 'ई' प्रत्यय लगाएर

| | | | |
|---|---|---|---|
| कालो | – काली | ठिटो | – ठिटी |
| काका | – काकी | केटो | – केटी |
| छोरा | – छोरी | कुमार | – कुमारी |
| साना | – सानी | कुखुरो | – कुखुरी |

(ख) पुलिङ्ग शब्दका पछाडि 'नी' प्रत्यय जोडेर

| | | | |
|---|---|---|---|
| नाती | – नातिनी | नेवार | – नेवार्नी |
| पण्डित | – पण्डित्नी | जर्नेल | – जर्नेल्नी |
| थारु | – थरुनी | छेत्री | – छेत्रिनी |

(ग) पुलिङ्ग शब्दमा एनी/इनी प्रत्यय लगाएर

| | | | |
|---|---|---|---|
| पापी | – पापिनी | थापा | – थपिनी |
| सुब्बा | – सुब्बेनी | बाघ | – बघिनी |
| कार्की | – कर्किनी | मित | – मितिनी |

(घ) पुलिङ्ग शब्दमा इका प्रत्यय थपेर

| | | | |
|---|---|---|---|
| नायक | – नायिका | लेखक | – लेखिका |
| बालक | – बालिका | शिक्षक | – शिक्षिका |
| सेवक | – सेविका | गायक | – गायिका |

(ङ) शब्दको पूरै रूप परिवर्तन गरेर

| | | | |
|---|---|---|---|
| लोग्ने | – स्वास्नी | भिनाजु | – दिदी |
| दाजु | – भाउजू | गोरु | – गाई |
| बुबा | – आमा | राँगो | – भैँसी |

(च) पछाडिको शब्द जस्ताको तस्तै राखी अगाडि स्त्री लिङ्ग शब्द राखेर

| | | | |
|---|---|---|---|
| लोग्ने मान्छे | – स्वास्नी मान्छे | भाले हाँस | – पोथी हाँस |
| भाले खाराये | – पोथी खरायो | राजा साहेब | – रानी सोहब |

**वाक्यमा लिङ्ग परिवर्तन गरिएका केही उदाहरणहरू**

| पुलिङ्ग | स्त्रीलिङ्ग |
|---|---|
| ऊ फुटबल खेल्छ । | ऊ फुटबल खेल्छे । |
| गोरुले घाँस खायो । | गाईले घाँस खायो । |
| मेरो भाइ पढ्छ । | मेरी बहिनी पढ्छे । |
| गायक गीत गाउँछ । | गायिका गीत गाउँछे । |
| तँ स्याउ खान्छस् । | तँ स्याउ खान्छेस् । |
| राम घुम्न गएको छ । | सीता घुम्न गएकी छिन् । |

## २. वचन

| एकवचन | बहुवचन |
|---|---|
| म आठ कक्षामा पढ्छु । | हामी आठ कक्षामा पढ्छौँ । |


| | |
|---|---|
| ऊ राम्ररी पढ्छ । | उनीहरू राम्ररी पढ्छन् । |
| चरो छानामा छ । | चराहरू छानामा छन् । |
| साथी घरमै छ । | साथीहरू घरमा छन् । |

सङ्ख्या जनाउन प्रयोग हुने व्याकरणात्मक चिह्नलाई वचन भनिन्छ ।

वचन नाम, सर्वनाम, विशेषण र क्रियापदबाट अभिव्यक्त हुन्छ ।

## (अ) वचनका प्रकार

**नेपाली भाषामा वचन दुई प्रकारका छन् :**




### (क) एकवचन

एक मात्र वस्तु वा व्यक्तिको बोध गराउने शब्दलाई एकवचन भनिन्छ ।

जस्तैः

(क) नाम : छोरो, फूल, ऊ
(ख) सर्वनाम : म, तँ, ऊ
(ग) विशेषण : कालो, रातो, गुलियो, मेरो
(घ) क्रिया : छ, खान्छ, गयो, भन्छ

### (ख) बहुवचन

दुई वा दुईभन्दा बढी वस्तु वा व्यक्तिको बोध गराउने शब्दलाई बहुवचन भनिन्छ ।

जस्तैः

(क) नाम : छोराहरू, फूलहरू, दिदीहरू, काकाहरू, कलमहरू
(ख) सर्वनाम : हामीहरू, तिनीहरू, उनीहरू
(ग) विशेषण : काला, राता, गुलिया, हाम्रा
(घ) क्रिया : छन्, खान्छन्, गए, थिए, भन्छन्

## (आ) वचन परिवर्तन

एकवचनबाट बहुवचनमा परिवर्तन गर्ने तरिकाहरू

(क) शब्दमा ‘हरू’ थपेर

| | | | |
|---|---|---|---|
| भाइ | – भाइहरू | राम | – रामहरू |
| कलम | – कलमहरू | तिमी | – तिमीहरू |
| शिक्षक | – शिक्षकहरू | मान्छे | – मान्छेहरू |
| किताब | – किताबहरू | हात्ती | – हात्तीहरू |

(ख) एकवचनको शब्दको अन्त्यमा ओकार भए त्यसलाई आकार बनाएर

| | | | |
|---|---|---|---|
| केटो | – केटाहरू | छानो | – छानाहरू |
| बाटो | – बाटाहरू | कालो | – कालाहरू |
| लोरो | – लौराहरू | कुखुरो | – कुखुराहरू |
| चरो | – चराहरू | छोटो | – छोटाहरू |
| मुसो | – मुसाहरू | किरो | – किराहरू |

(ग) शब्दको रूप फेरेर

| | | | |
|---|---|---|---|
| म | – हामी | ऊ | – उनीहरू |
| तँ | – तिमीहरू | यो | – यिनीहरू |
| त्यो | – तिनीहरू | | |

(घ) शब्दको पछाडि ‘गण’, ‘वर्ग’, ‘वृन्द’, ‘जन’ जोडेर

| | | | |
|---|---|---|---|
| श्रोता | – श्रोतागण | भक्त | – भक्तजन |
| सज्जन | – सज्जनवृन्द | विद्यार्थी | – विद्यार्थीवर्ग |

(ङ) शब्द दोहोऱ्याएर

| | | | |
|---|---|---|---|
| दि | – दिनदिनै | जो | – जोजो |
| फूल | – फूलैफूल | को | – कोको |

## वाक्यमा वचन परिर्तनका केही उदाहरणहरू

| | |
|---|---|
| ऊ पाठ पढ्छ । | उनीहरू पाठ पढ्छन् । |
| तिमीले सुन्यौ र ? | तिमीहरूले सुन्यौ र ? |
| विद्यार्थी आउँछ । | विद्यार्थीहरू आउँछन् । |
| अग्लो मान्छे आयो । | अग्ला मान्छेहरू आए । |
| म खाना खान्छु । | हामी खाना खान्छौँ । |

| | |
|---|---|
| केटो घर आयो । | केटाहरू घर आए । |
| भक्त दर्शन गर्छ । | भक्तजन दर्शन गर्छन् । |
| जो आउँछ, त्यो खेल्छ । | जोजो आउँछन् तीती खेल्छन् । |

## ३. पुरुष परिचय

| प्रथम पुरुष<br>वक्ताको रूपमा | द्वितीय पुरुष<br>श्रोताको रूपमा | तृतीय पुरुष<br>विषयको रूपमा |
|---|---|---|
| म पाठ पढ्छु । | तँ पाठ पढ्छस् । | ऊ पाठ पढ्छ । |
| हामी पाठ पढ्छौँ । | तिमी पाठ पढ्छौ । | उनी पाठ पढ्छिन् । |
| | तपाईँ पाठ पढ्नुहुन्छ । | उहाँ पाठ पढ्नुहुन्छ । |

व्यक्ति बुझाउने व्याकरणिक चिह्नलाई पुरुष भनिन्छ । पुरुष सर्वनाम र क्रियासँग सम्बन्धित हुन्छ ।

### (अ) पुरुषका प्रकार

नेपालीमा पुरुष तीन प्रकारका छन् :

(क) प्रथम पुरुष

बोल्ने व्यक्ति वा वक्ता जनाउने पुरुषलाई प्रथम पुरुष भनिन्छ । म र हामी सर्वनाम प्रथम पुरुष हो ।

(ख) द्वितीय पुरुष

वक्ताले बोलेको सुन्ने वा श्रवण गर्ने श्रोता जनाउन आउने पुरुषलाई द्वितीय पुरुष भनिन्छ । तँ, तिमी, तपाईँ, हजुर सर्वनाम द्वितीय पुरुष हुन् ।

(ग) तृतीय पुरुष

वक्ता र श्रोताभन्दा भिन्न व्यक्ति वा विषय बुझाउन आउने पुरुषलाई तृतीय पुरुष भनिन्छ । उ, उनी, तिनी, उहाँ सर्वनाम तृतीय पुरुष हुन् ।

### (आ) पुरुष परिवर्तन

प्रथम पुरुषबाट द्वितीय या तृतीय पुरुषमा र द्वितीय पुरुषबाट प्रथम या तृतीय पुरुषमा र तृतीय पुरुषबाट प्रथम या द्वितीय पुरुषमा बदल्ने प्रक्रियालाई पुरुष परिवर्तन भनिन्छ ।

| प्रथम पुरुष | द्वितीय पुरुष | तृतीय पुरुष |
|---|---|---|

| | | |
|---|---|---|
| म खेल्दै छु । | तँ खेल्दै छस् । | ऊ खेल्दै छ । |
| हामी विद्यालय गयौँ । | तिमीहरू विद्यालय गयौ । | उनीहरू विद्यालय गए । |
| मैले गीत गाएँ । | तैँले गीत गाइस् । | उसले गीत गायो । |
| म खेती गर्छु । | तपाईँ खेती गर्नुहुन्छ । | उहाँ खेती गर्नुहुन्छ । |
| म खाना खान्छु । | हजुर खाना खानुहुन्छ । | ऊ खाना खान्छ । |
| हामी पुस्तक किन्छौँ । | तिमी पुस्तक किन्छौ । | उसले किताब किन्यो । |
| म धेरै हाँस्छु । | तँ धेरै हाँस्छस् । | उनी धेरै हाँस्छिन् । |



## अभ्यास

१. **लिङ्ग भनेको के हो ? लिङ्ग कति प्रकारका छन् ?**

२. **वचन भनेको के हो ? वचन कति प्रकारका छन् ?**

३. **पुरुष भनेको के हो ? पुरुष कति प्रकारका छन् ?**

४. **तल दिइएका वाक्यलाई स्त्रीलिङ्गमा बदल्नुहोस्:**

(क) आज दाजु आउनुभयो ।
(ख) ती केटाहरू असल छन् ।
(ग) गायकले गीत गायो ।
(घ) काला केटाहरू गए ।
(ङ) गोरुले घाँस खायो ।

५. **तल दिइएका वाक्यलाई पुलिङ्गमा बदल्नुहोस् :**

(क) छोरी असल छे ।
(ख) नायिका सिनेमा खेल्छिन् ।
(ग) माइजू घर आउनुभयो ।
(घ) भैँसी चौरमा चर्छ ।
(ङ) गोरी केटी आई ।

६. **तल दिइएका वाक्यलाई एकवचन भए बहुचन, बहुवचन भए एकवचनमा परिवर्तन गर्नुहोस् :**

(क) केटी विद्यालय गई ।
(ख) साथीहरू घुम्न गएछन् ।
(ग) पहाड अग्लो छ ।
(घ) बाटा फराकिला छन् ।
(ङ) उसले पाठ पढ्यो ।

(च) म बजार जान्छु ।

(छ) बगैँचामा राम्रा फूलहरू फुलेका छन् ।

(ज) उनीहरू राम्रो काम गर्छन् ।

७. **तल दिइएका सर्वनाम पद कुनकुन पुरुषमा पर्दछन् ?**

| | | | | |
|---|---|---|---|---|
| म | तँ | ऊ | हामी | तिमी |
| उनीहरू | हामीहरू | त्यो | तपाईँ | हजुर |

८ **कोष्ठकमा दिइएको सङ्केतका सहायताले पुरुष परिवर्तन गर्नुहोस् :**

(क) तँ भनेको मान्छस् । (प्रथम पुरुष)

(ख) म पाठ पढ्छु । (द्वितीय पुरुष)

(ग) हामी बजार जान्छौँ । (तृतीय पुरुष)

(घ) तिमी कथा लेख्छौ । (प्रथम पुरुष)

(ङ) म सिनेमा हेर्न जान्छु । (तृतीय पुरुष)

(च) ऊ गफ गरेर बस्छ । (प्रथम पुरुष)

(छ) उनी असल छिन् । (प्रथम पुरुष)

(ज) उहाँ विद्यालयमा पढाउनुहुन्छ । (द्वितीय पुरुष)

९. **तल दिइएको कथा पढ्नुहोस् । त्यस कथामा लिङ्ग, वचन र पुरुष प्रयोग भएका शब्दमा ◯ यस्तो चिन्ह लगाउनुहोस् :**

## मनमय्जु

कुनै एक समयमा एकजना सिकारी थियो । उक्त सिकारीले दिनदिनै सिकार खेली आफ्नो जहान परिवार पाल्दथ्यो । एकदिन सिकार खेल्न जाँदा दिनभरि कुनै पनि सिकार पाउन सकेन । अन्त्यमा घर फर्कन लाग्दा एउटा मृगलाई देख्यो । सिकारीले आफ्ना घरको जहान बच्चाहरू सम्झी उक्त मृगलाई जसरी पनि सिकार गर्ने सोचेर बडो सतर्कताका साथ वाण हान्यो । मृग त्यो सिकारीको बाण लागेर ढलेछ । संयोगवश त्यो मृग मनोरथ तीर्थमा ढल्न पुगेछ । मृगले मनोरथ तीर्थको जल सेवन गरेछ । मृगले तीर्थको जल सेवन गर्दै भगवानसँग अर्को जन्ममा सिकारीसँग बदला लिने इच्छा प्रकट गर्दै भगवानसँग गरेको प्रार्थना सिकारीले सुनेछ । मृगको प्रार्थना सुनेर ईश्वरले उसलाई अर्को जन्ममा बाघको रूपमा सवौदक पर्वतमा पुनर्जन्म हुने वरदान दिएछन् । तर, अचम्मको कुरा सिकारी पनि अर्को जन्ममा त्यही पर्वतमा बँदेलको रूपमा जन्म लिनपुगेछ । दिनहरू बित्दै जाँदा एकदिन त्यो बाघ र बँदेलको दैवसंयोगले भेट भएछ ।

बाघले पूर्वजन्मको मृत्यु सम्झी बदला लिने हेतुले बँदेलमाथि आक्रमण गरेछ । बाघ र

बँदेलका बिचमा घमासान युद्ध भयो । ती दुई बिच घमासान युद्ध भएपछि दैवसंयोग दुवैको मृत्यु भएछ । युद्ध मनोरथ तीर्थको नजिकै भएकोले उक्त तीर्थको जल सेवनपछि दुवैको मृत्यु भएको थियो । मर्ने वेलामा तिनीहरूले तीर्थको जल सेवन गरेकाले अर्को जन्ममा देवपुत्रको रूपमा जन्म लिएछन् । यसरी आफ्नो मनोकाङ्क्षा पूरा हुने तीर्थ नै हिजोआज मनोहर तीर्थको रूपमा प्रसिद्ध भयो । स्वर्गका राजा इन्द्र पनि आफ्नो मनोकाङ्क्षा पूरा गर्न अप्सराहरूका साथ मनोहर तीर्थमा स्नान गर्न आउँछन् भन्ने भनाइ छ ।

अर्को किम्बदन्तीअनुसार मनोहर तीर्थ वरिपरि कुनै एक परिवारमा धेरै छोरीहरू थिए । ती छोरीहरू सबैको विवाह भइसक्दा पनि एक जनाको विवाह हुन सकेको थिएन । विवाह नभएको कारणचाहिँ उक्त केटीको घाँटीमा एक अशोभनीय गलगाँड थियो । आफ्नो घाँटीको गलगाँडको कारणले विवाह हुन नसकेपछि ती केटीले सधैँ मनोहर तीर्थमा स्नान गर्ने र आफ्नो गलगाँड हटोस् र इन्द्र स्वामी पाऊँ भनी दैनिक स्नान गर्दथिन् । सोही समय इन्द्र पनि स्नान गर्न आउँदथे । दिनहरू बित्दै गएपछि मानवरूपधारी इन्द्र र उक्त केटीबिच विस्तारै माया अङ्कुराउन थाल्यो । एकदिन उनीहरू बिच कुराकानी भएछ । केटीले मेरो नाम मनमैजू हो । म धेरै पहिलेदेखि इन्द्र स्वामी पाऊँ भनी यस तीर्थमा स्नान गरिरहेकी छु र मेरो घर यहीँ नजिकै छ भनेर बताइछन् । इन्द्रले पनि आफ्नो सक्कली रूपले उक्त केटीलाई दर्शन दिएछन् । केटी बहुत खुसी भइछन् र आफ्नो घरमा लाने र स्वागत गर्ने मनसाय राखिछन् । युवतीको आग्रह अनुसार इन्द्रले एकरात युवतीको घरमा बिताएर भोलिपल्ट आफू स्वर्गको राजा इन्द्र भएकोले मानवलाई स्वर्गमा लान नमिल्ने हुँदा त्यस तीर्थमा स्नान गरी त्रिरत्नको शरणमा जान सल्लाह दिएछन् । करुणामयको प्रभावले स्वर्ग जान सकिने र साथै प्रत्येक वर्षको चैत्र पूर्णिमाका पाँच दिन यस लोकमा सबैले पूजा गर्ने कुरा बताएर जाने बेलामा चिनो स्वरूप एउटा भोटो पनि उपहार दिएर गएछन् ।

यसरी एउटी गलगाँड भएकी केटी मनोहर तीर्थको प्रभावले स्वर्गका राजा इन्द्रकी पत्नी भएपछि सम्पूर्ण भक्तजनहरूले इन्द्रकी रानी अर्थात् इन्द्रायणी भनेर मान्न थाले । उनै युवतीको तपस्याले प्रभाव पारेको हुनाले इन्द्रले यसै स्थानमा बस्ने व्यवस्था गरी 'मनमयूजु' नामकरण गरी मनोसिद्धि तथा मनोकाङ्क्षा पूरा हुन सक्ने वर दिएको कुरा यस क्षेत्रमा प्रचलित छ । यिनै 'मनमयूजु' देवी अपभ्रंश हुँदै हाल 'मनमैजु' हुन पुगेको पाइन्छ । स्वर्गका राजा इन्द्रले मन पराउने मयूजु (केटी) भन्ने अर्थ लाग्दछ ।

नेवारीमा मनमयूजुको अर्थ मनको इच्छा पूरा गर्ने देवीको नामले बुझिन्छ । नेवारी भाषामा मनमैजु र इन्द्रायणी देवीलाई 'खुसिंख्य अजिमा' पनि भनिन्छ । खुसि भन्नाले पवित्र खोला महादेव खोला र विष्णुमती खोलाले घेरेको उच्च भाग 'ख्य' चउर भन्ने बुझिन्छ । उक्त देवीलाई अजिमाको रूपमा पनि लिएको पाइन्छ । काठमाडौं उपत्यकामा थुप्रै अजिमाहरू छन् । ती सबै अजिमाहरूको आमा पशुपति क्षेत्रमा अवस्थित वत्सलादेवीलाई मान्दै आएका छन् ।

*(रत्नप्रसाद अनामणि श्रेष्ठ)*

## परियोजना कार्य

१. **तल दिइएका वाक्यलाई स्त्रीलिङ्गमा लैजानुहोस् :**

(क) कालो केटो आयो ।

(ख) पाडो घाँस  खान्छ ।

(ग) मेरो भाइ सहर गयो ।

(घ) छोरो स्कूल गयो ।

(ङ) बुबा घर आउनुभयो ।

२. **तल दिइएका वाक्यलाई पुलिङ्गमा लैजानुहोस् :**

(क) रामकी बहिनी निकै सुत्छे ।

(ख) कान्छी छोरी पढ्न गई ।

(घ) आज माइजू आउनुभयो ।

(ङ) सानी नानी बाहिर आई ।

३. **तलका वाक्यहरूलाई कोष्ठकका सङ्केतका सहायताले लिङ्ग परिवर्तन गर्नुहोस् :**

(क) कान्छो छोरो सहर गयो । (स्त्रीलिङ्ग)

(ख) पाठो घाँस खान्छ । (पुलिङ्ग)

(ग) म बजार गएको थिएँ । (स्त्रीलिङ्ग)

(घ) मेरी बहिनी रोई । (पुलिङ्ग)

(ङ) मामा घरमा आउनुभयो । (स्त्रीलिङ्ग)

४. **तल दिइएको एकवचनलाई बहुवचनमा लैजानुहोस् :**

(क) मैले पाठ पढेँ ।

(ख) तपाई घर जानुहोस् ।

(ग) राम खेतमा काम गर्छ ।

(घ) यो घडी राम्रो छ ।

(ङ) छोरी विद्यालय गई ।

५. **तल दिइएका बहुवचनका वाक्यलाई एकवचनमा बदल्नुहोस् :**

(क) हामी फुटबल खेल्छौँ ।

(ख) तिमीहरू खेल्न जाओ ।

(ग) केटाहरू पढ्न थाले ।

(घ) विद्यार्थीगण नाच्दै छन् ।

(ङ) भक्तजन देवीको दर्शन गर्छन् ।

६. **तल दिइएका वाक्यहरूलाई कोष्ठकका सङ्केतका सहायताले वचन परिवर्तन गर्नुहोस् :**

(क) म घुम्न गएँ । (बहुवचन)

(ख) हामी स्कूल जान्छौँ । (एकवचन)

(ग) त्यो पहाड हरियो छ । (एकवचन)

(घ) यी कलमहरू यहाँ राख्छौँ । (एकवचन)

(ङ) बाटो फराकिलो छ । (बहुवचन)

७. **कोष्ठकमा दिइएको सङ्केतका सहायताले पुरुष परिवर्तन गर्नुहोस् :**

(क) तँ खाना खान्छस् । (तृतीय पुरुष)

(ख) म कविता लेख्छु । (द्वितीय पुरुष)

(ग) तिमी कथा भन्छौ । (प्रथम पुरुष)

(घ) उसले खेत खन्यो । (द्वितीय पुरुष)

(ङ) उनीहरू सहर जान्छन् । (प्रथम पुरुष)

एकाइ

१०

# वर्णविन्यास

## १. पढ्नुहोस् र बुझ्नुहोस् :

किताब जतन गर । घिउ खाने घर । जिरीमा जिरेल जातिका मानिस बस्छन् । सुकुलमा बसेर पढ्ने अभ्यास गर । हिमालमा हिउँ देखिन्छ । दुधालु गाई पाल । चिनियाँ भाषा नेपालमा धेरैले बुझ्दैनन् । अब घरतिर जानुपर्ला । तिमीसित कतिजोर कलम छन् ? बारीमुनि पँधेरो छ । साथीको जन्मोत्सवका दिन के उपहार दिन्छौ ? तीनदिन विद्यालय बिदा छ । उनी मसँग बजार जान्छिन् । चिसो ठाउँमा नबस । तिमीप्रति मेरो पूरै विश्वास छ । रिसाहा मान्छे सबैको अप्रिय हुन्छ । कागज कुटुकुटु नटोक । मौखिक परीक्षामा राजन पहिलो भयो । भानिज घर आइपुगे । दिउँसो सुत्ने बानी राम्रो होइन । भावुक मानिसले कविता लेख्यो । रीताको अभिनय हेर्न लायक थियो । सीताको अनुहारमा दाग लागेको रहेछ । दुधिलो डाले घाँस खाने गाईको दूध धेरै आउँछ । देवकोटा रचित मुनामदन धेरै राम्रो काव्य हो । भिनाजुको स्वीटर च्यातिएको छ । अस्ति हाम्रा घरमा को पाहुना आएको थियो अरे ! भोलि म बजार जानेछु । कविले राम्रो कविता लेखे । सबैप्रति दयालु भाव राख्नुपर्छ । पुलवारि मानिसहरू जम्मा भएका छन् । आफ्नो रुचि अनुसारको विषय पढ्नुपर्छ । रश्मिले कविता लेखिन् । गीत गाउने गायकको स्वर मधुरो हुन्छ । गृष्म ऋतुमा गर्मी धेरै हुन्छ । प्राचीन युगका मानिस ज्ञानी थिए । पीडा बोकेर बाँचेकी छिन् शोभा । प्रतीक्षा गर्न सिक्नु पर्छ । नवीन भावका रचना सबैले मन पराउँछन् । मोतीराम भट्ट अरूका कृतिको राम्रो समीक्षा गर्थे । मेरो समीपमा को आयो ? रामप्रसाद सुवेदी सन्यासी भए । कैलाली रमाइलो ठाउँ हो । जवानीमा धेरै पढ्नुपर्छ । भैँसीले धेरै दूध दिन्छ । तिमी आज घरमै बस । सोमप्रसाद धेरै गफाडी थिए नेपाली भाषामा लेख्ने गर । ठिमीमा माटाका भाँडा पाइन्छन् । मेधावी विद्यार्थी परीक्षामा पहिलो हुन्छन् । बाबा घरमा आउनुभयो । बन्धुहरू आए । वकिलले अदालतमा बहस गरे । बेकाममा नडुली बारीमा बिरुवा रोप । रमेशको आवाज तीखो छ । रामको व्यवहार राम्रो छ । यो घरको बनावट राम्रो छैन । उसले पानी पिएन । कतैकतै खयर पाइन्छ । राम्रो विचारका अनुयायी धेरै हुन्छन् । बीमाले स्थायी सेवामा नाम निकालिन् । सायद म भोलि मामा घर जान्छु होला । यतिञ्जेल के काम गरेर बस्यौ ? त्यसरी पढेर परीक्षामा उत्तीर्ण होइदैन । काउलीको मूल्य कति हो ? तिम्रो स्थायी घर कहाँ हो ? शोभा वक्तृत्वकलामा पहिलो भइन् । रिक्सा चढ्नु राम्रो होइन । जोगीले भिक्षा माग्यो । निश्चय तिमी भोलि म कहाँ आउँछौ ? म त आश्चर्यमा परेँ । ज्ञानी मानिसको सबैले प्रशंसा गर्दछन् । हरेक कुराको

विश्लेषण गर्नुपर्छ । आक्रोश पोखेर मात्र हुँदैन । असोज दश गते के बार परेको थियो ? मुसो दुलोभित्र पस्यो । गणेश विषम राम्रो कविता लेख्ने कवि हुन् । पहिलो पुरस्कार उसले पायो ? कोषमा कति रुपैयाँ जममा भएको छ ? म धेरै पढ्छु भन्ने प्रतिज्ञा गर्छु । जाँचमा राम्रोसँग लेख्नु । संवत् फेरियो । धेरै गनगन नगर । उहाँ सन्चै हुनुहुन्छ हगि ? हाँस्नु राम्रो हो । खराब मान्छेको संसर्ग नगर । आमाछोरी घर गए । म त न यता न उता पो भएँ ।

त्यसैले, भाषाका वर्णहरूलाई व्यवस्थित किसिमले राख्ने प्रक्रियालाई वर्णविन्यास भनिन्छ । भाषाका कथ्य र लेख्न गरी दुई रूप हुन्छन् । लेख्य रूप भाषाको मानक रूप हो । लेख्य भाषामा लेखन मुद्रण वा टङ्कण गर्दा विशेष ध्यान दिनुपर्दछ । वर्णको सम्बन्ध अर्थसँग हुने भएकोले वर्णविन्यासमा त्रुटि हुँदा अर्थमा असर पर्छ । त्यसकारण भाषामा भाव, विचार वा अभिव्यक्ति सही रूपमा व्यक्त गर्न लेख्य भाषामा वर्णविन्यास मिलाउनुपर्छ ।

नेपाली भाषामा केही यस्ता अक्षरहरू छन्, जो बोलिएअनुसार लेखिँदैनन् र लेखिएअनुसार बोलिँदैनन् । संस्कृतका केही तत्सम शब्दमा यस्ता समस्याहरू छन्, जो भाषिक वक्ताका उच्चारणगत कठिनाइले पनि वर्णविन्यासमा ध्यान नदिई त्रुटिहरू हुने गरेको पाइन्छ । यहाँ तिनै वर्णविन्यासम्बन्धी चर्चा गरिएको छ ।

## २. वर्णविन्यासको नियम

नेपाली भाषा अत्यन्त जटिल वर्णविन्यास भएको भाषा हो । यस भाषामा तत्सम शब्दको बाहुल्य रहेको पाइन्छ । यस्ता तत्सम शब्दहरूमा कतिपय अवस्थामा लेखिएअनुसार नबोलिने र बोलिएअनुसार नलेखिने थुप्रै समस्याहरू छन् । त्यसैले यसमा वर्णहरूको शुद्धाशुद्धी र व्यवस्थित क्रमको ख्याल नगरिएमा अशुद्ध हुने मात्र होइन, अर्थको अनर्थ पनि लाग्न सक्ने भएको हुनाले उच्चारणका आधारमा मात्र नेपाली भाषाको शुद्ध वर्णविन्यास लेख्न सकिँदैन । अतः यसका लागि लेख्य प्रयोग र शुद्धाशुद्धीको निरन्तर अभ्यासको आवश्यकता पर्दछ । नेपाली भाषाका तत्सम शब्दमा जस्तै अन्य तद्भव र आगन्तुक शब्दहरूमा पनि समस्या छन् । यस्ता समस्या भएका क्षेत्रहरू निम्नलिखित छन् :

सामान्यतः ह्रस्व र दीर्घका बारेमा नेपाली भाषाको नियम के छ भने इ र उ आउने शब्दका थालनी र बिचमा ह्रस्व र पुछारमा दीर्घ लेखिन्छन् तर यो सामान्य नियमले मात्र पुग्दैन किनभने पुछारमा ह्रस्व हुने र बिचमा दीर्घ हुने अन्य शब्दहरू पनि हुन्छन् ।

### (क) शब्दको सुरुमा इ, उ ह्रस्व हुने नियम

- सबै व्युत्पन्न शब्दहरूको सुरुको इ उ ह्रस्व हुन्छन् ।

जस्तैः दुधालु, धुपौरो, नुनिलो, सिलौटो, पिराहा, मितेरी, चिनियाँ, बुढ्याइँ आदि ।

- वि, नि, निस्, सु, उप, दुर् उपसर्ग लागेका शब्दहरूको सुरुमा इ ह्रस्व हुन्छन् ।

जस्तैः विचार, विदेश, विनाश, निबन्ध, निपात, नियोग, निष्पाप, निश्चय, निस्तेज, सुकर्म,

सुपुत्र, सुमार्ग, उपचार, उपकार, उत्पात, उत्पत्ति, दुर्नाम, दुर्बल, कुपुत्र, सुमार्ग, कुबुद्धि आदि ।

- ‘तद्भव’ र ‘आगन्तुक’ शब्दहरूको सुरुमा इ उ ह्रस्व हुन्छन् ।

जस्तैः छिमेक, तिहुन, पित्तल, हिउँ, हिसाब, किताब, घिउ, ठिटो, कुर्सी, सुकुल आदि ।

- सुरूमा इ उ आउने सर्वनाम शब्दहरू ह्रस्व हुन्छन् ।

जस्तैः तिमी, यिनी, उनी, उहाँ, तिनी आदि ।

- द्वि, त्रि भएका शब्दहरूको सुरूमा इ ह्रस्व लेखिन्छ ।

जस्तैः द्वितीय, द्विगु, द्विगुण, त्रिकोण, त्रिशूल, त्रिभुवन आदि ।

- अनुकरणात्मक शब्दका सुरूको इ,उ ह्रस्व हुन्छन् ।

जस्तैः किटिक्क, पिटिक्क, मुसुक्क, लुरुक्क, टुलुटुलु आदि ।

## (ख) बिचमा इ उ ह्रस्व हुने नियम

- अनु, परि, प्रति, उपसर्ग लागेर बनेका शब्दहरूको बिचमा इ उ ह्रस्व हुन्छ ।

जस्तैः अतिरिक्त, अतिक्रमण, अधिवक्ता, अधिपति, अभियोग, परिभाषा, परिपत्र, प्रतिलिपि, प्रतिक्रिया आदि ।

- विशेषण शब्दका बिचको इ उ ह्रस्व हुन्छन् ।

जस्तैः अमिलो, दुधिलो, बलियो, सिकिस्त, हरियो, गुलियो, बाटुलो, पठित, मौखिक, अन्तिम आदि ।

- अव्यय शब्दहरूका बिचमा ह्रस्व हुन्छन् ।

जस्तैः बाहिर, कहिले, अहिले, निमित्त, हिरिक्क, अघिल्तिर आदि ।

- सङ्ख्यावाचक शब्दका बिचको इ उ स्वरवर्ण ह्रस्व हुन्छन् ।

जस्तैः उन्नाइस, एक्काइस, बाइस, सत्ताइस, अठ्ठाइस, एकाउन्न, बाउन्न, सन्ताउन्न, अन्ठाउन्न आदि ।

## (ग) शब्दको अन्त्यमा इ उ ह्रस्व हुने नियम

- पुलिङ्गी नाम र नाता बुझाउने शब्दको अन्त्यको इ उ ह्रस्व हुन्छन् ।

जस्तैः हरि, विष्णु, रवि, भाइ, ज्वाँइ, पति, नाति, पनाति, गुरु, बाबु, दाजु, जेठाजु, भिनाजु, बराजु, फुपाजु आदि । (अपवादः स्वामी, सम्धी, खसी, हात्ती दीर्घ लेखिने)

- ति, थि, नि, पि, वि, शि, ष्टि अन्त्यमा आउने शब्द ह्रस्व लेखिन्छन् ।

जस्तैः कृति, कान्ति, मति, विधि, अग्नि, शनि, मुनि, लिपि, यद्यपि, छवि, कवि, रवि, राशि, सृष्टि, वृष्टि, पुष्टि आदि ।

- अव्यय शब्दका पछाडि आउने इ ह्रस्व हुन्छन् ।

जस्तैः अगाडि, पछाडि, माथि, अघि, पछि, अस्ति, भोलि, खोइ, चाहिँ, चोटि, निम्ति, वरि परि, वारि, पर्सि, फेरि आदि ।

- अन्त्यमा उ आउने निर्जीव नाम ह्रस्व शब्द हुन्छन् ।

जस्तैः ठाउँ, गाउँ, घिउ, आलु, दुनु, मासु, स्याउ, केराउ आदि ।

- आइ, आलु, याइँ, आरु, एलु, आउ आदि प्रत्यय लागेका शब्दहरू ह्रस्व हुन्छन् ।

जस्तैः पढाइ, लेखाइ, दुधालु, खर्चालु, मुर्ख्याइँ, सिकारु, जुझारु, घरेलु, बनेलु, घेराउ, चुनाउ आदि ।

### (घ) शब्दको सुरुमा ई दीर्घ हुने नियम

- निम्न तत्सम शब्दहरूको सुरुका ई ऊ दीर्घ हुन्छन् ।

जस्तैः ईश, कीट, क्रीडा, गीति, ग्रीष्म, सजीव, टीका, दीक्षा, नीति, तीर, पीयूष, वीर, शीत, चीत्कार, भीष्म, सीता, न्यून, स्तूत, मूल्य, भूमि, शून्य, सूक्ष्म, सूत्र आदि ।

- रेफभन्दा अगाडि आएका संयुक्त व्यञ्जनमा ई ऊ दीर्घ लेखिन्छन् ।

जस्तैः कीर्तन, जीर्ण, शीर्षक, मूर्ख, पूर्ण, ऊर्जा, धूर्त, दीर्घ, पूर्ण, चूर्ण आदि ।

### (ङ) शब्दको बिचमा ई ऊ दीर्घ हुने नियम

- ईय, ईन, अनीय, तीय प्रत्यय लागेका शब्दका बिचको ई दीर्घ हुन्छन् ।

जस्तैः केन्द्रीय, भवदीय, स्वर्गीय, प्राचीन, कुलीन, नवीन, युगीन, आदरणीय, मानवीय, विचारणीय, द्वितीय आदि ।

- इच्छार्थक क्रियापदका बिचका ऊ दीर्घ हुन्छन् ।

जस्तैः जाऊन्, खाऊन्, लेखून्, सुतून्, भनून्, दिऊन् आदि ।

- करण, कृत, भवन, भूत अन्त्यमा आउने शब्द बिचमा दीर्घ लेखिन्छन् ।

जस्तैः एकीकरण, सरलीकरण, औधोगीकरण, केन्द्रीकृत, स्वीकृत, एकीकृत, समीभवन, एकीभवन, केन्द्रीभूत, द्रवीभूत आदि ।

- निम्न तत्सम शब्दहरू बिचमा दीर्घ लेखिन्छन् ।

जस्तैः परीक्षा, प्रतीक्षा, प्रतीक, गम्भीर, प्रतीत, वाल्मीकि, शिरीष, समीक्षा, समीर, कुतूहल,

उत्तीर्ण, चिरञ्जीवी, सपूत, सङ्गीत, समूह, अधीन दीर्घ लेखिन्छन् ।

- क्षतिपूर्ति दीर्घभवनका रूपमा स्वीकारिएका शब्दहरू बिचमा दीर्घ लेखिन्छन् ।

जस्तैः (कर्चुर) कचूर, (कर्पुर) कपूर, (कुपुत्र) कुपूत्र, (दुग्ध) दूध, (फुल्ल) फूल, (ठुलो) ठूला, (तिक्त), तीतो, (शिल्प) सीप, (भिक्षा) भीख, (वृद्ध) बूढो आदि ।

## (च) शब्दको अन्त्यमा दीर्घ हुने नियम

- सर्वनाम, विशेषण, पेसा, जात, थर आदि बुझाउने शब्द अन्त्यमा दीर्घ लेखिन्छन् ।

जस्तैः

(अ) सर्वनाम - हामी, तिमी, आफू, तिनी, यिनी, उनी आदि ।

(आ) विशेषण - अल्छी, इलमी, दुःखी, धनी, रोगी, ज्ञानी, दानी, त्यागी, गफाडी, नेपाली, गोर्खाली, बुद्धू आदि ।

(इ) पेसा - ज्यामी, डकर्मी, सिकर्मी, नकर्मी

(ई) जात - कामी, दमाईं, सार्की, घर्ती, ज्यापू, किराँती, लिम्बू, राई, माझी, क्षत्री आदि ।

(उ) थर - अधिकारी, सुवेदी, उप्रेती, रेग्मी, लोहनी, पुरी, प्रसाईं, भट्टराई, गुरागाईं, चौलागाईं, बजगाईं, त्रिपाठी, पराजुली आदि ।

- स्त्रीलिङ्गी शब्दहरू अन्त्यमा दीर्घ लेखिन्छन् ।

जस्तैः आइमाई, सावित्री, उर्वशी, दिदी, फुपू, भाउजू, सासू, आमाजू, जेठानी, देवरानी, बहिनी, युवती, किशोरी, तरुनी, ठिटी, केटी, दासी, धाई, गाई, भैँसी आदि ।

- सङ्ख्यावाचक शब्द अन्त्यमा दीर्घ लेखिन्छन् ।

जस्तैः दुई, साठी, एकसट्ठी, बैसट्ठी, त्रिसट्ठी, चौसट्ठी, पैँसट्ठी, छैसट्ठी, सतसट्ठी, अठसट्ठी, उनन्सत्तरी, सत्तरी, उनासी, असी, एकासी, बयासी, त्रियासी, चौरासी, पचासी, छयासी, सतासी, अठासी आदि ।

- ई, ती, री, अरी, तरी, मा टुङ्गिने शब्द अन्त्यमा दीर्घ लेखिन्छन् ।

जस्तैः ठेकी, कोदाली, गरिबी, कान्तिमती, सौभाग्यवती, रूपमती, यसरी, कसरी, त्यसरी, उस्तरी, सरासरी, कस्तरी आदि । (अपवाद चाहिँ र बहुव्रीहिबाहेक अन्त्यका ही दीर्घ लेखिन्छन्)

- भाषा, ठाउँ, नदी आदि बुझाउने शब्दको अन्त्यमा दीर्घ लेखिन्छन् ।

जस्तैः अङ्ग्रेजी, नेपाली, हिन्दी, जापानी, मैथली, अवधी, भोजपुरी, दनुवारी, कास्की, कै

लाली, पाल्पाली, दुम्जाली, गोर्खाली, ठिमी, सप्तरी, कर्णाली, राप्ती, सप्तकोसी, कन्काई, बबई, सेती, गण्डकी, महाकाली, त्रिशूली, नारायणी, मर्स्याङ्दी, मादी, बागमती, विष्णुमती आदि ।

- आदेश बुझाउने र सामान्य भूतकालीन क्रिया अन्त्यमा दीर्घ लेखिन्छन् ।

जस्तैः जानू, हेर्नू, भन्नू, पढ्नू, गई, लेखी, दिई, पाई, सुनी, भनी आदि ।

(आ) श, ष, स सम्बन्धी नियम

वर्णमालामा पाइने श, ष, स तीन किसिमका स मध्ये श तालव्य, ष मूर्धन्य र स दन्त्य हुन् । यी वर्णहरू क्रमशः तालु, मूर्धा र दन्तस्थानबाट उच्चरित हुन्छन् ।

विसर्ग (ः) लागेका शब्दमा श लेख्ने गरिन्छ । जस्तैः अक्षरशः, क्रमशः, प्रायशः आदि ।

- ऋ्, त, ल भन्दा पहिले श लेख्ने गरिन्छ । जस्तैः शृङ्गार, पश्चात्, पश्चिम, आश्चर्य, अश्रु, आश्रय, विश्राम, श्लेष, श्लिष्ट आदि ।

- निम्न शब्दमा श लेख्ने नियम छ ।

जस्तैः शिशु, शैशव, शशी, अंश, शाश्वत, शकुन्तला, गणेश, राशि, वैशाख, शिशिर, यशोधरा, आशीर्वाद, केश, शीत, शोभा, शान्ति आदि ।

- क, ट, ठ, ड, ढ, ण, प भन्दा पहिले ष को प्रयोग हुन्छ ।

जस्तैः निष्कर्म, निष्कर्ष, पुष्कर, परिष्कार, पुष्ट, दृष्टि, स्पष्ट, धृष्ट, काष्ठ, निष्ठा, वरिष्ठ, कृष्ण, विष्णु, आषाढ, पुष्प, पुष्पा आदि ।

- निम्न शब्दमा ष लेख्ने ।

जस्तैः ईर्ष्या, कृषि, भीष्म, वर्षा, औषधि, विषाद, भेष, द्वेष, विष, प्रेषक आदि ।

- स, सु, सत्, सम्, स्व, सह्, स्वयम् जोडिएका शब्दमा स लेख्नु पर्छ ।

जस्तैः सत्कर्म, सफल, सबल, सगोल, सुशील, सुयोग्य, सुपुत्र, सुवास, सत्कार, सत्प्रेरणा, सत्मार्ग, सम्मुख, संस्कार, सम्पादक, संयोग, स्वदेश, स्वजन, स्वरूप, सहयोग, सहकार्य, सह–अस्तित्व, स्वयम्भू, स्वयम्बर आदि ।

- स्था, स्मृ, स्तु, स्ना धातुबाट बनेका शब्दमा स लेख्ने गरिन्छ

जस्तैः स्थान, स्थित, स्थापत्य, स्मृति, स्मरण, स्तुति, स्फुरण, स्नातक, स्नान आदि ।

- आगन्तुक शब्दमा रहेका श, स, ष मध्ये स लेख्ने भाषिक परम्परा छ

जस्तैः सहिद, सिफारिस, रजिस्ट्रेसन, सहर, सुरु आदि । (अपवाद : नाम, थर, पदावलीमा

भने श प्रयोग गर्ने गरिन्छ। जस्तैः शाह, शेरबहादुर, शेर्पा, कुशवाह आदि।)

(इ) ब, व, ओ सम्बन्धी नियम

- क्रियापदमा पेट चिरेको ब लेख्ने

जस्तैः बस्नु, बोल्नु, बाल्नु, बताउनु, बिर्सिनु आदि।

- प्रष्ट ब उच्चारण हुने शब्दहरूमा ब लेख्ने

जस्तैः बल, बालक, बुध, बुद्धि, अम्बा, चुम्बन, ब्राह्मण, ब्रह्मा आदि।

- मभन्दा पछि र द, ध भन्दा पहिले व लेख्ने

जस्तैः कर्तव्य, गन्तव्य, भवितव्य, कवित्व, ममत्व, सतीत्व, धनवान्, दयावान्, बलवान्, गुणवती, रूपवती, गर्भवती, डुलुवा, घिचुवा, सुतुवा, पैसावाल, गाडीवाल, घडीवाल आदि।

- केही तत्सम शब्दमा व लेखिन्छ।

जस्तैः वृक्ष, व्यथा, पर्व, भावक, विवश, वर्णन, पूर्व आदि।

- क्रियापद र केही 'ओ' उच्चारण हुने शब्दमा ओ लेखिन्छ।

जस्तैः आओ, जाओ, खाओ, ओखती, ओखर, ओखल आदि।

(ई) य, ए, ये सम्बन्धी नियम

- सर्वनाम शब्दहरूमा य लेखिन्छ।

जस्तैः यी, यो, त्यो, त्यस, त्यहाँ, यस, यही आदि।

- भूतकालीन क्रियापदमा य लेखिन्छ।

जस्तैः गयो, भयो, खायो, खायौ (अपवाद आएँ, गएँ) आदि।

- व्युत्पन्न शब्दमा य लेखिन्छ।

जस्तैः कमैया, जहानिँया, सहरिया, हँस्यौली, मूर्ख्याइँ

- केही तत्सम शब्दमा य लेखिन्छ।

जस्तैः यमक, यक्ष, मूल्य, जय, दृश्य आदि।

- इच्छार्थक क्रियापदमा ए प्रयोग हुन्छ।

जस्तैः गएस्, भएस्, खाएस्, धोएस् आदि।

- सामान्य भूत तथा अज्ञात भूतकालका क्रियापदमा ए प्रयोग हुन्छ।

जस्तैः गए, आए, गएछ, भएँ, पाएछ आदि ।

- कृदन्त शब्दमा एर, एको लाग्छ ।

जस्तैः गएको, दिएको, भएर आदि ।

- केही शब्दमा ये को प्रयोग हुन्छ ।

जस्तैः ध्येय, मध्ये, ज्येष्ठ, अन्त्येष्ठि, प्रत्येक आदि ।

(उ) क्ष, छे सम्बन्धी नियम

- क्ष को प्रयोग तत्सम शब्दमा हुन्छ ।

जस्तैः अक्ष, अक्षता, अक्षर, शिक्षा, कक्ष, क्षय, मोक्ष, परीक्षा, पक्षी, भक्षक, रक्षा, दीक्षा, लक्ष्य, क्षत्रीय, क्षेप्यास्त्र, लक्ष्य, क्षितिज आदि ।

- छे को प्रयोग तद्भव र आगन्तुक शब्दमा हुन्छ ।

जस्तैः छेउ, छेस्किनी, छेलो, बिछ्यौना, छ्यापछ्याप्ती, इच्छा, छ्याङ, छेपारो, छिन् आदि ।

(ऊ) ऋ, रि सम्बन्धी नियम

- 'ऋ' को प्रयोग तत्सम शब्दमा हुन्छ ।

जस्तैः ऋग्वेद, ऋचा, ऋण, ऋतु, ऋषि आदि ।

- 'रि' को प्रयोग तद्भव र आगन्तुक शब्दमा हुन्छ ।

जस्तैः रिस, रित्तो, रिकापी, रिङ, रिपोर्ट, रिबन, रिल आदि ।

(ऋ) ज्ञ, ग्यँ सम्बन्धी नियम

- 'ज्ञ' को प्रयोग तत्सम शब्दमा गरिन्छ ।

जस्तैः ज्ञान, प्रतिज्ञा, यज्ञ, विज्ञ, विज्ञान, ज्ञात, साम्राज्ञी, युवराज्ञी, संज्ञा, जिज्ञासा आदि ।

- 'ग्यँ'को प्रयोग तद्भव र आगन्तुक शब्दमा गरिन्छ ।

जस्तैः ग्याँचे, ग्याँस, ग्यारेन्टी, ग्यास्टिक, ग्यालग्याल आदि ।

(ए) हलन्त र अजन्तसम्बन्धी नियम

- अन्तमा वान्, मान्, वत् आउने शब्दमा हलन्त हुन्छ ।

जस्तैः बलवान्, विद्वान्, धनवान्, श्रीमान्, आयुष्मान्, पुत्रवत्, दण्डवत्, विद्वत्, संवत्, यावत् आदि ।

- अन्तमा क्, त्, द्, म् आउने शब्दमा हलन्त हुन्छ ।

जस्तैः प्राक्, दिक्, विद्युत्, विपत्, आपत्, अर्थात्, जगत्, पश्चात्ताप्, साक्षात्, संसद, बृहत्, भाषाविद्, स्वयम्, शुभम्, एवम्, अहम्, स्वागतम् आदि ।

- केही अव्यय शब्दहरू हलन्त लेखिन्छन् ।

जस्तैः इस्, उस्, उफ्, क्याबात्, स्यावास्, झन्, धत्, हट् आदि ।

- आदेश वा इच्छा बुझाउने क्रियापद हलन्त लेखिन्छन् ।

जस्तैः पढ्, भन्, लेख्, हरेस्, खाएस्, भनेस्, जाऊन्, गरोस् आदि ।

- उच्चारण गर्दा हलन्त बोलिने केही क्रियापदहरू हलन्त लेखिन्छ ।

जस्तैः जान्छन्, छन्, गरिन्, सोधिन्, लेख्थिन् आदि ।

द्रष्टव्यः व्यञ्जन वर्णलाई हल् भनिने हुँदा व्यञ्जन वर्णमा अन्त्य भएको शब्दलाई हलन्त भनिन्छ र अन्त्यमा स्वर नभएको वर्णको खुट्टो काटिन्छ । अच् भनेको स्वरवर्ण हो । अन्त्यमा स्वरवर्ण आउने वर्णको खुट्टो काटिन्न । नाम, सर्वनाम, विशेषण, अव्यय आदि शब्दहरू उच्चारण हुँदा हलन्त बोलिए पनि तिनीहरू अजन्त लेखिन्छन् ।

जस्तैः भात, झ्याल, असल, काम, दाम, राम, घर, झलझल, गनगन, पटपट, दनदन आदि ।

(ऐ) शिरबिन्दु र चन्द्रबिन्दु सम्बन्धी नियम

- अनुनासिक स्वरमा चन्द्रबिन्दु ( ँ ) प्रयोग हुन्छ ।

जस्तैः आँप, आँखा, आँसु, जुँघा, टाँक, कहाँ, उहीँ, ध्वाँसो, फाँसी, बाँस, भुँडी, दायाँ, बायाँ, नयाँ, घाँस, गाँस, घाँटी, जहाँ, वहाँ आदि ।

- दुईओटा स्वरमा अन्त्य हुने धातुमा थ, द, छ का रूपहरू जोडिएमा चन्द्रबिन्दु लेखिन्छ ।

जस्तैः आउँथ्यो, हराउँथे, लेखाउँथी, आउँदै छ, बोलाउँदछौ, बनाउँछ आदि ।

- धातुसँग दा, दै जोडिएमा चन्द्रबिन्दु लेखिन्छ ।

जस्तैः आउँदै, गाउँदै, जाँदै, बोलाउँदा, हुँदा, सकिँदा, पढिँदै, भनिँदै आदि ।

- य, र, ल, व, श, ष, स, ह वर्णहरूभन्दा अगाडि शिरबिन्दु ( ं ) दिनुपर्छ ।

जस्तैः संयोग, संयम, संयोजन, संयुक्त, संरचना, संरक्षण, संवाद, संवेदना, संशय, अंश, अपभ्रंश, संसार, संहार, संज्ञा, संज्ञान, संवत्, संसर्ग आदि ।

- क, ख, ग, घ भन्दा अगाडि ङ को प्रयोग च, छ, ज, झ भन्दा अगाडि ञ को प्रयोग ट, ठ, ड, ढ अगाडि ण पञ्चमवर्णको प्रयोग हुन्छ ।

जस्तैः अङ्क, शङ्ख, रङ्ग, सङ्घ, मञ्च, लाञ्छना, सञ्जीव, घण्टा, कण्ठ, दण्ड, शब्द, सन्त, पन्थ, मन्द, ग्रन्थ, कम्प, पम्फा, सम्बन्ध, शम्भु, गम्भीर आदि ।

## (ओ) पदयोग र पदवियोग

वाक्यमा पदहरूको क्रमिक रखाइ र वर्णविन्यासमा मात्र ध्यान दिएर पुग्दैन, वाक्यमा एक पद र अर्को पदलाई जोड्ने वा अलग राख्ने प्रक्रियालाई पनि ध्यान दिनुपर्छ । पदयोग गर्दा पदहरूलाई एउटै डिकामा लेखिन्छ भने पदवियोग गर्दा पदहरूलाई भिन्न डिकामा लेखिन्छ । जस्तैः पदयोग भएका शब्दहरू (भाइलाई, घरपछाडि, दिदीबहिनी, गाउँगाउँ, गल्र्यामगुर्लुम, पढिसकिहालेछ, पढ्नेछ, नराम्रा) । पदवियोग भएका शब्दहरू : (त्यसभन्दा माथि, उसले चाहिँ, कालो वा सेतो, भएको थियो, न तातो न चिसो) ।

पदयोग हुने आधारहरू

- विभक्ति हुने आधारहरू

जस्तैः नेपालबाट, हामीले, भोलिदेखि, घरमा, आमालाई, उसको आदि ।

- नामयोगी लागेका शब्दहरू पदयोग हुन्छन् ।

जस्तैः घरपछाडि, उतातिर, तिमीकहाँ, कानुनअनुसार, दायाँपट्टि, भनेबमोजिम, घरतर्फ आदि ।

- समास भएका शब्दहरू पदयोग हुन्छन् ।

जस्तैः राजदरबार, त्रिवेणी, चरिनङ्ग्रे, कालीमाटी, हिजोअस्ति, माछापुच्छ्रे, चौमास, कुशाग्रबुद्धि, मुनामदन आदि ।

- अनुकरणात्मक शब्दहरू पदयोग हुन्छन् ।

जस्तैः पल्याकपुलुक, सर्‍याकसुरुक, तन्द्रङतुन्द्रुङ, उकुसमुकुस, टहटह, लुटुपुटु, गञ्याङमज्याङ आदि ।

- संयुक्त क्रियापदहरू पदयोग हुन्छन् ।

जस्तैः दिइसक्यो, भनिसकिहालेछ, भनिदिनेछ, लेखिसकेछन्, गर्नुपर्छ, भइसक्यो, देखिसकेछन् आदि ।

- वर्तमान, भूत र भविष्यत् कालका सामान्य पक्ष बुझाउने क्रियापदहरू पदयोग हुन्छन् ।

जस्तैः पढ्छ, खान्छ, पढ्यो, खायो, पढ्नेछ, खानेछ, भन्छ, जानेछु, दिन्छ, हुन्छ आदि ।

- अज्ञात भूत र अभ्यस्त भूत जनाउने क्रियापदहरूमा पदयोग हुन्छन् ।

जस्तैः पढेछ, पढ्थ्यो, खाएछ, खान्थ्यो, लेखेछ, लेख्थ्यो, हेर्थे, जान्थी, पाएछ, देखेछ आदि ।

- अकरण जनाउने शब्दहरूमा न लाई पदयोग गरी लेख्ने ।

जस्तैः नलेख, जाँदैन, पढेनछ, खान्नँ, नजा, भन्दैन, गएन, देखेन, नसोध आदि ।

पदवियोग हुने आधारहरू

- विभक्ति लागेका शब्दका पछि आउने नामयोगी छुट्टै लेखिन्छ ।

जस्तैः घरको पछाडि, त्यसभन्दा तल, मेरो तर्फबाट, नारायणथानभन्दा माथि, कोठादेखि बाहिर आदि ।

- निपात शब्दहरू छुट्टै लेखिन्छन् ।

जस्तैः केटा त, उनीहरू नै, हुन्छ नि, सीता पो आदि ।

- संयोजक पदहरू छुट्टै लेखिन्छन् ।

जस्तैः नेपाली तथा हिन्दी, दुब्लो तर फुर्तिलो, कथा एवम् कविता ।

- वर्तमान, भूत र भविष्यत् कालका अपूर्ण र पूर्ण पक्ष जनाउने क्रियापदहरू छुट्टै लेखिन्छन् ।

जस्तैः पढ्दै छन्, हुँदै छ, खाँदै थियो, भन्दै थियो, सुन्दै हुने छ, लेख्दै हुने छ, पढेको छु, खेलेको थिएँ, सुनेको हुने छु आदि ।

- विभाजक 'न' आएको पद छुट्टै लेखिन्छ ।

जस्तैः न राम न सीता, न चिसो न ततो, न घाम न पानी, न देख्नु न सुन्नु आदि ।

- गर्न, पढ्न, खाँदा, देखा जस्ता (पदान्तमा अ/आ आएका) शब्दसँग प्रयोग हुने पर्छ, जान्छ, पऱ्यो आदि क्रियापद छुट्टै लेखिन्छन् ।

जस्तैः पढ्न सक्छ, बस्न सक्छ, खाँदा हुन्छ । देखा पर्छ आदि ।

## ३. लेख्य चिह्नको प्रयोग

शब्द र वाक्यहरूको पारस्परिक सम्बन्ध दर्साउन बोल्दा वा लेख्दा भाषा स्पष्ट तथा शुद्ध हुन आवश्यक छ । भाषाको खास आधार नै लिपि हो । लिपिविनाको भाषा नै हुँदैन र भए

पनि त्यो निराधार हुन्छ । भाषालाई शुद्ध पार्न ठाउँठाउँमा शब्द वा वाक्यमा विराम चिह्न प्रयोग गर्न आवश्यक छ । नेपाली भाषामा चलेका केही विराम चिह्न यी हुन् :

| | |
|---|---|
| अल्पविराम ( , ) | अर्द्धविराम ( ; ) |
| पूर्णविराम ( । ) | प्रश्न चिह्न ( ? ) |
| उद्गार चिह्न ( ! ) | उद्धरण चिह्न (' ' / " ") |
| निर्देशक चिह्न ( :/:- ) | कोष्ठक चिह्न ( ( ) ) |

योजक चिह्न ( - ) आदि ।

(क) अल्पविराम ( , )

अल्पविराम भनेको आंशिक विश्राम हो । वाक्यमा एकै प्रकारका पद, पदावली आदिलाई छुट्याउन छोटो अडानका लागि र खण्ड छुट्याउनु पर्दा अल्पविराम चिह्नको प्रयोग गरिन्छ :

जस्तैः नाईं, म त्यहाँ जान्छु । रामले किताब, कापी, कलम र झोला किन्यो । हरि, राम, गोविन्द, कुमार, रमा, रश्मि र अनु विराटनगर गए ।

(ख) अर्द्धविराम ( ; )

लामो तथा मिश्रित वाक्यलाई छुट्याउन र वाक्यको सम्बन्ध टाढा देखाउन अर्द्धविराम चिह्नको प्रयोग गरिन्छ ।

जस्तैः अनुहार त राम्रो छ; स्वभाव भने पटक्कै छैन ।

(ग) पूर्णविराम ( । )

वाक्य पूरा भएपछि अडानको निम्ति पूर्णविरामको प्रयोग गरिन्छ ।

जस्तैः मुनामदनका लेखक देवकोटा हुन् ।

(घ) प्रश्न चिह्न ( ? )

कुनै कुरा सोध्दा प्रश्न चिह्नको प्रयोग गरिन्छ ।

जस्तैः तिमी पास हुन्छौ के ? साथीहरू यहाँ आउँछन् ?

(ङ) उद्गार चिह्न ( ! )

हर्ष, विस्मात, घृणा आदि प्रकट गर्नुपर्दा र सम्बोधन गर्दा उद्गार चिह्न प्रयोग गरिन्छ ।

जस्तैः आहा ! कस्तो राम्रो फूल !

उफ ! साह्रै गर्मी भयो ।

(च) उद्धरण चिह्न (‘ ’ /“ ”)

वाक्यभित्र शब्दलाई विशेष जोडदिँदा तथा कसैको भनाइलाई प्रकाश पार्दा उद्धरण चिह्नको प्रयोग गरिन्छ ।

जस्तैः देवकोटाको ‘मुनामदन’ लोकप्रिय कृति हो । रामले भन्यो, “मलाई आज सञ्चो छैन ।”

(छ) निर्देशक चिह्न ( :/:- )

कुनै कुराको व्याख्या वा कुनै सूचना निर्देश गर्दा निर्देशक चिह्नको प्रयोग गरिन्छ ।

जस्तैः नेपालका तीन प्रमुख नदी छन् : कोसी, कर्णाली र गण्डकी ।

मुना : म पनि तपाईंसँगै जान्छु ।

(ज) योजक चिह्न ( - )

दुई शब्दलाई जोड्नु पर्दा वा पङ्क्तिका अन्त्यमा नअटेर अर्को पङ्क्तिमा लेख्दा योजक चिह्नको प्रयोग गरिन्छ ।

जस्तैः दीन-दुःखी, आ-आफ्नो, स-साना ।

(झ) कोष्ठक चिह्न ( () )

क्रम र विषय छुट्याउँदा कोष्ठक चिह्न प्रयोग गरिन्छ ।

जस्तैः तिमीले भनेको मान्छे (धुव्र) यही हो । संसद् (प्रतिनिधि सभा)



## अभ्यास

१. **तल दिइएको संवाद पढ्नुहोस् र त्यस संवादमा प्रयोग भएका लेख्य चिन्हहरू कापीमा टिपोट गरेर कक्षामा छलफल गर्नुहोस् :**

बाः कथा के भने- एउटा मानिस जङ्गलमा सधैं बन्चरो लिएर दाउरा काट्न जान्थ्यो । एक दिन ऊ रूखमा चढेर दाउरा काट्न लागेको थियो । त्यो रूख मुनि एउटा पोखरी थियो । अचानक उसको हातबाट खसेर पोखरीमा खस्यो । बन्चरो खसेपछि त्यो तलको मानिसले ‘हैन’ भनेछ । अनि फेरि चाँदीको बन्चरो लिएर ’यो हो त ?’ भन्दा पनि त्यसले हैन भनेछ । पछिबाट उसैको फलामे बन्चरो देखाएर यो हो भनेर सोद्धा त्यो मानिसले हो भनेछ । उसले साँचो कुरा गरेको देखेर देवता खुसी भएर उसलाई

सुनको, चाँदीको र उसको फलामको बन्चरो पनि दिनुभएछ । अनि त्यो मानिस खुसी हुँदै घर फर्केछ । यदि उसले झूठो बोलेको भए आफ्नो पलामे बन्चरो पनि पाउने थिएन । देवता उसँग धेरै नै रिसाउँथे ।

उमेशः अहा ! कति राम्रो कथा हगि बा ?

बा : त्यसैले बुझ्यौ त रमेश साँचो बोल्यो भने देवताले पनि मन पराउनु हुँदोरहेछ। अब तिमी पनि साँचो बोल्ने बानी गर, ल ।

बा : रमेश मलाई आमाले किन सधैं गाली गरिरहेको त ? किन पिटिरहेको त ? तिमी बदमासी नगर न । साँचो साँचो कुरा गर न त, अनि म ......उनले पनि गाली गर्दिनन् ।

रमेशः हस् बा । मलाई नपिट्ने गाली नगर्ने भए अबदेखि म साँचो बोल्छु । चोरी गर्दिन है बा ? अब स्कूलमा पनि दिनदिनै जान्छु ।

(जयराज रेग्मी)

२. **तल दिइएका चिह्नहरूका नाम लेख्नुहोस् :**

(क) । (ख) “ ”

(ग) , (घ) ( )

(ङ) ! (च) : / :–

(छ) ; (ज) ?

(झ) – (ञ) ...

३. **तल दिइएका चिह्नहरूको प्रयोग गरी एकएक वाक्य बनाउनुहोस् :**

(क) । (ख) “ ”

(ग) , (घ) ( )

(ङ) ! (च) : / :–

(छ) ; (ज) ?

(झ) – (ञ) ...

४. **तल दिइएका वाक्यमा उपयुक्त चिह्नहरूको प्रयोग गरी शुद्ध पार्नुहोस् :**

(क) आहा यो व्याकरण पुस्तक कति उपयोगी रहेछ

(ख) सान्नानीले मलाई बोलाएकी थिई

(ग) नेपाल भूपरिवेष्ठित चारैतिर जमिनले घेरिएको मुलुक हो

(घ) भोलिवाद हाम्रो संस्कृति हो दर्शन हो राजनीति हो प्रशासन हो समाजिक व्यवहार हो

(ङ) ऊ मसँग जिल्ला सदरमुकाम जान्छ रविले भन्यो

(च) किसानहरू अन्न उब्जाउँछन् उनीहरू सबैलाई बचाउँछन्

(छ) ए दाइ हाम्रो परीक्षाफल कहिले प्रकाशित हुन्छ

(ज) केवल ससाना कुरामा अल्झेर आआफ्ना ठूलाठूला काम बिगार्नु हुँदैन

(झ) आमा मधुकरलाई केही पनि हुँदैन हगि शङ्करले आमालाई सोध्यो

(ञ) म त सम्झन्नँ गाउँतिर पनि के सम्झनु र दुःखै सम्झनु त हो नि

(ट) बिचरा पख् है त म बदाम किनेर ल्याउँछु अब त हामीलाई भेटिहालिस् नि

(ठ) दिदी पनि आएकी छिन् कान्छा हो कान्छा बतासे दिदी पनि

(ड) हैन मलाई ज्यादै हतपत छ बरू बाटो बताइदिनोस् हिँडिहाल्छु ।

(ढ) ए विदुरजी यता धौम्यले बोलाए ।

(ण) प्रभु चस्माको दोष माफ पाऊँ केशवराजले भने

**५. तल दिइएको वाक्यलाई शुद्ध पारी सार्नुहोस् ।**

(क) गरीमा, महीमा, दायीत्व नहुनेले स्वर्णीम भवीष्य गुमाउँछन् । मौखीक रूपमा बाहूनी, कमीनी, कर्कीनी सबै एउटै मानव हुन् भन्ने सजीलो परीभाषा दिएर मात्र हुनन । प्रतिगामी अनुहारलाई आफू भावूक भई लुकाऊने अजीव स्वभाव भएकालाई सहीदले पनि सराप्छन् ।

(ख) विष्णू, दाई, ज्वाई, नाती, भिनाजू सबैको पढाइ लेखाई नराम्रो र खर्चालुपन बढेपछि भोलिपर्सी दुःख पाउँछन् । अगाडी, पछाडी, माथी, वरिपरि कतै नहेरी आँखा चिम्लेर हिँड्नुहुन्न । राख्ने कुरामा छवी उच्च पार्नुपर्छ । शुद्ध लेख्न त कवी, लिपी, रवी, राशी, वृष्टी, सृष्टी, गती जस्ता शब्दको अन्तिमको इ ह्रस्व हुन्छ भन्ने जान्नुपर्‍यो नि !

(ग) धुप, दिप, फुलले पुजा गरेर मात्र इश्वर खुसी पार्न खोज्नु देखावटीपन बन्नु हो । धूर्त मान्छेले शून्य भूमिमा चित्कार गर्दै पूर्व फर्केर गिता पाठ गरी भिष्मको जस्तो उर्जा देखाई अस्तिक हुँदैन । दिर्घ जिवनका लागि नितिशलोका दिक्षा भट्याएर स्तुपतिर फर्की क्षिण स्वरमा पूर्णता मिलोस् भनी इश्वरसँग तिसपटक पुकारेर पियूष पनि गर्नु धर्मप्रतिको मुर्खता हो ।

(घ) प्रतिक्षाको नविन घडिमा युगिन मानविय जीवनको समिकरण नभई स्वर्गीय इच्छा राख्नु असम्भव छ । अमूल्य प्राचीन मान्यता विपरित प्रतिकूल विचार लिएर कसैले पनि सङ्कीर्ण हुनुहुन्न । चवालिस, पेशँतालिस वर्षमा पनि पच्चित, छब्सि वर्षको जस्तो काम गर्ने भगिरथ प्रयास गरे शरिर चुस्त हुन्छ । उसले मनमा कुतुहल बोकी हिँडेको प्रतित मलाई भइरहेछ । सबैले पढुन्, खेलुन्, खाउन् र द्वितिय, तृतिय क्षेणीमा उत्तीर्ण होउन् भन्ने मेरो चाहना छ ।

(ङ) तिमि, हामि, उनि, तिनि, सबेले अल्छि नभई इलमि भएमा दुःखि, रोगिका कष्ट घट्छन् । पाल्पालि, टोपि, पूर्वेलि कान्छाले लाउँदा कार्णालिकि कान्छि पछि लागी रे । ज्यामि, डकर्मि, सिकर्मि र कामि, दमाइ, सार्कि आदिलाई थिचोमिचो गर्न अब पाइन्न । तल्ला गाउँका रेग्मि, उप्रेति, त्रिपाठि, सुवेदि आदि पैँसठ्ठी सत्तरि जनाले बागमति, विष्णुमति, गण्डकि नदीमा स्नान गरि घर पर्केछन् । अब अङ्ग्रेजि, नेपालि भाषाको मात्र होइन मैथिलि, भोजपुरि, नेवारि सबै भाषाको पढाइ हुनुपर्छ ।

(च) सकुन्तला, ससी, सोभा, सान्ति सबैलाई डाक्टर गणेसले केस नझर्ने र सीतल हुने औसधि दिनुभयो । शानीले केही क्षण विस्राम गरी सुवाशलाई बोलाइन् । शुशील श्वयम्भुमा, पुश्कर, विष्णु, कुस्ण सरदलाई भेट्न गयो । जोसी दाइ निस्कर्षमा पुग्न शफल व्यक्ति हुन् ।

(छ) विद्या, वुद्धि नहुनेले वलको फूर्ति लाउँदै वुद्ध, बिकास, बिबेक बिक्रम, विश्वास, विकलसँग झगडा गरी वन्धुको सम्बन्ध तोडी बोलाउँदा पनि नवोली वस्तु वदमासी गर्नु सबैका लागि नराम्रो वानी हो । बादविाद नगरी बकुल्लो शैलीमा बस्दैमा विद्वानको ब्यबहार हुँदैन । वखती ततिो हुन्छ । वखलमा कुटेर चिउरा खावो भन्दा हामीलाई घिचुवा भनेर हेप्ने भनी रिसाई । यसरी कर्तव्य गन्तव्य भुले पाप लाग्नसक्छ । बसन्तले चुम्बन लिई बहिनीलाई खेल्न बोलायो ।

(ज) एस्तो, तेस्तो, एसले, तो, ई जस्ता शब्दमा गरिने गल्तीका सम्बन्धमा गुरुले सिकाउनुभयो । म घर आयैं र साथीसँग बस्थैं । जएराम घर गये । प्रतेकले कार्य पुरा गऱ्ये । शिछ्या, कछा, दीछा, इच्छा, मोछ्य, रछ्या, छितिज, क्षेउ, क्षेस्किनी, षेलो, क्षेपारो जस्ता शब्द लेख्न मलाई समस्या पऱ्यो । रिषि रिग्वेदका रिचा जप्दै ऋतो कमण्डलु लियर ग्याँन विग्यान छाडी यग्यँमा होम गर्न थाले । ज्ञाँचे मान्छेलाई ज्ञाँस्टिकको औषधी लिई ज्ञारेन्टी ठीक हुन्छ भन्न ती डाक्टरले कसरी सकेका हुन् ।

(झ) गाई डवाँडवाँ र बिरालो ङ्यारङ्यार गरी नकराई उनी सुन्दैनन् । बलवान् छोरोलाई पुत्रवत व्यवहार नगर्ने पिताले आफूलाई डण्डवत् गर्दा पनि हेरेनन् । राम स्वयम् एउटा बृहत् भाषाविद् भएर पनि ऊ झन् मूर्ख बन्दैनन् । भगवान् बुद्धिमान, सम्राट, अनुष्टुप, शुभम्, पृथक, विद्वत, स्वागतम्, स्वयम् अर्थात् पश्चात, साक्षत जस्ता शब्दको पछिल्लो वर्ण हलन्त हुनछ भन्ने कुरा जान्नुपर्छ ।

(ञ) सम्रचना, सम्युक्त, सम्योग, सन्सार, अम्श, सम्वेदना, सम्रक्षण, सम्वत, अपभ्रम्श, सम्सर्ग आदि शब्दका त्रुटि शिरबिन्दुसम्बन्धी छन् । अध्यारोमा आँखाले दानो देखने गंभीर दाइलाई मानै पर्छ । पंफा दिदी शंभुदाइसँग एक घंटा ग्रंथ संबन्धी मंथन गरी आउनुभयो । कंठ पक्रनेलाई दंड दिन पंतजी संत बाजेकहाँ जानुभएछ ।

(ट) दिदी लाई हरि ले सिकाइमाग्दा भान्छा कोठामा बिरालो पसेकोरहेछ । टुलुटुलु हेर्दैथियौँ त्यत्तिकै मा काम काज छाडेर सानीदिदी लुखुर लुखुर हामीतिर आउनु भयो । न घाम

न पानी मेलो बाट साने भोक लागे पछि हिँडिहालि सकेछ। हुनत ऊ पढ्न जान्दै तापनिप्रथम भएर देखायो। उस ले पढ्ने छ लेख्न जान्ने छ भन्ने कुरा मसँग न सोधे।

## परियोजना कार्य

१. **तल दिइएका वाक्यहरूलाई शुद्ध पारी सार्नुहोस् :**

(क) विश्व मानचित्रमा नेपाल सानो देखीए तापनि यो सुन्दर शानत र रमणिय पर्यटकीय मुलुकका रूपमा सूपरिचित छ।

(ख) केशवराजकी पत्नीले सजिलै सँग उत्तर दिइन्।

(ग) जसरि फुलबाट बास्ना अलग हुँदैन। तसैगरी जिवनबाट भाग्य पृथक् रहनसक्दैन।

(घ) नेपाल ! राजनितिक दालहरूको खिचातानीले गर्दा निर्धारित समय भित्रै संविदान बन्ने अवश्था देखिएको थिएन।

(ङ) अनी मेरा कन्सिरि तातिे हाले। त्यसपछि गर्जेर दुर्योधनलाई भनें के कुरा गर्छस् कुलाङ्गर।

(च) वीदुरले भने 'ओहो ढुङ्गा खोज्दा देउता भेट्टाएँ तपाइँकै आश्रम नभेट्टाएर घुम्दा घुम्दा कत्रो हैरान।

(छ) दुलहीका पिताले बोलायको सुनेर फलैँचाबाट मुरलीधरले भने ज्यू म यहीँ छु। आउनलागेँ।

(ज) जीवनका कसलाई दुःख पर्दैन र जीवन भनेकै दुःख र सुखको सम्मीश्रण त हो, दुःख पऱ्यो भनेर आत्तनु हुँदैन धैर्य धारण गर्नुपर्छ।

(झ) विदूरले भने, अन्यायतिर म लाग्दीनँ बरू ज्यानगए जाओस्।

(ञ) ए दिदी तपाइँ लुम्बिनी जानुभएको छ त। तपाईँका साथिहरूले लुम्बिनि आउन निम्तो दिइ राखेका छन् र त्यहाँ जती बसे पनि हुन्छ रे।

(ट) कवी कलाकार र विद्वानहरूको जिवनीलाई पढि हामिलाई जुन प्रेरणा मिल्छ त्यसले चरित्र बनाउन साह्रै ठुलो सहयोग गर्छ।

(ठ) माता पिता र गुरु जस्ता प्रेरणादायक मान्य जनले जस्तो प्रेरणा दिए हामि पनि त्यस्तै बन्छौ भनि मेरा काकाले भन्नुभएको छ।

(ड) एक शाथीले अर्को साथीलाई सहयोग गर्नुपर्छ। रीता नीता र सुमित्रा मेरो मनमिल्ने साथी हुन्। जती अरुको भलाई गऱ्यो त्यति नै आफ्नो उन्नति हुन्छ।

(ढ) यो घडि कति रूपैयाँमा पाइनछ। मेरो साथीहरूले पनि यस्तै घडी किनेका छन्। मेरी दिदीले पनि यस्तै घडी किन्ने भन्नुभएको छ।

(ण) विश्वको सर्वोच्च शीखर सगरमाथा हो ! हिमालको अग्लो चुचुराहरूले नेपालको प्रतिष्ठा बढायको छ भने सगरमाथाले त्यसमा गजरलगाएको छ ।

(त) आज हामि माथि विदेशी संस्कृतीको डेरा जमाइ सकेको छ । आफ्ना पुर्खाले बचाउँदै आएको रीतिरिवाजलाई नेपालीहरूले बिर्सेका छन्, विशेष गरी पश्चिमी प्रभावको सिकार युवा युवती भएका छन् ।

(थ) मलाई खाइ आफूमात्र खानलागेको हो कि ! केही कुरा खाउँन । निरासावादी भएर बस्न हुँदैन क्या ?

(द) धत् लाटा त्यसरी तर्सनुहुन्छ ल भैहाहाल्यो । फेरि तीनिहरूलाई झपारि दिन्छु । फेरि गरे भने मलाई भनन आउनू मास्टरले भने ।

(ध) गाउँका तुलनामा सहरी क्षेत्रको जनजीवन खानेपानी र वातावरणिय प्रदूषणको समस्याले जटिल हुँदै गएको कुरा सबै बाट अनुभवगर्न थालिएको छ ।

(न) गीता आफ्नो काम नसकि बाहिर गएकी थिईए । तेसैबेला हाकिम आइपुगेर गीतालाई खोजे । गतिाको सधैं चाँडै कार्यालय छोड्ने बानीले हाकिम बाक्क भएका थिए, उनले गीतालाई सधैँका लागि बिदा दिने निर्णय लेख्तालेख्तै उनी आइपुगिन् ।

(प) तिम्रा साथहरूले के कार्यक्रम बनाएका छन् हँ । सबैको बुद्धि र परिश्रमको कदर नगरि हुँदै । तीमिले पनि यस्तै काम गर्नू ?

(फ) ए साथी हाम्रा का नेताहरूले सबैले योग्य अयोग्य छुट्याई योग्यताको शमान गरिदिए देशको छिटो उन्नति हुने थियो । मेरा साथीहरूले पनि यही बिचार गरेको छन ।

**२. तल दिइएका शब्द समूहबाट शुद्ध शब्द छानी लेख्नुहोस् ।**

| | | | | | |
|---|---|---|---|---|---|
| (क) | (अ) | सम्बिधान | संविधान | शंविधान | षम्विधान |
| | (आ) | विशुद्ध | बिशुद्ध | बिसुद्ध | वीशुद्ध |
| | (इ) | पन्चामृत | पञ्चामृत | पङ्चामृत | पंचामृत |
| | (ई) | बुद्धीजीवी | बुद्धिजिवि | बुद्धिजीवी | बुद्धिजीवि |
| (ख) | (अ) | पूजासामग्री | पुजासामाग्री | पुजासामग्री | पूजासामाग्री |
| | (आ) | जनजाती | जनजाति | जन–जाती | जन्जाती |
| | (इ) | पन्चायत | पञ्चायत | पङ्चायत | पंचायत |
| | (ई) | लोकतान्त्रीक | लोक्तान्त्रीक | लोकतान्त्रिक | लाकेतान्त्रीक् |
| (ग) | (अ) | प्रसस्त | प्रसश्त | प्रशस्त | प्रषस्त |
| | (आ) | पन्चमहाभूत | पञ्चमहाभूत | पंचमहाभूत | पङ्चमहाभूत |
| | (इ) | विषयवस्तु | बिषयवस्तु | बीषयबस्तु | बीषयबस्तु |

| | | | | | |
|---|---|---|---|---|---|
| | (ई) | बन्दोवस्त | बन्दोवस्त | वन्दोबस्त | बन्दोबस्त |
| (घ) | (अ) | निबारण | निवारण | निवारन | निबारन |
| | (आ) | जातीय | जातिय | जातिए | जातीए |
| | (इ) | सङरचना | शंरचना | संरचना | सम्रचना |
| | (ई) | पन्डित | पंडित | पञ्डित | पण्डित |
| (ङ) | (अ) | शब्दकोश | सबदकोष | शब्दकोस | सब्दकोस |
| | (आ) | मात्रृभूमि | मात्रीभूमि | मातृभूमि | मात्रिभूमि |
| | (इ) | व्याबहारिक | व्यावहारिक | ब्यावहारिक | व्यवहारिक |
| | (ई) | सवर्मङ्गीर्ण | सर्बाङ्गीर्ण | सर्वाङ्गीण | शर्वाङ्गिण |
| (च) | (अ) | सञ्चय | सन्चय | शञ्चय | संचय |
| | (आ) | अधिवेशन | अधिजेशन | अधिवेसन | अधिवेषन |
| | (इ) | पुजासामान | पूजासामान | पुजाशामान | पूजासामान |
| | (ई) | विवेकसील | बिवेकशील | विवेकशील | विवेकसील |
| (छ) | (अ) | विश्वशान्ति | विस्वशान्ति | विश्वसान्ति | विस्वसान्ति |
| | (आ) | पंचतत्व | पञ्चतत्व | पङ्चतत्व | पन्चतत्व |
| | (इ) | बिकृति | विकृति | विकृती | बिकृती |
| | (ई) | विभिन्न | बिभिनन | बीभिन्न | विभीन्न |
| (ज) | (अ) | वातावरण | बाताबरण | बातावरण | वातावरण |
| | (आ) | चिरञ्जीवी | चीरञ्जीवी | चिरन्जीवि | चीरन्जीवी |
| | (इ) | बिकृति | विकृति | विकृती | बिकृती |
| | (ई) | झन्झट | झण्झट | झञ्झट | झंझट |
| (झ) | (अ) | सषक्त | ससक्त | सशकत | शसक्त |
| | (आ) | विशेषज्ञ | विसेशज्ञ | बिशेषज्ञ | बिशेसज्ञ |
| | (इ) | पञ्चेञ्द्रिय | पञ्चेन्द्रीय | पञ्चेन्द्रिय | पञ्चेन्द्रीय |
| | (ई) | बांमय | बांमय | बाङ्मय | वाङ्मय |

एकाइ
११

# काल र पक्ष

## १. पढ्नुहोस् र बुझ्नुहोस् :

सबभन्दा पहिला मानिसले आफूलाई चिन्नुपर्दछ । आफूभित्रबाट म गतिलो हुँ भन्ने अभिमान मिल्काउनुपर्छ । मस्तिष्कमा समानताको भाव घुस्यो भने त्यो व्यवहारमा झल्कन्छ । असल विचारले असल व्यवहार र असल व्यवहारले महान् सिर्जनालाई जन्म दिन्छ । समाज र साझा विचारले समाजलाई अग्रगति दिन्छ । अनि मात्र हामी सबैले भन्ने गरे जस्तो समावेशी समाजको निर्माण गर्न सक्छौँ ।

नरेशले फेरि हठात् प्रश्न गर्‍यो, ‘‘बा, तपाईँले पनि मान्छे मार्नुभयो ?’’ छोराको यस प्रश्नले तिनी एकछिन् गम्भीर भएर भने, ‘‘हो जर्मनहरूलाई मारेर त म कप्तान भएँ । यति मात्र भनेका थिए । तिनी आफैँ झसङ्ग भए अनि छोराको अनुहारमा जिज्ञासा र द्विविधा झल्किरहेको थियो । तिनलाई आफ्नो भूल थाहा भयो । तब पार्वतीले के भन्लिन् भन्ने तिनको मनमा पर्‍यो । तर कुरा सम्हाल्नु व्यर्थ थियो किनभने नरेश बाहिर गइसकेको थियो ।

नेपाल जल सम्पदाले भरपुर तथा स्वच्छ वातावरणले सम्पन्न सुन्दर देश हो । यस देशमा मौरीपालन व्यवसायको राम्रो सम्भावना छ । मौरीले परागसेचनमा सहयोग पुऱ्याउने हुँदा मौरीपालन र कृषि व्यवसाय सँगसँगै गरिएको पाइन्छ । यसबारे कृषकहरूले राम्रो फाइदा लिन सक्छन् । मौरीपालनबाट मैनको पनि उत्पादन हुन्छ । यसको व्यावसायिक महत्त्वलाई व्यापक रूपमा जनसमक्ष पुऱ्याउनु आवश्यक देखिन्छ ।

(क) भूतकाल : पहिले नै काम भइसकेको बुझाउने समय

(ख) वर्तमान काल : जुन काम हुँदैछ भन्ने बुझाउने समय र

(ग) भविष्यत्काल : जुन काम पछि हुनेछ भन्ने बुझाउने समय

जस्तै : विद्यार्थीहरूले पुरस्कार पाए (यो भूतकालिक समय हो ।)

विद्यार्थीहरू पढिरहेका छन् । (यो वर्तमानकालिक समय हो ।)

विद्यार्थीहरू भोलि विद्यालय जानेछन् । (यो भविष्यत् कालिक समय हो ।)


## २. कालको परिचय

| धातु | प्रत्यय | क्रियापद | काल | अवस्था |
|---|---|---|---|---|
| खा + | यो | खायो | भूतकाल | काम भइसकेको |
| बस् + | छ | बस्छ | वर्तमान काल | काम भइरहेको |
| पढ् + | नेछ | पढ्ने छ | भविष्यत् काल | काम हुन बाँकी |

त्यसैले, काल भनेको समय हो । व्याकरणमा क्रियाको समय सङ्केतलाई काल भनिन्छ । यसले हिजो, आज, र भोलिको समयलाई जनाउँछ । वाक्यमा आउने पदहरूमध्ये समयको सङ्केत गर्ने पद क्रिया नै हुन्छ । यसका लागि क्रियापदको धातुमा जोडिने प्रत्ययले काल निर्धारण गर्न सहयोग पुऱ्याउँछ ।

## २.१ कालका प्रकार

काल तीन प्रकारका छन् :




### (क) भूतकाल

म विद्यालय गएँ ।          ताँ खेल्न गइस् ।

उसले पाठ पढ्यो ।          सीता नाची ।

उनीहरूले खाना खाए ।

बितेको समय जनाउने क्रियाको रूपलाई भूतकाल भनिन्छ । यसले बितेको समयमा काम पूरा भएको जानकारी दिन्छ । धातुमा एँ, यो, यौँ, यो, ए, ई इन्, इस्, यौ, नुभयो प्रत्ययहरू जोडिँदा भूतकाल क्रियापदहरू बन्दछन् ।

### (ख) वर्तमान काल

राम काम गर्छ ।          ताँ पाठ पढ्छस् ।

हामी विद्यालय जान्छौँ ।          सीता घर आउँछे ।

आमा खाना पकाउनुहुन्छ ।

अहिलेको समयलाई बुझाउने क्रियाको रूपलाई वर्तमान काल भनिन्छ । यसले अहिलेको समयमा हुने कामको जानकारी दिन्छ । यसमा धातुका छु, छौ, छस्, छिन्, छे, नुहुन्छ जोडिँदा वर्तमान कालका क्रियापदहरू बन्दछन् ।

**(ख) भविष्यत् काल**

म पढ्न जाने छु ।        तँ खेल्न जाने छस् ।

ऊ घर आउने छ ।        सरोज कथा लेख्ने छ ।

उषा पाठ पढ्ने छे ।

पछि आउने समयलाई जनाउने क्रियाको रूपलाई भविष्यत् काल भनिन्छ । यसले पछिको समयमा हुने कामको जानकारी दिन्छ । यसमा धातुमा नेछ, नेछौँ, नेछे, नेछस्, नेछौँ, नेछिन्, नुहुने छ प्रत्ययहरू जोडिँदा भविष्यत् कालका क्रियापदहरू बन्दछन् ।

## ३. पक्षको परिचय

### भूतकाल

| | | | |
|---|---|---|---|
| (क) | रामले पाठ पढ्यो । | (पढ्+यो ) | – सामान्य पक्ष |
| (ख) | रामले पाठ पढ्दै थियो । | (पढ्+दै+थियो) | – अपूर्ण पक्ष |
| (ग) | रामले पाठ पढेको थियो । | (पढ्+ एको+थियो) | – पूर्ण पक्ष |
| (घ) | रामले पाठ पढेछ । | (पढ्+एछ) | – पढेछ |
| (ङ) | रामले पाठ पढ्थे । | (पढ्+थ्यो) | – अज्ञात पक्ष |

### वर्तमान काल

| | | | |
|---|---|---|---|
| (क) | राम पाठ पढ्छ । | (पढ्+छ) | – सामान्य पक्ष |
| (ख) | राम पाठ पढ्दै छ । | (पढ्+दै+छ) | – अपूर्ण पक्ष |
| (ग) | रामले पाठ पढेको छ । | (पढ्+एको+छ) | – पूर्ण पक्ष |

### भविष्यत् काल

| | | | |
|---|---|---|---|
| (क) | राम पाठ पढ्ने छ । | (पढ्+नेछ) | – सामान्य पक्ष |
| (ख) | राम पाठ पढदै हुने छ । | (पढ्+दै+हुने छ ) | – अपूर्ण पक्ष |
| (ग) | रामले पाठ पढेको हुने छ । | (पढ्+एको+हुने छ) | – पूर्ण पक्ष |

कालले समेटेको समयभित्रका विभिन्न अवस्थाहरूलाई पक्ष भनिन्छ ।

पक्षले काम भएको, हुँदै गरेको, पूरा भएको, थाहा नभएको वा बानी परेको आदि विभिन्न

अवस्थालाई जनाउँछ । खासगरी पक्षले कालको विशेषता जनाई विशेषणको रूपमा काम गरेका हुन्छन् ।

## (क) भूतकाल र यसका पक्ष

बितिसकेको समयमा कार्य भएको, हुँदै गरेको, भइसकेको काम पहिले नै भए पनि पछि थाहा हुन आएको, पहिले बानी परेको स्थिति जनाउन आउने क्रियापदलाई भूतकाल भनिन्छ । यसका सामान्य, अपूर्ण, पूर्ण, अज्ञात र अभ्यस्त गरी पाँच पक्ष छन् :

### १. सामान्य भूतकाल

(क) मैले पाठ पढेँ ।　　(ख) हामी बजार गयौँ ।

(ग) हरिले फुटबल खेल्यो ।　　(घ) सीता घर आई ।

कुनै पनि काम बितेको समयमा सम्पन्न भएको सामान्य अवस्था जनाउने भूतकालको पक्षलाई सामान्य भूतकाल भनिन्छ । यसमा धातु+यो, ई, एँ आदि प्रत्ययहरू लाग्छन् ।

### २. अपूर्ण भूतकाल

(क) म पढ्दै थिएँ ।　　(ख) हामी बजार जाँदै थियौँ ।

(ग) हरिले फुटबल खेल्दै थियो ।　　(घ) सीता घर आउँदै थिई ।

कुनै पनि काम बितेको समयमा हुँदै गरेको अपूर्ण अवस्था बुझाउने क्रियापदहरूलाई अपूर्ण भूतकाल भनिन्छ । यसमा धातुमा तै/दै+थियो क्रियापदका विभिन्न रूप प्रयोग गरिन्छ ।

### ३. पूर्ण भूतकाल

(क) मैले पढेको थिएँ ।　　(ख) हामी बजार गएका थियौँ ।

(ग) हरिले फुटबल खेलेको थियो ।　　(घ) सीता घर आएकी थिइन् ।

कुनै पनि काम बितेको समयमा भइसकेको बुझाउने क्रियापदको रूपलाई पूर्ण भूतकाल भनिन्छ । यसमा धातु+एको/एका/एकी+थियो का विभिन्न रूपहरू प्रयोग गरिन्छ ।

### ४. अज्ञात भूतकाल

(क) मैले पाठ पढेछु ।　　(ख) हामी बजार गएछौँ ।

(ग) हरिले फुटबल खेलेछ ।　　(घ) सीता घर आइछ ।

कुनै पनि काम बितेको समयमा भइसकेको तर अहिले आएर मात्र थाहा भएको बुझाउने क्रियापदको रूपलाई अज्ञात भूतकाल भनिन्छ । यसमा धातु+एछु, एछौँ, एछस्, छस्, इछौँ, एछ, एछन्, नुभएछ जस्ता प्रत्यय लाग्दछन् ।

### ५. अभ्यस्त भूतकाल

(क) म पाठ पढ्थेँ ।　　(ख) हामी बजार जान्थ्यौँ ।

(ग) हरि फुटबल खेल्थ्यो ।　　(घ) सीता घर जान्थी ।

कुनै पनि काम बितेको समयमा बानी परेको तर अहिले छुटेको जानकारी दिने भूतकालको पक्षलाई अभ्यस्त भूतकाल भनिन्छ । यसमा धातुमा धातु + थेँ, थ्यौँ, थ्यो, थी, थिन्, थे, नुहुन्थ्यो जस्ता प्रत्ययहरू लाग्दछन् ।

### (ख) वर्तमान काल र यसका पक्षहरू

भइरहेको समयलाई बुझाउने क्रियापदको रूपलाई वर्तमान काल भनिन्छ । यसका सामान्य, अपूर्ण र पूर्ण गरी तीन पक्ष छन् :

#### १. सामान्य वर्तमान

(क) म पाठ पढ्छु ।
(ख) तँ खाना खान्छस् ।
(ग) तपाईँ घुम्न जानुहुन्छ ।
(घ) गोपाल पाठ पढ्छ ।

कुनै पनि काम वा घटना अहिलेको समयमा हुने र पूरा भए वा नभएको जनाउने क्रियापदको पक्षलाई सामान्य वर्तमान भनिन्छ ।

यसमा धातु + छु, छौँ, छस्, छेस्, छौ, छ, छे, छिन्, छन्, नुहुन्छ जस्ता प्रत्ययहरू जोडिन्छन् ।

#### २. अपूर्ण वर्तमान

(क) म पाठ पढ्दै छु ।
(ख) तँ खाना खाँदै छस् ।
(ग) तपाईँ घुम्न जाँदै हुनुहुन्छ ।
(घ) गोपाल पाठ पढ्दै छ ।

कुनै पनि काम वा घटना अहिलेको समयमा भइरहेको बुझाउने क्रियापदको पक्षलाई अपूर्ण वर्तमान भनिन्छ । यसमा धातु + तै/दै छु, तै/दै छौँ, तै/दै छस् लाग्दछ ।

#### ३. पूर्ण वर्तमान

(क) उसले पढेको छ ।
(ख) मैले खाएको छु ।
(ग) हामी सुतेका छौँ ।
(घ) सीता गएकी छे ।

कुनै पनि काम वा घटना अहिलेको समयमा पूरा भएको तर त्यसको असर बाँकी रहेको अवस्था जनाउने क्रियापदको पक्षलाई पूर्ण वर्तमान भनिन्छ । यसमा धातु +एको/एका/एकी सँग छ, छन्, छौ आदि लाग्दछ ।

### ग) भविष्यत् काल र यसका पक्षहरू

कुनै पनि काम पछि वा आउने समयमा बुझाउने क्रियापदको रूपलाई भविष्यत् काल भनिन्छ । यसका सामान्य, अपूर्ण र पूर्ण गरी तीन पक्ष छन् :

#### १. सामान्य भविष्यत्

(क) म राम्ररी पढने छु ।
(ख) म पोखरा घुम्ने छु ।
(ग) उमा काठमाडौँ जाने छिन् ।
(घ) तपाईँ पढ्नुहुने छ ।

कुनै पनि काम वा घटना पछि आउने समयमा हुने कुरा बुझाउन आउने क्रियाको अवस्थालाई सामान्य भविष्यत् भनिन्छ । यसमा धातु + ने छु, ने छौँ, ने छस्, नेछौ, नुहुने छ + ने छ, ने छे, ने छिन् जस्ता प्रत्ययहरू लाग्दछन् ।

### २. अपूर्ण भविष्यत्

(क) म पाठ पढ्दै हुने छु । (ख) तपाईँ काम गर्दै हुनुहुने छ ।

(ग) मेरा साथीहरू गफ गर्दै हुने छन् । (घ) ऊ सुत्दै हुने छ ।

कुनै पनि काम वा घटना पछि आउने समयमा सुरु भई पुरा नहुने वा काम भइरहेको बुझाउने क्रियापदको रूपलाई अपूर्ण भविष्यत् भनिन्छ । यसमा धातु + तै/दै सँग हुने छु, हुने छ, हुने छौ जस्ता हुनेछका विभिन्न सहायक रूप प्रयोग गरिन्छ ।

### ३. पूर्ण भविष्यत्

(क) म ठुलो मान्छे बनेको हुने छु । (ख) ऊ पोखरा गएको हुने छ ।

(ग) रामले काम सकेको हुने छ । (घ) रमाले पढेकी हुने छे ।

पछिको समयमा कुनै काम पूरा भएको बुझाउन आउने क्रियाको अवस्थालाई पूर्ण भविष्यत् काल भनिन्छ ।

यसमा धातु+एको/एक/एकी जोडिएर त्यसपछि हुने छु हुने छौ, हुने छस्, हुने छौ, हुने छे हुने छिन् जस्ता विविध रूप आउँछन् ।



## अभ्यास

१. **काल भनेको के हो ?**

२. **नेपाली भाषामा काल कति प्रकारका छन् ?**

३. **पक्ष भनेको के हो ?**

४. **काल र पक्षमा के फरक छ ?**

५. **कोष्ठकमा दिइएका सङ्केतका आधारमा तलका वाक्यलाई परिवर्तन गर्नुहोस् :**

(क) साथीहरू खेल्न जान्छन् । (सामान्य भूत)

(ख) भीमसेन थापाले धरहरा बनाएका थिए । (सामान्य वर्तमान)

(ग) हामी गीत गाउँछौँ ।(सामान्य भविष्यत्)

(घ) रूपक चित्र बनाउँदै छ । (अपूर्ण भूत)

(ङ) म विद्यालय जान्थे । (अपूर्ण भविष्यत्)

(च) राम परीक्षामा उत्तीर्ण भयो । (पूर्ण भूत)

(छ) राधाले गाई पालेकी छे । (पूर्ण भविष्यत्)

(ज) गोपालले चिठी लेख्यो । (अज्ञात भूत)

(झ) उनीहरूले चलचित्र हेर्ने छिन् । (पूर्ण वर्तमान)

(ञ) कल्पनाले सीतालाई पुस्तक दिई । (अभ्यस्त भूत)

(ट) दावा खुव पढ्छ । (अपूर्ण भूत)

(ठ) म खाना बनाउने छु । (सामान्य भूत)

(ड) तिमीले निबन्ध लेख्यौ । (पूर्ण भूत)

(ढ) रोचना डाक्टर भइछन् । (सामान्य भविष्यत्)

(ण) ऊ अलिकति खान्छ । (सामान्य भविष्यत्)

९. **सङ्केतका आधारमा खाली ठाउँ भर्नुहोस् :**

(क) साथीले कविता ........................ । (लेख् : पूर्ण वर्तमान)

(ख) गुरुले पाठ ........................ । (पढाऊ : सामान्य भूत)

(ग) तिमीले खेल ...................... । (खेल् : अज्ञात भूत)

(घ) ऊ खाना .............................. । (खा : अपूर्ण भविष्यत्)

(ङ) हामी दसैँमा मामाघर .................. । (जा : अभ्यस्त भूत)

(च) उ मुक्तिनाथ ......................... । (जा : पूर्ण भविष्यत्)

(छ) तिमी पोखरामा ....................... । (बस् : सामान्य भविष्यत्)

(ज) छठ पर्वमा सूर्यको पूजा ..................... । (हु : अपूर्ण वर्तमान)

(झ) म मुनामदन ............................. । (पढ् : अभ्यस्त भूत)

(ञ) तिमीले आफ्नो कर्तव्य पूरा ......................... । (गर् : पूर्ण भूत)

१०. **तलको कथा पढी शिक्षकको सहयोगले त्यहाँ प्रयोग भएका कालका पक्षहरू छुट्याउनुहोस् :**

## महिषासुरको काल

एक पटक देवता र दानवका बिचमा ठुलो लडाइँ भयो । सय वर्षसम्म लडाइँ चलेपछि दानवको राजा महिषासुरले देवताहरूलाई जित्यो । उनीहरूलाई स्वर्गबाट लखेटेर ऊ नै इन्द्र बन्यो, राजा भयो ।

यसपछि देवताहरू दुःखी भए । केही नलागेपछि उनीहरू बूढा ब्रह्माजीलाई अघि लगाएर भगवान् शिव र विष्णु भए ठाउँ गए । उनीहरूले हात जोडेर सबै कुरा बताए, महिषासुरले हामीलाई बस्नखान दिएन, स्वर्गबाट लखेट्यो । अब त्यसलाई कसरी मार्ने हो, उपाय पत्ता लगाउनुपर्‍यो ।

महिषासुर चान्चुने दानव थिएन, ज्यादै बलियो थियो । त्यसलाई देवताहरूले मार्न सक्ने भए उनीहरूको त्यो हविगत नै हुने थिएन ।

देवताका कुरा सुनेर शिव र विष्णुलाई महिषासुरदेखि अत्यन्त रिस उठ्यो । अरू देवतालाई पनि रिस उठिरहेको थियो । बढ्ता रिसले गर्दा कोही पनि नबोली उभिइरहेको थिए । यस्तो वेला एक्कासि भगवान् विष्णुका अनुहारबाट एउटा ज्योति निस्क्यो । गर्दागर्दै अरू सबै देवताहरूका जीउबाट समेत त्यस्तै ज्योति निस्क्यो । त्यो सबै ज्योति भेला भएर एक ठाउँमा थुप्रियो ।

हेर्दाहेर्दै त्यो थुप्रिएको चहकिलो ज्योति एउटी आइमाईको रूपमा परिणत भयो । शिवजीका तेजले तिनको मुख बन्यो, विष्णुका तेजले तिनका हात बने, ब्रह्माजीका तेजले खुट्टा बने । अनि सबै देवताका तेजले तिनका अरू अङ्ग बने । यसरी त्यहाँ भगवतीको उत्पत्ति भयो ।

यसपछि भगवतीलाई सबैले आआफ्ना हतियार दिए । भगवान् शिवले आफ्नो त्रिशूलबाट निकालेर एउटा त्रिशूल, विष्णुले आफ्नो चक्रबाट निकालेर एउटा चक्र र ब्रह्माले पनि त्यसै गरी एउटा कमण्डलु दिए । हिमालय पर्वतले सवारीका लागि सिंह दिए । सूर्यले जीउभरि आफ्ना किरण, कालदेवताले ढालतरबार, विश्वकर्माले बन्चरो र अरूले पनि आआफ्ना कुरा देवीलाई दिए ।

सबै देवताहरूको तेज भेला भएर देवीको उत्पत्ति भएको थियो । झन् त्यसमाथि सबैका हतियार समेत लिंदा त भगवतीको शक्ति सबैभन्दा बढी, कसैले चिताउनसम्म पनि नसकिने भयो ।

यसपछि देवी बडो अट्टहास गरेर धेरै पटक कराइन् । त्यो स्वर कति ठुलो थियो भने त्यसले संसार नै थर्कायो ।

यसरी देवीको स्वरले संसार थर्किएपछि 'क्या हो ए !' भन्दै आफ्ना सेना लिएर महिषासुर त्यहाँ आयो । उसले बडो तेज भएकी, बडो शक्ति भएकी देवीलाई देख्यो । एउटी आइमाईलाई देखेर ती राक्षसहरू जोरी खोजीखोजी र उफ्रीउफ्री देवीसँग लडाइँ गर्न थाले ।

महिषासुरको सेना ज्यादै ठुलो थियो । त्यसमा चिक्षुर, चामर, उदग्र, वाष्कल, विडाल आदि नाम भएका बहादुर सेनापतिहरू थिए । हरेक सेनापतिले आआफ्ना फौज लगाएर देवीलाई हराउन खोजे । तर देवीका अगाडि उनीहरूको केही लागेन । देवीले सबैलाई मार्न लागिन् ।

आफ्ना सेनापतिहरू मरेको र आफ्नो फौज सकिन लागेको देखेपछि महिषासुर राँगाको रूप लिएर लडाइँ गर्न थाल्यो । महिष भनेको राँगो हो । महिषासुर राँगाको रूप लिँदा बढ्ता दरो बन्थ्यो । सिंगौरी खेल्दै, खुरले जमीन खन्दै, पुच्छर घुमाउँदै, सिङले हिर्काउँदै र कराउँदै त्यो राक्षस देवी चढेको सिंहलाई नै मार्न आयो ।

महिषासुर यसरी आएको देखेपछि सिंह झन् रिसायो र राक्षसको बाँकी सेनामा पसेर

राक्षसहरूलाई मार्न थाल्यो । उता महिषासुर पनि रिसले कराएर, उफ्रेर र फ्वाँफ्वाँ गरेर देवीतिर आइलाग्यो । देवीले त्यसलाई पाश फ्याँकेर बाँधिन् तर त्यो सिंह भएर उम्क्यो । देवीले त्यसको टाउको काटिन् तर त्यो उत्तिखेरै तरबार बोकेको मान्छे भएर निस्क्यो । त्यसलाई पनि देवीले वाण हानेर मारिन् तर महिषासुर ठुलो हात्ती भएर निस्क्यो र देवीको वाहन सिंहलाई सूँडले बेरेर तान्न थाल्यो र करायो । देवीले त्यसको सूँड काटिदिएपछि केही नलागेर त्यो फेरि राँगो भएर आइलाग्यो र उसै गरी त्यसले दुःख दिन लाग्यो । सिङले पहाड बोकेर ल्याई ऊ देवीलाई हिर्काउन थाल्यो ।

अब देवी साँच्चै रिसाइन् अनि झम्टेर गई कतै उम्कन नपाउने गरी बुरुक्क उफ्रेर त्यसमाथि चढिन् र उनले खुट्टाले थिचेर त्यसको घाँटीमा भाला रोपिन् । तैपनि महिषासुर राँगाको घाँटीबाट निस्केर राक्षसै भई भाग्न लागेको थियो, तर देवीले आधा निस्कँदा निस्कँदै तरबारले त्यसको टाउको काटेर मारिदिइन् ।

महिषासुर मरेपछि संसारमा शान्ति भयो । देवताहरूले देवीको स्तुति गरे । सबैलाई आनन्द भयो ।

(सगरमाथा, नेपाल साहित्य प्रकाशन केन्द्रबाट)

## परियोजना कार्य

१. **तल दिइएका क्रियापद कुन कालअन्तर्गत पर्दछन्, लेख्नुहोस् :**

घोक्यो, चोर्दै थियो, कुदेको छ, गाउँदै छिन्, कराउँदै छिन्, दिन्छ, जाने छ, जित्दै छन्, पढ्छु, भाग्दै छन्, खायो, गएछ, लेख्यो, कुट्दै छ, खेल्दै छ, खेल्दै हुने छ, रुन्थ्यो, सुतेछ, बस्दै हुने छ, भागेको थियो, हेर्दै छन्, सुनेको छ, आउँदै छन्

२. **कोष्ठकमा दिइएको सङ्केतका आधारमा तलका वाक्यहरूको पक्ष परिवर्तन गर्नुहोस् :**

(क) भाइ खुब रोयो । (अपूर्ण वर्तमान)

(ख) तिमी बजार जाऊ । (अपूर्ण भूत)

(ग) मैले घाँस काटेँ । (पूर्ण भविष्यत्)

(घ) तँ स्कूल जा । (पूर्ण वर्तमान)

(ङ) रमा गीत गाउँछिन् । (पूर्ण भूत)

(च) छोरी प्रथम भई । (अज्ञात भूत)

(छ) ऊ पोखरा गयो । (अज्ञात भूत)

(ज) गोपाल गीत सुन्छ । (अभ्यस्त भूत)

(झ) म भात खान्छु । (सामान्य भूत)

(ञ) रमा स्कूल जान्छे । (सामान्य भविष्यत्)

(ट) ऊ कविता लेख्थ्यो । (सामान्य वर्तमान)

(ठ) हामी बजार जाने छौँ । (सामान्य भूत)

(ड) बुबा घर आउनुभयो । (सामान्य भविष्यत्)

३. **तलका वाक्यहरूलाई अभ्यस्त पक्षमा परिवर्तन गरी पुनर्लेखन गर्नुहोस् :**

झमकले पढ्न चाहिन् । उनले अक्षर लेख्ने इच्छा गरिन् । उनले हावामा सासले फुकेर 'क' लेखिन् । त्यो अरूले देखेनन् । उनले मात्र देखिन् । उनले धुलामा 'क' लेखिन् । त्यो हावाले मेटिदियो तापनि उनले हरेस खाइनन् ।

४. **कोष्ठकमा दिइएको निर्देशनका आधारमा तलका वाक्यहरू परिवर्तन गर्नुहोस् :**

(क) हामी पाठ पढ्छौँ । (अपूर्ण भूत)

(ख) तपाईँ कथा सुन्नुहुन्छ । (पूर्ण भविष्यत्)

(ग) राम गएको हुने छ । (अपूर्ण वर्तमान)

(घ) म पाठ पढ्छु । (सामान्य भूत)

(ङ) ऊ खाना खान्छ । (सामान्य भविष्यत्)

एकाइ १२

# क्रियाको अर्थ वा भाव

## १. पढ्नुहोस् र बुझ्नुहोस् :

तँ पाठ पढ्छस् । (सामान्यार्थ) – सामान्य जानकारी

तँ पाठ पढ् । (आज्ञार्थ) – पढ्नलाई अह्राएको अवस्था

तँ पाठ पढेस् । (इच्छार्थक) – इच्छा प्रकट

तँ पाठ पढ्लास् । (सम्भावनार्थ) – अनिश्चित वा सम्भावना

तैँले पाठ पढे हुन्थ्यो । (सङ्केतार्थ) – कारण र कार्य

वक्ता वा लेखकको मानसिक आशयलाई व्यक्त गर्ने क्रियापदका विविध रूपलाई क्रियाको अर्थ वा भाव भनिन्छ ।

## २. क्रियाको अर्थ वा भावको प्रकार

अर्थ वा भाव पाँच प्रकारका छन् :

अर्थ वा भाव

- सामान्यार्थ
- आज्ञार्थ
- इच्छार्थ
- सम्भावनार्थ
- सङ्केतार्थ

### (क) सामान्यार्थ

क) म फुटबल खेल्छु ।

(ख) तँ ज्ञानी छस् ।

(ग) राम गीत गाउँछ ।

(घ) श्याम सहर जान्छ ।

(ङ) तपाईँ इमानदार हुनुहुन्छ ।

वक्ताको सामान्य मानसिक भावलाई व्यक्त गर्ने क्रियापदहरू सामान्यार्थक हुन् ।

यसको प्रयोग गर्दा वक्ताले कुनै विशेष प्रकारको मनोभाव व्यक्त नगरी सामान्य किसिमको अर्थ प्रकट गर्दछ ।

## (ख) आज्ञार्थ

(क) तँ तुरुन्तै घर जा ।

(ख) तिमी यो सुन्तला खाऊ ।

(ग) तिमीहरू भित्र जाओ ।

(घ) तपाईँ यो पुस्तक पढ्नुहोस् ।

(ङ) हरि स्कुल जानू ।

वक्ताको आज्ञा, अनुभूति, अनुरोधजन्य मनोभावना सङ्केत गर्ने क्रियाको भावलाई आज्ञार्थ भनिन्छ । यो द्वितीय पुरुषमा मात्र हुन्छ । प्रथम र तृतीय पुरुषमा आज्ञार्थ हुँदैन । आज्ञार्थ धातुमा अ, ऊ, ओ, नुहोस्, बक्सयोस्‌बाट बन्दछ ।

## (ग) इच्छार्थ

(क) हामी व्याकरण पढौँ ।

(ख) तँ हिँडेर विद्यालय गएस् ।

(ग) राम्रा राम्रा पुस्तकहरू पढूँ ।

(घ) रमेश गीत गाओस् ।

(ङ) ईश्वरले मानवको कल्याण गरुन् ।

वक्ताको इच्छा, आशीर्वाद, उपदेश, प्रार्थना आदि भाव व्यक्त गर्ने क्रियापदलाई इच्छार्थक भनिन्छ ।

इच्छार्थक धातुमा उँ, औँ, एस्, नुहोओस्, ओस्, योस्, ऊन्, यून् जस्ता प्रत्ययहरू जोडिन्छन् ।

## (घ) सम्भावनार्थ

(क) उनीहरू अनुसन्धान गर्दै होलान् ।

(ख) तिनीहरू पोखरा घुम्न जालान् ।

(ग) तपाईँलाई त सञ्चै होला ।

(घ) दाजु हामीकहाँ भोलि आउनुहोला ।

(ङ) उनीहरू आज फर्कलान् ।

वक्ताले गरेको अड्कल, अनुमान वा सम्भावना जस्ता अनिश्चित भाव व्यक्त गर्ने क्रियापदहरूलाई सम्भावनार्थक भनिन्छ ।

यसमा धातुमा उँला, उँली, औँला, लास्, लिस्, औला, औली, नुहोला, ला, ली, लिन् जस्ता प्रत्ययहरू जोडिन्छन् ।

## (ङ) सङ्केतार्थ

(क) पानी पऱ्यो भने शीतल होला ।

(ख) दसैं आएपछि केटाकेटीहरू रमाउलान् ।

(ग) परिश्रम गरे मीठो फल पाइएला ।

(घ) खान पाए मोटाइन्थ्यो ।

(ङ) पानी परे बाली सप्रिन्छ ।

कार्य र कारणबिचको सम्बन्धलाई देखाउने क्रियापदको भावलाई सङ्केतार्थक भनिन्छ । यसमा दुईओटा क्रियापद रहन्छन् । जसमध्ये एउटाले कारणको काम र अर्काले कार्यको काम गर्दछ ।

सङ्केतार्थ बनाउँदा क्रियापदको धातुमा 'ए' जोडी त्यसभन्दा अगाडि 'हुन्थ्यो' र 'हुन्छ' जस्ता कार्य बुझाउने क्रियापद थप्नुपर्दछ ।

जस्तैः

राम आज आउँछ । – राम आज आए राम्रो हुन्थ्यो ।

सुमन राम्रो पढ्छ । – सुमनले राम्रो पढे हुन्थ्यो ।

ऊ आउँछ । – ऊ आए राम्रो हुन्थ्यो ।

पानी पर्छ । – पानी परे राम्रो हुन्थ्यो ।



## अभ्यास

१. क्रियाको अर्थ र भाव भनेको के हो ?

२ समान्यार्थ भनेको के हो ?

३. इच्छार्थक भनेको के हो ?

४ आज्ञार्थक भनेको के हो ?

५. सम्भावनार्थक भनेको के हो ?

६ सङ्केतार्थक भनेको के हो ?

७. तल दिइएका क्रियापदहरू कुनकुन भावअन्तर्गत पर्दछन्, छुट्याउनुहोस्:

नाचोस्, घुम्नुहोला, बस्, गर्छन्, होउँला, गएस्, गरेनन्, नाच्ली, खेल्छन्, होला, पढुँ, पढौँला, खाऊ, हुनुहुन्छ, जालान्, जाने छ, आइन् ।

८. **तलको तालिकामा क्रियापदको रूप लेख्नुहोस् :**

| क्रियामूल | सामान्यार्थ | आज्ञार्थ | इच्छार्थ | सम्भावनार्थ |
|---|---|---|---|---|
| गाउनु | | | | |
| उखेल्नु | | | | |
| जानु | | | | |
| पिउनु | | | | |
| देख्नु | | | | |

९. **कोष्ठकमा दिइएका सङ्केतका आधारमा तलका वाक्यहरूलाई परिवर्तन गर्नुहोस् :**

(क) म पाठ पढ्छु । (इच्छार्थक)

(ख) तिमी घर जाऊ । (सामान्यार्थ)

(ग) हरि विद्यालय गयो । (सम्भावनार्थ)

(घ) सरिता गृहकार्य गर्छिन् । (इच्छार्थक)

(ङ) तिमीहरू व्याकरण पढ्छौ । (आज्ञार्थक)

(च) तिनीहरू भात खालान् । (सामान्यार्थ)

(छ) हामी उत्तीर्ण हुन्छौँ । (सङ्केतार्थ)

(ज) ईश्वरले सबैको कल्याण गर्छन् । (इच्छार्थक)

(झ) हामी सबै मिलेर देश बनाऔँला । (सामान्यार्थ)

(ञ) सरस्वती परीक्षामा उत्तीर्ण हुन्छिन् । (सम्भावनार्थ)

१०. **इच्छार्थक क्रियापदको प्रयोग गर्दै आफ्नो भविष्यको बारेमा दश वाक्यमा व्यक्त गर्नुहोस् ।**

११. **तलका वाक्यलाई आज्ञार्थमा बदल्नुहोस् :**

(क) तिमी क्रिकेट खेल्छौ । (ख) राम पनि आयो ।

(ग) तिमी गीत गाउँछौ । (घ) तिमी नाटक हेर्छौ ।

(ङ) हरि घर गयो ।

१२. **तलका वाक्यलाई इच्छार्थमा बदल्नुहोस् :**

(क) म गीत गाउँछु । (ख) ऊ खेल्न जान्छ ।

(ग) सरिता पोखरा जान्छिन् ।

(घ) ईश्वरले सबैको कल्याण गरुन् ।

(ङ) तिमी स्कुल जान्छौँ ।

१३. **तल दिइएका वाक्यलाई सम्भावनार्थमा बदल्नुहोस् :**

(क) राम विद्यालय गयो ।
(ख) ममता प्रथम हुन्छिन् ।
(ग) आज पानी पर्छ ।
(घ) म भोलि घुम्न जान्छु ।
(ङ) उनीहरू खेल्दै छन् ।

१४. **तल दिइएका वाक्यलाई सङ्केतार्थमा बदल्नुहोस् :**

(क) पानी पर्दा शीतल हुन्छ ।
(ख) तिमी सिनेमा हेर्छौ ।
(ग) उनीहरू आउँदा रमाइलो हुन्छ ।
(घ) रामले चित्त बुझायो ।
(ङ) मिहिनेत गरेकाले पास भइन्छ ।

१५. **तल दिइएको निबन्ध पढ्नुहोस् र त्यस निबन्धमा प्रयोग भएका सामान्यार्थलाई आज्ञार्थक, इच्छार्थक र सम्भावनार्थक क्रियापदमा परिवर्तन गर्नुहोस् :**

## जाँगर

यस संसारको सृष्टि जाँगरिला ब्रम्हाजीले गरे । आज संसरको उन्नति र अवन्नति यसै संसारमा रहेका मान्छेहरूको जाँगरमा भर पर्दछ । आज संसार विज्ञानको नयाँ नयाँ आविष्कारले भरिएको छ । हामीहरू आज एक देशबाट अर्को देशमा केही समयमा नै पुग्न सक्छौं । यति मात्र होइन केही घण्टामा नै संसार घुम्न सक्छौं । यसभन्दा पनि अझ पर चन्द्र, मंगल, बुध आदि ग्रहहरूमा जानु पनि आज एउटा साधारण जस्तै कुरा भइसकेको छ ।

यी कुराहरू कसरी भए र के कारणले सम्भव हुन सके यी सबै कुराको एउटै उत्तर छ– मान्छेको जाँगर । यदि मान्छेले जाँगर चलाएन भने बिहान बेलुकाको खाने समस्या पनि पूरा गर्न सक्तैन । तर मान्छेले जाँगर चलायो भने संसरमा के गर्न सक्तैन ? मान्छेको जाँगरले संसारमा के हुन सक्तैन ? यो संसारको रूप बनिसकेपछिका वर्षहरूलाई एकचोटी राम्रोसँग पढ्ने हो भने ठुला ठुला मान्छेहरू थुप्रै भेटिन्छन् । तिनीहरू कसरी ठुला भए र अरू कैयौं मान्छे जन्मे मरे तिनीहरूको नाम कसैले लिँदैन भन्ने कुराको उत्तर पनि जाँगरले नै दिन्छ । यसका लागि हामीहरू टाढा नजाऔं । पृथ्वीनारायण शाहको नेपाललाई एउटै धागोमा उन्ने जुन अभियान थियो त्यो नुवाकोटको पहिलो हारमा नै सेलाएको भए धेरै राजा रजौटाहरूले शासन गरेको र टुक्रा टुक्रा भएको नेपाल चारजात छत्तीस वर्णको फूलवारीको रूपमा सिंगो नेपालको रूपमा देख्न पाउने थिएनौं । पृथ्वीनारायण शाहको यस्ता साहस र जाँगर नुवाकोटको पहिलो हारमा त के यस्तो सयौं हारमा पनि नडग्ने खालको थियो । यसैले जाँगर एउटा यस्तो शक्ति हो जसले मान्छेलाई गोप्य रूपबाट आफ्नो लक्ष्य पूरा गर्ने प्रेरणा दिइरहेको हुन्छ ।

यसैगरी आदिकवि भानुभक्तले संस्कृत भाषामा लेखिएको रामायाणलाई ठेट नेपाली भाषामा अनुवाद गर्ने जाँगर नगरेका भए पूर्व मेचीदेखि महाकालीसम्मका जनताले बुझ्नै सक्तैन

थिए । डाँडा, पाखा, भीर, पहरा, मेलापात, हलि, गोठाला साना, ठुला सबैतिरबाट रामायणको पाठ हामी कसरी सुन्थ्यौँ । यस्तै कवि मोतीराम भट्टको जाँगरले कृष्ण पक्षमा हराएका तर चन्द्रमा जस्तै तेज भएका भानुलाई नेपालीहरूका अगाडि कहिल्यै अस्ताउन नसक्ने बनायो । उनले जाँगर नचलाई दिएको भए आजसम्म पनि नेपाली समाजमा भानु झुल्कन्थे या झुल्कदैन थिए यस कुरामा शंका नै छ । संसारमा अल्छीको गुणगान कहिल्यै हुन सक्तैन । गुणगान हुन्छ त जाँगरिलाको जसले देश, समाज र संसारलाई नै केही न केही उपयोगी कुरा छोडेर गएका हुन्छन् । म्याडमक्युरी जस्ता संसार प्रसिद्ध महिलाले जाँगर नगरेकी भए रेडियम जस्तो क्यान्सर रोगको अमूल्य औषधि पत्ता लाग्दैनथ्यो । जसले आज संसारमा लाखौँ क्यान्सर रोगले सताइएका बिरामीहरूको उद्धार हुँदैछ । यो महङ्गो रत्न नै किन नहोस् तर जाँगरले पत्ता लगाई छोड्यो ।

(शिवराज ढुङ्गाना)

## परियोजना कार्य

१. **तल दिइएका क्रियापद कुन कालअन्तर्गत पर्दछन्, लेख्नुहोस् :**

घोक्यो, चोर्दै थियो, कुदेको छ, गाउँदै छिन्, कराउँदै छिन्, दिन्छ, जाने छ, जित्दै छन्, पढ्छु, भाग्दै छन्, खायो, गएछ, लेख्यो, कुट्दै छ, खेल्दै छ, खेल्दै हुने छ, रुन्थ्यो, सुतेछ, बस्दै हुने छ, भागेको थियो, हेर्दै छन्, सुनेको छ, आउँदै छन्

२. **कोष्ठकमा दिइएको सङ्केतका आधारमा तलका वाक्यहरूको पक्ष परिवर्तन गर्नुहोस् :**

(क) भाइ खुब रोयो । (अपूर्ण वर्तमान)
(ख) तिमी बजार जाऊ । (अपूर्ण भूत)
(ग) मैले घाँस काटेँ । (पूर्ण भविष्यत्)
(घ) तँ स्कूल जा । (पूर्ण वर्तमान)
(ङ) रमा गीत गाउँछिन् । (पूर्ण भूत)
(च) छोरी प्रथम भई । (अज्ञात भूत)
(छ) ऊ पोखरा गयो । (अज्ञात भूत)
(ज) गोपाल गीत सुन्छ । (अभ्यस्त भूत)
(झ) म भात खान्छु । (सामान्य भूत)
(ञ) रमा स्कूल जान्छे । (सामान्य भविष्यत्)
(ट) ऊ कविता लेख्थ्यो । (सामान्य वर्तमान)
(ठ) हामी बजार जाने छौँ । (सामान्य भूत)
(ड) बुबा घर आउनुभयो । (सामान्य भविष्यत्)

३. **तलका वाक्यहरूलाई अभ्यस्त पक्षमा परिवर्तन गरी पुनर्लेखन गर्नुहोस् :**

झमकले पढ्न चाहिन् । उनले अक्षर लेख्ने इच्छा गरिन् । उनले हावामा सासले फुकेर 'क' लेखिन् । त्यो अरूले देखेनन् । उनले मात्र देखिन् । उनले धुलामा 'क' लेखिन् । त्यो हावाले मेटिदियो तापनि उनले हरेस खाइनन् ।

४. **कोष्ठकमा दिइएको निर्देशनका आधारमा तलका वाक्यहरू परिवर्तन गर्नुहोस् :**

(क) हामी पाठ पढ्छौँ । (अपूर्ण भूत)

(ख) तपाईँ कथा सुन्नुहुन्छ । (पूर्ण भविष्यत्)

(ग) राम गएको हुने छ । (अपूर्ण वर्तमान)

(घ) म पाठ पढ्छु । (सामान्य भूत)

(ङ) ऊ खाना खान्छ । (सामान्य भविष्यत्)

५. **तलका वाक्यलाई सामान्यार्थमा परिवर्तन गर्नुहोस् :**

(क) तिमी घर जाऊ । (ख) उनीहरू खेलून् ।

(ग) ऊ गीत गाउँछ । (घ) तिमी सफल भए ।

(ङ) तपाईँ घरमा बस्नुहोस् ।

६. **तलका वाक्यलाई आज्ञार्थमा परिवर्तन गर्नुहोस् :**

(क) म खेत खन्छु । (ख) ऊ गीत गाउँछ ।

(ग) उनीहरू खेलून् । (घ) तँ नाच्लास् ।

(ङ) तिमी आयो भने रमाइलो हुन्छ ।

७. **तलका वाक्यलाई इच्छार्थमा परिवर्तन गर्नुहोस् :**

(क) म घरमा बस्छु । (ख) तिमी घर जाऊ ।

(ग) तिमी झगडा गरौला । (घ) तैँले नाचे हुन्थ्यो ।

(ङ) तपाईँ जानुहुन्छ ।

८. **तलका वाक्यलाई सम्भावनार्थमा परिवर्तन गर्नुहोस् :**

(क) तिमी सिनेमा हेर्छौ । (ख) ईश्वरले रक्षा गरुन् ।

(ग) हरि स्कूल गयो । (घ) म घरमा जाउँ ।

(ङ) उसले भात खान्छ ।

९. **तलका वाक्यलाई सङ्केतार्थमा परिवर्तन गर्नुहोस् :**

(क) म घुम्न जान्छु । (ख) उनीहरू विरोध गर्लान् ।

(ग) तपाईँ पढ्नुहोस् । (घ) हामी नाचौँला ।

(ङ) तँ चिठी लेख्छस् ।

एकाइ १३


# शब्दनिर्माण प्रक्रिया

## १. पढ्नुहोस् र बुझ्नुहोस् :

आज ठुल्दाइ धनगढी जानुभएको छ। झैझगडामा सामेल हुनु राम्रो कुरो होइन। हिजो नयाँ बसपार्कमा ठुलो भिडन्त भएको थियो। हामीले सामाजिक कार्य गर्न अभिरुचि लिनुपर्छ। असन्तोष गर्नाले प्रगति हुँदैन। अणुबम पड्काएर कसको पो भलो हुन्छ र ?

## २. शब्दनिर्माण प्रक्रियाको परिचय

भाषामा आवश्यकताअनुसार नयाँनयाँ शब्द बनाउने प्रक्रियालाई शब्दनिर्माण प्रक्रिया भनिन्छ। शब्द निर्माणलाई शब्दव्युत्पादन वा शब्दरचना पनि भनिन्छ। मूलतः कोशीय अर्थ भएका आधार तत्त्वमा आधेय तत्त्व जोडेर नयाँ शब्दको निर्माण गरिन्छ। नेपालीमा आधार तत्त्वअन्तर्गत धातु र प्रातिपदिक शब्द पर्दछन् भने आधेय तत्त्वअन्तर्गत उपसर्ग, प्रत्यय शब्द आदि पर्दछन्। नेपाली भाषामा शब्द निर्माणअन्तर्गत उपसर्ग, परसर्ग, समास, द्वित्व, सन्धि आदिद्वारा शब्द बनाउने प्रक्रियाहरू पर्दछन्।




| प्रक्रिया | आधार तत्त्व | आधेय तत्त्व | शब्द रचना | निर्मित शब्द |
|---|---|---|---|---|
| सर्ग | सन्तोष (शब्द) | अ (उपसर्ग) | अ + सन्तोष | असन्तोष |
| | भिड् (धातु) | अन्त (प्रत्यय) | भिड् + अन्त | भिडन्त |
| | समाज (शब्द) | इक (प्रत्यय) | समाज + इक | समाजिक |
| समास | अणु (शब्द) | बम (शब्द) | अणु + बम | अणुबम |
| द्वित्व | झगडा (शब्द) | झगडा (शब्द) | झगडा + झगडा | झैझगडा |
| सन्धि | ठुलो (शब्द) | दाइ (शब्द) | ठुलो + दाइ | ठुल्दाइ |

एकाइ

१४

# उपसर्ग र प्रत्ययद्वारा शब्दनिर्माण

## १. पढ्नुहोस् र बुझ्नुहोस् :

पराक्रम गर्नाले मानिसको उन्नति हुन्छ । जसको प्रज्ञा खुलेको छ उही ज्ञानी हो । अरूको अपमान गर्नु भनेको आफैँ अपमानित हुनु हो । हामीले सानैदेखि असल संस्कारको विकास गर्दै जानुपर्छ । अरूको अवगुण भन्दै नहिँड्नू । हामीले निष्काम कर्म गर्नुपर्छ । निश्चय पनि रमिना यसपटक कक्षा ८ मा पहिलो हुनेछिन् । निर्बल मानिसलाई सबैले हेप्छन् । दुर्जनको सङ्गत कहिल्यै नगर्नु । विचार पुऱ्याएर काम गर्नुपर्छ । हामीले आफूभन्दा ठुला मानिसको आज्ञा पालना गर्नुपर्छ । विद्यार्थीहरू अध्ययनमा जोड दिन्छन् । परिवारको भरणपोषण गर्नु अभिभावकको कर्तव्य हो । बजारमा धेरै सामानको अभाव हुँदै गएको छ । हामीमा कुविचार हुनु हुँदैन । बेकाममा नघुम । तारालाई गोडामा ठेस लागेको हुनाले धेरै नमजा लाग्यो ।

## २. उपसर्गको परिचय

मूल शब्दका अगाडि लागेर नयाँनयाँ शब्दको निर्माण गर्ने भाषिक टुक्रालाई उपसर्ग भनिन्छ । यो शब्दको अगाडि लाग्ने हुँदा यसलाई पूर्वसर्ग पनि भनिन्छ । उपसर्ग लागेर शब्दनिर्माण हुँदा अर्थमा परिवर्तन आउन सक्छ, विशेष अर्थ र विपरीत अर्थ पनि बुझाउन सक्छ । नेपाली भाषामा संस्कृत उपसर्ग लागेर बनेका र अन्य नेपाली उपसर्ग लागेर बनेका दुई खालका उपसर्ग निर्मित शब्दहरू रहेका छन् ।

### प्रचलित प्रमुख उपसर्गहरू

प्र, परा, अप, सम्, अनु, अव, निस्, निर्, दुस्, दुर्, अवि, आ, नि, अधि, अति, सु, उत्, प्रति, परि, उप, अभि ।

| उपसर्ग | शब्दनिर्माण प्रकृया | निर्मित शब्द |
|---|---|---|
| प्र (धेरै) | प्र + गति | प्रगति |
| | प्र + चार | प्रचार |
| | प्र + मुख | प्रमुख |
| | प्र + योग | प्रयोग |
| | प्र + ज्ञा | प्रज्ञा |
| | प्र + वेश | प्रवेश |
| | प्र + शासन | प्रशासन |
| | प्र + आचार्य | प्राचार्य |

| उपसर्ग | शब्दनिर्माण प्रकृया | निर्मित शब्द |
|---|---|---|
| परा (विपरीत/ पछि/ टाढा/ बढी) | परा + जय | पराजय |
| | परा + जित | पराजित |
| | परा + क्रम | पराक्रम |
| | परा + मर्श | परामर्श |
| | परा + पूर्व | परापूर्व |
| | परा + अस्त | परास्त |

| उपसर्ग | शब्दनिर्माण प्रकृया | निर्मित शब्द |
|---|---|---|
| अप (खराब/ उल्टो/ अनुचित ) | अप + मान | अपमान |
| | अप + शब्द | अपशब्द |
| | अप + राध | अपराध |
| | अप + चलन | अपचलन |
| | अप + वाद | अपवाद |
| | अप + गति | अपगति |
| सम् (राम्रो/ पूर्ण ) | सम् + कल्प | सङ्कल्प |
| | सम् + वेदना | समवेदना |
| | सम् + चार | सञ्चार |
| | सम् + हार | संहार |
| | सम् + कार | संस्कार |
| | सम् +सार | संसार |
| अनु (क्रम/ पछि) | अनु + मान | अनुमान |
| | अनु + रोध | अनुरोध |
| | अनु + शरण | अनुशरण |
| | अनु + कृति | अनुकृति |
| | अनु + दान | अनुदान |
| | अनु + चर | अनुचर |
| | अनु + रूप | अनुरूप |
| अव (खराब/ निम्न) | अव + गुण | अवगुण |
| | अव + ज्ञा | अवज्ञा |
| | अव + सान | अवसान |
| | अव + काश | अवकाश |
| | अव + मूल्यन | अवमूल्यन |
| | अव + गत | अवगत |
| निस् (रहित/ विशेष/ निषेध) | निस् + काम | निष्काम |
| | निस् + पति | निष्पति |
| | निस् + चय | निश्चय |
| | निस् + प्राण | निष्प्राण |
| | निस् + चल | निश्चल |

| उपसर्ग | शब्दनिर्माण प्रकृया | निर्मित शब्द |
|---|---|---|
| निर् (रहित/ निषेध/ बाहिर | निर् + अङ्कुश | निरङ्कुश |
| | निर् + बल | निर्बल |
| | निर् + नय | निर्णय |
| | निर् + जल | निर्जल |
| | निर् + जन | निर्जन |
| दुस् (नराम्रो/ खराब) | दुस् + चरित्र | दुश्चरित्र |
| | दुस् + कर्म | दुष्कर्म |
| | दुस् + साहस | दुस्साहस |
| | दुस् + चेष्टा | दुश्चेष्टा |
| दुर् (पुष्ट/ अप्ठ्यारो/ कठिन ) | दुर् + जन | दुर्जन |
| | दुर् + भाग्य | दुर्भाग्य |
| | दुर् + गति | दुर्गति |
| | दुर् + आशा | दुराशा |
| | दुर् + अवस्था | दुरावस्था |
| वि (बढी/ प्रतिकूल) | वि + कास | विकास |
| | वि + योग | वियोग |
| | वि + ज्ञान | विज्ञान |
| | वि + नम्र | विनम्र |
| | वि + भाग | विभाग |
| | वि + घटन | विघटन |
| | वि + चार | विचार |
| | वि + भेद | विभेद |
| | वि + नाश | विनाश |
| आ (सम्म/ माथि/ विशेष) | आ + गमन | आगमन |
| | आ + ज्ञा | आज्ञा |
| | आ + जन्म | आजन्म |
| | आ + कुल | आकुल |
| | आ + देश | आदेश |
| | आ + ज्ञा | आज्ञा |
| | आ + शङ्का | आशङ्का |
| | आ + चार | आचार |

| उपसर्ग | शब्दनिर्माण प्रकृया | निर्मित शब्द |
|---|---|---|
| नि (भित्र/ रहित/ विशेष) | नि + वास<br>नि + बन्ध<br>नि + यम<br>नि + गम<br>नि + योग<br>नि + धन | निवास<br>निबन्ध<br>नियम<br>निगम<br>नियोग<br>निधन |
| अधि (उच्च/ बढी) | अधि + कार<br>अधि + पति<br>अधि + वेशन<br>अधि + राज्य<br>अधि + आदेश<br>अधि + मास<br>अधि + अयन | अधिकार<br>अधिपति<br>अधिवेशन<br>अधिराज्य<br>अध्यादेश<br>अधिकमास<br>अध्ययन |
| अति (धेरै/ बढी) | अति + आचार<br>अति + सार<br>अति + रिक्त<br>अति + उक्ति<br>अति + वादी<br>अति + अन्त<br>अति + विस्तार<br>अति + क्रमण | अत्याचार<br>अतिसार<br>अतिरिक्त<br>अत्युक्ति<br>अतिवादी<br>अत्यन्त<br>अतिविस्तार<br>अतिक्रमण |
| सु | सु + कर्म<br>सु + मार्ग<br>सु + निश्चित<br>सु + जन<br>सु + संस्कृत<br>सु + बोध | सुकर्म<br>सुमार्ग<br>सुनिश्चित<br>सुजन<br>सुसंस्कृत<br>सुबोध |
| उत् (माथि/ उच्च/ विशेष/ बढी) | उत् + चारण<br>उत् + नति<br>उत् + गम<br>उत् + घोषण<br>उत् + थान<br>उत् + पात | उच्चारण<br>उन्नति<br>उद्गम<br>उद्घोषण<br>उत्थान<br>उत्पात |

| उपसर्ग | शब्दनिर्माण प्रकृया | निर्मित शब्द |
|---|---|---|
| प्रति (प्रत्येक/ अधि/ समान) | प्रति + आशा<br>प्रति + रोध<br>प्रति + उत्तर<br>प्रति + रूप<br>प्रति + गमन<br>प्रति + ज्ञा | प्रत्यासा<br>प्रतिरोध<br>प्रत्युत्तर<br>प्रतिरूप<br>प्रतिगमन<br>प्रतिज्ञा |
| परि (छेउ/ वरपर) | परि + भाषा<br>परि + चय<br>परि + स्थिति<br>परि + पुष्ट<br>परि + अटन<br>परि + वार | परिभाषा<br>परिचय<br>परिस्थिति<br>परिपुष्ट<br>पर्यटन<br>परिवार |
| उप (सहायक/ नजिक/ अनुकूल) | उप + कार<br>उप + कथा<br>उप + नियम<br>उप + ग्रह<br>उप + स्थिति<br>उप + हास | उपकार<br>उपकथा<br>उपनियम<br>उपग्रह<br>उपस्थिति<br>उपहास |
| अभि (नजिक/ बढी/ तिर) | अभि + मान<br>अभि + यान<br>अभि + वृत्ति<br>अभि + शाप<br>अभि + वक्ता<br>अभि + मत | अभिमान<br>अभियान<br>अभिवृत्ति<br>अभिशाप<br>अभिवक्ता<br>अभिमत |

| | | |
|---|---|---|
| अ (निषेध/ अभाव) | अ + सार<br>अ + सन्तोष<br>अ + नाथ<br>अ + बेला<br>अ + भाव<br>अ + चुक<br>अ + समान<br>अ + सम्भव<br>अ + ज्ञान | असार<br>असन्तोष<br>अनाथ<br>अबेला<br>अभाव<br>अचुक<br>असमान<br>असम्भव<br>अज्ञान |

| | | |
|---|---|---|
| अन<br>(निषेध/<br>अभाव) | अन + गिन्ती<br>अन + आदर<br>अन + जान<br>अन + आस्था<br>अन + पढ<br>अन + आदि<br>अन + मेल | अनगिन्ती<br>अनादर<br>अन्जान<br>अनास्था<br>अनपढ<br>अनादि<br>अनमेल |
| कु<br>(नराम्रो/<br>खराब) | कु + काठ<br>कु + कर्म<br>कु + चक्र<br>कु + चाल<br>कु + जात<br>कु + दिन<br>कु + बाटो<br>कु + विचार<br>कु + बेला<br>कु + मार्ग | कुकाठ<br>कुकर्म<br>कुचक्र<br>कुचाल<br>कुजात<br>कुदिन<br>कुबाटो<br>कुविचार<br>कुबेला<br>कुमार्ग |
| बि<br>(बिना/<br>निषेध) | बि + जोर<br>बि + काम<br>बि + स्यार<br>बि + खर्ची<br>बि + रसिलो<br>बि + चरो<br>बि + जोग<br>बि + चरी | बिजोर<br>बिकाम<br>बिस्यार<br>बिखर्ची<br>बिरसिलो<br>बिचरो<br>बिजोग<br>बिचरी |

| | | |
|---|---|---|
| बे<br>(बिना/<br>निषेध) | बे + काम<br>बे + नाम<br>बे + कम्मा<br>बे + छन्द<br>बे + चैन<br>बे + जोड<br>बे + इमान<br>बे + ढङ्ग<br>बे + नाम<br>बे + कार | बेकाम<br>बेनाम<br>बेकम्मा<br>बेछन्द<br>बेचैन<br>बेजोड<br>बेइमान<br>बेढङ्ग<br>बेनाम<br>बेकार |
| बद<br>(खराब) | बद + ख्वाँइँ<br>बद + नाम<br>बद + नियत<br>बद + मास<br>बद + नामी | बदख्वाइँ<br>बदनाम<br>बदनियत<br>बदमास<br>बदनामी |
| न<br>(निषेध) | न + काम<br>न + गन्य<br>न + मीठो<br>न + जाति<br>न + मजा<br>न + जानी | नकाम<br>नगन्य<br>नमीठो<br>नजाति<br>नमजा<br>नजानी |

## ३. प्रत्ययद्वारा शब्दनिर्माण

### ३.१ प्रत्ययको परिचय

मूल शब्द वा आधार पदका पछाडि लागेर नयाँनयाँ शब्दको निर्माण गर्ने भाषिक टुक्रालाई प्रत्यय भनिन्छ । जुन मूल शब्दमा प्रत्यय लाग्दछ त्यस मूल शब्दलाई आधारपद भनिन्छ । प्रत्यय कृत् र तद्धित गरी दुई प्रकारका हुन्छन् । यिनै दुई प्रत्ययबाट विभिन्न शब्दहरूको निर्माण गरिन्छ ।

#### नेपालीका प्रचलित प्रत्ययहरू

अक, इत, इन, उक, अनीय, ई, त, ता, ति, तव्य, य, तै/दै, तो /दो, ई, आइ, आउ, आइ, एर, उवा, अक्कड, अन्ते, इलो, आ, आन, आवट, आहा, आ, क, म, इक, ईन, इम, इमा, ईय, तर, तम, मान्, वान्, वत्, वी, शः, आ, आडी, आइँ/याँइँ, आइ, औरो, आली, आहा, इया, इलो, ई, ए, एली, एरो, एटो आदि ।

| प्रत्यय | शब्दनिर्माण प्रक्रिया | निर्मित शब्द |
|---|---|---|
| अक | कृष + अक<br>दृश् + अक<br>बद् + अक<br>गै + अक<br>सेव् + अक<br>नी + अक<br>पठ् + अक | कृषक<br>दर्शक<br>बादक<br>गायक<br>सेवक<br>नायक<br>पाठक |
| अन | दृश् + अन<br>रु + अन<br>गै + अन<br>सह + अन<br>नी + अन<br>लेख् + अन<br>सेव् + अन<br>मृ + अन<br>पो + अन<br>प७ + अन | दर्शन<br>रावण<br>गायन<br>सहन<br>नयन<br>लेखन<br>सेवन<br>मरन<br>पवन<br>पठन |
| इत | कथ् + इत<br>लिख् + इत<br>पठ् + इत<br>रच् + इत<br>पत् + इत | कथित<br>लिखित<br>पठित<br>रचित<br>पतित |
| उक | भू + उक<br>इच्छा + उक<br>भिक्षु + उक | भावुक<br>इच्छुक<br>भिक्षुक |
| ई | युज् + ई<br>द्रुह् + ई<br>वद् + ई | योगी<br>द्रोही<br>वादी |
| अनीय | दृश् + अनीय<br>पठ् + अनीय<br>ग्रह + अनीय<br>स्मृ + अनीय<br>श्रु + अनीय | दर्शनीय<br>पठनीय<br>ग्रहणीय<br>स्मरणीय<br>श्रवणीय |
| तव्य | कृ + तव्य<br>गम् + तव्य<br>मन् + तव्य<br>दृश् + तव्य | कर्तव्य<br>गन्तव्य<br>मन्तव्य<br>द्रष्टव्य |
| त | कृ + त<br>गम् + त<br>मृ + त<br>च्यु + त<br>पोख् + ता | कृत<br>गत<br>मृत<br>च्युत<br>पोख्ता |
| ता | कृ + ता<br>श्रु + ता<br>दृश् + ता<br>वच् + ता | कर्ता<br>श्रोता<br>द्रष्टा<br>वक्ता |
| ति | कृ + ति<br>श्रु + ति<br>दृश् + ति<br>भज् + ति<br>मन् + ति<br>नी + ति<br>वृद् + ति<br>सृज् + ति | कृति<br>श्रुति<br>दृष्टि<br>भक्ति<br>मति<br>नीति<br>वृद्धि<br>सृष्टि |
| य | कृ + य<br>दृश् + य<br>कथ् + य<br>वच् + य<br>धीर + य<br>दा + य<br>श्रु + य | कार्य<br>दृश्य<br>कथ्य<br>वाच्य<br>धैर्य<br>देय<br>श्रव्य |

| प्रत्यय | शब्द निर्माण प्रक्रिया | निर्मित |
|---|---|---|
| एर | लेख् + एर<br>पुछ् + एर<br>खेल् + एर<br>पुर् + एर<br>हाँस् + एर<br>जा + एर | लेखेर<br>पुछेर<br>खेलेर<br>पुरेर<br>हाँसेर<br>गएर |
| तै/दै | खोक् + तै/दै<br>हाँस् + तै/दै<br>भन् + दै | खोक्तै/खोक्दै<br>हाँस्तै/हाँस्दै<br>भन्दै |
| दो | बल् + दो<br>खेल् + दो<br>पढ् + दो<br>रु + दो | बल्दो<br>खेल्दो<br>पढ्दो<br>रुँदो |
| ई | देख् + ई<br>खाम् + ई<br>भन् + ई<br>लेख् + ई<br>हु + ई | देखी<br>खामी<br>भनी<br>लेखी<br>भई |
| आइ | लेख् + आइ<br>गर् + आई<br>बस् + आइ<br>भन् + आइ<br>दौड + आइ<br>जोत् + आइ | लेखाइ<br>गराइ<br>बसाइ<br>भनाइ<br>दौडाइ<br>जोताइ |
| आउ | हाँस् + आउ<br>खेल् + आउ<br>भेट् + आउ<br>घुम् + आउ | हँसाउ<br>खेलाउ<br>भेटाउ<br>घुमाउ |

| | | |
|---|---|---|
| उवा | हार् + उवा<br>चर् + उवा<br>भर् + उवा<br>ठोक् + उवा<br>भाँड + उवा | हरूवा<br>चरुवा<br>भरुवा<br>ठोकुवा<br>भँडुवा |
| आन | ढाल् + आन<br>शिर + आन<br>काट् + आन<br>खस् + आन | ढलान<br>सिरान<br>कटान<br>खसान |
| अन्ते | घुम् + अन्ते<br>उड् + अन्ते<br>फिर् + अन्ते<br>डुल् + अन्ते | घुमन्ते<br>उडन्ते<br>फिरन्ते<br>डुलन्ते |
| इलो | हाँस् + इलो<br>चम्क + इलो<br>खाँद् + इलो<br>हाँस् + इलो<br>भर् + इलो<br>झर् + इलो<br>कस् + इलो | हँसिलो<br>चम्किलो<br>खँदिलो<br>हँसिलो<br>भरिलो<br>झरिलो<br>कसिलो |
| अक्कड | बोल् + अक्कड<br>बुझ् + अक्कड<br>भुल् + अक्कड<br>डुल + अक्कड | बोलक्कड<br>बुझक्कड<br>भुलक्कड<br>डुलक्कड |
| आवट | मिस् + आवट<br>चुह + आवट<br>सजाउ + आवट<br>देख् + आवट<br>मिल् + आवट | मिसावट<br>चुहावट<br>सजावट<br>देखावट<br>मिलावट |
| आवटी | देख् + आवटी<br>बन् + आवटी | देखावटी<br>बनावटी |

| | | |
|---|---|---|
| आ | छाप् + आ | छापा |
| | भाष् + आ | भाषा |
| | लेख् + आ | लेखा |
| | चाल् + आ | चाला |
| आहा | ठग् + आहा | ठगाहा |
| | घुस् + आहा | घुस्याहा |
| | फाट् + आहा | फटाहा |
| | मिच् + आहा | मिचाहा |
| | सन्क + आहा | सन्काहा |

| | | |
|---|---|---|
| आ | छात्र + आ | छात्रा |
| | कमल + आ | कमला |
| | शिक्ष + आ | शिक्षा |
| | विवाहित + आ | विवाहिता |
| | पूज्य + आ | पूजा |
| | कृष्ण + आ | कृष्णा |
| | वेदन + आ | वेदना |
| क | दृश + क | दर्शक |
| | बाल + क | बालक |
| | मृत + क | मृतक |
| | सप्त + क | सप्तक |
| | विषय + क | विषयक |
| म | सप्त + म | सप्तम |
| | दश + म | दशम |
| | मध्य + म | मध्यम |
| | अध + म | अधम |
| इक | दिन + इक | दैनिक |
| | योग + इक | यौगिक |
| | शिक्षा + इक | शैक्षिक |
| | मास + इक | मासिक |
| | नीति + इक | नैतिक |
| | न्याय + इक | न्यायिक |
| | मास + इक | मासिक |

| | | |
|---|---|---|
| ईन | कुल + ईन | कुलीन |
| | ग्राम + ईन | ग्रामीण |
| | नव + ईन | नवीन |
| | प्राच् + ईन | प्राचीन |
| इम | अन्तः + इम | अन्तरिम |
| | अग्र + इम | अग्रिम |
| | पश्च + इम | पश्चिम |
| | रक्त + इम | रक्तिम |
| | स्वर्ण + इम | स्वर्णिम |
| इमा | गुरु + इमा | गरिमा |
| | महत् + इमा | महिमा |
| | मधुर + इमा | मधुरिमा |
| ईय | दानव + ईय | दानवीय |
| | भवत् + ईय | भवदीय |
| | मानव + ईय | मानवीय |
| | दिवस + ईय | दिवसीय |
| | वर्ग + ईय | वर्गीय |
| | स्वर्ग + ईय | स्वर्गीय |
| तर | गुरु + तर | गुरुतर |
| | श्रेष्ठ + तर | श्रेष्ठतर |
| | प्रिय + तर | प्रियतर |
| | उत् + तर | उत्तर |
| तम | श्रेष्ठ + तम | श्रेष्ठतम |
| | प्रिय + तम | प्रियतम |
| | लघु + तम | लघुतम |
| | महत् + तम | महत्तम |
| | नवीन + तम | नवीनतम |
| मय | वाक् + मय | वाङ्मय |
| | सुख + मय | सुखमय |
| | दुः ख + मय | दुःखमय |
| | मङ्गल + मय | मङ्गलमय |
| | स्वर्ण + मय | स्वर्णमय |

| | | |
|---|---|---|
| मान् | मति+ मान्<br>बुद्धि + मान्<br>आयुष + मान्<br>श्री + मान्<br>गति + मान् | मतिमान्<br>बुद्धिमान्<br>आयुष्मान्<br>श्रीमान्<br>गतिमान् |
| वान् | दया + वान्<br>गुण + वान्<br>चरित्र + वान्<br>धन + वान्<br>बल + वान् | दयावान्<br>गुणवान्<br>चरित्रवान्<br>धनवान्<br>बलवान् |
| वत् | पुत्र + वत्<br>यथा + वत्<br>मातृ + वत्<br>स्नेह + वत्<br>पूर्व + वत् | पुत्रवत्<br>यथावत्<br>मातृवत्<br>स्नेहवत्<br>पूर्ववत् |
| वी | ओजः + वी<br>तेजः + वी<br>यशः + वी<br>तपः + वी<br>मेधाः + वी | ओजस्वी<br>तेजस्वी<br>यशस्वी<br>तपस्वी<br>मेधावी |
| शः | अक्षर + शः<br>क्रम + शः<br>शत + शः | अक्षरशः<br>क्रमशः<br>शतशः |

| | | |
|---|---|---|
| आ | काख + आ<br>भाक् + आ<br>खात + आ<br>छर् + आ<br>आड + आ<br>चाल + आ | काखा<br>भाका<br>खाता<br>छर्रा<br>आडा<br>चाला |
| आडी | गफ + आडी<br>जुवा + आडी<br>खेल् + आडी | गफाडी<br>जुवाडी<br>खेलाडी |

| | | |
|---|---|---|
| आइँ | काज + आइँ<br>मूर्ख + आइँ<br>फाटो + आइँ<br>दुष्ट + आइँ | कजाइँ<br>मूर्खाइँ<br>फटाइँ<br>दुष्टाइँ |
| याइँ | फाटो + याइँ<br>कुप्रो + याइँ<br>गुन्डो + याइँ<br>छुच्चो + याइँ<br>चतुर + याइँ<br>दुष्ट + याइँ<br>पुष्ट + याइँ<br>पुरेत + याइँ | फट्याइँ<br>कुप्र्याइँ<br>गुन्ड्याइँ<br>छुच्याइँ<br>चतुर्‍याइँ<br>दुष्टयाइँ<br>पुष्ट्याइँ<br>पुरेत्याइँ |
| आइ | काम + आइ<br>पर + आइ<br>गोल + आइ<br>काम + आइ<br>चौडो + आइ<br>अग्लो + आइ<br>लामो + आइ | कमाइ<br>पराइ<br>गोलाइ<br>कमाइ<br>चौडाइ<br>अग्लाइ<br>लमाइ |
| औरो | कुन + औरो<br>धुप + औरो<br>मुसो + औरो<br>निद + औरो<br>थुन + औरो | कुनौरो<br>धुपौरो<br>मुसौरो<br>निदौरो<br>थुनौरो |
| अरी | को + अरी<br>यो + अरी<br>त्यो + अरी | कसरी<br>यसरी<br>त्यसरी |
| आहा | कल + आहा<br>घुस + आहा<br>रिस + आहा<br>अलच्छिन + आहा<br>ठग + आहा<br>फाटो + आहा<br>जाँड + आहा | कल्याहा<br>घुस्याहा<br>रिसाहा<br>अलच्छिना<br>ठगाहा<br>फटाहा<br>जँड्याहा |

| | | |
|---|---|---|
| इया | खाट + इया<br>हाट + इया<br>थाल + इया<br>सहर + इया<br>घाँस + इया<br>भारी + इया<br>झगडा + इया | खटिया<br>हटिया<br>थलिया<br>सहरिया<br>घँसिया<br>भरिया<br>झगडिया |
| इलो | गुन+ इलो<br>खाद् + इलो<br>धार + इलो<br>चम्क + इलो<br>रस + इलो<br>नुन + इलो<br>चहक + इलो<br>पोष + इलो | गुनिलो<br>खँदिलो<br>धारिलो<br>चम्किलो<br>रसिलो<br>नुनिलो<br>चहकिलो<br>पोसिलो |
| एरो | पानी + एरो<br><br>पाखो + एरो<br>पात + एरो<br>साँप + एरो<br>बच्चो + एरो | पानेरो /<br>पधेँरो<br>पखेरो<br>पतेरो<br>सपेरो<br>बचेरो |
| एटो | चक्र + एटो<br>कुनो + एटो<br>खर + एटो<br>खुर्पा + एटो<br>गोडा + एटो<br>गाग्रो + एटो | चक्रेटो<br>कुनेटो<br>खरेटो<br>खुर्पेटो<br>गोरेटो<br>गग्रेटो |
| ई | आँट + ई<br>साहस + ई<br>पारख + ई<br>नेपाल + ई<br>हिमाल + ई<br>चटक + ई<br>चाकर + ई<br>जापान + ई<br>इमान्दार + ई | आँटी<br>साहसी<br>पारखी<br>नेपाली<br>हिमाली<br>चटकी<br>चाकरी<br>जापानी<br>इमानदारी |

| | | |
|---|---|---|
| ए | पाखो + ए<br>डोको + ए<br>ढोका + ए<br>खोला + ए<br>दूध + ए<br>काप + ए<br>राँको + ए | पाखे<br>डोके<br>ढोके<br>खोले<br>दूधे<br>कापे<br>राँके |
| एनि /<br>एनी | वर्ष + एनि<br>भोट + एनी<br>सुर्को + एनी<br>दाउरे + एनी<br><br>लाहुर + एनी | वर्सेनि<br>भोटेनी<br>सुर्केनी<br>दाउरेनी /<br>दाउरिनी<br>लाहुरेनी |
| ओ | लेख् + ओ<br>भोक् + ओ<br>जाल + ओ<br>ज्वर + ओ<br>फाट + ओ | लेखो<br>भोको<br>जालो<br>ज्वरो<br>फाटो |
| औतो | खाग + औतो<br>अर्घ + औतो | खगौतो<br>अर्घौतो |
| औटो | आलो + औटो<br>चन्दन + औटो<br>शिला + औटो<br>बालुवा + औटो<br>धुलो + औटो<br>जिलो + औटो | अलौटो<br>चनौटो<br>सिलौटो<br>बलौटो<br>धुलौटो<br>जिलौटो |
| एली | पूर्व + एली<br>जुरो + एली<br>जुन + एली<br>पश्चिम + एली<br>डोटी + एली | पूर्वेली<br>जुरेली<br>जुनेली<br>पश्चिमेली<br>डोटेली |

| | | |
|---|---|---|
| ली | जुम्ला + ली<br>पाल्पा + ली<br>झापा + ली<br>गोरखा + ली<br>स्याङ्जा + ली | जुम्ली<br>पाल्पाली<br>झापाली<br>गोरखाली<br>स्याङ्जाली |

| | | |
|---|---|---|
| ले | भादगाउँ + ले<br>साँखु + ले<br>ठिमी + ले | भादगाउँले<br>साँखुले<br>ठिमीले |
| ची | नगरा + ची<br>तबला + ची<br>खजाना + ची | नगर्ची<br>तबल्ची<br>खजान्ची |



## अभ्यास

१. **उपसर्ग केलाई भनिन्छ ?**

२. **प्रत्यय केलाई भनिन्छ ?**

३. **उपसर्ग र प्रत्ययमा के फरक छ ?**

| | | | | | | |
|---|---|---|---|---|---|---|
| प्र | सम् | परा | सम् | निस् | दुर् | अधि |
| उप | अति | प्रति | बद | सु | अति | उप |

४. **तल दिइएका शब्दको बनोट देखाउनुहोस् :**

| | | | |
|---|---|---|---|
| विकीरण | = | अनुकरण | = |
| आकर्षण | = | अधिकार | = |
| निराधार | = | बचत | = |
| नकाम | = | संहार | = |
| दुर्दशा | = | पराक्रम | = |
| आकार | = | नालायक | = |

५. **तलका प्रत्ययहरू लगाई दुईदुईओटा शब्दनिर्माण गर्नुहोस् :**

इलो, आन, औली, इत, अनी, आहा, ली, अन्ते, अनी, आरो, उवा, इलो, ना, अडी, आलु, ईय, इयार, अन, अन्त, अक्कड, तव्य, ता, इया

६. **तल दिइएका शब्दहरूको बनोट देखाउनुहोस् :**

कथित, सूचित, डुलुवा, माननीय, गायक, कजाइँ, थुनुवा, खाता, चिरान, कटौती, खेतालो, छेस्केनी, मायालु, बोलक्कड, बनेपाली, होसियार, भलाइ, कृपालु, अन्तिम, केन्द्रीय, जुनेली, गफाडी

## परियोजना कार्य

१. **तलका उपसर्गहरू प्रयोग गरी दुईदुईओटा शब्दनिर्माण गर्नुहोस् :**

प्र, सम्, निस्, दुर्, अधि, उप, सु, अति, प्रति, अ

२. **तल दिइएका शब्दको बनोट देखाउनुहोस् :**

कुकर्म = कु + कर्म

निर्देशक =

पराजय =

प्रतिनिधि =

अवकास =

नालायक =

विकिरण =

अनुकरण =

आकर्षण =

अधिकार =

सुवास =

उच्चारण =

३. **तलका प्रत्ययहरू लगाई दुईदुईओटा शब्दनिर्माण गर्नुहोस् :**

आइ, अन्ते, ई, अनी, आरो, अक्कड, आलु, उवा, इलो, ना, अडी, आहा, इया, ई, ए, एनी, औटे, वाल, ली

४. **तल दिइएका शब्दहरूको बनोट देखाउनुहोस् :**

कजाइँ, थुनुवा, खाता, चिरान, कटौती, खेतालो, छेस्केनी, मायालु, बोलक्कड, छली ठगाहा, कचौरा, पन्यालो, घोकन्ते, हँसिलो

एकाइ
१५

# समास प्रक्रियाद्वारा शब्दनिर्माण

## १. पढ्नुहोस् र बुझ्नुहोस् :

| विग्रह | | समस्त शब्द |
|---|---|---|
| हिजो र आज | = | हिजोआज |
| दाजु र भाइ | = | दाजुभाइ |
| दुई बाटाको समूह | = | दोबाटो |

माथिको उदाहरणमा हिजो आज, दाजु र भाइ, दुई बाटाको समूह विग्रहका स्वरूप हुन् भने तिनबाट बनेका हिजोआज, दाजुभाइ, दोबाटो समस्त शब्द हुन् ।

दुई वा दुईभन्दा बढी शब्द मिली एउटै शब्द बन्ने प्रक्रियालाई समास भनिन्छ । समास भनेको शब्दहरूको मेल हो । समास भई बनेका शब्दलाई समस्त शब्द भनिन्छ । भिन्न भिन्न वर्गका शब्दको मेल भए पनि ती एकअर्कोमा सम्बन्धित रहेका हुन्छन् ।

समास भएका शब्दहरूलाई दुई वा दुईभन्दा बढी शब्दको निर्माण प्रक्रियाबाट छुट्याएर देखाउनुलाई विग्रह भनिन्छ । दुई वा सोभन्दा बढी शब्द मिली बनेका समस्त शब्दको समास नभएको अवस्था विग्रह हो भने तिनको मिलनप्रक्रिया समास हो ।

## २. समासका प्रकार

शब्दनिर्माण गर्ने प्रक्रियाका आधारमा वा विग्रहको भिन्नताका आधारमा नेपाली भाषामा समास छ प्रकारका छन् :

समास

- (क) तत्पुरुष समास
- (ख) कर्मधारय समास
- (ग) अव्ययीभाव समास
- (घ) द्वन्द्व समास
- (ङ) द्विगु समास
- (च) बहुब्रीहि समास

## (क) तत्पुरुष समास

दुई शब्दका बिचको द्वितीया, तृतीया, चर्तुर्थी, पञ्चमी, षष्ठी र सप्तमी विभक्तिका चिह्न लोप भई एउटै शब्द बन्ने प्रक्रियालाई तत्पुरुष समास भनिन्छ । तत्पुरुष समास प्रक्रियामा पछिल्लो शब्दको अर्थ प्रधान रहन्छ । जस्तै :

### द्वितीया पुरुष ('लाई' प्रत्ययको लोप हुने)

| | |
|---|---|
| घरलाई भाँड्ने | = घरभँड्वा |
| भाइलाई पिर्ने | = भाइपिराहा |
| प्राणलाई दण्ड | = प्राणदण्ड |
| बगलीलाई मारा | = बगलीमारा |
| कामलाई चोर | = कामचोर |

### तृतीया पुरुषः ('ले' प्रत्ययको लोप हुने)

| | |
|---|---|
| रोगले ग्रस्त | = रोगग्रस्त |
| धनले हीन | = धनहीन |
| अर्थले उपचार | = अर्थोपचार |
| भाग्यले हीन | = भाग्यहीन |
| नदीले काटिएको | = नदीकाट |

### चतुर्थी ('लाई', 'लागि', 'निम्ति' प्रत्यय लोप हुने)

| | |
|---|---|
| अध्ययनलाई पत्र | = अध्ययनपत्र |
| समाजका निम्ति सेवा | = समाजसेवा |
| बाटालाई खर्च | = बाटाखर्च |
| कामलाई लायक | = कामलायक |
| पूजालाई कोठा | = पूजाकोठा |

### पञ्चमी विभक्ति ('देखि', 'बाट', विभक्ति प्रत्ययको लोप हुने)

| | |
|---|---|
| देशबाट निकाला | = देशनिकाला |
| सेवाबाट मुक्त | = सेवामुक्त |
| आत्मादेखि विश्वास | = आत्मविश्वास |
| पापबाट मुक्त | = पापमुक्त |
| जन्मदेखि रोगी | = जन्मरोगी |

**षष्ठी विभक्ति (को, का, की लोप हुने)**

| | | |
|---|---|---|
| अर्थको शास्त्री | = | अर्थशास्त्री |
| इन्द्रको ध्वज | = | इन्द्रध्वज |
| वनको पाले | = | वनपाले |
| जग्गाको धनी | = | जग्गाधनी |
| रूपकी रानी | = | रूपरानी |

**सप्तमी ('मा' प्रत्ययको लोप)**

| | | |
|---|---|---|
| वनमा वास | = | वनवास |
| स्नायुको पीडा | = | स्नायुपीडा |
| दयामा वीर | = | दयावीर |
| प्रेममा मग्न | = | प्रेममग्न |

## (ख) कर्मधारय समास

नाम र नाम, विशेषण र विशेषण, विशेषण र नाम, शब्दका बिच मेल भई एउटै शब्द बन्ने प्रक्रियालाई कर्मधारय समास भनिन्छ । यस समास प्रक्रियामा पनि पछिल्लो शब्दको अर्थ प्रधान हुन्छ ।

**जस्तै :**

नाम + नाम

| | | |
|---|---|---|
| भानिज + दाइ | = | भान्दाइ |
| अणु + बम | = | अणुबम |
| गुरु + आमा | = | गुरुआमा |
| मामा + माइजु | = | मामामाइजू |
| मामा + ससुरा | = | मामाससुरा |

विशेषण + विशेषण

| | | |
|---|---|---|
| रातो + पिरो | = | रातोपिरो |
| श्याम + सुन्दर | = | श्यामसुन्दर |
| निलो + कालो | = | निलोकालो |
| शीत + उष्ण | = | शीतोष्ण |
| हर्ता + कर्ता | = | हर्ताकर्ता |
| बूढो + पाको | = | बूढोपाको |

विशेषण + नाम

| | |
|---|---|
| निलो + कमल | = नीलकमल |
| कालो + पोको | = कालोपोको |
| बोके + झार | = बोकेझार |
| हरेक + घडी | = हरघडी |
| कान्छो + भाइ | = कान्छोभाइ |
| हरेक + दिन | = हरदिन |
| महान् + गुरु | = महागुरु |

## ग) अव्ययीभाव समास

अव्यय र अव्यय शब्द, अव्यय र विकारी शब्द, विकारी र अव्यय शब्द तथा विकारी र विकारी शब्द मिलेर अव्यय शब्द बन्ने प्रक्रियालाई अव्ययीभाव समास भनिन्छ । यस समास प्रक्रियामा पछिल्लो शब्दको अर्थ प्रधान हुन्छ । जस्तै :

अव्यय + अव्यय

| | |
|---|---|
| वरि + परि | = वरिपरि |
| तल + तिर | = तल्तिर |
| जहिले + तहिले | = जहिलेतहिले |
| पोहोर + परार | = पोहोरपरार |
| भित्र + बाहिर | = भित्रबाहिर |
| अघि + पछि | = अघिपछि |

अव्यय + नाम

| | |
|---|---|
| हरेक + बखत | = हरबखत |
| प्रत्येक + वर्ष | = प्रतिवर्ष |
| हरेक + घडी | = हरघडी |
| पारि + डाँडा | = पारिडाँडा |
| प्रति + घर | = प्रतिघर |

नाम + नाम

| | |
|---|---|
| दिन + दिन | = दिनदिनै |
| जय + नेपाल | = जयनेपाल |
| साँझ + बिहान | = साँझबिहान |
| आकाश + पाताल | = आकाशपाताल |

## (घ) द्वन्द्व समास

दुई वा दुईभन्दा बढी समान महत्त्व भएका शब्द मिली एउटै शब्द बन्ने प्रक्रियालाई द्वन्द समास भनिन्छ । यस समास प्रक्रियामा अघिल्लो र पछिल्लो दुवै शब्द र अर्थ प्रधान हुन्छ । यसमा र, वा, पनि, अनि, तथा, अथवा आदि संयोजक लोप हुन्छ । जस्तै :

| | |
|---|---|
| देव र दानव | = देवदानव |
| पान र सुपारी | = पानसुपारी |
| सुख र दुःख | = सुखदुःख |
| नाफा र नोक्सान | = नाफानोक्सान |
| उकालो र ओरालो | = उकालोओरालो |
| वन र वाटिका | = वनवाटिका |
| पाप + पुण्य | = पापपुण्य |
| हात पनि खुट्टा पनि | = हातखुट्टा |
| तन, मन र धन | = तनमनधन |

## (ङ) द्विगु समास

निश्चित सङ्ख्यावाचक विशेषण शब्द र समूहलाई बुझाउने नाम शब्दको बिच मेल भई एउटै शब्द बन्ने प्रक्रियालाई द्विगु समास भनिन्छ ।

यस समास प्रक्रियामा पछिल्लो शब्दको अर्थ प्रधान हुन्छ । यसबाट निर्मित शब्द समूहबोधक हुन्छ । जस्तै :

| | |
|---|---|
| दुई बाटोको समूह | = दोबाटो |
| तीन रत्नको समूह | = त्रिरत्न |
| चार वेदको समूह | = चतुर्वेद |
| पाँच अमृतको समूह | = पञ्चामृत |
| छ कोणको समूह | = षट्कोण |
| छ यन्त्रको समूह | = षड्यन्त्र |
| नौ ग्रहको समूह | = नवग्रह |
| नौ रसको समूह | = नवरस |
| दश कर्मको समूह | = दसकर्म |
| आठ आनाको समूह | = आठाना |
| सात दोबाटोको समूह | = सातदोवाटो |
| सात गण्डकीको समूह | = सप्तगण्डकी |

### (च) बहुब्रीहि समास

दुई वा दुईभन्दा बढी शब्दका बिच मेल भई विशिष्ट अर्थ दिने अर्कै शब्द बन्ने प्रक्रियालाई बहुब्रीहि समास भनिन्छ । यस समास प्रक्रियामा अघिल्लो वा पछिल्लो शब्द वा अर्थ प्रधान नभएर अन्य शब्द र अर्थ प्रधान हुन्छ । यसको समस्त शब्दले दिने अर्थ रूढ हुन्छ र यसले छुट्टै कुरालाई सङ्केत गर्छ । बहुब्रीहि समासमा विभाजन गर्न सकिन्छ :

#### (अ) सम्बन्धार्थी

| | |
|---|---|
| सय पत्र छन् जसका | = सयपत्री |
| हावामा उड्ने जहाज | = हवाईजहाज |
| लामा कान भएको | = लामकाने |
| पीत अम्बर छ जसको | = पीताम्बर |
| सय पत्र छन् जसका | = सयपत्री |
| राष्ट्रको निर्माण गर्ने | = राष्ट्रनिर्माता |
| लामा खुट्टा छन् जसका | = लामखुट्टे |

#### (आ) उपमार्थी

| | |
|---|---|
| चन्द्रजस्तो मुख भएकी | = चन्द्रमुखी |
| हात्तीको जस्तो पाइला भएको | = हात्तीपाइले |
| कुकुरको जस्तो पुच्छर भएको | = कुकुरपुच्छ्रे |
| कागको जस्तो चुच्चो भएको | = कागचुच्चे |
| कोदालीको जस्तो पाता भएको | = कोदालीपाते |
| माखा जस्तो बुट्टा भएको | = मखिबुट्टे |
| चराको जस्तो चुच्चो भएको | = चरिचुच्चे |
| बाघको जस्तो जुँगा भएको | = बाघजुँगे |

#### (इ) परिमाणार्थी

| | |
|---|---|
| चार कुना भएको | = चौकुने |
| दश गज चौडाइ भएको | = दशगजा |
| डेड फुट परिमाण भएको | = डेढफुटे |
| दुई चुल्ठो भएको | = दुईचुल्ठे |
| चार कोश लम्बाइ भएको | = चारकोसे |

### (ई) निषेधार्थी

| | | |
|---|---|---|
| रस नभएको | = | निरस |
| दोष नभएको | = | निर्दोष |
| दाना नभएको | = | बेदाना |
| लाज नभएको | = | निर्लज्ज |
| मुख नभएको | = | निमुखो |
| कसुर नभएको | = | बेकसुर |



## अभ्यास

१. **समास भनेको के हो ?**

२. **समास कति प्रकारका हुन्छन् ? सोदाहरण चिनाउनुहोस् ।**

३. **तलका समस्त शब्दहरूलाई विग्रह गरी देखाउनुहोस् :**

त्रिनेत्र, दोबाटो, चतुर्भुज, षड्यन्त्र, दशकर्म, पापपुण्य, सानिमा, जेठोबाठो, रातोपिरो, चरणकमल, नवरत्न, सातघुम्ती, चौबाटो, गहुँगोरो, भान्दाइ, लामखुट्टे, बेकसुर, बाघचाल, बेस्वाद, पूजाकोठा, वनवास, कालोनिलो, चरणकमल

४. **तलका विग्रहलाई समास गर्नुहोस् :**

प्राणलाई दण्ड, अनुभवले हीन, नदीले काटिएको, पितृलाई तर्पण, बाटालाई खर्च, घरलाई खर्च, अनुमतिका लागि पत्र, दुई जिब्रा हुने, दाना नभएको, पानको जस्तो बुट्टा छ जसमा, मूल्य नभएको, तीन घुम्तीको समूह, वनको पाले, जग्गाको धनी, लाखको पति, वनमा वास, मार्गमा अवरोध, तल तिर, गुरु आमा, कालो निलो, वनलाई मारा

५. **तल दिइएको कथामा समस्त शब्दहरू पहिल्याएर कापीमा टिपोट गर्नुहोस्, अनि कक्षामा छलफल गर्नुहोस् :**

## अतिथि देवो भव

धेरै पुरानो घटना हो । ईश्वरचन्द्र विद्यासागर कुनै समय कलकत्ता नजिक एउटा ठाउँमा नोकरी गर्दथे ।

एकदिन राति ज्यादै ठुलो वर्षा भइरहेको थियो । विद्यासागर घरको ढोका लगाएर भित्र बसिरहेका थिए । यतिकैमा कसैले ढोका ढक्ढकायो । विद्यासागरले उठेर ढोका खोले । पानीमा पूरै भिजेर एउटा मानिस लुगलुग काँपिरहेको देखे । उनले भनेः भित्र आउनुहोस् । प्रेमपूर्ण शब्दहरू सुनेर त्यो मान्छेका आँखाहरू रसाए । ऊ भित्र आएर बस्यो ।

अतिथिले अवरुद्ध कण्ठले भन्यो: म तपाईंको छिमेकमा धेरै घरहरूमा गएँ, कसैले पनि बस्ने ठाउँ दिएनन् । यतैतिर मेरो एकजना मित्र थिए, उनी पनि कतै गएका रहेछन् । तपाईंले ममाथि ठुलो उपकार गर्नुभयो ।

विद्यासागरले भने: उपकार ? कस्तो उपकार ? मैले त आफ्नो कर्तव्य पालन गरेको हुँ । अभ्यागतको सत्कार गर्नु हाम्रो परम कर्तव्य हो, परम धर्म हो । यसलै हाम्रो भनाइ नै छ अतिथि देवो भवः , अतिथि देवता हुन् । त्यसपछि उनले त्यो मानिसको कपडा खोल्न लगाए र नयाँ कपडा लगाउन दिए । जाडोले गर्दा उनी थर्थर काँपिरहेका थिए । उनले अगेनामा आगो बालिदिए र खाना बनाउन पर्दैन भन्दाभन्दै उनले भोजनको प्रबन्ध गरे ।

त्यो अपरिचित अतिथिले आनन्दसँग त्यो घरमा बिताएको रातको सम्झना उसको जीवनमा सदा रहिरह्यो । सबेरै उठेर जब ऊ जान थाल्यो ऊ कृतज्ञताले भरिएको थियो । बडो मुश्किलले उसले मुख खोल्यो र भन्यो: तपाईँ मानिस होइन देवता हो ।

(सन्तनुप्रताप राणा, नैतिक ज्ञानमालाबाट साभार)

## परियोजना कार्य

१. **तलका समस्त शब्दहरूलाई विग्रह गरी देखाउनुहोस् :**

दोबाटो, चतुर्भुज, षड्यन्त्र, दशकर्म हातखुट्टा, पापपुण्य, नाफा नोक्सान, देवदानव, चन्द्रमुखी, चरिचुच्चे, नकटो, लामकाने दशगजा, निर्लज्ज, बेकसुर, नौतले, हिजोआज, हर दिन, पानबुट्टा, दिनरात, तल्तिर, हरबखत, प्रतिवर्ष, यस्तोउस्तो, साँझ बिहान, वनमान्छे, घर भँडुवा, कामचोर, रोगग्रस्त, नदी कटान, भूकम्प पीडित, पूजा कोठा वनवास, कालो निलो, चरण कमल, पुत्ररत्न, त्रिनेत्र

२. **तलका विग्रहलाई समास गर्नुहोस् :**

अनुमतिका लागि पत्र, देवताको सभा, वनको पाले, जग्गाको धनी लाखको पति, वनमा वास, मार्गमा अवरोध, तल तिर, गुरु आमा, कालो निलो, दाना, वनलाई मारा, प्राणलाई दण्ड, अनुभवले हीन, नदीले काटिएको, पितृलाई तर्पण, बाटालाई खर्च, घरलाई खर्च

एकाइ

१८

# द्वित्व प्रक्रियाद्वारा शब्दनिर्माण

## १. पढ्नुहोस् र बुझ्नुहोस् :

कुनै शब्द दोहोरिएर वा डब्लिएर अर्को शब्द बन्ने प्रक्रियालाई द्वित्व भनिन्छ । वर्ण, अक्षर समूह वा शब्दको पुनरावृत्ति हुने वा कहिले काहीँ ध्वनि समेत परिवर्तन भई शब्दको आवृत्तिबाट शब्दनिर्माण गर्ने प्रक्रिया द्वित्व हो । द्वित्वबाट बनेका शब्दलाई द्विरुक्त शब्द भनिन्छ । द्वित्व नाम, सर्वनाम, विशेषण, अव्यय र क्रियापद सबैको हुन्छ । जस्तो :

| | | | |
|---|---|---|---|
| (क) | नामको द्वित्व | – मान्छे + मान्छे | = मान्छेमान्छे |
| (ख) | सर्वनामको द्वित्व | – तिमी + तिमी | = तिमीतिमी |
| (ग) | विशेषणको द्वित्व | – कालो + कालो | = कालोकालो |
| (घ) | अव्ययको द्वित्व | – पछि + पछि | = पछिपछि |
| (ङ) | क्रियापदको द्वित्व | – पद + पद | = पदपद |

## २ द्वित्वका प्रकार

द्वित्व हुँदा कुनै शब्द पूरै आवृत्ति हुन्छ कुनै शब्दको आधा मात्र आवृत्ति हुन्छ भने कुनै शब्दको चाहिँ ध्वनि परिवर्तन भई तेस्रो रूप निर्माण हुन्छ । यिनै प्रक्रियाका आधारमा द्वित्व तीन प्रकारका हुन्छन् :

### (अ) पूर्ण द्वित्व (शब्द पूरै आवृत्ति हुने)

कुनै शब्द पूरै वा जस्ताको तस्तै दोहोरिएर अर्को शब्द बन्ने प्रक्रियालाई पूर्ण द्वित्व भनिन्छ । जस्तै :

माथि + माथि = माथिमाथि
रातो + रातो = रातोरातो
नयाँ + नयाँ = नयाँनयाँ
लामा + लामा = लामालामा
तातो + तातो = तातोतातो
बार + बार = बारबार
मन + मन = मनमन

| | | |
|---|---|---|
| घर + घर | = | घरघर |
| वन + वन | = | वनवन |
| गाउँ + गाउँ | = | गाउँगाउँ |
| खेत + खेत | = | खेतखेत |
| हुन्छ + हुन्छ | = | हुन्छहुन्छ |
| जो + जो | = | जोजो |

## (आ) आंशिक द्वित्व (शब्दको आधा अंश मात्र आवृत्ति)

शब्दको पूरै अंश नभई कुनै अंश मात्र दोहोरिएर अर्को शब्द बन्ने प्रक्रियालाई आंशिक द्वित्व भनिन्छ । जस्तै :

| | | |
|---|---|---|
| आफ्नो + आफ्नो | = | आआफ्नो |
| झगडा + झगडा | = | झैँझगडा |
| सापट + सापट | = | सर्सापट |
| फर + फर | = | फरर |
| झल्को + झल्को | = | झझल्को |
| घडेरी + घडेरी | = | घरघडेरी |
| सर + सर | = | सरर |
| गहना + गहना | = | गर्गहना |
| सानो + सानो | = | ससानो |
| कसको + कसको | = | ककसको |
| मसला + मसला | = | मर्मसला |

## (इ) अपरिवर्तित द्वित्व (ध्वनि परिवर्तन भई नयाँ शब्द बन्ने)

कुनै शब्द दोहोरिएर अर्को शब्द बन्दा कुनै ध्वनिमा परिवर्तन हुन्छ भने त्यस्तो प्रक्रियालाई अपरिवर्तित द्वित्व भनिन्छ । जस्तै :

| | | |
|---|---|---|
| काट + काट | = | काटकुट |
| दोहोरो + दोहोरो | = | ओहोर दोहोर |
| भात + भात | = | भातसात |
| कान + कान | = | कानसान |
| चोर + चोर | = | चोरसोर |
| केर + केर | = | केरकार |

| | | |
|---|---|---|
| सोध + सोध | = | सोधखोज |
| बानी + बानी | = | आनीबानी |
| टाल + टाल | = | टालटुल |
| पालो + पालो | = | आलोपालो |
| चाल + चाल | = | चालढाल |



## अभ्यास

१. द्वित्व भनेको के हो ?

२. द्वित्व कति प्रकारका हुन्छन् ? उदाहरणबाट प्रस्ट पार्नुहोस् ।

३. तलका शब्दहरूको द्वित्व गर्नुहोस् :

घाम, कसको, पानी, काट, बानी, काट, मन, सापट, कापी, चोर, काट्, झल्को, झगडा, सर, तल, राता, लामो, चाल, पालो, काम, बार, पाहुना, खेत, सानो, कल, झल्को

४. तलका शब्दको बनोट देखाई द्वित्वका प्रकार सहित लेख्नुहोस् :

सलल, आलोपालो, टिपनटिपन, पानीसानी, भुटभाट, ककसको, सुनसुन, गर्गहना, तलतल, जजसको, झैझगडा, आआफ्नो, भातसात, दालसाल, माडमुड, लुटलाट

५. पाँच अनुच्छेदमा आंशिक द्वित्वका शब्द पर्ने गरी आफ्नो विद्यालयको वर्णन गर्नुहोस् ।

## परियोजना कार्य

१. तलका शब्दहरूको द्वित्व गर्नुहोस् :

झगडा, सर, तल, राता, लामो, चाल पालो, काम, बार, आफ्नो, टाल, लेख, तयार, कल, कसको, घडेरी, गहना, बानी, काट, मन, सापट, कापी, चोर, काट्, झल्को

२. तलका शब्दको बनोट देखाई द्वित्वका प्रकार सहित लेख्नुहोस् :

तातोतातो, अलिअलि, नयाँनयाँ, लामोलामो माडमुड, गोदगाद, टिपनटापन, आनीबानी, चालढाल, भुटभाट, ससाना, झैझगडा, कामसाम, गरगहना, फरर, आ–आफ्नो

एकाइ
१७

# सन्धि र प्रक्रियाद्वारा शब्दनिर्माण

## १. पढ्नुहोस् र बुझ्नुहोस् :

सन्धि भनेको ध्वनिको मेल हो । दुई शब्दमा रहेका स्वर र व्यञ्जन आदिलाई मिलाएर एउटै शब्द बनाउने कार्यलाई सन्धि भनिन्छ । सन्धि हुँदा अघिल्लो शब्दको पछिल्लो ध्वनि र पछिल्लो शब्दको अघिल्लो ध्वनिका बिच मेल भई ध्वनिमा परिवर्तन वा विकार आउँछ । जस्तै :

सुर + इन्द्र = सुरेन्द्र (अ+इ = ए)

अप + अङ्ग = अपाङ्ग (अ+अ = आ)

गिरि + ईश = गिरीश (इ+ई = ई)

## २ सन्धिका प्रकार

संस्कृत व्याकरणका अनुसार सन्धि मूलतः तीन प्रकारका छन् :

(क) स्वर सन्धि

(ख) व्यञ्जन सन्धि

(ग) विसर्ग सन्धि

### (क) स्वर सन्धि

दुई स्वर वर्णका बिच मेल भई अर्को स्वरवर्ण बन्ने प्रक्रियालाई स्वर सन्धि भनिन्छ । जस्तै :

| | | | |
|---|---|---|---|
| देव + इन्द्र | = देवेन्द्र | लोको + उक्ति | = लोकोक्ति |
| प्रति + उत्तर | = प्रत्युत्तर | गै + अक | = गायक |
| सु + आगत | = स्वागत | महा + ऋषि | = महर्षि |
| चन्द्र + उदय | = चन्द्रोदय | हिम + आलय | = हिमालय |
| देश + उन्नति | = देशोन्नति | नै + अन | = नयन |
| पू + अन | = पावन | मत + ऐक्य | = मतैक्य |

| | | | |
|---|---|---|---|
| भानु + उदय | = भानूदय | पो + इत्र | = पवित्र |
| महा + इन्द्र | = महेन्द्र | इति + आदि | = इत्यादि |
| हिम + आलय | = हिमालय | प्रति + इच्छा | = प्रतीक्षा |
| नारी + ईश्वर | = नारीश्वर | | |

### (ख) व्यञ्जन सन्धि

व्यञ्जन र व्यञ्जन ध्वनिका बिच तथा व्यञ्जन र स्वरका बिच मेल भई व्यञ्जन नै बन्ने सन्धिलाई व्यञ्जन सन्धि भनिन्छ । व्यञ्जन सन्धिमा ध्वनिको परिवर्तन प्रायः पछिल्लो शब्दको अघिल्लो व्यञ्जन वा स्वरका आधारमा हुन्छ । जस्तै :

| | | | |
|---|---|---|---|
| सम् + हार | = संहार | उत् + लास | = उल्लास |
| अनु + छेद | = अनुच्छेद | अच् + अन्त | = अजन्त |
| सम् + तान | = सन्तान | किम् + चित | = किञ्चित |
| जगत् + नाथ | = जगन्नाथ | सत् + उपयोग | = सदुपयोग |
| जगत् + ईश्वर | = जगदीश्वर | परि + छेद | = परिच्छेद |
| एक + छत्र | = एकछत्र | सम् + गम | = सङ्गम |
| उद् + गम | = उद्गम | दिक् + अम्बर | = दिगम्बर |

### (ग) विसर्ग सन्धि

विसर्गसँग स्वर वा व्यञ्जन मिल्दा हुने रूप परिवर्तनलाई विसर्ग सन्धि भनिन्छ । विसर्ग सन्धि हुँदा बिचको विसर्ग (:) पद लोप हुन्छ । जस्तै :

| | | | |
|---|---|---|---|
| निः + जन | = निर्जन | मनः + रथ | = मनोरथ |
| निः + स्वार्थ | = निस्वार्थ | निः + चय | = निश्चय |
| वयः + वृद्ध | = वयोवृद्ध | अन्ततः + गत्वा | = अन्ततोगत्वा |
| निः + काम | = निष्काम | निः + कपट | = निष्कपट |
| नि : + गुण | = निर्गुण | दु : + गन्ध | = दुर्गन्ध |
| पुनः + जन्म | = पुनर्जन्म | पुनः + उक्ति | = पुनरूक्ति |
| दुः + आशा | = दुराशा | निः + प्रयोजन | = निष्प्रयोजन |
| निः + फल | = निष्फल | अधः + गति | = अधोगति |
| मनः + हार | = मनोहर | तेजः + मय | = तेजोमय |
| मनः + रञ्जन | = मनोरञ्जन | अधः + पतन | = अधोपतन |



## अभ्यास

१. **सन्धि भनेको के हो ?**

२. **सन्धिलाई कति भागमा विभाजन गर्न सकिन्छ ? उदाहरणद्वारा प्रस्ट पार्नुहोस् ।**

३. **तलका शब्दहरूको सन्धि विच्छेद गर्नुहोस् :**

प्रत्येक, मनोरथ, हिमालय, संहार, ठूल्दाइ, सुताहा, सदाचार, निःशुल्क, उद्‌गम, नमस्कार, टोकुवा, रुवाइ, निर्जन, तपोवन, गायक, भावुक, देवेन्द्र, बुनोट, सुताहा, अनुच्छेद, उन्नयन

४. **तल दिइएका शब्दहरूको सन्धि गर्नुहोस् :**

| | | | |
|---|---|---|---|
| मनः + रथ | = | निः + छल | = |
| सः + शुल्क | = | जगत् + नाथ | = |
| पर + हित | = | लेख + आइ | = |
| भानिज + दिदी | = | जा + एको | = |
| वर + तिर | = | कालो + माटो | = |
| पर + तिर | = | पट् + आनन | = |
| चाट् + अनी | = | खा + आइ | = |
| दुःख + अन्त | = | सत् + भावना | = |

## परियोजना कार्य

१. **तल दिइएका शब्दहरूको सन्धि विच्छेद गर्नुहोस् :**

(क) विद्यार्थी, दुखान्त, भानूदय, स्वागत, प्रत्येक, सङ्घर्ष, दिगम्बर, सङ्कल्प, निश्चय, देवेन्द्र, उल्लाई, रत्यौली, जनाउ

(ख) बोलाइ, धोई, टोकुवा, उद्‌गम, दीपावली, कानचिरा, सानिमा, सान्दिदी, तपोवन, सदाचार, अनुच्छेद

२. **तल दिइएका शब्दहरूलाई सन्धि गर्नुहोस् :**

| | | |
|---|---|---|
| जगत् + नाथ ............ | सत् + भाव ........... | पुरः + हित ............ |
| वर + तिर ........... | लेख् + आइ ............ | जगत् + नाथ ........... |
| जा + एको ............ | पर + तिर ............ | भानिज + दिदी ............ |
| सुख + अन्त ............ | महा + ईश ............ | सः + शुल्क ............ |
| वयः + वृद्ध ............ | उत् + नति ............ | सम् + सार ........... |

एकाइ
१८

# करण–अकरण

## १. पढ्नुहोस् र बुझ्नुहोस् :

| करण | अकरण |
|---|---|
| ऊ घर जाओस् । | ऊ घर नजाओस् । |
| राम विद्यालय गयो । | राम विद्यालय गएन । |
| तँ बजार जान्छस् । | तँ बजार जाँदैनस् । |

कुनै कार्य हुन्छ भन्ने बुझाउने वाक्यको क्रियापदलाई करण भनिन्छ । करणका क्रियापदले पूरा वाक्यलाई सकारात्मक अर्थ दिन्छ ।

कुनै कार्य हुँदैन भन्ने बुझाउने वाक्यको क्रियापदलाई अकरण भनिन्छ । अकरणका क्रियापदले पूरा वाक्यलाई नकारात्मक अर्थ दिन्छ ।

करण बाकसमा रहेका वाक्यहरूका जाओस्, गयो र जान्छस् क्रियापदले सकारात्मक अर्थ बुझाएका छन् ।

अकरण वाक्यमा रहेका नजाओस्, गएन र जान्नस् क्रियापदले नकारात्मक अर्थ बुझाएका छन् ।

## २. करण–अकरण वाक्यन्तरण

करण वाक्यलाई अकरण र अकरण वाक्यलाई करणमा परिवर्तन गर्नुलाई करण–अकरण वाक्यान्तर भनिन्छ ।

### (क) आज्ञार्थ, इच्छार्थ र सम्भावनार्थ क्रियाको सुरुमा न थपिन्छ । जस्तै:

| | |
|---|---|
| तिमी कथा पढ । | तिमी कथा नपढ (आज्ञार्थ) |
| तँ पढ्न जा । | तँ पढ्न नजा । (आज्ञार्थ) |
| त्यो बजार हिँडोस् । | त्यो बजार नहिँडोस् । (इच्छार्थ) |
| तिमीले पाठ पढे । | तिमीले पाठ नपढे । (इच्छार्थ) |
| ऊ खेल्न जाला । | ऊ खेल्न नजाला । (सम्भावनार्थ) |

**(ख) अज्ञातभूत, अभ्यस्त भूत कालका क्रियाको बिचमा न थपिन्छ ।**

| | |
|---|---|
| हामीले खाना खाएछौँ । | हामीले खाना खाएनछौँ । (अज्ञात भूत) |
| केटाहरू पूजामा गएछन् । | केटाहरू पूजामा गएनछन् । (अज्ञातभूत) |
| म क्रिकेट खेल्थेँ । | म क्रिकेट खेल्दिनथेँ । (अभ्यस्त भूत) |
| रमा घरमा बस्थी । | रमा घरमा बस्दिनथी (अभ्यस्त भूत) |

**(ग) सामान्य, अपूर्ण पूर्ण पक्षका सबै कालका क्रियापदको अन्त्यमा न थपिन्छ । जस्तै :**

| | |
|---|---|
| हामीले उसलाई बोलायौँ । | हामीले उसलाई बोलाएनौँ । (सामान्य पक्ष) |
| सीता काम गर्दै छे । | सीता काम गर्दै छैन । (अपूर्ण पक्ष) |
| उसले पाठ पढेको हुने छ । | उसले पाठ पढेको हुने छैन । (पूर्ण पक्ष) |

**(घ) युगल वा दोहोरो अकरण बनाउने प्रक्रिया**

मिश्र वा संयुक्त वाक्यमा दुईओटा समापक क्रिया प्रयोग गरिन्छन् । यसमा करणबाट अकरण बनाउँदा दुवै क्रियापदमा न थपिन्छ । त्यस्तै सङ्केतार्थ वाक्यमा कार्य र करणको सम्बन्ध रहने हुँदा त्यसका असमापक र समापक दुवै क्रियामा न थपिन्छ । यसरी दुवै क्रियामा न थपेर दोहोरो अकरण बनाइन्छ । जस्तै :

| | |
|---|---|
| म पुगेँ र तिमी आयौ । | म पुगिनँ र तिमी आएनौ । |
| पानी परे जाडो हुन्छ । | पानी नपरे जाडो हुँदैन । |
| जहाँ फूल फुल्छ त्यहाँ भमरा भुल्छ । | जहाँ फूल फुल्दैन त्यहाँ भमरा भुल्दैन । |
| रमा खेल्न गई भने दाजु रिसाउनु हुने छ । | रमा खेल्न गइन भने दाजु रिसाउनु हुने छैन । |

**(ङ) कुनै कुनै वाक्यलाई अकरण बनाउँदा क्रियापदमा न थप्नुका साथै अन्य शब्दलाई पनि परिवर्तन गर्नुपर्छ । जस्तै :**

| | |
|---|---|
| ऊ निकै पढ्छ । | ऊ कति पढ्दैन । |
| जो पनि परिश्रमी छन् । | कोही पनि परिश्रमी छैनन् । |
| राम सधैँ खेल्न जान्छ । | राम कहिल्यै खेल्न जाँदैन । |
| ऊ जे पनि भन्छ । | ऊ केही पनि भन्दैन । |
| घरमा सबै जना छन् । | घरमा कोही पनि छैनन् । |

**(च) शाश्वत सत्य जनाउने वाक्यलाई अकरण बनाउँदा दोहोरो अकरण बनाउने चलन छ । जस्तै :**

आगोले पोल्छ । – आगोले नपोल्ने होइन ।

पृथ्वी गोलो छ – पृथ्वी गोलो नभएको होइन ।

सूर्य पूर्वबाट उदाउँछ । – सूर्य पूर्वबाट नउदाउने होइन ।

यस्ता वाक्यलाई अर्थका दृष्टिले विचलन भए पनि व्याकरणिक नियमका आधारमा बनाउनु उपयुक्त हुन्छ । जस्तै :

आगोले पोल्छ । आगोले पोल्दैन ।

पृथ्वी गोलो छ । पृथ्वी गोलो छैन ।

सूर्य पूर्वबाट उदाउँछ । सूर्य पूर्वबाट उदाउँदैन ।



## अभ्यास

१. **करण वाक्यले कस्तो अर्थ बुझाउँछ ?**

२. **अकरण वाक्यले कस्तो अर्थ बुझाउँछ ?**

३. **कुन-कुन अवस्थामा अकरणको न बिचमा आउँछ ?**

४. **कुन-कुन अवस्थामा अकरणका न अन्त्यमा आउँछ ?**

५. **तलका करण वाक्यलाई अकरणमा बदल्नुहोस् :**

(क) पानी परेछ । (ख) घाम उदाउने छ ।

(ग) ऊ घर जाओस् । (घ) राम घर जाने छ ।

(ङ) ऊ सधैँ गृहकार्य गर्छ । (च) राम घर गएको छ ।

(छ) श्याम विद्यालय जान्छ । (ज) तँ खेल्न जा ।

(झ) घाम लागे हुन्थ्यो । (ञ) ऊ त्यहाँ बस्ला ।

६. **तलका अकरण वाक्यलाई करणमा बदल्नुहोस् :**

(क) हामी बजारतिर गएनौँ । (ख) आज पानी नपर्ला ।

(ग) केटाकेटीहरू आएनन् । (घ) उनीहरू घर जाँदैनन् ।

(ङ) राम झगडा गर्दैनथ्यो ।

७. **कोष्ठकमा दिइएका सङ्केतका आधारमा तलका वाक्य परिवर्तन गर्नुहोस् :**

(क) म सधैँ बजार जान्छु । (अकरण)

(ख) आज पानी पऱ्यो । (अकरण)

(ग) तिमी खोलातिर गएनौ । (करण)

(घ) राम निकै पढ्छ । (अकरण)

(ङ) कोही पनि मिलनसार छैनन् । (करण)

(च) राम सबैको भलो चिताउँछ । (अकरण)

(छ) साथीहरू खेल खेल्छन् । (अकरण)

(ज) मेरो बुवा आउनु भएन । (अकरण)

(झ) रमा विद्यालय गइछ । (अकरण)

(ञ) रामकी आमा फर्किनु भएछ । (अकरण)

८. **तलका अनुच्छेदका करण वाक्यलाई अकरणमा बदल्नुहोस् :**

लाल एकछिन् रोकियो । फेरि मुन्टो फर्कायो । कुनामा राखिछाडेको मैलो धागो काठको बाकसतिर गयो । सारा फर्कायो । एउटा पोकामा दुईटा पेडा र एउटा लड्डु थियो । भित्तामा अड्याइराखेको थाल झिक्दै राख्यो । खल्तीबाट किचिमिची ओइलाएको फूल झिक्यो । अर्को खल्तीबाट पाँच पैसा झिक्यो ।

## परियोजना कार्य

१. **तल दिइएका क्रियापदहरूलाई करण भए अकरणमा र अकरण भए करणमा बदल्नुहोस् :**

जाओस्, गएछ, छैनन्, पढ्छ, पऱ्यो, घुम्दैनौँ गर्छ, पढ्दैनथ्यो, होइनौँ, उमालिन्, नआउलान्, नाच्छे, परेनछ, गई, जाऊन्, जाँदिन, हुँदैन, आएनन्, लेखी, होइन, पऱ्यो, उदाउँछ, पोल्छ, फलेन, नखाओस्, हुन्थ्यो, नबन्ला, जा, गर्दछ

२. **तलका वाक्यलाई अकरणमा परिवर्तन गर्नुहोस् :**

(क) ऊ पढेको हुनेछ ।

(ख) सीता छमछमी नाच्छे ।

(ग) राम सधैँ घुम्छ ।

(घ) ऊ त्यहाँ बस्ला ।

(ङ) तपाईँ सहर जानुहोस् ।

(च) हामी फुटबल खेल्छौँ ।

(छ) तिमी घरमा बस्थ्यौ ।

(ज) रमिला घर गई ।

(झ) आज पानी पर्ला ।

(ञ) म पोखरा जानेछु ।

३. **तलका वाक्यहरूलाई करणमा परिवर्तन गर्नुहोस् :**

(क) सीता खेल्दिन ।

(ख) तँ स्कूल नजा ।

(ग) रामले खाएको नहोला ।

(घ) म पनि जाँदिन ।

(ङ) अब शीतल हुन्छ ।

(च) हामी कहिल्यै खेल्दैनौँ ।

(छ) तपाईँ आउनुभएन ।

(ज) तिमीहरू पढ्दैनथ्यौँ ।

(झ) आज पानी परेन ।

(ञ) राम केही पनि बोल्दैन ।

४. **कोष्ठकमा दिइएका सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् :**

(क) नपढ्ने भए नपढ । (करण)

(ख) भाइ राम्ररी पढ्छ । (अकरण)

(ग) ऊ पढ्न गएन । (करण)

(घ) हामी घुम्न जाऔँला । (अकरण)

(ङ) राम यसपाली पास भएनछ । (करण)

(च) तिमी जान्छौ भने जाऊ । (अकरण)

(छ) म सहर जान्न । (करण)

(ज) ऊ सधैँ मासु खान्छ । (अकरण)

(झ) घरमा सबै जना छन् । (अकरण)

(ञ) सीता कत्ति पनि पढ्दिन । (करण)

एकाइ १९

# आदरार्थी

## १. पढ्नुहोस् र बुझ्नुहोस् :

(क) आदरार्थी — सानालाई तँ खान्छस् । खान्छेस् ।

(ख) मध्यम आदरार्थी — समान तहलाई तिमी खान्छौ/खान्छ्यौ ।

(ग) उच्च आदरार्थी — ठुलालाई तपाईँ खानुहुन्छ ।

(घ) अतिउच्च आदरार्थी — अतिउच्च व्यक्तिलाई हजुर खाइबक्सिन्छ ।

समाजको मर्यादाक्रमअनुसार व्यक्तिको प्रतिष्ठा र इज्जतको संङ्केत गर्ने व्याकरणात्मक तत्त्( वलाई आदर भनिन्छ । सामाजिक मार्यादाअनुसार व्यक्तिप्रतिको आदरभाव चार श्रेणीबाट व्यक्त गरिन्छ ।

## २. आदरार्थीका प्रकार

आदरक्रमअनुसार आदरार्थीलाई चार प्रकारमा विभाजन गर्न सकिन्छ :

### (क) अनादरार्थी

तँ गोरो छस् । ऊ घर हिँड्यो ।

त्यो कसले बिगारेको ? छोरो खेल्न गयो ।

तैँले यो के गरेको ? राम तुरुन्त फर्क्यो ।

आफूभन्दा साना वा निम्न तहको व्यक्ति वा कसैलाई हेय व्यवहार दर्शाउँदा प्रयोग गरिने आदरलाई अनादरार्थी भनिन्छ ।

### (ख) मध्यम आदरार्थी

तिमी पढ्न जाऊ । ईश्वर मलाई माफ गर ।

यी मेरा भान्जा हुन् । बहिनी आइन् ।

राधा खाना पकाउँछिन् । उनी बजार जान्छिन् ।

आफू समान वा आफूभन्दा साना भए पनि तिनीहरूलाई आदर गर्दा प्रयोग गरिने आदरार्थीलाई मध्यम आदरार्थी भनिन्छ ।

### (ग) उच्च आदरार्थी

उहाँ कता हिँड्नुभएछ ?　　　दाजु घरमा हुनुहुन्छ ।

तपाईँले कथा भन्नुभयो ।　　　उहाँ के काम गर्दै हुनुहुन्छ ?

आफूभन्दा ठूला वा आदर गर्नुपर्ने व्यक्तिलाई उच्च आदरार्थी भनिन्छ ।

### (घ) अतिउच्च आदरार्थी

हजुर कहिल्यै आइबक्सेन ।　　　दिज्यू घरमै आइबक्सेन ।

मौसुफ पोखरा सवारी होइबक्सेको छ ।　　　दाज्यू भुजा ज्युनार गरिबक्सन्न रे ।

विशिष्ट व्यक्तिहरू वा अतिउच्च तहका व्यक्तिहरूका लागि प्रयोग गरिने आदरार्थीलाई अतिउच्च आदरार्थी भनिन्छ ।

अतिउच्च आदरार्थी दरवारी आदरार्थी हो । पहिले राज परिवारका सदस्यलाई मात्र प्रयोग गरिने यो आदरार्थी अहिले अति विशिष्ट व्यक्तिहरूका लागि प्रयोग गरिएको पाइन्छ ।



## अभ्यास

१. **आदरार्थी भनेको के हो ?**

२. **आदरार्थी कति प्रकारका छन् ?**

३. **तल दिइएका क्रियापदको आदरार्थी रूप देखाउनुहोस् :**

| अनादर | मध्यम आदर | उच्च आदर | अतिउच्च आदर |
|---|---|---|---|
| पढ्छ | | | |
| खान्छ | | | |
| खेल्छ | | | |
| भन्छ | | | |
| सुन्छ | | | |
| गाउँछ | | | |
| हेर्छस् | | | |
| खान्छस् | | | |

४. **तल दिइएका वाक्यहरूलाई सङ्केतका आधारमा परिवर्तन गर्नुहोस् :**

(क) केटो खेल्दै छ ।　　　(मध्यम आदरार्थी)

(ख) तँ पढ्लास् ।　　　(उच्च आदरार्थी)

(ग) केटी असल छ । (मध्यम आदरार्थी)

(घ) घरमा को छ ? (उच्च आदरार्थी)

(ङ) उहाँ असल हुनुहुन्छ । (अनादरार्थी)

(च) ऊ रमाइलो गर्छ । (अतिउच्च आदरार्थी)

(छ) गुरु हामीलाई पढाउनुहुन्छ । (अतिउच्च आदरार्थी )

(ज) बुबा आउँदै हुनुहन्छ । (अतिउच्च आदरार्थी)

(झ) बहिनी घाँस काट्छे । (अतिउच्च आदरार्थी )

(ञ) ऊ कहिले आउँछ । (उच्च आदरार्थी )

(ट) हजुर सवारी होस् । (मध्यम आदरार्थी )

(ठ) रमा गीत गाउँछिन् । (अनादरार्थी)

(ड) तपाईं विद्वान् हुनुहुन्छ । (अनादरार्थी)

(ढ) तिमी के गर्दै छौ ? (उच्च आदरार्थी)

(ण) ठिटो कता लागेछ ? (मध्यम आदरार्थी)

५. **तलका वाक्यहरूलाई मध्यम आदरार्थीमा परिवर्तन गर्नुहोस् :**

तँ धेरै खेल्छस् । तैँले त्यसरी खेल्नु राम्रो होइन । तँ यसरी प्रगति गर्न सक्दैनस् । तँ खेल्न नजा तुरुन्त पढ्न जा । यसबाट तेरो प्रगति हुन्छ । तँ गम्भीर बन्नै पर्छ । मैले भनेको मान । एकदिन तँ ठुलो मान्छे बन्ने छस् ।

६. **तल दिइएका वाक्यलाई उच्च आदरार्थीमा परिवर्तन गर्नुहोस् :**

(क) तँ कहिल्यै पढ्दैनस् ।

(ख) परिश्रम नगरे फल पाइँदैन ।

(ग) गाईले घाँस खाएनछ ।

(घ) श्याम कतै पनि जाँदैनन् ।

(ङ) तिमी टाढा नजाऊ ।

(च) तिमी गीत गाउँदैनौ ।

(छ) सरिता घर गइनछ ।

७. **तलको संवादमा प्रयुक्त वाक्यलाई उच्च आदरार्थीमा परिवर्तन गर्नुहोस् :**

सुन्तली– ऊ ! कान्ता र कान्छो पनि आइपुगे ।

माया– अँ, आए ! अब रमाइलो हुने भयो । (यत्तिकैमा कान्ता र कान्छो पिपलको बोट मुनि आइपुग्छन् ।) किन यतिका बेर लाएका तिमीहरूले ? ....... हामी त अगि नै आएका ।

सुन्तली – हो त नि, किन अबेर गरेका ? हामी त आज नआउने हौ कि भनेर ठानिरहेका ।

कान्ता– (हाँस्दै) किन नआउने हो । .... घरमा बस्न दिने हुन् र । वस्तुभाउ लिएर चाँडै चराउन गइहाल् भनेर हप्काउँछन्, अनि त आउनै पर्‍यो नि ।

कान्छो– त्यही त भन्या, यो हप्काइले पनि सारै पीर पारिसक्यो। कैले के गरेन भनेर हप्काउँछन् त कैले के भनिस् भनेर गाली गर्छन् ।

माया– (हातले हाउभाउ लाउँदै) हामी त भुराभुरी अरे ! ......हाम्ले केही भन्यो भने नि 'ठुलो मान्छेको अगाडि मुख लाग्ने, अटेर हुने' भनेर पिट्न पनि आउँछटन्, अनि नि ........ ।

(जयराज रेग्मी, हामीले पनि पढ्न पाउने भयौँबाट साभार)

## परियोजना कार्य

१. **तल दिइएका वाक्यलाई मध्यम आदरार्थीमा परिवर्तन गर्नुहोस् :**

(क) दाजु घरमा हुनुहुन्छ । (ख) केटो आउँदै छ ।

(ग) सानी रोई । (घ) तँ पाठ पढ्दैनस् ।

(ङ) तपाईँ खाना खानुहोस् ।

२. **तल दिइएका वाक्यलाई उच्च आदरार्थीमा परिवर्तन गर्नुहोस् :**

(क) उनी फूल रोप्छिन् । (ख) तिमी कहिले आयौ ?

(ग) मौसुफबाट सवारी भयो । (घ) ऊ गृहकार्य गर्दै छ ।

(ङ) तँ पसलमा जा ।

३. **तलका वाक्यहरूलाई सङ्केतका आधारमा आदर परिवर्तन गर्नुहोस् :**

(क) उहाँ पोखराबाट आउनुभयो । (अनादरार्थी)

(ख) ऊ स्कूल गयो । (उच्च आदर)

(ग) ऊ बजार जान्छे । (मध्यम आदर)

(घ) उसले गल्ती गर्‍यो । (उच्च आदर)

(ङ) तिमी पुस्तक पढ्छौ । (अतिउच्च आदर)

(च) राम खेल खेल्छ । (मध्यम आदर)

(छ) तपाईँ शिक्षक हुनुहुन्छ । (मध्यम आदर)

एकाइ

20

# शब्दभण्डार

## १. पढ्नुहोस् र बुझ्नुहोस् :

हाम्रो देश नेपालमा धेरै भाषाहरू बोलिन्छन् । तीमध्ये नेपाली भाषा नेपालको विभिन्न भाषाभाषीका बिच सम्पर्क गराउने साझा माध्यम भाषा हो । प्रत्येक भाषाका आफ्ना शब्दहरू हुन्छन् । जुन भाषामा जति धेरै शब्दहरू हुन्छन्, त्यो भाषा त्यति नै धनी हुन्छ ।

प्रत्येक भाषाका शब्दहरू फरक–फरक किसिमका हुन्छन् । एउटै भाषामा पनि विभिन्न किसिमका शब्द हुन्छन् । भाषामा कुनै खास अर्थ दिने गरी चलेका विभिन्न किसिमका शब्दहरूको समूहलाई शब्दभण्डार भनिन्छ । नेपाली भाषाको शब्दभण्डार तत्सम, तद्भव र आगन्तुक स्रोतहरूबाट आएका शब्दहरूले समृद्ध छ । तर पाठ्यक्रमले निर्देश गरेअनुरूप यहाँ पर्यायवाची, विपरीतार्थी, श्रुतिसमभिन्नार्थी, अनेकार्थक शब्द, लघुतावाती शब्द, सङ्क्षिप्त शब्द आदि उल्लेख गरिएका छन् ।

## २. पर्यायवाची शब्द

समान अर्थ बुझाउने बेग्ला बेग्लै शब्दलाई पर्यायवाची शब्द भनिन्छ । अभिव्यक्तिका क्रममा एउटा पर्यायवाची शब्दका ठाउँमा अर्को पर्यायवाची शब्द प्रयोग गर्न सकिन्छ । पर्यायका रूपमा आउने शब्दहरू सबै अवस्थामा एकअर्काको ठाउँमा प्रयुक्त नहुन पनि सक्छन् । साथै  प्रसङ्गअनुसार तिनीहरूको अर्थ फरक आउन सक्छ ।

### केही पर्यायवाची शब्दहरू

| | | | |
|---|---|---|---|
| पति | स्वामी, लोग्ने, नाथ, श्रीमान् | पत्नी | श्रीमती, स्वास्नी, जोई |
| पिता | बुबा, जनक, बा, बाबा | पृथ्वी | भू, भूमि, धरा, धर्ती, वसुन्धरा |
| माया | प्यार, स्नेह, प्रीति | फूल | पुष्प, कुसुम, सुमन |
| बल | क्षमता, शक्ति, ताकत, पाइन | बाटो | पथ, पन्थ, मार्ग |
| नजिक | निकट, नगिच, समीप | नयाँ | नौलो, नवीन, नूतन, नव |
| नृप | राजा, भूपति, नृपति, नरेश | पहाड | पर्वत, शिखर, गिरि, शैल |

| | | | |
|---|---|---|---|
| मान्छे | मानव, नर, मनुष्य, जन, मानिस, मनुज | युद्ध | लडाइँ, रण, कटक, जङ्ग |
| राक्षस | दैत्य, असुर, दानव | हात | हस्त, कर, भुजा, पाणी |
| हावा | पवन, समीर, वायु, बतास | क्षीण | दुब्लो, निर्धो, निर्बल, पातलो, लुते |
| रात्रि | रात, रजनी, निशा | रूख | वृक्ष, पादक, द्रुम, तरु |
| वन | अरण्य, जङ्गल | विश्वास | आस्था, निष्ठा |
| शिशु | बच्चो, बाल, बालक | साथी | मित्र, सङ्गी, सहृदयी, सहयोगी |
| सूर्य | भानु, दिवाकर, भाष्कर, रवि | | |

## ३. विपरीतार्थक शब्द

कुनै शब्दको उल्टो वा विपरीत अर्थ दिने शब्दलाई विपरीतार्थक शब्द भनिन्छ ।

सबै शब्दका विपरीतार्थक शब्द हुनैपर्छ भन्ने छैन । विपरीतार्थक शब्दहरूको ज्ञानले कुनै विषय, प्रसङ्ग वा वस्तुको सकारात्मक वा नकारात्मक पक्षमाथि प्रकाश पार्न सजिलो हुन्छ ।

**केही विपरीतार्थक शब्दहरू**

| | | | |
|---|---|---|---|
| साक्षर | – निरक्षर | औपचारिक | – अनौपचारिक |
| जागृत | – सुषुप्त | त्याग | – स्वीकार |
| संश्लेषण | – विश्लेषण | झगडा | – मेल |
| सुगम | – दुर्गम | माया | – घृणा |
| भाले | – पोथी | भित्र | – बाहिर |
| सपना | – विपना | युद्ध | – शान्ति |
| अघि | – पछि | अर्पण | – ग्रहण |
| उकालो | – ओरालो | एक | – अनेक |
| आशा | – निराशा | सुन्दर | – कुरूप |
| नजिक | – टाढा | नाफा | – नोक्सान |
| अमृत | – विष | मिलन | – बिछोड |
| आस्तिक | – नास्तिक | जेठो | – कान्छो |

| | | | | |
|---|---|---|---|---|
| आदि | — अन्त्य | | मोटो | — दुब्लो |
| विस्तृत | — सङ्कुचित | | उत्थान | — पतन |
| ठीक | — बेठीक | | आकर्षण | — विकर्षण |
| आय | — व्यय | | इज्जत | — बेइज्जत |
| मूर्ख | — विद्वान | | लाभ | — हानि |
| खण्डन | — मण्डन | | उत्थान | — पतन |
| पाप | — पुण्य | | संयोग | — वियोग |
| बृहत् | — सङ्क्षिप्त | | खाली | — भरी |
| पूर्वीय | — पाश्चात्य | | साहु | — आसामी |
| उठान | — बैठान | | राजा | — रैती |
| जन्म | — मृत्यु | | आँसु | — हाँसो |
| अँध्यारो | — उज्यालो | | अखण्ड | — खण्ड |
| उदय | — अस्त | | धनी | — गरिब |
| फेद | — टुप्पो | | प्राकृतिक | — कृत्रिम |
| आकाश | — पाताल | | आस्तिक | — नास्तिक |
| आगो | — पानी | | वर | — पर |
| घर | — वन | | मर्द | — नामर्द |
| विगत | — आगत | | जीवन | — मरण |
| लघु | — गुरु | | विकास | — विनाश |
| गुन | — बैगुन | | अनुकूल | — प्रतिकूल |
| अग्लो | — होचो | | अर्थ | — अनर्थ |

## ४. अनेकार्थक शब्द

एउटै शब्दको प्रसङ्गअनुसार अनेक अर्थ लाग्छ भने त्यस्ता शब्दलाई अनेकार्थक शब्द भनिन्छ । एउटै शब्दलाई भिन्नभिन्न सन्दर्भको भिन्नभिन्न वाक्यमा प्रयोग गरेर हेर्दा त्यसको अनेक अर्थ बुझ्न सकिन्छ ।

### केही अनेकार्थक शब्दहरू

| | | | |
|---|---|---|---|
| साल | एक प्रकारको रूख, वर्ष | तान | लुगा बुन्ने तान, लय, सुर |
| हात | अङ्ग, भूमिका | हार | पङ्क्ति, पराजय, माला |
| नगर | सहर, निषेध | गोल | कोइला, अङ्गार, गोलो भएको |
| खाल | प्रकार, जुवा खेल्ने ठाउँ | गोल | समूह, अँगार, बाटुलो |
| जुवा | खेल, जोत्दा गोरुको काँधमा लगाइने काठ | जुन | संयोजक, सर्वनाम |
| पत्र | चिठी, पाना, तह | माझ | बिच, मध्य, सफा गर |
| ताल | पोखरी, ढाँचा, सुर | पक्ष | पन्ध्र दिन, तर्फ, पखेटा |
| अर्थ | धन, मतलब | जाल | झेल, पासो |
| टीका | निधारको शोभा, व्याख्या, दशैं | असार | महिना, सार नभएको |
| कर | तिरो, ढिपी, हात | मास | महिना, खर्च गर |
| काल | समय, मृत्यु | | |

## ५. श्रुतिसमभिन्नार्थक शब्द

बोल्दा र सुन्दा उस्तै लाग्ने तर भिन्नभिन्न अर्थ बुझाउने शब्दलाई श्रुतिसमभिन्नार्थक शब्द भनिन्छ ।

### केही श्रुतिसमभिन्नार्थक शब्दहरू

| | | | |
|---|---|---|---|
| फेरि<br>फेरी | पुन<br>परिक्रमा | बेस<br>भेष | राम्रो<br>पहिरन |
| महिना<br>मैना | ३० दिन<br>चरो | यति<br>यती | मात्रा<br>हिम मानव |
| यस<br>यश | यो<br>कीर्ति | लहर<br>लहड | पङ्क्ति<br>मनको तरङ्ग |
| पालि<br>पाली | पटक<br>घरसँग गाँसिएको भाग | खाली<br>खालि | रित्तो<br>केवल |

| | | | | |
|---|---|---|---|---|
| बास<br>बाँस | बस्ने ठाउँ<br>एक प्रकारको रूख | | बाजी<br>बाजि | होड<br>पटक |
| सीता<br>सिता | रामकी पत्नी<br>भातको सानो अंश | | कुल<br>कूल | वंश<br>जम्मा |
| चिर<br>चीर | लामो<br>लुगा | | नव<br>नभ | नयाँ<br>आकाश |
| आभास<br>आवास | अड्कल<br>घर | | कृति<br>कीर्ति | सिर्जना<br>यश |
| सुन<br>सुन | सुन्ने काम गर<br>स्वर्ण | | सब<br>शव | सबै<br>लास |
| अन्न<br>अन्य | अनाज<br>अरू | | आँट<br>आँत | हिम्मत<br>भित्री अङ्ग |
| उपर्युक्त<br>उपयुक्त | माथि भनिएको<br>उचित | | गर्व<br>गर्भ | घमण्ड<br>पेट |
| दिन<br>दीन | चौबीस घण्टाको समय<br>दुःखी | | जाति<br>जाती | जात<br>उत्तम |
| तिर<br>तीर | तर्फ<br>किनारा | | नारी<br>नाडी | स्त्री<br>धमनी |
| भाडा<br>भाँडा | शुल्क<br>भाँडावर्तन | | प्रदान<br>प्रधान | दिनु<br>मुख्य |
| विष<br>बीस | जहर<br>सङ्ख्या | | खट<br>खत | बोक्ने साधन<br>दाग |

## ६. लघुतावाची शब्द

कुनै चिज वा वस्तुको छोटो वा सानो रूप जनाउने शब्दलाई लघुतावाची शब्द भनिन्छ । यसलाई क्षुद्रतावाची शब्द पनि भनिएको पाइन्छ । सामान्यतया लघुतावाची शब्दहरूको पछाडि ई, इया र इका प्रत्यय थप्ने गरिन्छ ।

### केही प्रचलित लघुतावाची शब्दहरू

| | | | | |
|---|---|---|---|---|
| रगत | थोपो | | साग | त्यान्द्रो |
| बोट | टुसो | | कपाल | राैँ |
| तेल | थोपो | | पानी | छिटो |

| | | | | |
|---|---|---|---|---|
| चरा | चरी | | अचार | पित्को |
| वटुको | बटुकी | | डालो | डाली |
| टीका | टिकी | | कचौरा | कचौरी |
| भात | सितो | | आगो | झिल्को |
| सुन्तला | केस्रो | | चिया | सुर्को |
| धागो | सरो | | खोपो | खोपी |
| खाट | खटिया | | पुस्तक | पुस्तिका |
| काँक्रो | चिरो | | नुन | ढिको |
| मासु | चौक्टा | | चिम्टा | चिम्टी |
| गेडा | गेडी | | साग | त्यान्द्रो |
| चुरा | चुरी | | किरो | किरी |
| रोटी | टुक्रा | | दाउरा | छेस्को |
| तोरी | गेडो | | धान | बालो |
| बटुको | बटुकी | | अनार | दानो |
| झोला | झोली | | पटुका | पटुकी |
| मूला | चानो | | कोदालो | कोदाली |
| छुरा | छुरी | | डोरी | पोयो |

## ७. सार शब्द

धेरै शब्दहरूले बुझाउने अर्थ एउटै शब्दले बुझाउँछ भने त्यस्ता शब्दलाई सार शब्द भनिन्छ । सार शब्दलाई एकल वा सिङ्गो शब्द पनि भनिन्छ । सार शब्दले भाषात्मक अभिव्यक्तिलाई सारगर्भित बनाउन मद्दत गर्दछ ।

### केही प्रचलित सार शब्दहरू

| | |
|---|---|
| कहिल्यै नमर्ने | — अमर |
| ईश्वरमा विश्वास नगर्ने | — नास्तिक |
| लगातार कविता लेख्न सक्ने कवि | — आशुकवि |
| राष्ट्रको निम्ति जीवन दिने व्यक्ति | — सहिद |
| सय वर्षको समय | — शताब्दी |
| देख्न नसकिने | — अदृश्य |
| काट्न नसकिने | — अकाट्य |
| रातमा आँखा नदेख्ने रोग | — रतन्धो |

| | |
|---|---|
| घाममा सुकाएको अन्न | — बिस्कुन |
| सन्तान नभएको | — निःसन्तान |
| जसको कुनै शत्रु छैन | — अजातशत्रु |
| कसैले भनेको नटेर्ने | — अटेरी |
| बेकाममा हिँडिरहने | — बेकम्मा |
| आफूले आफैँलाई मार्ने काम | — आत्महत्या |
| जो गरेको उपकार देख्छ | — कृतज्ञ |
| चारैतिर तुना बाँधेर लगाइने चोली | — चौबन्दी |
| आमाबाबु मरेको अनाथ | — टुहुरो |
| दश वर्षको अवधि | — दशक |
| विवाहमा छोरीचेलीलाई दिइने धनसम्पत्ति | — दाइजो |
| पछिको कुरा विचार गर्न सक्ने | — दूरदर्शी |

## ८. सङ्क्षिप्त शब्द

प्रयोग सुविधाको लागि शब्दका अघिल्ला अक्षरहरूबाट बनाएको शब्दलाई सङक्षिप्त शब्द भनिन्छ । यसरी सङ्क्षिप्त शब्दको निर्माण गर्दा शब्दको अघिल्लो अक्षर लेखेर दशमलव (.) चिह्नको प्रयोग गर्ने चलन छ तर ती शब्दहरू भाषामा निकै प्रसिद्ध भएपछि भने त्यस्तो चिह्न नदिइकन पनि लेख्न सकिन्छ ।

### नेपाली भाषामा प्रचलित केही सङ्क्षिप्त शब्दहरू

| | |
|---|---|
| गाविस | — गाउँ विकास समिति |
| प्रअ | — प्रधानाध्यापक |
| गोदबा | — गोरखा दक्षिण बाहु |
| प्रावि | — प्राथमिक विद्यालय |
| निमावि | — निम्न माध्यमिक विद्यालय |
| मावि | — माध्यमिक विद्यालय |
| विनि | — विद्यालय निरीक्षक |
| जिविस | — जिल्ला विकास समिति |
| काजि | — काठमाडौँ जिल्ला |
| रासस | — राष्ट्रिय समाचार समिति |

| | |
|---|---|
| अदुअआ | — अख्तियार दुरूपयोग अनुसन्धान आयोग |
| आवा | — आकाशवाणी |
| क्षेशिका | — क्षेत्रीय शिक्षा कार्यालय |
| आव | — आर्थिक वर्ष |
| ईसं | — ईश्वी सम्वत् |
| उमाशिप | — उच्च माध्यमिक शिक्षा परिषद् |
| उमावि | — उच्च माध्यमिक विद्यालय |
| कामु | — कायममुकायम |
| असइ | — असिस्टेन्ट सव इन्सपेक्टर |
| प्रजिअ | — प्रमुख जिल्ला अधिकारी |
| रासस | — राष्ट्रिय समाचार समिति |
| गोप | — गोरखा पत्र |
| पनिका | — परीक्षा नियन्त्रण कार्यालय |
| नेटिभि | — नेपाल टेलिभिजन |
| गोभाप्रस | — गोरखा भाषा प्रकाशिनी समिति |

## ९. अनुकरणात्मक शब्द

अनुकरण भनेको नक्कल हो । कुनै कार्य, दृश्य, आवाज, घटना आदिको नक्कल बुझाउने शब्दलाई अनुकरणात्मक शब्द भनिन्छ । अनुकरणात्मक शब्द ठेट नेपाली शब्द हुन् । यस्ता शब्दको प्रयोगले अभिव्यक्ति रोचक हुन्छ ।

### नेपाली भाषामा प्रचलित केही अनुकरणात्मक शब्दहरू

| अनुकरणात्मक शब्द | अनुकरणात्मक शब्द |
|---|---|
| जऱ्याकजुरुक (एकाएक उठ्नु) | लुगलुग (काप्नु) |
| कुपुक्क (खानु) | खलखल (पसिना आउनु) |
| टुप्लुक्क (आइपुग्नु) | खचाखच (भरिनु) |
| झ्वाम्म (पानीमा हाम फाल्नु) | रिमरिम (उज्यालो हुनु) |
| धपक्क (बल्नु) | भकभकी (उमाल्नु) |

| | |
|---|---|
| प्वाक्क (हान्नु) | थचक्क (बस्नु) |
| अकमक्क (पर्नु) | पिच्च (थुक्नु) |
| कक्रक्क (पर्नु) | खिस्स (हास्नु) |
| रनक्क (तात्नु) | टपक्क (टिप्नु) |
| भुसुक्क (निदाउनु) | जिरिङ्ग (निकै डराउनु) |
| चिर्रचिर्र (चिरबिराउनु) | फतक्क (गल्नु) |
| जुरुक्क (उठ्नु) | फुत्त (निस्कनु) |
| भुर्र (उड्नु) | ढपक्क (ढाक्नु) |
| सुटुक्क (जानु) | चुर्लुम्म (डुब्नु) |
| मुसुक्क (हाँस्नु) | फटाफट (हिँड्नु) |
| बर्र (आँसु झार्नु) | गमक्क (पर्नु) |
| कुरुमकुरुम (चपाउनु) | चटक्क (छाड्नु) |
| टहटह (जून लाग्नु) | |

## १०. सामावेशक शब्द

कुनै प्राणी, जाति, प्रजाति, वनस्पति, पदार्थ, कार्य घटना अवस्था आदिको प्रकार बुझाउने शब्दलाई समावेश्य शब्द भनिन्छ भने तिनै शब्दको सामूहिक अर्थबोध गर्ने शब्दलाई समावेशक शब्द भनिन्छ ।

### केही प्रचलित समावेशक शब्दहरू

| समावेश्य शब्द | समावेशक शब्द |
|---|---|
| धान, मकै, कोदो, गहुँ , फापर | अन्न |
| नेपाल, भारत, चीन, भुटान, जापान | देश |
| काग, परेवा, सुगा, मैना, भँगेरा | पन्छी, चरा |
| सल्ला, पीपल, धुपी, साल | रूख |

| | |
|---|---|
| सगरमाथा, माच्छापुच्छ्रे, कञ्चनजङ्घा | हिमाल |
| काठमाडौ, भक्तपुर, मकवानपुर, नुवाकोट | जिल्ला |
| चक्कु, खुकुरी, तरवार, चुलेसी | हतियार |
| दौरा, सुरुवाल, कोट, पाइन्ट | पोसाक |
| गाई, भेडा, बाख्रा, बाघ, स्याल, गधा | जनावर |
| बाग्मती, मेची, कोसी, भेरी | अञ्चल |
| सुन, हीरा, मोती, पन्ना, माणि | रत्न |
| रामायण, बाइबल, कुरान, मुनामदन | पुस्तक |
| हिन्दु, मुस्लिम, क्रिस्चियन, बौद्ध | धर्म |
| आलु, काउली, फर्सी, भिन्डी | तरकारी |
| रातो, पहेँलो, हरियो, कालो | रङ |
| बस, ट्रक, कार, मोटरसाइकल | सवारीसाधन |
| वैशाख, जेठ, असार, साउन | महिना |
| वसन्त, ग्रीष्म, वर्षा, शरद | ऋतु |
| हात, खुट्टा, पाखुरा, टाउको, | अङ्ग |
| मादल, गीतार, सारङ्गी, झ्याली | बाजा |
| तरुल, पिडाँलु, सखरखण्ड, भ्याकुर | कन्दमूल |
| मुगी, मुसुरो, मास, रहर | दाल |



## अभ्यास

१. पर्यायवाची शब्द भनेको के हो ?

२. विपरीतार्थक शब्द भनेको के हो ?

३. श्रुतिसमभिन्नार्थक शब्द भनेको के हो ?

४. अनुकरणात्मक शब्द भनेको के हो ?

५. **समावेशक शब्द भनेको के हो ?**

६. **निम्न शब्दहरूको पर्यायवाची शब्द लेख्नुहोस् :**

आकाश, खुट्टा, तलाउ, चन्द्रमा, आमा, आगो, पिता, गरिब, उपहार, आनन्द, अमृत, संसार, राक्षस, देवता, पृथ्वी, माया, बगैँचा, घर

७. **तल दिइएका शब्दहरूको विपरीतार्थक शब्द लेख्नुहोस् :**

खराब, मानव, नक्कल, इज्जत, नयाँ, सपना, उच्च, मित्र, कालो, सुन्दर, जीवन, पक्ष, उकालो, अगाडि, सम्पन्न, अमृत, ज्ञान, तातो, सरल, घाम, उल्टो

८. **तल दिइएका शब्दहरूको सार शब्द लेख्नुहोस् :**

घाममा सुकाउन राखिएको अन्न, दस वर्षको समय, ईश्वरमा विश्वास नगर्ने, सय वर्षको समय, कहिल्यै नमर्ने, सन्तान नभएको, दुलहीलाई बिहेमा दिइने वस्तु, श्रम गरेर बाँच्ने, जति बुझाए पनि नबुझ्ने, जो सबै कुरा खान्छ, कर्ममा विश्वास गर्ने

९. **तल दिइएका शब्दहरूका श्रुतिसमभिन्नार्थक शब्द लेख्नुहोस् :**

फेरि, कृति, कोट, तिर, दिन, खाट, शीत, टोप, टार, टाटो, हात, नाडी, भोक, सिता, टाल, खट, डर, चरण, शुर, कोश, नसा

१०. **तल दिइएका शब्दहरूको लघुतावाची शब्द लेख्नुहोस् :**

पुस्तिका, गेडा, किरो, डालो, चम्चा, थाल, पानी, नुन, मासु, गाग्रो, कोदालो, भात, अनार, तोरी, घाम, दाउरा, घण्टा, चरो, चिम्टा, कचौरा

११. **तल दिइएका शब्दहरूको अनेक अर्थ लेख्नुहोस् :**

कल, तर, फल, गोल, तान, झार, धान, पत्र, ताल, सुन, नगर, बल, मास, पाल, नाल, हार, साँचो, माझ

१२. **तल दिइएका सङ्क्षिप्त शब्दको विस्तारित रूप लेख्नुहोस् :**

प्रम, जिविस, काजि, जिशिअ, गाविस, त्रिवि, पनिका, गोप, प्रअ, गोदवा, प्रजिअ, प्रावि, भुपु, कामनपा, निमावि, जिप्रका

१४. **दिइएका अनुकरणात्मक शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :**

लहलह, लुगलुग, सलक्क, भुसुक्क, मुसुमुसु, सलक्क, धपक्क, धुरुधुरु, घटघटी, जुरुक्क, टहटह, टक्क, दनदनी, झलक्क

## परियोजना कार्य

१. **कोष्ठकबाट मिल्ने शब्द छानी खाली ठाउँ भर्नुहोस् :**

(क) 'फल' शब्दको अर्थ ........... हो । (बल, छल, परिणाम)

(ख) 'चञ्चल' को पर्यायवाची शब्द ...... हो । (निश्चल, चुलबुले, ग्वाँजे)

(ग) 'चुनाउ' को पर्यायवाची शब्द ........हो । (निर्वाचन, गणना, घोषणा)

(घ) 'साहू' को विपरीतार्थक शब्द ........... हो । (धनी, आसामी, सेठ)

(ङ) आँधी–आधी ....शब्द हुन् । (अनेकार्थक, श्रुतिसमभिन्नार्थी, लघुतावाची)

(च) ........ अनेकार्थी शब्द हो । (व्यर्थ, अर्थ, स्वार्थ)

(छ) 'जून' शब्दको पर्यायवाची शब्द ...... हो । (शशी, भानु, सिन्धु)

(ज) 'उदार' को विपरीतार्थी शब्द ........ हो । (सङ्कीर्ण, दयालु, उधारो)

(झ) अनेकार्थी शब्द ........ होइन । (ताल, मल, जाल)

(ञ) 'जननी' को पर्यायवाची शब्द .......हो । (माता, पिता, भ्राता)

(ट) 'अर्थ' शब्दको अर्थ ..........हो । (धन, मतलव, व्यर्थ)

(ठ) 'कुसुम' को पर्यायवाची शब्द ..........हो । (सुमन, गमन मनन)

(ड) 'बिहान' को विपरीतार्थक शब्द ......होइन । (साँझ, प्रभात, सन्ध्या)

(ढ) दिन–दीन .........शब्द होइन । (अनेकार्थक, श्रुतिसमभिन्नार्थी, लघुतावाची)

(ण) 'कल' शब्दको अर्थ ....... हुन् । (झगडा, भोक, मेसिन)

(त) .....अनेकार्थ शब्द हो । (मास, मुगी, चना)

(थ) 'रहर' शब्दको अर्थ .....होइन । (दाल, चाहना, उपेक्षा)

(द) सित–शित.....शब्द हुन् । (पर्यायवाची, विपरीतार्थी, श्रुतिसमभिन्नार्थी)

(ध) 'युक्ति' शब्दको पर्यायवाची शब्द ........ हो । (उपाय, चौपाय, असहाय)

(न) .....शब्दको पर्यायवाची शब्द दौँतरी हो । (सहयोगी, साथी, सहायक)

(प) 'साहु' को ......विपरीतार्थी शब्द हो । (आसामी, धनी, सलामी)

(फ) 'देवता' शब्दको पर्यायवाची शब्द ..... हो । (सुर, असुर, दानव)

(ब) 'दिन–दीन' ...... शब्द हुन् । (पर्यायवाची, विपरीतार्थी, श्रुतिसमभिन्नार्थी)

(भ) ............... अनेकार्थी शब्द हो । (पत्र, पुत्र, छात्र)

(म) ..........अनेकार्थ शब्द हो । (कसार, कछाड, कपास)

२. **कोष्ठकबाट मिल्ने शब्द छानी खाली ठाउँ भर्नुहोस् :**

१. (क) ..........अनेकार्थी शब्द हो । (मल, कल, पल)

(ख) 'सुमन' को पर्यायवाची शब्द ..........हो । (कुसुम, दमन, मनन)

(ग) 'सुगम' को विपरीतार्थी शब्द ..........हो । (नजिक, दुर्गम, दुर्लभ)

(घ) बीस–विष..........शब्द हुन् । (श्रुतिसमभिन्नार्थी, पर्यायवाची, अनेकार्थी)

२. (क) ..........अनेकार्थी शब्द होइन । (कर, तर, छल)

(ख) ‘पवन’ शब्दको पर्यायवाची शब्द ..........हो । (हावा, चन्द्र, वृक्ष)

(ग) श्रुतिसमभिन्नार्थक शब्द ..........हुन् । (पट्टी–पट्टि, छल–बल, कर–पर)

(घ) ‘समर्थन’ शब्दको विपरीतार्थी शब्द ...........हो । (असमर्थ, विरोध, शान्ति)

३. (क) ..........अनेकार्थी शब्द हो । (जग, देवता, गुरु)

(ख) ‘रश्मि’ को पर्यायवाची शब्द ..........हो । (प्रकाश, आगो, ज्वाला)

(ग) ‘दुर्गम’ को विपरीतार्थी शब्द ..........हो । (सुगम, नजिक, दुर्लभ)

(घ) सब–शव..........शब्द हुन् । (श्रुतिसमभिन्नार्थी, पर्यायवाची, विपरीतार्थी)

४. (क) ..........अनेकार्थी शब्द हो । (कलम, शर, घर)

(ख) ‘मार्ग’ को पर्यायवाची शब्द ..........हो । (बाटो, पुल, नदी)

(ग) ‘मूर्ख’ को विपरीतार्थी शब्द ..........हो । (भलाद्मी, सुखी, विद्वान्)

(घ) दिशा–दिसा..........शब्द हुन् । (श्रुतिसमभिन्नार्थी, पर्यायवाची, विपरीतार्थी)

५. (क) ..........अनेकार्थी शब्द होइन । (पत्र, पुतली, पुस्तक)

(ख) ‘अमृत’ को पर्यायवाची शब्द ..........हो । (विष, सुधा, जल)

(ग) ‘पतन’ शब्दको विपरीतार्थी शब्द ..........हो । (उन्नत, उत्थान, विकास)

(घ) तिर–तीर..........शब्द हुन् । (श्रुतिसमभिन्नार्थी, पर्यायवाची, विपरीतार्थक)

६. (क) ..........अनेकार्थी शब्द हो । (गोल, विष, शीत)

(ख) ‘उषा’ शब्दको पर्यायवाची शब्द ..........हो । (प्रात, साँझ, मध्यान्ह)

(ग) ‘योग्य’ शब्दको विपरीतार्थी शब्द ..........हो । (ज्ञानी, विद्वान्, अयोग्य)

(घ) आँसु–आशु..........शब्द हुन् । (श्रुतिसमभिन्नार्थी, पर्यायवाची, अनेकार्थक)

७. (क) ..........अनेकार्थी शब्द हो । (तन, मन, धन)

(ख) ‘सूर्य’ शब्दको पर्यायवाची शब्द ..........होइन । (मङ्गल, भानु, रवि)

(ग) ‘सार्थक’ शब्दको विपरीतार्थी शब्द ..........हो । (निरर्थक, आर्थिक, अर्थपूर्ण)

(घ) उनी–ऊनी..........शब्द हुन् । (श्रुतिसमभिन्नार्थी, पर्यायवाची, लघुतावाची)

८. (क) ..........अनेकार्थी शब्द हो । (पक्ष, विपक्ष, निष्पक्ष)

(ख) ‘बल’ को पर्यायवाची शब्द ..........हो । (मोटो, पाइन, दह्रो)

(ग) 'प्राचीन' को विपरीतार्थी शब्द ..........हो । (पुरानो, प्रवीण, नवीन)

(घ) देश–द्वेष..........शब्द हुन् । (श्रुतिसमभिन्नार्थी, पर्यायवाची, विपरीतार्थक)

९. (क) ..........अनेकार्थी शब्द हो । (महिना, वर्ष, साल)

(ख) 'तरुण' शब्दको पर्यायवाची शब्द ..........हो । (युवा, वृद्ध, अधबैंसे)

(ग) 'आरम्भ' शब्दको विपरीतार्थी शब्द ..........हो । (प्रारम्भ, समापन, विलम्ब)

(घ) शव र सब ..........शब्द हुन् । (श्रुतिसमभिन्नार्थी, पर्यायवाची, विपरीतार्थक)

१०. (क) ..........अनेकार्थी शब्द हो । (डमरु, मादल, मुरली)

(ख) 'हावा' शब्दको पर्यायवाची शब्द ..........हो । (समीर, अमीर, परमवीर)

(ग) 'परोक्ष' शब्दको विपरीतार्थी शब्द ..........हो । (क्षय, अक्षय, प्रत्यक्ष)

(घ) ..........श्रुतिसमभिन्नार्थक शब्द हुन् । (तल–माथि, घर–भवन, जाति–जाती)

एकाइ
२१

# प्रेरणार्थक

## १. पढ्नुहोस् र बुझ्नुहोस् :

रमा जुरुक्क उठ्छे । अप्रेरणार्थक वाक्य

सीता रमालाई जुरुक्क उठाउँछे । (उठ्+आउ+छे) प्रेरणार्थक वाक्य

माथिको पहिलो वाक्यमा उठ्ने काम रमा आफै गर्दै छे । त्यसैले पहिलो वाक्य अप्रेरणार्थक वाक्य हो । दोस्रो वाक्यमा रमाले सीताबाट उठ्ने प्रेरणा पाएकी छे । यहाँ सीताले चाहिँ आफू नउठेर रमालाई नै उठ्न लगाएको कुरा बुझिन्छ । यसबाट के थाहा पाउनुपर्छ भने प्रेरणार्थक वाक्यमा प्रेरक (सीता) को काम उत्प्रेरित गर्नु मात्र हो तर काम चाहिँ प्रेरित (रमा) बाट नै हुनुपर्छ ।

कोही कसैबाट प्रेरित भएर क्रियापदले कार्य गरेको हो भन्ने अर्थ बुझाउने क्रिया प्रेरणार्थक क्रिया हो । कसैबाट प्रेरित भएर काम भएको भन्ने अर्थ बुझाउन वाक्यका विभिन्न खण्डमा गरिने परिवर्तन हुने काम यसमा हुन्छ ।

## २. अप्रेरणार्थक क्रियाबाट प्रेरणार्थक क्रियामा परिवर्तन गर्ने प्रक्रिया

(क) एउटा नयाँ प्रेरक कर्ता थपेर पहिलो कर्तामा लाई प्रत्यय जोडेर कर्म बनाउने

(ख) मूल धातुमा आउ प्रत्यय थपेर प्रेरणार्थक क्रियापद बनाउने

| धातु + प्रत्यय | प्रेरणार्थक धातु | प्रेरणार्थक क्रियापद |
|---|---|---|
| पढ् + आउ | पढाउ | पढाउँछ |
| लेख् + आउ | लेखाउ | लेखाउँछ |
| सुत् + आउ | सुताउ | सुताउँछ |
| खा + आउ | खुवाउ | खुवाउँछ |
| बस् + आउ | बसाउ | बसाउँछु |

## ३. आउ प्रत्यय लागेर बनेको धातुमा आउ वा याउ प्रत्यय थप्न नमिल्ने हुँदा धातु नलगाउ जोड्ने

म रोएँ — दाइले मलाई रुन लगाउनुभयो ।

## ४. नयाँ थपेको प्रेरक कर्ताको लिङ्ग, वचन, पुरुष र आदरका आधारमा क्रियापद राख्ने ।

छोरो लेख्छ । — आमा छोरोलाई लेखाउनुहुन्छ ।

(आमाको आधारमा लेख्छ ।)

## ५. अप्रेरणार्थक क्रियाबाट प्रेरणार्थक क्रिया बनाउँदा जुन काल, पक्ष, वाच्य, करण, अकरणमा छ सोहीअनुसार वाक्य मिलाउने ।

| | |
|---|---|
| उसले क्रिकेट खेल्यो । | मैले उसलाई क्रिकेट खेलाएँ । |
| भाइद्वारा कथा पढिन्छ । | दाइद्वारा भाइलाई कथा पढाइन्छ । |
| ऊ बिस्तारै हिँड्यो । | तिमीले उसलाई बिस्तारै हिँडायौ । |

## ६. अप्रेरणार्थक वाक्यलाई प्रेरणार्थक बनाउँदा अकर्मक क्रियापद सकर्मक, क्रियापद द्विकर्मक हुन्छ ।

अकर्मक – साने हाँस्छ । दाजु सानेलाई हँसाउनुहुन्छ ।

सकर्मक – म चिठी लेख्छु । गुरु मलाई चिठी लेखाउनुहुन्छ ।

द्विकर्मक – रामले हरिलाई पैसा दिन्छ । सुजनले रामद्वारा हरिलाई पैसा दिलाउँछ ।

प्रेरणार्थक परिवर्तन भएका थप उदाहरणहरू

| अप्रेरणार्थक वाक्य | प्रेरणार्थक वाक्य |
|---|---|
| सीमाले गीत गाएकी थिई । | सुमनले सीतालाई गीत गाउन लगाएको थियो । |
| रमेश बजार गएको छ । | रामले रमेशलाई बजार जान लगाएको छ । |
| उसले दाजुलाई घरमा बोलाउन लगायो । | हरिले उसद्वारा दाजुलाई घरमा बोलाउन लगायो । |
| तपाईँ कविता वाचन गर्दै हुनुहुन्छ । | बुबाले तपाईँलाई कविता वाचन गर्न लगाउँदै हुनुहुन्छ । |
| म धेरै काम गर्छु । | तँ मलाई धेरै काम गराउँछस् । |
| लखन पोखरा जान्छ । | लाक्पा लखनलाई पोखरा जान लगाउँछ । |
| मैले बुबालाई चिठी लेखें । | दीपकले मद्वारा बुबालाई चिठी लेखायो । |
| केटोले राम्रो कथा भन्यो । | उनीहरूले केटोलाई राम्रो कथा भन्न लगाए । |
| राम र गोपालले गीत गाए । | मैले राम र गोपाललाई गीत गाउन लगाएँ । |



## अभ्यास

१. **प्रेरणार्थक भनेको के हो ?**

२. **प्रेरणार्थक क्रिया कसरी बन्छ ?**

३. **तल दिइएका धातुलाई प्रेरणार्थक धातु बनाउनुहोस् :**

खा, जा, बस्, देख्, मा, गर्, पढ्, भन्, सुन्, गोड्, चढ्, राख्, चल्, नाच्

४. **तल दिइएका वाक्यलाई प्रेरणार्थक वाक्यमा परिवर्तन गर्नुहोस् :**

(क) उनीहरू नाच्दै थिए ।

(ख) मैले कथा पढेँ ।

(ग) म ठुलो मान्छे बनूँ ।

(घ) आज त निकै थाकियो ।

(ङ) राम डेरा सरेछ ।

(च) उसले कथा भन्यो ।

(छ) ऊ कहिले मिहिनेती बन्ला ।

(ज) हामी धेरै फेल भयौँ ।

(झ) चरो उड्यो ।

(ञ) रमेश चुनावमा उठेको छ ।

(ट) म कलमले लेख्छु ।

(ठ) आमाद्वारा भात पकाइन्छ ।

(ड) सिकारीले बन्दुक ताक्यो ।

(ढ) सपना घर फर्की ।

(ण) दावा पोखरामा काम गर्दै छ ।

(त) उसले मलाई चिठी लेख्यो ।

(थ) म आगो बाल्छु ।

## परियोजना कार्य

१. **तल दिइएका धातुलाई प्रेरणार्थक धातु बनाउनुहोस् :**

काट्, चढ्, बोल्, सुत्, खेल्, हेर्, किन्, खा, बोल्, भन्, बस्,

२. **तल दिइएका वाक्यलाई प्रेरणार्थक वाक्यमा परिवर्तन गर्नुहोस् :**

(क) मैले कविता पढेँ ।

(ख) सुमनले कलम किन्यो ।

(ग) गोपाल खोला तर्छ ।

(घ) तँ उसलाई भेट्छ ।

(ङ) बुबाले गीत गाउनुभयो ।

(च) म फुटबल खेल्छु ।

(छ) छोरी रुन्छे ।

(ज) हरि पाठ पढ्छ ।

(झ) उसले मलाई घरमा बोलायो ।

(ञ) सुमन गीत गाउँदै छ ।

(ट) म त यहीँ बस्छु ।

(ठ) बुबा स्कुल जानुभयो ।

(ड) सरिता घुम्न जान्छिन् ।

(ढ) साथीहरूले काम नगर्लान् ।

(ण) बहिनी रुन्छे ।

(त) ऊ राम्रो कथा भन्छ ।

(थ) म आगो बाल्छु ।

एकाइ
२२

# वाच्य

## १. पढ्नुहोस् र बुझ्नुहोस् :

(क) राम पुस्तक पढ्छ । (कर्तृवाच्य)

(ख) रामद्वारा पुस्तक पढिन्छ । (कर्मवाच्य)

(ग) रामद्वारा रोइन्छ । (भाववाच्य)

वाक्यमा कर्ता, कर्म र भावअनुसार क्रियाको रूप बदलिने तरिकालाई वाच्य भनिन्छ । वाच्यको अभिव्यक्ति क्रियापदबाट व्यक्त हुन्छ ।

## २. वाच्यको किसिम

वाच्य तीन प्रकारका छन् :

(क) कर्तृवाच्य (ख) कर्मवाच्य (ग) भाववाच्य

### (क) कर्तृवाच्य

| सकर्मक | अकर्मक |
|---|---|
| म गीत गाउँछु । | म विद्यालय जान्छु । |
| बहिनी खाना खान्छे । | सानी बहिनी रुन्छे । |
| भाइले क्रिकेट खेल्यो । | भाइ सहरबाट आयो । |

कर्ता मुख्य हुने अर्थात् कर्ताको लिङ्ग, वचन, पुरुष, आदरका आधारमा क्रियापद प्रयोग भएको वाच्यलाई कर्तृवाच्य भनिन्छ । कर्तृवाच्यमा कर्ता प्रधान हुन्छ । कर्तृवाच्य ;कर्मक र अकर्मक दुवै क्रियापदमा रहन्छ ।

### (ख) कर्मवाच्य

| | |
|---|---|
| मद्वारा कविता लेखिन्छ । | श्यामद्वारा चिठी लेखियो । |
| भाइद्वारा भात खाइन्छ । | दाजुद्वारा भाइ पिटियो । |

कर्म मुख्य हुने वाच्यलाई कर्मवाच्य भनिन्छ । अर्थात् कर्मको लिङ्ग, वचन र पुरुषका आधारमा क्रियापद प्रयोग गरिने वाच्यलाई कर्मवाच्य भनिन्छ । यो सकर्मक क्रियाबाट मात्र बन्दछ । कर्मवाच्यमा कर्म प्रधान हुन्छ ।

### (ग) भाव वाच्य

| | |
|---|---|
| आफू त हाँसिन्छ । | तँद्वारा घर गइन्छ । |
| हामीद्वारा बसिन्छ । | सुर्खेत बजार घुमियो । |
| यसपालि त उत्तीर्ण भइएला । | लेखियो भने छपाइएला । |

वाक्यमा क्रियापद वा भाव मुख्य रहने वाच्यलाई भाववाच्य भनिन्छ । यसमा अकर्मक क्रियाको मात्र प्रयोग हुन्छ । यस वाच्यमा क्रियापद पुलिङ्ग, एकवचन, तृतीय पुरुष/अनादरमा राखिन्छ । यसमा प्रायः कर्ता लोप हुने गर्दछ । यसमा कर्ताको कुनै भूमिका हुँदैन ।

## ३. वाच्य परिर्तन

एउटा वाच्यमा रहेको वाक्यलाई अर्को वाच्यमा परिवर्तन गर्ने कार्यलाई वाच्य परिवर्तन भनिन्छ । कर्तृवाच्य कर्म र भाव वाच्यमा परिवर्तन हुन्छ तर कर्म र भाव वाच्यको परिवर्तन कर्तृवाच्यमा मात्र हुन्छ । त्यसैगरी कर्मवाच्य र भाववाच्य एकआपसमा परिवर्तन हुँदैनन् । वाच्य परिवर्तन गर्दा वाक्यको संरचनामा केही परिवर्तन हुन्छ तर क्रियापदको काल, पक्ष वा अर्थ भने जस्ताको तस्तै राख्नुपर्छ ।

### (क) कर्तृवाच्यलाई कर्मवाच्यमा परिवर्तन गर्ने नियमहरू

१. कर्तामा द्वारा/बाट विभक्ति जोडेर त्यसलाई करण बनाइन्छ र कर्ता लोप पनि हुन सक्छ ।

२. क्रियापदको धातुमा इ जोडेपछि मात्र अरू प्रत्ययहरू जोडिन्छन् ।

३. कर्मलाई उद्देश्य बनाइन्छ अर्थात् कर्म जुन लिङ्ग, वचन, पुरुष र आदरमा छ सोअनुसार क्रियापद प्रयोग गर्ने ।

४. क्रियापदका काल, पक्ष, भाव परिवर्तन गरिँदैन ।

५. कर्ममा जोडिएको लाई विभक्ति हटाउनुपर्छ ।

६. आज्ञार्थ र इच्छार्थ क्रियापदमा भएका धातुमा इ जोडिएपछि एकवचन भए योस् र बहुवचन भए यून जोड्नुपर्छ ।

| कर्तृवाच्य | कर्मवाच्य |
|---|---|
| म पाठ पढ्छु । | मद्वारा पाठ पढिन्छ । |
| विद्यार्थीहरूले गृहकार्य गरे । | विद्यार्थीहरूद्वारा गृहकार्य गरियो । |
| तिमी चिठी लेख । | तिमीद्वारा चिठी लेखियोस् । |
| उसले कथाहरू लेखोस् । | ऊद्वारा कथाहरू लेखियोस् । |

| | |
|---|---|
| रमेश भाइलाई कुट्छ । | रमेशद्वारा भाइ कुटिन्छ । |
| तिमी राम्रा कविता लेख्छौ । | तिमीद्वारा राम्रा कविता लेखिन्छन् । |

**(ख) कर्तृवाच्यलाई भाववाच्यमा परिवर्तन गर्ने नियमहरू**

१. भाववाच्यमा कर्ता राख्नु परेमा द्वारा वा बाट जोडिन्छ तर प्रायः राखिँदैन ।

२. म लाई आफूमा परिवर्तन गर्न सकिन्छ ।

३. क्रियापदको धातुमा इ जोडिन्छ .

४. भाववाच्यमा अर्थ वा भाव नै प्रधान हुने भएकाले क्रियापद सधैँ पुलिङ्ग, एकवचन तृतीय पुरुष र अनादरमा राखिन्छ ।

५. कर्तृवाच्यको क्रियापद जुन काल, पक्ष र भावमा छ सोही काल, पक्ष र भावको प्रयोग गर्नुपर्छ ।

६. आज्ञार्थ र इच्छार्थ क्रियापद भएमा धातुमा इ+योस् प्रत्यय थपेर भाववाच्य बनाइन्छ ।

| कर्तृवाच्य | कर्मवाच्य |
|---|---|
| बुबा घर आउनुभयो । | बुबाद्वारा घर आइयो । |
| हामीहरू हिजो आयौँ । | उनीहरूद्वारा हिजो आइयो । |
| म बेसरी हाँसेछु । | आफू त बेसरी हाँसिएछ । |
| ऊ यसपालि प्रथम होला । | यसपालि प्रथम भइएला । |
| तिमी स्कुल गएस् । | तिमीद्वारा स्कुल गइयोस् । |
| तिमी आज त घरमा बस्छौ । | तिमीद्वारा आज त घरमा बसिन्छ । |

**(ग) कर्मवाच्यबाट कर्तृवाच्यमा परिवर्तन गर्ने नियमहरू**

१. कर्तामा लागेको द्वारा/बाट हटाएर त्यसलाई उद्देश्य बनाइन्छ ।

२. कर्ता लोप भएको छ भने इच्छाअनुसार कर्ता थपिन्छ ।

३. कर्ममा लाई लगाउनुपर्ने भए लगाउनुपर्छ ।

४. क्रियापदको धातुबाट इ झिक्नुपर्छ .

५. कर्ताको लिङ्ग, वचन, पुरुष र आदरअनुसार क्रियापद प्रयोग गर्नुपर्दछ ।

| कर्तृवाच्य | कर्मवाच्य |
|---|---|
| मद्वारा रूखहरू रोपिन्छन् । | म रूखहरू रोप्छु । |
| हरिद्वारा राम कुटियो । | हरिले रामलाई कुट्यो । |
| सिनेमा हेरिन्छ । | म सिनेमा हेर्छु । |

| | |
|---|---|
| हिमालहरू देखिन्छन् । | हामी हिमालहरू देख्छौँ । |
| रामद्वारा खेत खनिँदै छ । | राम खेत खन्दै छ । |
| उमेशद्वारा रूख ढालियो । | रमेशले रूख ढाल्यो । |

### (घ) भाववाच्यबाट कर्तृवाच्यमा परिवर्तन गर्ने नियमहरू

१. कर्तामा लागेको द्वारा/बाट विभक्ति हटाइन्छ र कर्ता नभएको ठाउँमा कर्ता थपिन्छ ।

२. कर्तालाई उद्देश्य बनाइन्छ ।

३. क्रियापदको धातुमा जोडिएको इ हटाइन्छ ।

४. 'आफू' लागेको भाववाच्य छ भने आफूलाई म मा परिवर्तन गर्नुपर्छ । ५. कर्ताको लिङ्ग, वचन, पुरुष र आदरअनुसार क्रियापद राखिन्छ ।

| कर्तृवाच्य | कर्मवाच्य |
|---|---|
| आज त निकै हिँडियो । | म आज निकै हिँडे । |
| हरिद्वारा मेचमा बसिन्छ । | हरि मेचमा बस्छ । |
| आफू त निदाइएछ । | म त निदाएँ । |
| दाजुबाट बजार घुमियो । | दाजु बजार घुम्नुभयो । |
| बहिनीद्वारा नाचियोस् । | बहिनी नाचोस् । |



## अभ्यास

१. वाच्य भनेको के हो ?

२. वाच्य कति प्रकारका छन् ?

३. कर्तृवाच्य भनेको के हो ?

४. कर्मवाच्य भनेको के हो ?

५. भाववाच्य भनेको के हो ?

६. तलका वाक्यहरूको वाच्य छुट्याउनुहोस् :

(क) विनोद काठमाडौँ आइपुगे ।

(ख) आफू त बाग्लुङ गइने छ ।

(ग) विद्यार्थीहरूबाट गृहकार्य गरिए ।

(घ) कर्णाली पुल नयाँ प्रविधिको मानिन्छ ।

(ङ) हिमालमा अग्ला शिखरहरू देखिए ।

(च) आफू त सबेरै उठिन्छ ।

(छ) गरिबमाथि दया गरियोस् .

(ज) उनीहरू व्याकरण सिक्दै छन् ।

(झ) आज त निकै थाकियो ।

(ञ) हिजो त मजाले सुतेँ ।

७. **तलका क्रियापद प्रयोग गरी कर्तृवाच्य, कर्मवाच्य र भाववाच्यका वाक्यहरू बनाउनुहोस् :**

किन्नु, खन्नु, गाउनु, डुब्नु, धुनु, नाच्नु, निदाउनु, पढ्नु, बस्नु, बेच्नु, रमाउनु, लजाउनु, लेख्नु, हाँस्नु, हिँड्नु

८. **कोष्ठकमा निर्देश गरेअनुसार वाच्य परिवर्तन गर्नुहोस् :**

(क) राम र श्याम नेपाली पढाउँदै छन् । (कर्मवाच्य)

(ख) शारदाले निबन्ध लेख्न सिकाइन् । (कर्मवाच्य)

(ग) हिजो त दिनभरि घुमियो । (कर्तृवाच्य)

(घ) जून र तारा देखिन्छन् । (कर्तृवाच्य)

(ङ) म त कहिल्यै रुन्न । (भाववाच्य)

(च) दसैँमा मामा घर गइने छ । (कर्तृवाच्य)

(छ) तिनीहरूद्वारा परीक्षा पास गरिएछ । (कर्तृवाच्य)

(ज) पर्यटनहरू घुम्न रुचाउँछन् । (कर्मवाच्य)

(झ) म त सुत्छु । (कर्तृवाच्य)

(ञ) सुन्तलीद्वारा मकै गोडिँदै छ । (कर्मवाच्य)

९. **कर्म तथा भाववाच्यका क्रियापदहरूको प्रयोग गरी आफूले घुमेका एक रमणीय स्थलको वर्णन गर्नुहोस् ।**

## परियोजना कार्य

१. **तलका वाक्यहरूलाई कर्तृवाच्यमा परिवर्तन गर्नुहोस् :**

छठका दिन बिहानदेखि पूजा सामग्री तयार गरिन्छ । यिनमा अत्यन्त मिठा परिकार ठेकुवा र भुसुवा मुख्य मानिन्छन् । गहुँको पिठोमा सक्खर र घिउ मुछेर ठेकुवा पकाइन्छ । चामलको पिठोमा सक्खर र घिउ मिसाएर भुसुवा (लड्डु) बनाइन्छ । केरा उखु, मेवा नरिवल, मुला, बेसार आदि मौसमी फलफूल जम्मा गरिन्छन् । यी सबै सामग्रीहरू बाँसको ढकी, टोकरी वा नाङ्लोमा राखिन्छन् ।

२. **तलका वाक्यलाई कर्मवाच्यमा परिवर्तन गर्नुहोस् :**

(क) मैले माछा मारेँ ।

(ख) सविन खाजा खाँदै छ ।

(ग) पुलिसले चोरलाई समात्यो ।

(घ) मैले हिमाल देखें ।

(ङ) तिमी चिठी लेख ।

३. **तलका वाक्यलाई भाववाच्यमा लैजानुहोस् :**

(क) हिजो म आएँ ।

(ख) म फुलबारीमा डुल्छु ।

(ग) आज त निकै हिँडियो ।

(घ) चरो आकाशमा उड्यो ।

(ङ) म खुब हासेँ ।

(च) सीता मस्त निदाई ।

४. **तलका वाक्यलाई कर्तृवाच्यमा लैजानुहोस् :**

(क) आफू त मज्जाले डुलिन्छ ।

(ख) दुःखीलाई दया गरियोस् ।

(ग) रमेशबाट चिठी लेखिन्छ ।

(घ) रामद्वारा मिहिनेत गरिन्छ ।

(ङ) पोखरामा बसिन्थ्यो ।

(च) आज निकै थाकियो ।

एकाइ
२३
# कारक र विभक्ति

## १. पढ्नुहोस् र बुझ्नुहोस् :

रामले कलमले चिठी लेखेर बुबालाई पठायो ।

यस वाक्यमा रहेका 'राम' 'कलम' 'चिठी' 'बुबा' जस्ता पदहरूको प्रत्यक्ष सम्बन्ध पठायो क्रियापदसँग छ । यी पदले वाक्यमा विभिन्न भूमिका खेली वाक्यलाई अर्थपूर्ण बनाएका छन् । जस्तैः

| शब्द | क्रियापद | कारक | अर्थ |
|---|---|---|---|
| रामले | पठायो | कर्ता | काम गर्ने |
| कलमले | पठायो | करण | काम गर्ने साधन |
| चिठी | पठायो | कर्म | असर भोग्ने |
| बुबालाई | पठायो | सम्प्रदान | फल प्राप्त गर्ने |

माथिका वाक्यमा राम, कलम, चिठी, भाइ जस्ता शब्दहरूको यसरी क्रियापदसँग सम्बन्ध हुनाले यी पदहरू कारक हुन् ।

वाक्यमा क्रियापदसँग प्रत्यक्ष सम्बन्ध राख्न आउने नामिकपदहरू (नाम, सर्वनाम र विशेषण) लाई कारक भनिन्छ ।

## कारकका प्रकार

वाक्यमा भूमिका खेल्ने आधारमा कारकलाई ६ प्रकारमा विभाजन गर्न सकिन्छ ।

कारक

- कर्ता — काम गर्ने
- कर्म — असर भोग्ने
- करण — साधन
- सम्प्रदान — फल प्राप्त गर्ने
- अपादान — छुट्टिने बिन्दु
- अधिकरण — आधार

## (क) कर्ता कारक

(क) रामले चिठी लेख्यो ।

(ख) ऊ अझै आइपुगेन ।

(ग) बुबाबाट आज्ञा भयो ।

(घ) दाजुले किताब किन्नुभयो ।

(ङ) गाई घाँस खान्छ ।

वाक्यमा प्रयोग हुँदा काम सम्पन्न गर्न आउने नामिकपदलाई कर्ता कारक भनिन्छ । कर्ता कारकमा ले, द्वारा र बाट विभक्ति चिह्न लाग्दछन् ।

## (ख) कर्म कारक

(क) बहिनी भात खान्छे ।

(ख) तैँले पुस्तक किनिस् ।

(ग) सुमनले दावालाई बेलायो ।

(घ) तिमी ठूलालाई आदर गर ।

(ङ) गुरुले तिमीलाई बोलाउनुभयो ।

वाक्यमा कर्ताले गरेको कामको फल भोग्ने नामिकपदलाई कर्म कारक भनिन्छ । यसमा सामान्यतया लाई विभक्ति चिह्न लाग्दछ ।

## (ग) करण कारक

(क) हामी बसबाट स्कुल गयौँ ।

(ख) किसान हलोले खेत जोत्छ ।

(ग) राम रोगले थला पऱ्यो ।

(घ) आमाले बहिनीलाई चम्चाले भात खुवाउनुभयो ।

(ङ) उसले मलाई इसाराले बोलायो ।

कर्ताले काम सम्पन्न गर्दा साधनको रूपमा प्रयोग हुने नामिकपदलाई करण कारक भनिन्छ । यसमा सामान्यतयाः ले, द्वारा, बाट, विभक्ति चिह्न लाग्दछन् ।

## (घ) सम्प्रदान कारक

(क) रामले श्यामलाई पैसा दियो ।

(ख) पूजाका निम्ति सरजाम ठीक पार ।

(ग) बुबाले मलाई कलम ल्याइदिनुभयो ।

(घ) मैले भाइलाई सामान पठाइ दिएँ ।

(ङ) तिमीले देशलाई के गर्‍यौं ?

कर्ताले गरेको कामको फल प्राप्त गर्ने नामिकपदलाई सम्प्रदान कारक भनिन्छ । यसमा सामान्यतया लाई, लागि, निम्ति विभक्ति लाग्दछन् ।

### (ङ) अपादान कारक

(क) राम रूखबाट खस्यो ।

(ख) दूधबाट दही बन्छ ।

(ग) राम हिजोदेखि बिरामी छ ।

(घ) आइतबारदेखि पानी पर्न छाड्यो ।

(ङ) श्याम पोखराबाट घर आयो ।

कुनै ठाउँ वा समयको छुट्टिने बिन्दु जनाउन आउने नामिकपदलाई अपादान कारक भनिन्छ । यसमा सामान्यतया देखि, बाट विभक्ति चिह्न लाग्दछन् ।

### (च) अधिकरण कारक

(क) पुस्तक झोलामा हाल ।

(ख) टेबुलमा कलम राख ।

(ग) म तिमीमा भर परेको छु ।

(घ) छानामा चरो बस्यो ।

(ङ) आकाशमा बादल लागेको छ ।

कुनै वस्तु रहने आधार जनाउन आउने नामिक पदलाई अधिकरण कारक भनिन्छ । यसमा सामान्यतया मा, माथि विभक्ति चिह्न लाग्दछन् ।

## रूपका आधारमा कारकको वर्गीकरण

रूपका आधारमा कारकलाई दुई भागमा वर्गीकरण गर्न सकिन्छ :

ती हुन् : सरल कारक र तिर्यक कारक

### (क) सरल कारक

(क) म कथा सुन्छु ।

(ख) त्यो मेरो कलम हो ।

(ग) बाटो लामो छ ।

(घ) म राम्ररी लेख्छु ।

(ङ) तिमी रूख काट्छौ ।

वाक्यमा प्रयोग हुँदा कुनै पनि विभक्ति, नामयोगी, आदरार्थी बहुवचनबोधक रूपहरू नलागेका पदहरूलाई सरल कारक भनिन्छ । यसले शब्दको मूल रूपमा विकार ल्याउँदैन ।

### (ख) तिर्यक कारक

(क) मैले राम्ररी लेखे ।

(ख) भाइहरू घरमा छैनन् ।

(ग) मैले समाचार सुनें ।

(घ) केटाहरू दौडे ।

(ङ) ती मेरा पुस्तक हुन् ।

वाक्यमा प्रयोग हुँदा मूल शब्दमा विभक्ति नामयोगी, आदरार्थी बहुवचनबोधक चिह्नहरू प्रयोग भएका पदहरूलाई तिर्यक कारक भनिन्छ । यसको मूल रूपमा विकार आउँछ ।

## २. विभक्तिको परिचय

हरिले चिठी लेखेको छ । म कलमले लेख्छु ।

उसले मलाई बोलायो । गोराले कालालाई अमेरिकामा दास बनाएका थिए ।

उपर्युक्त वाक्यमा नाम, सर्वनाम र विशेषण शब्द आएका छन् । जसलाई नामिकपद भनिन्छ । नामिक पद पछाडि जोडिएको रेखाङ्कित प्रत्यय विभक्ति चिह्न हुन् ।

नामिक शब्द (नाम, सर्वनाम र विशेषण) पछाडि प्रयोग भई कारक छुट्याउन मद्दत गर्ने चिह्नलाई विभक्ति भनिन्छ । विभक्तिको आफ्नो अर्थ हुँदैन । त्यसैले विभक्ति स्वतन्त्र रूपमा प्रयोग हुँदैनन् । यी शब्दहरूसँग जोडिएर आउँछन् ।

## विभक्तिका प्रकार

विभक्ति सात प्रकारका छन् :

| प्रथमा | द्वितीया | तृतीया | चतुर्थी | पञ्चमी | षष्ठी | सप्तमी |
|---|---|---|---|---|---|---|
| ले<br>बाट | लाई | ले<br>बाट<br>द्वारा | लाई<br>लागि<br>निम्ति | देखि<br>बाट | को, का<br>की, रो<br>रा, री<br>नो, ना<br>नी | मा<br>माथि |

१. **प्रथमा विभक्ति**

(क) मैले पुस्तक किनेँ । (ख) गाईले घाँस खायो ।

(ग) बुबाबाट आज्ञा भयो । (घ) खोलाले बगायो ।

कर्ता कारक छुट्याउन आउने ले, द्वारा, बाट विभक्ति चिह्नलाई प्रथमा विभक्ति भनिन्छ ।

२. **द्वितीया विभक्ति**

(क) श्यामले रामलाई भेट्यो । (ख) सानीले भाइलाई कुटी ।

(ग) हामीले रूखलाई काट्नु हुँदैन । (घ) तिमीले मलाई भेट्नु छ ।

कर्म कारक छुट्याउन आउने लाई विभक्ति चिह्नलाई द्वितीया विभक्ति भनिन्छ ।

३. **तृतीया विभक्ति**

(क) बहिनीले चम्चाले भात खाई । (ख) म हातले खाना खान्छु ।

(ग) भाइ कलमले लेख्छ । (घ) हामी बसबाट घर आयौँ ।

कारक छुट्याउन आउने ले, द्वारा, बाट विभक्ति चिह्नलाई तृतीया विभक्ति भनिन्छ ।

४. **चतुर्थी विभक्ति**

(क) भाइलाई कलम देऊ । (ख) मेरा लागि काम गर्न आवश्यक छैन ।

(ग) मैले सीतालाई उपहार दिएँ । (घ) बुबाको निम्ति खाना तयार गर ।

सम्प्रदान कारक छुट्याउन आउने लाई, लागि, निम्ति विभक्ति चिह्नलाई चतुर्थी विभक्ति भनिन्छ ।

५. **पञ्चमी विभक्ति**

(क) रूखबाट पात झऱ्यो । (ख) म पोखराबाट घर आएँ ।

(ग) दूधबाट दही बन्छ । (घ) राम हिजोदेखि बिरामी छ ।

अपादान कारक छुट्याउन आउने देखि, बाट विभक्ति चिह्नलाई पञ्चमी विभक्ति भनिन्छ ।

६. **षष्ठी विभक्ति**

(क) मेरो घर सहरमा छ । (ख) मेरी भान्जी छैनन् ।

(ग) मेरा भाइहरूले पढ्न छाडिसके । (घ) उसका साथीहरू खेल्न गए ।

(ङ) आफ्नो मान्छे यहाँ छैनन् ।

अघिल्लो पदसँग पछिल्लो पदको सम्बन्ध जोड्न आउने को, का, की, रो, रा, री, नो, ना, नी विभक्ति चिह्नलाई षष्ठी विभक्ति भनिन्छ ।

## ७. सप्तमी विभक्ति

(क) कलम झोलामा छ । (ख) पुस्तक टेबलमाथि छ ।

(ग) चरो रूखमा बस्छ । (घ) तिमी कक्षामा गएर बस ।

अधिकरण कारक छुटयाउन आउने मा, माथि विभक्ति चिह्नलाई सप्तमी विभक्ति भनिन्छ ।

### कारक र विभक्तिका अर्थ र चिह्नहरूको तालिका

| कारक | सम्बन्ध | विभक्ति | विभक्ति चिह्न | वाक्यमा प्रयोग |
|---|---|---|---|---|
| कर्ता | काम गर्ने | प्रथमा | ले, बाट | हरिले खाना खायो । |
| कर्म | कामका असर पर्ने | द्वितीया | लाई | रमाले भाइलाई पिटी । |
| करण | साधन जनाउने | तृतीय | ले, बाट, द्वारा | दावाले चक्कुले स्याउ काट्यो । |
| सम्प्रदान | जसको लागि काम गरिन्छ | चतुर्थी | लाई, लागि, निम्ति | सबिताले पूजालाई फूल टिपी । |
| अपादान | छुट्टिने विन्दु | पञ्चमी | देखि, बाट | पोखराबाट जहाज उड्यो । |
| सम्बन्ध | पद जोड्ने | षष्ठी | को, का, की, रो, रा, री,नो, ना, नी, | उसको, उसका, उसकी, मेरो, मेरा, मेरी, आफ्नो, आफ्नी |
| अधिकरण | आधार | सप्तमी | मा, माथि | म झोलामा कलम राख्छु । |



## अभ्यास

१. कारक भनेको के हो ?

२. कारक के कति प्रकारका छन् र ती के के हुन् ?

३. विभक्ति भनेको के हो ?

४. विभक्ति कति प्रकारका छन् र ती के के हुन् ?

५. कोष्ठकमा दिइएका सङ्केतअनुसार विभक्ति चिह्न राखेर खाली ठाउँ पूरा गर्नुहोस् :

(क) राम ...................... भात खायो । (प्रथमा विभक्ति)

(ख) गोपाल घर ................ बस्छ । (सप्तमी विभक्ति)

(ग) सुमनले भाइ ............ कलम दियो । (चतुर्थी विभक्ति)
(घ) दावाले बहिनी .................... कुट्यो । (द्वितीया विभक्ति)
(ङ) गोपाल घर ..................... आयो । (पञ्चमी विभक्ति)
(च) म कलम ........................ लेख्छु । (तृतीया विभक्ति)
(छ) गाई ........................... घाँस खायो । (प्रथमा विभक्ति)
(ज) हरिले चम्चा .................. भात खायो । (तृतीया विभक्ति)

६. **कारक र विभक्तिको प्रकार छुट्याउनुहोस् :**

(क) सुमनले लट्ठीले सर्प माऱ्यो ।

(ख) मैले सीतालाई मेल पठाएँ ।

(ग) रमाले रूखबाट आँप टिपेर भाइलाई दिई ।

(घ) हामीले झोलामा राखेको कलम श्यामले लगेछ ।

(ङ) लखनले इनारबाट बाल्टिनमा पानी उबायो ।

७. **तलका खाली ठाउँमा कोष्ठकमा बताइएअनुसार विभक्ति चिह्न भर्नुहोस् :**

(क) सिकारी ................ बाघ माऱ्यो । (कर्ता कारक)
(ख) आमाले बहिनी ............ सुताउनुभयो । (कर्म कारक)
(ग) किसान ..................... खेत खन्यो । (कर्ता कारक)
(घ) भाइले कलम ................. लेख्यो । (करण कारक)
(ङ) रूख ..................... पात झऱ्यो । (अपादान कारक)
(च) तिमी रूख ................ नचढ । (अधिकरण कारक)

८. **तलको अनुच्छेदमा कुन कुन विभक्तिको प्रयोग भएको छ, छुट्याएर कापीमा लेख्नुहोस् :**

प्रलयको समय आएपछि समुद्रले आफ्नो मर्यादालाई छाडिदिन्छन् परन्तु साधु वा सज्जन व्यक्तिले मर्यादालाई कदापि भंग हुन दिँदैनन् ।

समुद्रको तुलनामा धीर र गम्भीर मान्छे श्रेष्ठतर हुन्छ किनभने संसारमा समुद्र (सागर) लाई गम्भीर एवं उच्छृङ्खलहीन ठानिएको छ । प्रलय हुँदा समुद्रले पनि आफ्नो मर्यादा छाडेर किनारालाई पनि जलथल गराई एकैनास पारिदिन्छ तर साधु वा सज्जन मान्छेले भने प्रलय आउँदा पनि आफ्नो मर्यादा उल्लंघन गर्दैनन् । तसर्थ सज्जन व्यक्ति सागरभन्दा पनि महान् हो । त्यसो त मर्यादाको पालना गर्नमा सागरलाई आदर्श ठानिएको छ । वर्षायाममा उर्लिएका नदीलाई आफूभित्र समेटे पनि सागरले आफ्नो सिमाना नाघ्दैन । तर, प्रलय आइपर्दा भने त्यही समुद्रले पानी किनारा छाडेर आसपासका सबै जमिनलाई जलमग्न तुल्याइदिन्छ । सागरले प्रलयको समयमा आफ्नो मर्यादालाई सुरक्षित राख्न सक्तैन परन्तु सज्जन व्यक्ति भने प्रायः आफ्नो मर्यादाको रक्षा गरिरहेको हुन्छ । यसैले सज्जन व्यक्तिहरू समुद्रभन्दा अधिक गम्भीर ठानिँदै आएका छन् ।

(मदनप्रसाद अर्याल, चाणक्यबाट साभार)

## परियोजना कार्य

१. **रेखाङ्कित पदको कारक पत्ता लगाउनुहोस् :**

(क) माझीले माछा माऱ्यो । (कर्ता, कर्म, करण)

(ख) माछा पानीमा पौडन्छ । (कर्म, अधिकरण, करण)

(ग) दिदी बजारबाट आउनुभयो । (करण, अपादान, अधिकरण)

(घ) म लट्ठीले अम्बा झार्छु । (कर्ता, करण, कर्म)

(ङ) वैशाखदेखि नयाँ सत्र सुरु हुन्छ । (सम्प्रदान, अपादान, अधिकरण)

२. **तलका रेखाङ्कित पदले बुझाउने कारकको नाम लेख्नुहोस् :**

(क) तिमी परीक्षामा कलम किन ।

(ख) मैले सिसाकलमले चित्र बनाएँ ।

(ग) साथीले टेलिफोनबाट निम्तो दियो ।

(घ) घरबाट भाइ आइ पुगेन ।

(ङ) म माग्नेलाई भिक्षा दिन्छु ।

३. **खाली ठाउँमा उपयुक्त विभक्ति भर्नुहोस् :**

(क) संगीता..........गीता............कापी दिई ।

(ख) दलबहादुर..........छोरा............मेरो भाइ...........हिर्काएछ ।

(ग) तिमी..............म............चिन्यौ ।

(घ) सम्झना जनकपुर............................काठमाडौँ पुगेकी छिन् ।

(ङ) विद्यार्थीहरू साइकल...........................आउँदै छन् ।

४. **कोष्ठकको निर्देशनअनुसार खाली ठाउँमा विभक्ति भर्नुहोस् :**

(क) प्रदीप..................मासु खाएछ । (प्रथमा विभक्ति)

(ख) बुबाले छोरी..........विद्यालय पुऱ्याउनुभयो । (द्वितीया विभक्ति)

(ग) भूकम्प.................. धेरै क्षति गऱ्यो । (तृतीया विभक्ति)

(घ) मैले खोला................माछा ल्याएँ । (पञ्चमी विभक्ति)

(ङ) हरिशरण तिमी................उपहार दिन्छ । (चतुर्थी विभक्ति)

(च) बाघ वन......................गर्जँदै छ । (सप्तमी विभक्ति)

एकाइ
२४

# पदसङ्गति

## १. पढ्नुहोस् र बुझ्नुहोस् :

(क) मेरो भाइ आई । (लिङ्गको सङ्गति नमिल्दा)
मेरो भाइ आयो । (लिङ्गको सङ्गति मिल्दा)

(ख) रूखहरू ढल्यो । (वचनको सङ्गति नमिल्दा)
रूखहरू ढले । (वचनको सङ्गति मिल्दा)

(ग) हामी गयो । (पुरुषको सङ्गति नमिल्दा)
हामी गयौँ । (पुरुषको सङ्गति मिल्दा)

(घ) बुबा आयो । (आदरको सङ्गति नमिल्दा)
बुबा आउनुभयो । (आदरको सङ्गति मिल्दा)

माथिका क, ख, ग, घ का वाक्यहरूको पदसङ्गति मिलेको छैन । त्यसैले यी वाक्यहरू व्याकरणिक दृष्टिले अशुद्ध छन् । तिनै वाक्यका तल लेखिएका वाक्यहरूको पदसङ्गति मिलेको छ । त्यसैले ती वाक्यहरू व्याकरणिक दृष्टिले शुद्ध वाक्य हुन् ।

वाक्यमा प्रयोग हुने पदहरूको बिच लिङ्ग, वचन, पुरुष र आदरका उपयुक्त रखाइलाई पदसङ्गति भनिन्छ ।

## २. पदसङ्गतिका प्रकार

### (क) कर्ता र क्रियाको सङ्गति

वाक्यमा कर्ता जुन लिङ्ग, वचन, पुरुष र आदरमा छ, क्रियापद पनि त्यही लिङ्ग, वचन, पुरुष र आदरको हुनुपर्छ । जस्तैः

(अ) छोरो आयो । – कर्ता र क्रियाको बिच पुलिङ्गको सङ्गति
– एकवचनको सङ्गति
– तृतीय पुरुषको सङ्गति
– अनादरार्थीको सङ्गति

(आ) छोरी आई । – कर्ता र क्रियापदको बिच स्त्रीलिङ्गको सङ्गति

– एकवचनको सङ्गति
– तृतीय पुरुषको सङ्गति
– अनादरार्थीको सङ्गति

(इ) छोराछोरीहरू आए । – कर्ता र क्रियापदका बिच स्त्रीलिङ्गको सङ्गति
– तृतीय पुरुषको सङ्गति

(ई) तपाईँ आउनुभयो । – कर्ता र क्रियापदका बिच द्वितीय पुरुषको सङ्गति
– उच्च आदरको सङ्गति

### (ख) विशेषण र विशेष्यका बिच पदसङ्गति

विशेष्यको लिङ्ग, वचन, आदरअनुसार विशेषणको पनि लिङ्ग, वचन, आदरको हुनुपर्छ ।

सानो छोरो – विशेषण र विशेष्यका बिच एकवचन र पुलिङ्गको सङ्गति

सानी छोरी – एकवचन र स्त्रीलिङ्गको सङ्गति

साना छोराछोरी – बहुवचनको सङ्गति

साना काका – आदरको सङ्गति

### (ग) भेद्य र भेदकका बिच पदसङ्गति

भेद्य जुन वचन, लिङ्ग र आदरको छ, भेदक पनि त्यही वचन, लिङ्ग र आदरको हुनुपर्छ ।

मेरो छोरो (भेद्य र भेदकबिच एकवचन र पुलिङ्गको सङ्गति)

मेरी छोरी (एकवचन स्त्रीलिङ्गको सङ्गति)

मेरा छोराछोरी (बहुवचनको सङ्गति)

मेरा काका (आदरको सङ्गति)

### (घ) नाम र सर्वनामका बिच पदसङ्गति

छोरी आई । ऊ जाने छे । (नाम र सर्वनामका बिच एकवचन र लिङ्गको सङ्गति)

छोरी आइन् । उनी जाने छिन् । (नाम र सर्वनामका बिच आदरको सङ्गति)

छोरोछोरी आए । उनीहरू जाने छन् । (नाम र सर्वनामका बिच बहुवचनको सङ्गति)

### (ङ) वाच्यका आधारमा पदसङ्गति

– कर्तृवाच्यमा कर्ताको लिङ्ग, वचन, र आदरका आधारमा क्रियापद प्रयोग गरी पदसङ्गति मिलाइन्छ ।

म पढ्छु । (कर्तृवाच्यको आधारमा)

- कर्म वाच्यमा कर्मको लिङ्ग, वचन, पुरुष र आदरका आधारमा क्रियापद प्रयोग गरी पदसङ्गति मिलाइन्छ ।

  मद्वारा पाठ पढिन्छ । (कर्मवाच्यको आधारमा)
- भाव वाच्यमा पुलिङ्ग, एकवचन, तृतीय पुरुष मिलाइन्छ ।

  आफू त सुतियो । (भाववाच्यको आधारमा)



## अभ्यास

१. **पदसङ्गति भनेको के हो ?**

२. **तल दिइएका वाक्यहरूको पदसङ्गति मिलाउनुहोस् :**

(क) म मामाघर जान्छ । (ख) उनीहरू बजार जान्छौ ।

(ग) आमाले तरकारी काटिन् । (घ) बुबा पाठ पढ्छ ।

(ङ) तिमीले खाना खान्छन् । (च) सानी छोरी आयो ।

(छ) भाइ घरमा हुनुहुन्छ । (ज) गाई आई ।

(झ) बहिनीहरू खेल्छ । (ञ) पर्यटकहरू यहीँ बस्छ ।

(ट) नेपालीहरू खुसी छ । (ठ) हरि फुटबल खेल्छिन् ।

(ड) तपाईँ कता गएको ? (ढ) तँ घर जान्छ ।

३. **तलका अनुच्छेदमा कुन प्रकारका पदसङ्गति छन् छुट्याउनुहोस् :**

### कर्म र महत्त्वाकाङ्क्षाको अनुपात नै दु:ख हो

मानवजीवन एक हिसाबले वरदान हो । संघर्ष हो । संघर्षमा लक्ष्य रहन्छ । जीवनमा दायित्व रहन्छ । जीवन कर्म पनि हो । जीवन सबै कुराको चक्र हो । मानवजीवन बालकदेखि वृद्धसम्मको दायित्व र चक्र हो ।

जीवनको महत्त्व यसकारण छ कि– सकारात्मक सोच लिएर गए धेरै सक्छौँ । नकारात्मक सोच भए जीवन केही छैन । जीवनमा उपलब्धि भएन भने यसको महत्त्व केही छैन ।

मान्छेले दु:ख पाउनुमा उसको महत्त्वकाङ्क्षा हो । त्यो महत्त्वकाङ्क्षा पूरा भए सफल हुन्छ र खुसी हुन्छ । त्यो पूरा नभए असन्तुष्टि बढ्छ र दु:खी बन्छ । कर्म र महत्त्वकाङ्क्षाको अनुपात दु:ख हो ।

मान्छे आफ्नो कर्ममा सफल बन्न यसरी अगाडि बढ्नुपर्छ भन्ने लाग्छ :

सफलता भनेको सन्तुष्टि हो, त्यो मापन गर्न सकिन्न । महत्त्वाकाङ्क्षालाई सफलताले जित्नुपर्छ ।

सकारात्मक सोच लिएर अगाडि बढ्नुपर्छ । कर्मले महत्त्वाकाङ्क्षालाई जित्नुपर्छ ।

काममा निरन्तर क्रियाशीलता राख्नुपर्छ ।

दिमागले सोच्नुमात्र भन्दा कर्मले अझ प्रेरित गर्नुपर्छ ।

**म आफूलाई चिन्ता वा तनाव पर्दा यसो गर्ने गर्छु :**

दुःख भनेको कुरा असन्तुष्टि, असफलता र हारबाट आउँछ ।

जीवनमा आउने हारलाई आफूभन्दा कमजोर, तल्लो स्तरकासँग तुलना गर्छु ।

चिन्ताबाट हट्न र बिर्सन आफूले आफैँलाई सम्हाल्न खोज्छु ।

काममा क्रियाशीलता बढाउँछु ।

तनावमा स्थिर रहँदा झन् कमजोर भइन्छ । त्यसबाट जतिसक्दो चाँडो मुक्त हुनुपर्छ ।

(सुमन पाण्डे)

## परियोजना कार्य

१. **तल दिइएका वाक्यहरुको पदसङ्गति मिलाउनुहोस् :**

(क) तपाईँ यता आऊ ।

(ख) भाइले कथा भनी ।

(ग) गाईले घाँस खाई ।

(घ) बहिनी स्कूल जान्छ ।

(ङ) ऊ फूल रोप्छन् ।

(च) हामी घर जान्छ ।

(छ) तँ कहिले आउँछ ।

(ज) तिमी भोलि जान्छस् ।

(झ) उहाँले परीक्षा उत्तीर्ण गऱ्यो ।

(ञ) म स्कूल जान्छ ।

(ट) हामी बजारबाट आयो ।

(ठ) मैले नयाँ कलम किन्यो ।

एकाइ
२५

# वाक्य र वाक्यका प्रकार

## १. पढ्नुहोस् र बुझ्नुहोस् :

जानकी अर्थ मन्त्रालयको सचिव भएकी छिन् ।

सूर्यले हामीलाई ताप दिन्छ तर चन्द्रमाले शीतल दिन्छ ।

जहाँ फूल फुल्छ त्यहाँ बासना चल्छ ।

अर्थ स्पष्ट हुनेगरी विभिन्न प्रसङ्गका अभिव्यक्ति भनाइ वा विचार प्रकट गरिएका भाषिक संरचनालाई वाक्य भनिन्छ ।

वाक्य भाषाको सबैभन्दा ठुलो एकाइ हो । वाक्यमा एउटा उद्देश्य र एउटा विधेय अनिवार्य रूपमा आएको हुनुपर्छ ।

## २. वाक्यका प्रकार

बनोट र संरचनाका आधारमा वाक्य तीन प्रकारका छन् :

(क) सरल वाक्य (ख) मिश्र वाक्य (ग) संयुक्त वाक्य

### (क) सरल वाक्य

सुमन हाँस्छ ।

गोपालले घर बनायो ।

हामी आफ्नो राष्ट्रिय झण्डाको सधैँ सम्मान गर्दछौँ ।

समिता आफ्नो कक्षाको नेतृत्व लिन्छिन् ।

उद्देश्य र विधेय अर्थात् कर्ताअनुसारको एउटै मात्र समापिका क्रिया भएमा त्यसलाई सरल वाक्य भनिन्छ । यसमा कुनै संयोजकको प्रयोग हुँदैन । उद्देश्य र विधेयमा विस्तार भए पनि सरल वाक्य हुन्छ । जस्तैः

| उद्देश्य | विधेय |
|---|---|
| रमिला | नाच्छे |
| सुमन | गाउँछ |

| उद्देश्य विस्तारक | विधेय विस्तारक |
|---|---|
| रमाकी कान्छी छोरी रमिला | आँगनमा छमछमी नाच्छे । |
| मेरो कान्छो भाइ सुमन | लोक गीत गाउँछ । |

### (ख) मिश्र वाक्य

जब वसन्त आउँछ तब जताततै फूल फुल्छन् ।
जसले मह काढ्छ, उसले हात चाट्छ ।
तिमी गाउँछौ भने म नाचिदिन्छु ।
रमा जसरी आई अन्जु त्यसरी आई ।
जहाँ पानी छ त्यहाँ फोहोर गर्नु हुँदैन ।

एउटा मुख्य उपवाक्य र एकभन्दा बढी अधीन सापेक्ष संयोजकले जोडेर बनेको वाक्यलाई मिश्र वाक्य भनिन्छ । जो, जहाँ, त्यहाँ, जुन, जसले, जसरी भने आदि सापेक्ष संयोजक हुन् ।

मिश्र वाक्यमा उद्देश्य र विधेय मिलेर बनेको स्वतन्त्र र पूर्ण अर्थ प्रदान गर्ने उपवाक्य हो । मुख्य उपवाक्यलाई सरल वाक्य पनि भनिन्छ । स्वतन्त्र रूपमा प्रयोग नहुने पूर्ण अर्थका लागि उपवाक्यको आश्रय लिनुपर्ने उपवाक्यलाई अधीन उपवाक्य भनिन्छ ।

### (ग) संयुक्त वाक्य

पासाङ ल्हामु सगरमाथा चढिन् र नेपालको इज्जत बढाइन् ।
जनकपुरमा बढी अन्न फल्छ किनभने त्यहाँको माटो उर्वर छ ।
राम ध्यान दिएर पढ्छ अनि खेल्न जान्छ ।
भाइ स्कुल गयो तर बहिनी जान मानिन ।

दुई वा दुईभन्दा बढी स्वतन्त्र उपवाक्यहरूलाई निरपेक्ष संयोजकले जोडिएको वाक्यलाई संयुक्त वाक्य भनिन्छ । र, पनि, अनि, तर, वा, कि, नत्र, त्यसैले, तापनि, अथवा, परन्तु, किन्तु, तसर्थ, यसर्थ, यसकारण आदि निरपेक्ष संयोजक हुन् ।

## वाक्य परिवर्तन गर्ने तरिका

### (क) सरल वाक्यलाई मिश्र वाक्यमा परिवर्तन गर्ने तरिका

१. मिल्दो सापेक्ष संयोजक चयन गर्नुपर्छ ।
२. सापेक्ष संयोजकले अधीन उपवाक्यलाई जोड्नुपर्छ ।
३. सरल वाक्य पढी उपयुक्त स्थानमा संयोजकको चयन गर्नुपर्छ ।
४. एउटा उपवाक्यलाई अधीन उपवाक्य बनाउनुपर्छ ।

५. मिश्र वाक्यले जोड्दा काल परिवर्तन गर्नु हुँदैन ।

६. मिश्र वाक्य सापेक्ष संयोजकले जोड्दा नाम, सर्वनाम, विशेषणको सट्टा संयोजक प्रयोग हुन्छ ।

| सरल वाक्य | मिश्र वाक्य |
|---|---|
| तिम्रा दाइ डाक्टर हुन् । | जो तिम्रा दाइ हुन् ती डाक्टर हुन् । |
| तीतो औषधी हितकारी हुन्छ । | जुन औषधी तीतो छ त्यो हितकारी हुन्छ । |
| पानी परेर जाडो भयो । | जब पानी पऱ्यो तब जाडो भयो । |
| मिहिनेती श्याम निकै जान्दछ । | जुन श्याम मिहिनेती छ ऊ निकै जान्दछ । |
| काफल पाकेको ठाउँमा चरी नाच्छ । | जहाँ काफल पाक्छ त्यहाँ चरी नाच्छ । |

## (ख) सरल वाक्यलाई संयुक्त वाक्यमा परिवर्तन गर्ने तरिका

१. निरपेक्ष संयोजकको प्रयोग गर्नुपर्छ ।

२. संयुक्त वाक्यमा दुई वा दुईभन्दा बढी वाक्य नै स्वतन्त्र रूपमा रहनुपर्दछ ।

३. संयुक्त वाक्यमा परिवर्तन गर्दा एउटा पदको सट्टा अर्को पद प्रयोग गर्नु हुँदैन ।

| मिश्र वाक्य | सरल वाक्य |
|---|---|
| जहाँ हिउँ पर्छ त्यहाँ जाडो हुन्छ । | हिउँ परेका ठाउँमा जाडो हुन्छ । |
| जो दुःखी छ त्यसलाई माया गर । | दुःखीलाई माया गर । |
| जो चोर हो उसलाई प्रहरीले समात्छ । | चोरलाई प्रहरीले समात्छ । |
| जहाँ इच्छा हुन्छ त्यहाँ उपाय हुन्छ । | इच्छा भएका ठाउँमा उपाय हुन्छ । |
| जब दस बज्छ तब घण्टी लाग्छ । | दस बजेपछि घण्टी लाग्छ । |

## (ग) मिश्र वाक्यलाई संयुक्त वाक्यमा परिवर्तन गर्ने तरिका

१. मिश्र वाक्यमा एउटा मुख्य उपवाक्य र अर्को अधीन उपवाक्य हुन्छ । त्यसैले संयुक्त वाक्यमा परिवर्तन गर्दा दुवै मुख्य उपवाक्य बनाउनुपर्छ ।

२. मिश्र वाक्यमा प्रयोग हुने सापेक्ष चिह्न हटाउनुपर्छ र संयुक्त वाक्यमा लैजाँदा निरपेक्ष संयोजकको प्रयोग गर्नुपर्छ ।

३. मिश्र वाक्यमा लोप भएको पद संयुक्त वाक्यमा प्रयोग गर्नुपर्छ ।

| मिश्र वाक्य | संयुक्त वाक्य |
|---|---|
| जसले हान्यो उसले जान्यो । | उसले हान्यो अनि जान्यो । |
| तिमी जसरी आयौ त्यसरी गयौ । | तिमी त्यसरी नै आयौ र गयौ । |
| जसले परिश्रम गर्छ उसले फल पाउँछ । | उसले परिश्रम गर्छ र फल पाउँछ । |
| जहाँ काफल पाक्यो त्यहाँ चरी नाच्यो । | त्यहाँ काफल पाक्यो अनि चरी नाच्यो । |



## अभ्यास

१. **वाक्य भनेको के हो ?**

२. **सरल वाक्य भनेको के हो ?**

३. **मिश्र वाक्य भनेको के हो ?**

४. **संयुक्त वाक्य भनेको के हो ?**

५. **सरल, मिश्र र संयुक्त वाक्य छुट्याएर लेख्नुहोस् :**

(क) जीवन केवल वसन्त होइन, शिशिर पनि हो ।
(ख) ऊ मिहिनेतले विद्वान् भयो ।
(ग) जसले परिश्रम गर्दैन उसले कहिल्यै प्रगति गर्दैन ।
(घ) काम गर्नाले फुर्ती बढ्छ सुख पनि हुन्छ ।
(ङ) जसले सोझो चितायो, उसको भलो हुन्छ ।
(च) मानिसलाई धेरै आपत पर्छ तर धैर्य छाड्नु हुँदैन ।
(छ) सीता र राधा दुवै विदेश गए ।
(ज) सगरमाथा हाम्रो देशको गरिमा हो ।

६. **तल दिइएका सरल वाक्यलाई मिश्र वाक्यमा परिवर्तन गर्नुहोस् :**

(क) ऊ बजार गएर कलम किन्छ ।
(ख) रमाले पुस्तकालय गएर किताब पढ्छे ।
(ग) पढ्ने विद्यार्थीले राम्रो अङ्क ल्याउँछ ।
(घ) पानी परेपछि जाडो हुन्छ ।
(ङ) गोपालले गाई पालेर प्रशस्त पैसा कमायो ।

७. **तल दिइएका मिश्र वाक्यलाई सरल वाक्यमा परिवर्तन गर्नुहोस् :**

(क) राम आयो भने म खेल्न जान्छु ।
(ख) जब घाम लाग्छ तब जाडो हट्छ ।
(ग) जसले सोझो चितायो उसको भलो हुन्छ ।
(घ) जब सीता र गीता आउँछन् तब गीत गाउँछन् ।
(ङ) जहाँ इच्छा त्यहाँ उपाय हुन्छ ।

८. **तल दिइएका संयुक्त वाक्यलाई सरल वाक्यमा परिवर्तन गर्नुहोस् :**

(क) श्याम पोखरा जान्छ अनि डुङ्गा चढ्छ ।
(ख) लखनले दही खायो तर मासु खाएन ।

(ग) तिमी जाऊ वा बहिनीलाई पढाऊ ।

(घ) ऊ विद्यालय जान्छ र पढ्छ ।

(ङ) तिमी पढ्ने भए पढ नत्र म पढ्छु ।

९. **कोष्ठकमा दिइएको निर्देशनअनुसार वाक्य परिवर्तन गर्नुहोस् :**

(क) जो परिश्रमी छ ऊ परीक्षामा प्रथम हुन्छ । (सरल वाक्य)

(ख) सूर्य नपुग्ने ठाउँमा कविहरू पुग्छन् । (मिश्र वाक्य)

(ग) राम घर जान्छ र गृहकार्य गर्छ । (सरल वाक्य)

(घ) बादल लागेर आकाश गर्जेपछि पानी पर्‍यो । (संयुक्त वाक्य)

(ङ) वृक्षरोपण नगरेकाले पहिरो गयो । (संयुक्त वाक्य)

## परियोजना कार्य

१. **तल दिइएका वाक्यहरूको पदसङ्गति मिलाउनुहोस् :**

(क) तपाईँ यता आऊ ।

(ख) भाइले कथा भनी ।

(ग) गाईले घाँस खाई ।

(घ) बहिनी स्कूल जान्छ ।

(ङ) ऊ फूल रोप्छन् ।

(च) हामी घर जान्छ ।

(छ) तँ कहिले आउँछ ।

(ज) तिमी भोलि जान्छस् ।

(झ) उहाँले परीक्षा उत्तीर्ण गर्‍यो ।

(ञ) म स्कूल जान्छ ।

(ट) हामी बजारबाट आयो ।

(ठ) मैले नयाँ कलम किन्यो ।

२. **तलका सरल वाक्यलाई संयुक्त र मिश्र वाक्यमा परिवर्तन गर्नुहोस् :**

(क) पानी परेर बाटो चिप्लो भयो ।

(ख) परिश्रम गर्नेले फल पाउँछ ।

(ग) दश बजेपछि घण्टी लाग्छ ।

(घ) रमिला छमछमी नाच्छे ।

(ङ) तिम्रा दाइ शिक्षक हुन् ।

३. **तल दिइएका मिश्र वाक्यलाई सरल वाक्यमा परिवर्तन गर्नुहोस् :**

(क) जब दश बज्छ तब परीक्षा सुरु हुन्छ ।

(ख) जहिले म काठमाडौँ जान्छु तब पोखरा जान्छु ।

(ग) जहाँ पुग्दैनन् रवि त्यहाँ पुग्छन् कवि ।

(घ) रमा आई भने म पनि जान्छु ।

(ङ) जब पानी पर्छ तब बाली सप्रन्छ ।

(च) रमा जसरी आई गोमा त्यसरी आई ।

४. **कोष्ठकमा दिइएको निर्देशनअनुसार वाक्य परिवर्तन गर्नुहोस् :**

(क) पानी लाग्ने खेतमा बाली राम्रो हुन्छ । (सरल वाक्य)

(ख) जुन पुस्तक राम्रो छ, त्यो मलाई देऊ । (संयुक्त वाक्य)

(ग) जो चोर छ, उसको ठुलो स्वर हुन्छ । (सरल वाक्य)

(घ) बादल लाग्छ अनि पानी पर्छ । (मिश्र वाक्य)

(ङ) राम मन्दिरमा जान्छ र पूजा गर्छ । (सरल वाक्य)

एकाइ

२८

# वाक्य संश्लेषण र विश्लेषण

## १. पढ्नुहोस् र बुझ्नुहोस् :

सुजन विद्यार्थी हो । सरल वाक्य

सुजन मिहिनेती छ । सरल वाक्य

सरल वाक्यमा संश्लेषण : मिहिनेती सुजन विद्यार्थी हो ।

मिश्र वाक्य : जो सुजन मिहिनेती छ त्यो विद्यार्थी हो ।

संयुक्त वाक्य : सुजन विद्यार्थी हो ऊ मिहिनेती छ ।

उपर्युक्त उदाहरणहरूबाट के स्पष्ट हुन्छ भने वाक्य संश्लेषण भनेको जोड्ने, गाँसिने, मिलाउने वा एकत्रित गर्ने प्रक्रिया हो ।

दुई वा दुईभन्दा बढी स्वतन्त्र वाक्यहरूलाई प्रयोग गरेर एउटै वाक्यनिर्माण गर्ने प्रक्रियालाई वाक्य संश्लेषण भनिन्छ । वाक्य संश्लेषण सरल वाक्यबाट सरल वाक्यमा र सरल वाक्यबाट मिश्र, संयुक्त जुनसुकै वाक्यमा पनि गर्न सकिन्छ ।

## २. वाक्य संश्लेषण गर्दा ध्यान दिनुपर्ने कुराहरू

(क) दुई वा दुईभन्दा बढी वाक्यहरूलाई एउटै वाक्यमा परिवर्तन गर्नुपर्दछ ।

(ख) पद/शब्द थपघट गर्न सकिन्छ ।

(ग) वाक्य संश्लेषण गर्दा सरल, संयुक्त र मिश्र वाक्यबाट गर्न सकिन्छ ।

(घ) वाक्य संश्लेषण गर्दा शब्द/ पद अगाडि वा पछाडि पार्न सकिन्छ ।

(ङ) वाक्य संश्लेषण गर्दा वाक्यबाट निस्कने अर्थ भने परिवर्तन गर्नु हुँदैन ।

### (क) वाक्य संश्लेषण गर्ने तरिका

१. असमापिका क्रिया प्रयोग भएअनुसार स्वतन्त्र वाक्यनिर्माण गर्ने ।

२. पद वा शब्द लुकेको छ भने थप गर्ने ।

जस्तै :

| | |
|---|---|
| मैले कलम किनेर ल्याएँ । | मैले कलम किनें । |
| मैले कलम ल्याएँ । | उनीहरू भ्रमण गरेर फर्के । |
| उनीहरूले भ्रमण गरे । | उनीहरू फर्के । |

### (ख) मिश्र वाक्यलाई विश्लेषण गर्ने तरिका

१. सापेक्ष संयोजक हटाउने,

२. अधीन उपवाक्यलाई मुख्य वाक्य बनाउने,

३. लोप भएका नाम, सर्वनाम आदि सरल वाक्य बनाउँदा प्रयोग गर्ने,

४. सबै उपवाक्यलाई स्वतन्त्र वाक्य बनाउने ।

जस्तै :

जब पानी पऱ्यो तब जाडो भयो । पानी पऱ्यो ।
जाडो भयो । राम आयो भने म जान्छु ।

### (ग) संयुक्त वाक्यलाई विश्लेषण गर्ने तरिका

१. निरपेक्ष संयोजक हटाउने ।

२. लोप भएका शब्द सरल वाक्यमा प्रयोग गर्ने ।

३. जतिओटा संयोजक छन् त्यतिकै आधारमा सरल वाक्यनिर्माण गर्ने ।

जस्तै :

मैले गोपाललाई भेटेँ तर श्यामलाई भेटिनँ ।
मैले गोपाललाई भेटेँ ।
मैले श्यामलाई भेटिनँ ।
म प्रथम भएँ र पुरस्कार पाएँ ।
म प्रथम भएँ ।
मैले पुरस्कार पाएँ ।

## ३. वाक्य विश्लेषणको परिचय

सीताले विवाह गरेर विदेश गई । – सरल वाक्य
सीताले विवाह गरी ।
सीता विदेश गई ।
जहाँ असिना पर्छ त्यहाँ बाली हुँदैन । – मिश्र वाक्य
त्यहाँ असिना पर्छ ।
त्यहाँ बाली हुँदैन ।
छोरो हरायो र हरि दुःखी भयो । – संयुक्त वाक्य
छोरो हरायो ।
हरि दुःखी भयो ।

उपर्युक्त वाक्यहरूलाई विश्लेषण गरी देखाइएको छ । यसरी विश्लेषण गर्दा एउटा वाक्यलाई दुई वा दुईभन्दा बढी उपवाक्यमा विभाजन गरिएको छ । विभाजित उपवाक्यले स्वतन्त्र रूपमा अर्थ प्रदान गरेका छन् ।

वाक्य संश्लेषणको उल्टो प्रक्रियालाई वाक्य विश्लेषण भनिन्छ । स्वतन्त्र सरल वाक्यहरू जोडिएर बनेका सरल, संयुक्त र मिश्र वाक्यलाई टुक्र्याएर सरल वाक्य बनाउनु वाक्य विश्लेषण हो ।

## ४. वाक्य विश्लेषण गर्दा ध्यान दिनुपर्ने कुरा

(क) संश्लेषित वाक्य सरल, मिश्र वा संयुक्त कुन हो त्यसको ख्याल गर्नुपर्छ ।

(ख) सरल वाक्यमा भएका असमापिका क्रियामा रेखाङ्कन गर्नुपर्दछ ।

(ग) मिश्र वाक्य र संयुक्त वाक्य छ भने संयोजकमा रेखाङ्कन गर्नुपर्दछ ।

(घ) सापेक्ष संयोजक भए सो हटाई स्वतन्त्र वाक्य बनाउनुपर्दछ यसो गर्दा सट्टामा आएको पद स्थापना गर्नुपर्दछ ।

(ङ) निरपेक्ष संयोजक भए संयोजक हटाई वाक्यलाई टुक्रा पार्नुपर्दछ ।

(च) लुकेका पदहरू छन् भने स्वतन्त्र सरल वाक्यमा देखाउनुपर्छ ।

(छ) सकेसम्म काल र अर्थ परिवर्तन गर्नु हुँदैन ।

## ५. वाक्य विश्लेषण गर्ने तरिका

### (क) सरल संश्लेषित वाक्यलाई विश्लेषण गर्ने तरिका

१. समापिका, असमापिका क्रियाबाट कति ओटा वाक्य बन्छन् ख्याल गर्ने,
२. असमापिका क्रिया प्रयोग भएअनुसार स्वतन्त्र वाक्यनिर्माण गर्ने,
३. पद वा शब्द लुकेको छ भने थप गर्ने ।

जस्तै :

मैले कलम किनेर ल्याएँ ।
मैले कलम किनेँ ।
मैले कलम ल्याएँ ।

उनीहरूले भ्रमण गरेर फर्के ।
उनीहरूले भ्रमण गरे ।
उनीहरू फर्के ।

### (ख) मिश्र वाक्यलाई विश्लेषण गर्ने तरिका

१. सापेक्ष संयोजक हटाउने,

२.	अधीन उपवाक्यलाई मुख्य वाक्य बनाउने,

३.	लोप भएका नाम, सर्वनाम आदि सरल वाक्य बनाउँदा प्रयोग गर्ने,

४.	सबै उपवाक्यलाई स्वतन्त्र वाक्य बनाउने ।

जस्तै :

जब पानी पर्‍यो तब जाडो भयो ।

पानी पर्‍यो ।

जाडो भयो ।

राम आयो भने म जान्छु ।

## (ग) संयुक्त वाक्यलाई विश्लेषण गर्ने तरिका

१.	निरपेक्ष संयोजक हटाउने,

२.	लोप भएका शब्द सरल वाक्यमा प्रयोग गर्ने,

३.	जति ओटा संयोजक छन् त्यतिकै आधारमा सरल वाक्यनिर्माण गर्ने ।

जस्तै :

मैले गोपाललाई भेटेँ तर श्यामलाई भेटिनँ ।

मैले गोपाललाई भेटेँ ।

मैले श्यामलाई भेटिनँ ।

म प्रथम भएँ र पुरस्कार पाएँ ।

म प्रथम भएँ ।

मैले पुरस्कार पाएँ ।



## अभ्यास

१.	**वाक्य संश्लेषण भनेको के हो ?**

२.	**वाक्य विश्लेषण भनेको के हो ?**

३.	**तल दिइएका वाक्यहरूलाई सरल वाक्यमा संश्लेषण गर्नुहोस् :**

(क)	भाइ बिहानै उठ्यो । चियाखाजा खायो ।

(ख)	उनी बजार गइन् । उनले कलम किनिन् ।

(ग)	उमाले फूल टिपिन् । उमाले माला गाँसिन् ।

(घ)	मैले हात जोडेँ । मैले नमस्कार गरेँ ।

(ङ)	मेरो मित्र राम हो । ऊ पोखरामा बस्छ ।

४. **तल दिइएका वाक्यहरूलाई मिश्र वाक्यमा संश्लेषण गर्नुहोस् :**

(क) राम विद्यार्थी हो । राम मिहिनेती छ ।

(ख) आज पानी पऱ्यो । आज जाडो भयो ।

(ग) सगरमाथा नेपालमा छ । सगरमाथा सबभन्दा अग्लो छ ।

(घ) पोखरीको पानी सुक्यो । पोखरीका माछाहरू मरे ।

(ङ) सीता कथा भन्छिन् । सीता मिहिनेती छिन् ।

५. **तल दिइएका वाक्यहरूलाई संयुक्त वाक्यमा संश्लेषण गर्नुहोस् :**

(क) पानी पऱ्यो । सीता बाहिर घुम्न निस्किन् ।

(ख) तिहार आउँछ । उनीहरू देउसी खेल्न जान्छन् ।

(ग) भाइले फुटबल पायो । भाइ खुसी भयो ।

(घ) आज हिउँ पऱ्यो । आज जाडो भयो ।

(ङ) रामले भात खायो । राम विद्यालय गयो ।

## परियोजना कार्य

१. **तल दिइएका वाक्यहरू विश्लेषण गर्नुहोस् :**

(क) आज हरि आउँछ भन्ने विश्वास छ ।

(ख) जब तिमी आयौ तब सबै खुसी भए ।

(ग) सीता जसरी आइन् त्यसरी नै गइन् ।

(घ) उमेश बजार जान्छ र फुटबल किन्छ ।

(ङ) किरा लागेकाले बाली नाश भयो ।

(च) म पोखरा गएर पाँच दिन बसेर फर्किएँ ।

(छ) जहाँ असिना पर्छ, त्यहाँ बाली हुँदैन ।

(ज) म मन्दिर गएर दर्शन गरेँ ।

(झ) तिमीहरू खेल्छौ वा पढ्छौ ।

(ञ) मामाले लुगा ल्याएर मलाई दिनुभयो ।

(ट) भाइ आयो अनि म खेल्न गएँ ।

(ठ) गोपाल आयो तर श्याम आएन ।

(ड) म स्कुल जान्नँ किनभने मलाई ज्वरो आएको छ ।

(ढ) देशमा लोकतन्त्र आएपछि जनता खुसी भए ।

(ण) जब घाम लाग्यो तब गर्मी भयो ।

एकाइ
२७

# उक्ति र उक्ति परिवर्तन

## १. पढ्नुहोस् र बुझ्नुहोस् :

(क) रामले भन्यो, ''म परीक्षामा प्रथम हुन्छु ।''

(ख) म परीक्षामा प्रथम हुन्छु भनेर रामले भन्यो । वा रामले परीक्षामा म प्रथम हुन्छु भन्यो ।

माथिको पहिलो वाक्यमा वक्ताले भनेको कुरालाई जस्ताको तस्तै प्रस्तुत गरिएको छ भने दोस्रो वाक्यमा रामको भनाइलाई वक्ताको अर्थ नखजमजिने गरी आफ्नै शैलीमा प्रस्तुत गरिएको छ ।

उक्ति भनेको भनाइ हो । वक्ताले आफ्नो मनमा लागेका विचारलाई बोलेर वा लेखेर प्रकट गर्नुलाई उक्ति भनिन्छ । कसैले भनेको कुरा व्यक्त गर्ने तरिका दुईओटा हुन्छन् । पहिले व्यक्तिले भनेको कुरा जस्ताको तस्तै प्रस्तुत गर्ने । दोस्रो वक्ताको भनाइलाई अर्थ नखजमजिने गरी आफ्नै शैलीमा प्रस्तुत गर्ने । उक्तिलाई प्रत्यक्ष र अप्रत्यक्ष गरी २ भागमा वर्गीकरण गर्न सकिन्छ :

## २. उक्तिका प्रकार

उक्तिलाई प्रत्यक्ष कथन र अप्रत्यक्ष कथन गरी दुई प्रकारमा विभाजन गरिन्छ ।

### (क) प्रत्यक्ष कथन

सुजनले भन्यो, ''म वार्षिक परीक्षामा प्रथम हुन्छु ।''

माथिको उदाहरणमा दुईओटा वाक्य छन् :

१. सुजनले भन्यो । २. म वार्षिक परीक्षामा प्रथम हुन्छु ।

उक्त दोस्रो वाक्यको भनाइ सुजनकै हो । यसलाई जस्ताको तस्तै राखिएको छ । त्यसैले यो प्रत्यक्ष कथन हो ।

कसैले भनेको कुरालाई कुनै पनि किसिमको परिवर्तन नगरी जस्ताको तस्तै प्रस्तुत गर्नु प्रत्यक्ष कथन हो ।

### (ख) अप्रत्यक्ष कथन

रामले भन्यो, ''म कथा सुन्छु ।''

रामले कथा सुन्ने कुरा गऱ्यो ।

राम कथा सुन्छ रे ।

रामले कथा सुन्ने कुरा गरेको छ ।

रामले कथा सुन्ने इच्छा व्यक्त गऱ्यो ।

राम आफूले कथा सुन्ने कुरा बतायो ।

कसैले भनेको कुरालाई आफ्नै शैलीका माध्यमबाट प्रस्तुत गर्नु अपत्यक्ष कथन हो ।

## ३. उक्ति परिवर्तन गर्ने तरिका

प्रत्यक्ष कथनलाई अप्रत्यक्ष कथनमा र अप्रत्यक्ष कथनलाई प्रत्यक्ष कथनमा परिवर्तन गर्नुलाई उक्ति परिवर्तन भनिन्छ ।

**प्रत्यक्ष कथनलाई अप्रत्यक्ष कथनमा लैजाने तरिका**

(क) कथयिता अंशपछिको अल्पविराम र उद्धरण चिह्न हटाउनुपर्छ । जस्तैः

प्रत्यक्ष कथन : श्यामले भन्यो, ‘‘मलाई किताब देऊ ।’’

अप्रत्यक्ष कथन : श्यामले मसँग किताब माग्यो ।

(ख) कथयिता अंशलाई कथन अंशसँग ‘भनी’, भनेर जस्ता शब्द राखेर जोड्नुपर्छ । जस्तैः

प्रत्यक्ष कथन : सीताले भनी, ‘‘भाइ घर जान्छ ।’’

अप्रत्यक्ष कथन : सीताले भाइ घर जान्छ भनी ।

(ग) कथयिता अंशको क्रियापदलाई बताउनु, व्यक्त गर्नु, जनाउनु, सुनाउनु जस्ता धातुका क्रियापद प्रयोग गरी आवश्यकताअनुसार परिवर्तन गर्नुपर्छ । जस्तैः

प्रत्यक्ष कथन : भाइले भन्यो, ‘‘मलाई फुटबल चाहियो ।’’

अप्रत्यक्ष कथन : भाइले फुटबल चाहिएको कुरा बतायो ।

भाइले फुटबल चाहिएको कुरा व्यक्त गऱ्यो ।

भाइले फुटबल चाहिएको कुरा जनायो ।

(घ) कथयिताको अंशमा सम्बोधन भएको छ भने सित, सँग जस्ता नामयोगी जोड्नुपर्छ । जस्तैः

प्रत्यक्ष कथन : गोपालले सोधे, ‘‘सीता तिमीलाई के भयो ? किन यसरी रोइरहेकी ।’’

अप्रत्यक्ष कथन : गोपालले सीतासँग तिमीलाई के भयो ? किन यसरी रोइरहेकी ? भनेर सोधे ।

(ङ) कथयिता जुन लिङ्ग, वचन, पुरुष, काल र आदरमा छ सोहीअनुसार अन्तिम क्रियापद राख्नुपर्छ ।

जस्तै:

प्रत्यक्ष कथन : बुबाले भन्नुभयो, "छोरीले पनि जागिर खानुपर्छ ।"

अप्रत्यक्ष कथन : बुबाले छोरीले जागिर खानुपर्छ भनेर भन्नुभयो ।

## अप्रत्यक्ष कथनलाई प्रत्यक्ष कथनमा लैजाने तरिका

(क) कथन अंशमा उद्धरण चिह्न प्रयोग गर्नुपर्छ र वाक्यको अथवा आशयलाई झल्काउनुपर्छ । जस्तै:

अप्रत्यक्ष कथन : लखन शिक्षक बन्छ रे ।

प्रत्यक्ष कथन : लखनले भन्यो, "म शिक्षक बन्छु ।"

(ख) कथयिता अंशमा राखिएको क्रियापदलाई भन्छ, भन्यो, भन्नुभयो जस्ता शब्दमा कथयिताको लिङ्ग, वचन र आदरअनुसार मिलाएर राख्नुपर्छ ।

जस्तै:

अप्रत्यक्ष कथन : दाजु बजार जाने रे ।

प्रत्यक्ष कथन : दाजुले भन्नुभयो, "म बजार जान्छु ।"

अप्रत्यक्ष कथन : विद्यार्थीहरूले हामी पढ्न जान्छौँ भने ।

प्रत्यक्ष कथन : विद्यार्थीहरूले भने, "हामी पढ्न जान्छौँ ।"

(ग) सम्बोधन गरिएको छ भने सम्बन्धित शब्दलाई कथन अंशमा राख्नुपर्छ र नामयोगी सित, सँग हटाउनुपर्छ । जस्तै:

अप्रत्यक्ष कथन : भाइले आमासित खाजा के खाऊँ भनी सोध्यो ।

प्रत्यक्ष कथन : भाइले सोध्यो, "आमा खाजा के खाऊँ ?"

(घ) कथन अंशको क्रियापदलाई कथन अंशको कर्ताअनुसार राख्नुपर्दछ । यसो गर्दा कथन अंशलाई अगाडि, पछाडि वा बिचमा पनि राख्न सकिन्छ । जस्तै:

अप्रत्यक्ष कथन : सुमनले पढ्छु भन्यो ।

सुमनले पढ्छ रे ।

सुमनले आफू पढ्ने कुरा बतायो ।

प्रत्यक्ष कथन : सुमनले भन्यो, "म पढ्छु ।"



## अभ्यास

१. उक्ति परिवर्तन भनेको के हो ?

२. प्रत्यक्ष कथन भनेको के हो ?

३ अप्रत्यक्ष कथन भनेको के हो ?

४. प्रत्यक्ष कथनबाट अप्रत्यक्ष कथनमा परिवर्तन गर्ने तरिकाहरू के के हुन् ?

५. तल दिइएका वाक्यहरूलाई अप्रत्यक्ष कथनमा परिवर्तन गर्नुहोस् :

(क) दावाले भन्यो, ''म बजार जान्छु ।''

(ख) विद्यार्थीले भने, ''हामी पढ्न जान्छौँ ।''

(ग) सीमाले भनिन्, ''भाइ खेल्न गयो ।''

(घ) मदनले भन्यो, ''म जापान जान्छु ।''

(ङ) सीताले भनिन्, ''म उडन्ते कुरामा विश्वास गर्दिनँ ।''

६. तल दिइएका वाक्यलाई प्रत्यक्ष कथनमा परिवर्तन गर्नुहोस् :

(क) साथीले पुस्तक चाहिएको कुरा बतायो ।

(ख) बहिनीले खेल्न जाने कुरा बताई ।

(ग) गोपाल यहाँ बस्दैन रे ।

(घ) राधाले मसँग कलम मागी ।

(ङ) हजुरबुबाले सबैको उन्नति होस् भन्नुभयो ।

## परियोजना कार्य

१. तल दिइएका वाक्यहरूलाई अप्रत्यक्ष कथनमा परिवर्तन गर्नुहोस् :

(क) देवकोटाले भने, ''मानिस ठुलो दिलले हुन्छ जातले हुँदैन ।''

(ख) मैले भनेँ, ''मेरो साथी कतार गए ।''

(ग) छिरिङले भन्यो, ''म असल छु ।''

(घ) तपाईँले भन्नुभयो, ''अब कसको पालो ।''

(ङ) उसले सोध्यो, ''तिमी कहिले घर आयौ ?

२. तल दिइएका वाक्यलाई प्रत्यक्ष कथनमा परिवर्तन गर्नुहोस् :

(क) आमा मामाघर जाने रे ।

(ख) मामाले तिमी यहाँ बस्दैनौ भनेर प्रश्न गर्नुभयो ।

(ग) भाइले घर जान्छु भन्यो ।

(घ) गुरुले लक्ष्मीप्रसाद देवकोटा महाकवि हुन् भनेर भन्नुभयो ।

(ङ) मैले सबैले देशको सेवा गर्नुपर्ने कुरा बताएँ ।

एकाइ २८

# पारिभाषिक/प्राविधिक शब्द

## १. पढ्नुहोस् र बुझ्नुहोस् :

कुनै खास विषयक्षेत्र वा कानुन, विज्ञान, कला, साहित्य, कृषि, व्यापार, चिकित्सा, प्रशासन, राजनीति आदि क्षेत्रमा विशिष्ट अर्थ बुझाउनका निम्ति प्रयोग हुने विशेष शब्दलाई पारिभाषिक शब्द भनिन्छ । पारिभाषिक शब्दलाई प्राविधिक शब्द पनि भनिन्छ । नेपाली भाषामा पनि विविध क्षेत्र वा विषयसँग सम्बन्धित शब्दहरू दिनप्रतिदिन बढ्दो रूपमा प्रयोग भइरहेका छन् ।

## २. नेपाली भाषामा प्रचलित केही पारिभाषिक शब्दहरू

संविधान : देशको मूल कानुन

देशको संविधानको पालना गर्नु देशभक्त नागरिकको कर्तव्य हो ।

अक्सिजन : एक प्रकारका ग्याँस

मानिस अक्सिजनविना बाँच्न सक्दैन ।

अब्बल : पहिलो दर्जाको जग्गा

तरकारी खेतीका लागि अब्बल जग्गा उपयुक्त हुन्छ ।

मापन : गुण, मात्रा, ऊर्जा, शक्ति आदिलाई नाप जोख गर्ने कार्य

सामान्य ढङ्गबाट कुनै कुराको मापन गर्न कठिन हुन्छ ।

निरीक्षक : कुनै विषयमा राम्ररी कार्य भए नभएको निरीक्षण गर्नका लागि तोकिएको व्यक्ति

विद्यालय निरीक्षकले हाम्रो विद्यालयको निरीक्षण गरे ।

दूरसञ्चार : टाढाटाढासम्म समाचार पुऱ्याउने कार्य

दूरसञ्चारको सुविधाले गर्दा टाढाको ठाउँ पनि नजिक भएको छ ।

अतिवृष्टि : चाहिनेभन्दा बढी पानी पर्नु

अतिवृष्टिका कारण हाम्रो गाउँमा ठुलो पहिरो गयो ।

अणु : कुनै तत्त्वको सबभन्दा सानो टुक्रा

नुनको अणु सोडियम र क्लोरिन मिलेर बनेको हुन्छ ।

पर्ती : बाँझो जग्गा

हामीले पर्ती जग्गामा वृक्षारोपण गर्नुपर्छ ।

कुत : मोहीले जग्गाधनीलाई बुझाउने बाली

मोहीले जग्गाधनीलाई वर्षेनी कुत बुझाउनुपर्छ ।

निकुञ्ज : वन्यजन्तुको सुरक्षाका लागि आरक्षित जङ्गल

भूसंरक्षण भएन भने खेतीयोग्य जमिन नासिन्छ ।

जीवाणु : नाङ्गो आँखाले देख्न नसकिने सूक्ष्म जीव

फोहोर खानेकुरामा जीवाणुहरू रहेका हुन्छन् ।

महामारी : सङ्क्रमक रोग, हैजा आदि ।

पोहोर गोपालको गाउँमा हैजा रोगको महामारी फैलिएको थियो ।

रक्तचाप : रगतको वेग

रक्तचापको कारणले रामको मृत्यु भएछ ।

कुपोषण : शरीरलाई फाइदा नगर्ने किसिमको खानेकुरा

हर्केको गाउँमा कुपोषणका कारणले धेरै बच्चा मरेछन् ।

शल्यचिकित्सा : चिरफारद्वारा गरिने उपचार

शल्यचिकित्साबाट म स्वस्थ भएँ ।

निदान : कुनै रोग पत्ता लगाउने कार्य

गाउँमा फैलिएको रोगको निदान गर्न कठीन भयो ।

इन्धन : ताप पैदा गर्ने दाउरा, पेट्रोल, कोइला आदि ।

आजभोलि इन्धनको अत्यधिक मूल्यवृद्धि भएको छ ।

फैजदारी : चोरी, डकैती, ज्यानमारा आदिसम्बन्धी मुद्दा

दिपकलाई फौजदारी मुद्दा लागेछ ।

तारेख : झगडियालाई अड्डा अदालतबाट हाजिर हुन तोकिएको समय

आज मेरो तारेख लिन जाने दिन हो ।

जमानत : कसैले आफ्नो कर्तव्य पूरा नगरेमा आफूले पूरा गर्ने करारनामा

म सुमनको जमानत बसेको छु ।

अधिवक्ता : अदालतमा बहस गर्ने वकिल

त्यो अधिवक्ताले गरेको बहस अत्यन्त तार्किक थियो ।

तापक्रम : तापमान घटबढ हुने क्रिया

आज उपत्यकाको तापक्रम घटेको छ ।

क्षेप्यास्त्र : टाढाटाढासम्म प्रहार गर्ने हतियार

उत्तर कोरियाले क्षेप्यास्त्रको सफल परीक्षण गऱ्यो ।

विकीरण : शून्यबाट तापशक्ति सर्ने कार्य

विकिरणको चुहावटले ठुलो क्षति भएछ ।

प्रक्षेपण : भूउपग्रह अन्तरिक्षमा पठाउने काम

जापानले आज रकेटको प्रक्षेपण गऱ्यो ।

गण : सेनाको समूह

सेनाहरू गणमा बस्छन् ।

शिलालेख : ढुङ्गामा लेखेको लेख

शिलालेखको अध्ययनबाट इतिहासको जानकारी हुन्छ ।

हिमनदी : हिउँ पग्लेर बग्ने नदी

नेपालमा धेरै हिमनदीहरू छन् ।

भूपरिवेष्ठित : चौरैतिरबाट जमिनले ढाकिएको ठाउँ वा मूलुक

नेपाल भूपरिवेष्ठित देश हो ।

## ३. अन्य केही पारिभाषिक शब्द र अर्थ

| | | |
|---|---|---|
| अवमूल्यन | : | मुद्रा वा कामको मूल्य घटाउने कार्य |
| कित्ता | : | जग्गाको निर्धारित सीमा |
| निकासी | : | वस्तु आदि बाहिर पठाउने काम |
| सर्वस्व | : | सम्पूर्ण धनसम्पत्ति |
| निर्वाचन | : | मतदानद्वारा चुन्ने काम |
| शिविर | : | सेना बस्ने ठाउँ |
| प्रसारण | : | प्रसार गर्ने, फिँजाउने काम |
| ऐलानी | : | कसैले तिरो नतिरेको जग्गा |
| सर्वेक्षण | : | स्थलगत हेर्ने काम |
| विहार | : | बौद्ध भिक्षुहरू बस्ने मठ |
| आशुकवि | : | धारा प्रवाहका साथ कविता लेख्ने व्यक्ति |
| उपनाम | : | अर्को नाम, साहित्यिक नाम |
| सौजन्य | : | उपहार, भेट, कोसेली |
| उपभोक्ता | : | वस्तुको उपभोग गर्ने व्यक्ति |

| | | |
|---|---|---|
| उपसंहार | : | लेखको अन्तिम अंश |
| प्रशोधन | : | शुद्ध गर्ने काम |
| परियोजना | : | ससाना योजना |
| प्रत्यारोपण | : | शरीरको अङ्ग सार्ने काम |
| अध्यादेश | : | ऐन सरहको आदेश |
| उपकरण | : | औजार, हतियार |
| दूरदर्शी | : | पछि हुने कुरा पहिले नै जान्ने |
| तहकिकात | : | जाँचबुझद्वारा तथ्य पत्ता लगाउनु |
| व्यवसाय | : | व्यापार आदि स्वतन्त्र पेसा |



## अभ्यास

१. **पारिभाषिक/प्राविधिक शब्द भनेको के हो ?**

२. **तल दिइएका शब्दहरूको अर्थ लेख्नुहोस् :**

अणु, कुत, पर्ती, भूसंरक्षण, जीवाणु, संविधान, निरीक्षक, दूरसञ्चार, उर्जा, क्षेप्यास्त्र, गण, स्नायु, ऐलानी, हिमनदी, परियोजना, विकिरण

३. **तलका शब्दहरूलाई अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्नुहोस् :**

क्षेप्यास्त्र, अक्सिजन, मापन, अब्बल, अतिवृष्टि, महामारी, विकिरण, स्नायु, शिलालेख, भूपरिवेष्ठित, आशुकवि, अध्यादेश, उपसंहार, सर्वेक्षण, शिविर, अवमूल्यन, उपकरण, उपभोक्ता

एकाइ

२९

# उखान टुक्का

## १. पढ्नुहोस् र बुझ्नुहोस् :

अभिव्यक्तिका क्रममा आफ्नो भनाइलाई खुलस्त पार्न प्रयोग गरिने सूत्रात्मक कथनलाई उखान भनिन्छ । लोकजीवनमा प्रचलित अनुभवपूर्ण चुट्किला, उक्ति, लोकोक्ति, आहान, कहावत् नै उखान हुन् । उखानहरू हाम्रो पूर्वजहरूले जीवन भोगाइका क्रममा आर्जन गरेका अमूल्य निधि हुन् । उखान मानव जीवनको हर्ष, विस्मात्, हाँसो, आँसु आदि सबैको मिश्रित अनुभवका सन्देशमूलक र सारगर्भित भनाइ हुन् । उखानले अभिव्यक्तिलाई स्पष्ट, प्रभावपूर्ण र सरस तुल्याई बोधगम्य बनाउँछ । उखानले लाक्षणिक र सङ्केतात्मक अर्थ समेत प्रदान गर्दछ तर यसले व्यङ्ग्यार्थमा बढी जोड दिएको हुन्छ । नेपाली लोक जीवनमा उखानको प्रशस्त प्रयोग भएको पाइन्छ ।

## २. केही प्रचलित उखानको अर्थ र वाक्यमा प्रयोग

- न्याउरी मारी पछुतो (पहिले काम बिगारेपछि पश्चात्ताप गर्नु)

पाँच वर्षदेखि काम गरेको हर्केलाई गोपालले अर्काको नराम्रो कुरा सुनेर कामबाट निकाले तर उसको दोष रहेनछ भनी अहिले न्याउरी मारी पछुतो मान्छन् ।

- चोक्टा खान गएकी बूढी झोलमा डुबेर मरी (धेरै आश गर्दा झन् काम बिग्रनु)

चोक्टा खान गएकी बूढी झोलमा डुबेर मरी भने झैँ दलाललाई पैसा खुवाएर धन कमाउन विदेश गएको सुमन बेखर्ची भएर घर फर्कियो ।

- अकबरी सुनलाई कसी लगाउनु पर्दैन । (राम्रो उसै राम्रो छ)

अकबरी सुनलाई कसी लगाउनु पर्दैन भने झैँ जापानको सोनी कम्पनीको घडी शङ्कै नमानी किने हुन्छ ।

- बोल्नेको पीठो बिक्छ नबोल्नेको चामल पनि बिक्दैन (भनसुन गर्नेकै काम बन्छ)

एक वर्ष अघि मात्र पार्टी प्रवेश गरेको हर्केले पार्टी सभापतिलाई भनेर चुनावका लागि टिकट पाएछन् तर बोल्नेको पीठो बिक्छ नबोल्नेको चामल पनि बिक्दैन भनेझैँ कसैलाई चाकरी नगर्ने त्यागी नेता लखनले भने टिकट पाएनन् ।

- कागभन्दा कोइली चङ्ख (बाठोभन्दा बाठो हुनु)

गाउँमा ठग भनेर चिनेको विक्रमलाई सुमनले उल्टै ऊसँग एक हजार रुपियाँ ठगेर भागेछ कागभन्दा कोइली चङ्ख भनेको यही हो ।

- इन्द्रसँग वर्षाको कुरा (अज्ञानीले ज्ञानीलाई सिकाउनु)

डा. मोहन स्वयम् शिक्षाकै प्रशिक्षक हुन् उनलाई विद्यार्थीलाई यसरी पढाउनुपर्छ भनेर सिकाउनु इन्द्रसँग वर्षाको कुरा गरे जस्तै हो ।

- आफू मरेपछि डुमै राजा (आफू नभएपछि त्यसको वास्ता नहुनु)

म छउन्जेल त त्यो संस्था राम्रोसँग चलेको थियो, अहिले त भाँडिएर लथालिङ्ग भएछ जेसुकै होस् आफू मरेपछि डुमै राजा ।

- अगुल्टो पनि नठोसी बल्दैन (मन माझ्न वादविवाद हुनुपर्छ)

आफ्नो मनमा उठेको शङ्का उपशङ्का गर्नुलाई झगडाको अर्थ दिनुहुन्न किनभने अगुल्टो पनि नठोसी बल्दैन भने झैं सानोतिनो भनाभन त भइहाल्छ नि ।

- तैं रानी मै रानी को भर्छ कुवाको पानी (सबै भलादमी भए कसले काम गर्छ)

आफ्नो गाउँको विकास गर्न सबैले ठालु बनेर हात बाँधी बस्न हुन्न, यसरी तैं रानी मै रानी को भर्छ कुवाको पानी गरी बसेर हुँदैन ।

- आलु खाएर पेडाको धाक (क्षमता नभए पनि फोस्रो धाक देखाउने काम)

सफल पोखराबाट बस चढेर घर आयो तर उसले हवाइजहाजमा घर आएको कुरा बतायो । आलु खाएर पेडाको धाक लगाउने सफलको बानी यस्तै हो ।

- काम गर्ने कालु कमै खाने भालु (परिश्रम गर्ने एउटा र फल पाउने अर्को)

काम गर्ने कालु मकै खाने भालु भने झैं सुजनले मिहिनेत गरी बनाएको चित्र मैले बनाएको भनेर तिर्थलालले गुरुबाट स्यावासी पायो ।

- कालो अक्षर भैंसी बराबर (पढ्न नजान्नेले सबै अक्षर कालो देख्नु)

पढ्न लेख्न नआउने हामी अनपढहरूको लागि त पत्रपत्रिका कालो अक्षर भैंसी बराबर नै हो ।

- आफू भलो त जगतै भलो (आफू राम्रो भए अरुलाई पनि राम्रो देखिन्छ )

आफू भलो त जगतै भलो भने झैं असल व्यक्तिले अरूलाई पनि असल नै देख्छ ।

- आए आँप गए झटारो (भए राम्रो नभए केही छैन)

आए आँप गए झटारो भन्दै मैले पचास रुपियाँको चिठ्ठा किनें ।

- अजिङ्गरको आहारा दैवले पुऱ्याउँछ । (कुनै न कुनै उपायबाट प्राणीले खानेकुरा पाउँछ)

आफूलाई भोक लागेर छट्पटाइरहेको बेलामा साथी खाजा लिएर आयो । अजिङ्गरको आहारा दैवले पुऱ्याउँछ भनेको यही हो ।

- एक हातले ताली बज्दैन (सहयोग दुवै पक्षबाट हुनुपर्छ)

दिपक आफूलाई चाहिएको बेलामा पैसा सापटी माग्छ तर मलाई चाहिएको बेला कहिले सहयोग गर्दैन । यसरी एक हातले ताली त बज्दैन नि ।

● एक पन्थ दुई काज (एक प्रयासबाट दुई काममा सफल हुनु)

यसपालीको हिउँदको बिदामा काठमाडौँ पनि घुमियो र जग्गा पनि किनियो । त्यसैले यस पटकको यात्रा एक पन्थ दुई काज जस्तै भयो ।

● हुने विरुवाको चिल्लो पात (पछि राम्रो हुने मान्छेको लक्षण पहिले नै देखिन्छ )

हुने विरुवाको चिल्लो पात भनेझैँ बालकृष्ण सम सानै उमेरदेखि प्रतिभाशाली थिए ।

● एकोहोरो रोटी पाक्दैन (सहयोग दोहोरो हुनुपर्छ)

तिमीलाई मैले परेको बेलामा सहयोग गरेको छु । मलाई पनि यसपाली सहयोग गर । तिमीलाई थाहै होला एकोहोरो रोटी पाक्दैन भनेर ।

● कानो गोरुलाई औँसी न पुर्ने (मुर्खलाई राम्रो नराम्रो दुवै समान)

आज परीक्षाको दिन पनि दिनेश खेलेर बस्छ । कानो गोरुलाई औँसी न पुर्ने भनेको साँच्चिकै हो रहेछ ।

● घाँटी हेरी हाड निल्नु (क्षमताअनुसार काम गर्नु)

खर्च गर्न त मलाई पनि मन लागेको थियो तर आम्दानी छैन । घाँटी हेरी हाड निल्ने बानी बसाल्नु पऱ्यो नि !

● जहाँ इच्छा त्यहाँ उपाय (रहर भए समस्या समाधानको बाटो निस्कन्छ)

डाक्टर पढ्न पाइएन भनेर चिन्ता नगर श्याम जहाँ इच्छा त्यहाँ उपाय भन्छन् । मन्त्रालयले छात्रवृत्ति बाँडेको छ । मिहिनेत गऱ्यो भने त तिम्रो इच्छा पूरा भइहाल्छ नि ।

● खाने मुखलाई जुँगाले छेक्दैन (साहसी व्यक्तिलाई कुनै कुराले काममा बाधा पुऱ्याउन सक्दैन)

आज स्कुल बस आएन भनेर पूजा पढ्न गइन तर राधा हिँडेरै भए पनि पढ्न गई खाने मुखलाई जुँगाले छेक्दैन भनेको सत्य रहेछ ।

● जति जोगी आए पनि कानै चिरेका (सबै काम नदिने मात्र)

लोकतन्त्र आएपछि त जनताले सुख पाउँछन् कि भन्ने आशा गरेका थिए तर देश बनाउने नेता व्यक्तिगत स्वार्थमा डुबिहाले । अब त जनताले टाउकोमा हात राखेर जति जोगी आए पनि कानै चिरेका भन्दै बस्नु सिवाय कुनै उपाय रहेन ।

● जुन गोरुको सिङ छैन उसको नाम तिखे (अयोग्यलाई योग्य नाम दिनु)

बिहान बेलुका भात खान नपुगेर माग्दै हिँड्ने मान्छेको नाम धनपति भन्ने सुनेपछि उमेशले हाँस्दै भने जुन गोरुको सिङ छैन उसको नाम तिखे ।

● ढुङ्गा खोज्दा देवता मिल्नु (सामान्य कुरा खोज्दा विशेष कुरा भेट्नु)

हिसाब सिक्न गुरु कहाँ जान लागेको विजयले गुरु नै घरमा आएको देख्दा त ढुङ्गा खोज्दा देउता मिले जस्तै भयो ।

● नपत्याउने खोलाले बगाउँछ (सामान्य ठानेको मान्छेले ठुलो सफलता हासिल गर्नु)

यसपाली सुमन परीक्षामा फेल हुन्छ होला भन्ने ठानेको त उसले प्रथम श्रेणीमा पो पास

गऱ्यो नपत्याउने खोलाले बगाउँछ भनेको ठीकै रहेछ ।

● नजिकैको तीर्थ हेला (देखिरहने वस्तुको महत्त्व कम हुनु )

आफ्नै गाउँमा नास्पाती हुँदाहुँदै बजारमा स्याउ खोज्न जानु भनेको त नजिकैको तीर्थ हेला जस्तो भएन र ?

● नाच्न नजान्ने आँगन टेढो (आफूले नजानेपछि अरूलाई दोष दिनु)

गोपालको अक्षर राम्रो छैन तर ऊ कलम र कापी राम्रो नभएकोले अक्षर राम्रा भएनन् भनेर दोष दिन्छ नाच्न नजान्ने आँगन टेढो भनेको यही हो ।

● जो होचो उसको मुखमा घोचो (सोझालाई सबैले हेप्छन्)

धने साहुको छोराले गाउँको पसल फोरेर सबै सामान चोरेछ तर सबैले लुखुरेको छोरालाई चोर बनाए जो होचो उसको मुखमा घोचो गर्ने हाम्रो समाजको नियम नै हो ।

● मेरो गोरुको बाह्रै टक्का (नचाहिँदो जिद्दी गर्नु)

'मुनामदन' खण्डकाव्यको लेखक सिद्धिचरण श्रेष्ठ होइनन् लक्ष्मीप्रसाद देवकोटा हुन्, यस्तो गल्ती कुरामा पनि तिमीले मेरो गोरुको बाह्रै टक्का गर्न मिल्छ र ?

● ल्हासामा सुन छ कान मेरो बुच्चै (अर्काको धन काम लाग्दैन)

काकाको घरमा त मोटर, कार, मोटरसाइकल सबैथोक छ नि तर आफ्ना लागि त त्यो ल्हासामा सुन छ कान मेरो बुच्चै भइहाल्यो ।

● भदौमा आँखा फुटेको गोरु सधैँ हरियो देख्छ । (एकछिन जे देख्यो त्यसैमा भर पर्नु)

एकदिन मसँग हरिले पैसा सापट मागेको थियो उसलाई सापटी दिए तर त्यसपछि जहिले पनि ऊ मसँग पैसा सापट मागिरहन्छ भदौमा आँखा फुटेको गोरु सधैँ हरियो देख्छ भनेको यही रहेछ ।

● देख्नेका आँखा फुटे सुन्नेका सही (देख्नेभन्दा सुन्ने बाठो हुनु)

म आज दिनभरी कलेज पढेर घर आउँदै छु तर दिपक चाहिँ आज कलेज बिदा छ भन्दै यो त देख्नेका आँखा फुटे सुन्नेको सही भएन र ?

● कसैलाई काखा कसैलाई पाखा (पक्षपात गर्नु)

सार्वजनिक पद धारणा गरेको व्यक्तिले कसैलाई काखा कसैलाई पाखा गर्नु ठुलो अपराध हो ।

## ३. अन्य केही उखान र तिनका अर्थ

| उखान | अर्थ |
|---|---|
| दूधको दूध पानीको पानी | ठीक-ठीक निर्णय दिने काम |
| पाप धुरीबाट कराउँछ | अपराध गरेको कुरा ढिलोचाँडो पत्ता लाग्छ |
| मुखमा रामराम बगलीमा छुरा | मुखले राम्रो व्यवहार गर्ने र कामले कपटी व्यवहार गर्ने |

| | |
|---|---|
| हुने हार दैव नटार | जे हुनु छ त्यसलाई कसैले टार्न सक्दैन |
| ऋण लागोस् दिन नलागोस् | जे भए पनि काल चाँहि नआओस् |
| धन भनेपछि महादेवको पनि तीन नेत्र | पैसा देख्दा जो पनि लोभिन्छन् |
| चोरलाई चौतारो साधुलाई शूली | अपराधी उम्कनु र सज्जनले सजाय पाउनु |
| काम कुरो एकातिर कुम्लो बोकी ठिमीतिर | अति आवश्यक काम छाडी अर्कोतिर लाग्नु |
| कि पढेर जानिन्छ कि परेर जानिन्छ | ज्ञान पढेर वा अनुभवबाट हुन्छ |
| एक कानले सुन्ने अर्को कानले उडाउनु | सुने पनि बेवास्ता गर्नु |
| किन रोइस् मङ्गले आफ्नै ढङ्गले | आफ्नै कारण आफूले दुःख पाउनु |
| घोडा चढ्ने लड्छ | काम गर्दा कहिले असफल पनि भइन्छ |
| चिन्नु न जान्नु घचेटी माग्नु | नचिनेको मान्छेसँग सहयोग लिनु |
| जब पऱ्यो राति अनि बूढी ताती | समय बितेपछि काममा लाग्ने |
| जो चोर उसको ठुलो स्वर | दोषी मान्छे नै कडा |
| नजाने गाउँको बाटो नसोध्नु | चासो नभएको विषयमा नसोध्नु |
| नपत्याउने खोलाले बगाउँछ | सामान्य चिजले पनि उच्च काम गर्छ |
| पशुपतिको जात्रा सिद्राको व्यापार | एउटा प्रयासबाट दुई ओटा काम |
| रातभरि करायो दक्षिण हरायो | मरिमरी काम गर्दा पनि फल प्राप्त नहुनु |
| हात्तीको मुखमा जिरा | आवश्यकभन्दा सानो वस्तु पाउनु |
| रात रहे अग्राख पलाउँछ | तत्काल समस्या टार्न नसके झन कठीन स्थिति आउँछ |
| म ताक्छु मुढो बन्चरो ताक्छ घुँडो | आफूले एउटा सोच्नु परिणाम अर्को हुनु |
| बाघको छालामा स्यालको रजाइँ | अर्काको सम्पत्तिमा रजाइँ गर्नु |
| बाँदरको पुच्छर लौरो न हतियार | काम नलाग्ने वस्तु |

## ४. पढ्नुहोस् र बुझ्नुहोस् :

एकभन्दा बढी निश्चित शब्दहरू सँगसँगै प्रयोग भई बनेको तथा आफ्नो सामान्य अर्थ छाडी छुट्टै विशेष अर्थ वहन गर्न सक्ने शब्द समूहलाई टुक्का भनिन्छ । टुक्का भाषा वा वाक्यमा बोलिने अर्थपूर्ण वाक्य खण्ड वा अपूर्ण पदावली हो । टुक्काले वाक्यमा

प्रयोग हुँदा वाक्यलाई सजीव, सरल, सहज र चमत्कारपूर्ण बनाउँछ । उखान पूर्ण वाक्यमा पनि हुन्छ तर टुक्का आफैँमा पूर्ण हुँदैन । उखानलाई कहावत, आहान, लोकोक्ति आदि पनि भनिन्छ ।

## ५. केही उखान टुक्का तिनको वाक्यमा प्रयोग

- तिलाञ्जलि दिनु (त्याग गर्नु)

राष्ट्र र जनताको स्वतन्त्रताका लागि धेरै वीर सहिदहरूले आफ्नो जीवनको समेत तिलाञ्जलि दिए ।

- कान काट्नु (किरिया खानु)

यसरी खेलेर बसेर पनि तिमी पास भएछौ भने त म कान काटिदिन्छु ।

- लख काट्नु (अनुमान गर्नु)

मैले तिमी परीक्षामा प्रथम हुन्छौ भनेर लख काटेको थिए ।

- आलु खानु (असफल हुनु)

समयमै मिहिनेत गरेन भने त परीक्षामा आलु खाइन्छ नि !

- कपाल खानु (हैरान पार्नु)

छोराले विदेश जान्छु भनेर मेरो त कपाल खाइसक्यो ।

- आँखामा छारो हाल्नु (झुक्याउनु)

तिनीहरू पढ्नै छाडेर गुरुको आँखामा छारो हाली डुल्न जान्छन् ।

- कान खानु (दिक्क लाग्नु)

यी केटाकेटीहरूले त मेरो कान खाइसके जति भने पनि कराउन छाड्दैनन् ।

- गोता खानु (दुःख पाउनु)

हतारमा निर्णय गरेर विदेशमा गएको रामले गोता खानुपऱ्यो ।

- चिउरा खानु (कुटाइ खानु)

बिना काम हल्ला गरेर नबस है अहिले चिउरा खानुपर्ला नि !

- कानमा तेल हाल्नु (नपत्याउनु)

परीक्षा आइसक्दा पनि अलिकति चिन्ता नगरी गोमा कानमा तेल हालेर बसेकी छे !

- डाँडो काट्नु (भाग्नु)

जनताको विरोध खप्न नसकेर भ्रष्टाचारी प्रताप डाँडो काटेर मुग्लान पसेछ ।

- पेट काट्नु (आधा पेट खाएर कमाउनु)

धनेले पेट काटेर कमाएको पैसाले छोरालाई डाक्टर पढाए ।

- घर खानु (श्रीमान्को घरमा गएर बस्नु)

सपनाले सबैको मन जितेर घर खाएकी छे ।

- दिन काट्नु (समय बिताउनु)

हामीले राम्रो काम गरेर दिन काट्ने बानी बसाल्नुपर्छ ।

- हावा खानु (बिग्रनु)

राम्रो योजना बनाउन सकिएन भने यसपालि पनि हाम्रो विद्यालयले हावा खान्छ ।

- मुख छाड्नु (गाली गर्नु)

उमेश अरूलाई मुख छाड्दै हिँड्छ कुनदिन पिटाइ खान के बेर छ र ।

- मन चोर्नु (भित्री कुरा बुझ्नु)

घुसघुसे मान्छेको मन चोर्न गाह्रो हुन्छ ।

- जिउ छाड्नु (समर्पित हुनु)

चन्द्रशमशेर ज्यान छाडेर राजनीतिमा लागेका छन् ।

- डाँको छाड्नु (जोडले रुनु)

दयाराम आमाको मृत्यु हुँदा डाँको छोडेर रोयो ।

- हात छाड्नु (पिट्नु)

सुजनले कुरै नबुझी गोपाललाई हात छाड्दा ठुलो झगडा भयो ।

- कुरा टार्नु (भनेको नमान्नु)

फुर्सद नभए पनि लखनको कुरा टार्न नसकेर म पनि उसँगै पोखरा घुम्न हिँडे ।

- तोरीको फूल देख्नु (रन्थनिनु)

गुरुको एक लठ्ठी मात्र के भेटेको थियो राजनले तोरीको फूलै देखेछ ।

- माया मार्नु (बिर्सनु)

उपकारी र गुणी व्यक्तिलाई माया मार्न गाह्रो हुन्छ ।

- ज्यान दिनु (लागि पर्नु)

समाज र देशका लागि ज्यान दिनु हरेक नागरिकको कर्तव्य हो ।

- तिलाञ्जलि दिनु (सदाका लागि छाड्नु)

हर्केले रक्सी र चुरोटको लतलाई तिलाञ्जलि नै दिएछ नि ।

- कुरा खेल्नु (मनमा विभिन्न विचार आउनु)

हामीले मनमा अनावश्यक कुरा खेलाउनु हुँदैन, यसले मानसिक रोग बढाउन मद्दत गर्छ ।

● खुट्टा तान्नु (अघि बढ्न नदिनु)

खुट्टा तान्ने प्रवृत्तिले गर्दा हाम्रो समाज कहिले अगाडि बढ्न सक्दैन ।

● कान थाप्नु (कुरा सुन्नु)

अरूले गरेको कुरामा हामीले कान थापेर बस्नु उचित हुँदैन ।

● जाल थाप्नु (अप्ठेरोमा पार्नु)

परिबन्दमा पारेर कसैलाई पनि जाल थापेर फाइदा लिनु हुँदैन ।

● थला पर्नु (बिरामी हुनु )

हर्केकी आमा ज्वरोले थला पर्नु भएछ ।

● वचन दिनु (प्रतिज्ञा गर्नु)

उमेशलाई आउँछु भनेर वचन दिएको छु त्यसकारण म जानुपर्छ ।

● मुटुमा भक्कानो पर्नु (पीडा हुनु)

बुबाको मृत्यु हुँदा सुजनको मुटुमा भक्कानो परेको छ ।

● मन मिल्नु (मित्रता हुनु)

हिजोआज सुजन र सपनाको खुबै मन मिलेको देखिन्छ नि !

● नाक राख्नु (इज्जत राख्नु)

असल छोराछोरीले सधैँ बाबुआमाको नाक राख्ने काम गर्नुपर्छ ।

● ज्यान हत्केलामा राख्नु (साहसी काम गर्नु)

तेन्जिङ्ले ज्यान हत्केलामा राखेर सगरमाथाको आरोहण गरे ।

● घैँटामा घाम लाग्नु (कुरा बुझ्नु)

गुरुले सम्झाएपछि मात्र रामप्रसादको घैँटामा घाम लाग्यो ।

● मन हार्नु (निराश हुनु)

जीवनमा सफलता हासिल गर्ने हो भने मन हारेर बस्नु हुँदैन ।

● सकसक लाग्नु (उत्सुकता जाग्नु)

हाम्रो विद्यालयबाट शैक्षिक भ्रमण जाने कुरा सुनेपछि मलाई त एकदम सकसक लागेको छ ।

● तीन छक्क पर्नु (अचम्म मान्नु)

चटकेले रुमाललाई चरो बनाएर उडाएको देखेर म तीन छक्क परेँ ।

● मन फाट्नु (झगडा गर्नु)

हामीले साथी–साथीबिच मन फाट्ने काम गर्नु हुँदैन ।

● हंसले ठाउँ छोड्नु (होस हराउनु)

बस भिरबाट खसेको देखेर मेरो हंशले ठाउँ छाड्यो ।

● दाउ हेर्नु (मौका पर्खनु)

रामप्रसाद अमेरिका जाने दाउ हेरेर बसेको छ ।

● हात लाग्नु (प्राप्ति हुनु)

घरजग्गा बिक्रीबाट गोपाललाई पाँच लाख हात लागेछ ।

● वचन लगाउनु (चित्त दुखाउनु)

हामीले गुरुलाई कहिले पनि वचन लगाउने काम गर्नु हुँदैन ।

## ८. केही टुक्काहरू र तिनको अर्थ

| | |
|---|---|
| आँखा चिसो पार्नु | रुनु, रुवाउनु |
| मुखमा पानी आउनु | लोभ लाग्नु |
| हात काट्नु | अधिकार छोड्नु |
| मुख लुकाउनु | लाज मान्नु |
| मार खानु | गाली खानु |
| धराप थाप्नु | अप्ठेरोमा पर्नु |
| टाढा देख्नु | पराइ ठान्नु |
| इतिश्री हुनु | समाप्त हुनु |
| प्रकाश पार्नु | प्रष्ट पार्नु |
| मन फाट्नु | मतभेद हुनु |
| सुँइको पाउनु | चाल पाउनु |
| जहाज डुब्नु | सारा काम बिग्रनु |
| छोप लाग्नु | थोरै हुनु, नपुग्नु |
| तालुमा आलु फल्नु | भाग्य चम्कनु |
| मन अमिलो हुनु | चित्त दुख्नु |
| संसार हेर्नु | बाँच्नु |
| सही थाप्नु | सहमति जनाउनु |
| घाउ पाक्नु | पीडा हुनु |
| मेख मार्नु | लज्जित हुनु |
| नाक ठाडो पार्नु | घमण्ड गर्नु, गर्व गर्नु |
| हातपात गर्नु | पिट्नु, जबरजस्ती गर्नु |
| लामो हात गर्नु | चोर्नु |
| मुख फोर्नु | नबोली नहुनु |
| शिर काट्नु | नेतृत्वहीन हुनु |
| रमाना दिनु | बिदा दिनु |
| चक्करमा पर्नु | लहैलहैमा लाग्नु |
| चन्द्रमा दाहिना हुनु | पक्षमा हुनु |
| विषाद् पर्नु | दुःख/विपत् पर्नु |
| कठपुतली बन्नु | इसारामा चल्नु |
| तातो लाग्नु | उत्सुकता जाग्नु |
| खुट्टो तान्नु | तल पार्नु |
| टाउकामा टेकाउनु | पुलपुल्याउनु |
| खुट्टो घुमाउनु | प्रभुत्व जमाउनु |
| श्री गणेश गर्नु | थालनी गर्नु |
| पेट पोल्नु | चिन्ता हुनु |
| सत्र पर्नु | मोज हुनु |
| कैंची मार्नु | फसाउनु |
| कुरा मिल्नु | विचार मिल्नु |

| | | | |
|---|---|---|---|
| कुरो हार्नु | तल पर्नु | राय फाट्नु | मत बुझ्नु |
| जागिर पाक्नु | काम सक्नु | धोती न टोपी हुनु | कङ्गाल हुनु |



## अभ्यास

१. **उखान केलाई भनिन्छ ?**

२. **टुक्का भनेको के हो ?**

३. **तलका उखानहरूलाई अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्नुहोस्:**

| | |
|---|---|
| अकबरी सुनलाई कसी लगाउनु पर्दैन | कागभन्दा कोइली चङ्ख |
| इन्द्रसँग वर्षाको कुरा | आलु खाएर पेडाको धाक |
| काम गर्ने कालु मकै खाने भालु | आए आँप गए झटारो |
| एक हातले तालि बज्दैन | हुने विरुवाको चिल्लो पात |
| रातभरि करायो दक्षिणा हरायो | नजिकको तीर्थ हेला |
| नाच्न नजान्ने आँगन टेडो | कालो अक्षर भैंसी बराबर |
| नपत्याउने खोलाले बगाउँछ | देख्नेका आँखा फुटे सुन्नेका सही |
| ढुङ्गा खोज्दा देवता मिल्नु | पढेरभन्दा परेर जानिन्छ |
| साँढेको जुधाइ बाच्छाको मिचाइ | |

४. **तलका टुक्काहरूलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् :**

कागको फुल चोर्नु, झारा टार्नु, आँखा चिम्लनु, नाक काट्नु, मुख फोर्नु, आँखा खुल्नु, तिलाञ्जलि दिनु, मन राख्नु, काँध थाप्नु, मुख सिउनु, हातपात गर्नु, कानमा तेल हाल्नु, हात काट्नु, नोकरी गर्नु, श्रीगणेश गर्नु, कम्मर कस्नु, आँखो हुनु, इतिश्री हुनु, मन तान्नु, गाल टार्नु, नाक काट्नु, घर खानु, आलु खानु, दिन काट्नु

## परियोजना कार्य

१. **तलका उखान र अर्थको जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| हात्तीको मुखमा जिरा | आफूलाई परेपछि मात्र थाहा हुनु |
| राजाको काम कहिले जाला घाम | आवश्यकता भन्दा थोरै हुनु |
| आफू नमरी स्वर्ग देखिन्न | जागिरेले समय कटाउन खोज्छ |
| बाँदरको हातमा नरिवल | जोसुकै आए पनि उस्तै स्वभाव |
| जति जोगी आए पनि कानै चिरेका | मूर्खको हातमा राम्रो वस्तु |

२. **तलका टुक्काको र अर्थको जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| घरजम गर्नु | भाग्नु |
| हावा खुस्कनु | पिट्नु |
| हात छाड्नु | विवाह गरेर बस्नु |
| कान समात्नु | पागल हुनु |
| डाँडा काट्नु | गर्दिनँ भनेर वाचा गर्नु |

३. **तलका उखानलाई वाक्यमा प्रयोग गर्नुहोस् :**

कालो अक्षर भैँसी बराबर, घोडा चड्ने लड्छ, बाँदरको हातमा नरिवल, हुने विरुवाको चिल्लो पात, नाच्न नजान्ने आँगन टेडो, एक हातले ताली बज्दैन, बोल्नेको पिठो बिक्छ नबोल्नेको चामल पनि बिक्दैन

४. **तलका टुक्कालाई वाक्यमा प्रयोग गर्नुहोस् :**

नेटो काट्नु, आँखा चिम्लनु, जिब्रो टोक्नु, तालुमा आलु फल्नु, मन चोर्नु, इतिश्री हुनु

# खण्ड - ख

## रचना खण्ड

एकाइ

१

# बोध

## १. बोधको परिचय

कुनै पनि अभिव्यक्तिले व्यक्त गर्न खोजेको सन्दर्भको अर्थ बुझ्नुलाई बोध भनिन्छ । यस्ता अभिव्यक्तिहरू लिखित वा मौखिक कुनै पनि हुन सक्छन् । यी दुईमध्ये जुनसुकै अभिव्यक्तिलाई ठीक ढङ्गले बुझ्नु नै बोध हो । यसले व्यक्तिको तत्कालिक बोध क्षमता र बाह्य प्रकटीकरण गर्ने शक्ति दुवैको एकैचोटी परीक्षण गर्छ । त्यसैले बोधमा शब्दको अर्थ तथा वाक्यको भाव बुझेर मात्र हुँदैन, समग्र पाठको आशय खिच्न सक्नुपर्छ ।

बोध जुनसुकै क्षेत्रबाट पनि लिइएको हुनसक्छ । मूलतः बोध कुनै दृष्टान्त (कुनै पाठको अंश) र कुनै अदृष्टांश (नपढेको वा बाहिरबाट ल्याइएको) हुन्छन् । सामान्यतया बोधहरू वस्तुपरक वा तथ्यपूर्ण उत्तरको अपेक्षा गर्ने खालका हुन्छन् । बोधमा विषयगत, व्याकरणगत वा शब्दार्थगत विभिन्न खाले प्रश्नहरू सोधिन्छन् । बोधमा दिइएको पाठ्यांशको केन्द्रीय मर्म पहिल्याउने गरी गहन अध्ययन गरेर सोधिएका प्रश्नहरूको छिटो छरितो उत्तर दिनुपर्दछ । प्रश्नहरू शब्दार्थ, पदावली, वाक्य, शब्दवर्ग, शीर्षक आदिसँग पनि सम्बन्धित हुने भएकाले अध्ययनका क्रममा यसतर्फ पनि ध्यान दिनु आवश्यक हुन्छ ।

## २. बोध प्रश्नको उत्तर दिने तरिका

(क) दिइएको पाठ्याशंलाई अत्यन्त सचेतापूर्वक मूल भाव वा अर्थ स्पष्ट नभएसम्म पटकपटक पढ्नुपर्छ ।

(ख) सोधिएका बोध प्रश्नहरूलाई राम्ररी पढी अपेक्षा गरेका उत्तरहरूलाई ठम्याउनुपर्छ ।

(ग) पाठमा फेला परेका उत्तरहरू कहाँ–कहाँ छन् खोजेर रेखाङ्कन गर्नुपर्दछ ।

(घ) उत्तर लेख्दा सम्बन्धित अनुच्छेदमा नै केन्द्रित हुनुपर्दछ ।

(ङ) उत्तरमा आफ्नो तर्फबाट अनावश्यक कुरा बढाइ चढाइ लेख्नु हुँदैन ।

(च) प्रश्नको उत्तर प्रायः त्यही अनुच्छेदमा हुन्छ तर पाठको वाक्यलाई हुबहु सार्नु हुँदैन ।

(छ) उत्तरमा अनावश्यक अंश समावेश नगरी सकेसम्म संक्षिप्त बनाउनुपर्छ ।

(ज) प्रश्न जुन काल, पक्ष, लिङ्ग र आदरमा छ उत्तर पनि त्यसैमा हुनुपर्दछ ।

(झ) रेखाङ्कित पद वा पदावलीको अर्थ दिनुपर्दा अनुच्छेद भित्रको सन्दर्भ ठम्याएर मात्र दिनुपर्छ ।

(ञ) मुख्य आशय, विचार, सन्देश, विषयवस्तु आदिका आधारमा उपयुक्त शीर्षक चयन गर्नुपर्दछ ।

## ३. बोध प्रश्नका नमुनाहरू

कुनै पनि देशको मूल कानुनलाई संविधान भन्दछन् । संविधानको भावनाअनुसार ऐन कानुनको तर्जुमा गरिएको हुन्छ । तिनलाई व्यवहारमा उतार्न नियम–कानुनहरू बनाइएका हुन्छन् । यी सबैको उद्देश्य देशमा शान्ति सुरक्षा कायम गर्ने, जनधनको रक्षा गर्ने, व्यक्ति, समाज र राष्ट्रलाई अहित हुने कामहरू कसै कतैबाट हुन नदिने हो । यसैगरी मानिसका बोल्ने, लेख्ने, प्रकाशन गर्ने र उद्यम गर्ने जस्ता विभिन्न स्वतन्त्रताहरूको संरक्षण गर्ने पनि हो । अपराध गर्नेलाई तोकेअनुसारको दण्ड सजाय गर्ने र कहीँ कतैबाट मनोमानी हुन नदिने असल मनसायले नै कानुनको निर्माण गरिएको हुन्छ । यसरी कानुनका आधारमा चल्ने राज्य व्यवस्थालाई नै कानुनीराज भनिन्छ । कुनै पनि व्यक्ति, समाज र राष्ट्रको आफ्नै किसिमको मर्यादा हुन्छ । त्यस्तै मर्यादाको रक्षाको निम्ति कानुनको खाँचो पर्छ । सबै मानिसहरू आआफ्ना मर्यादामा चल्ने हो भने सायद कानुनको काम पनि कम हुँदो हो । तर आजको अस्तव्यस्त समाजमा त्यस्तो हुनु सम्भव छैन । त्यसैले कानुनको आवश्यकता झनझन बढ्न थालेको पाइन्छ ।

### बोध प्रश्नहरू

(क) संविधान केलाई भनिन्छ ?

देशको मूल कानुनलाई संविधान भनिन्छ ।

(ख) ऐन कानुनको तर्जुमा र निर्माण कसरी र किन गरिएको हो ?

संविधानको भावनाअनुसार संविधानलाई व्यवहारमा उतार्न ऐन कानुनको तर्जुमा गरिएको हुन्छ ।

(ग) ऐन कानुनको उद्देश्य के हो ?

देशमा शान्ति सुरक्षा कायम गर्नु, धनजनको रक्षा गर्नु, व्यक्ति, समाज र राष्ट्रलाई कतैबाट पनि अहित हुने कार्य हुन नदिनु, बोल्ने, लेख्ने तथा प्रकाशन गर्ने व्यक्तिगत स्वतन्त्रताको संरक्षण गर्नु नै कानुनको उद्देश्य हो ।

(घ) कस्तो राज्य व्यवस्थालाई कानुनीराज भनिन्छ ?

कानुनको आधारमा चल्ने राज्य व्यवस्थालाई कानुनीराज भनिन्छ ।

(ङ) केका लागि कानुनको खाँचो पर्छ ?

व्यक्ति, समाज र राष्ट्रको मर्यादा तथा रक्षाका निम्ति कानुनको खाँचो पर्छ ।



## अभ्यास

१. **दिइएको गद्यांश पढी सोधिएका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

आज विज्ञानकै कारण मानवजीवन असहज, जटिल र यान्त्रिक बन्दै गएको छ । मानवीय मूल्य र मान्यताहरू समाप्त हुँदै गएका छन् । विज्ञानले आविष्कार गरेका हात हतियारको सन्त्रास मात्र होइन, प्राकृतिक सुन्दरता समाप्त हुँदै गएका छन् । कलकारखानाको धुँवाले वातावरण प्रदूषित हुँदै छ । मानिसले विज्ञानमा आविष्कार गरेको हातहतियारको आडमा ध्वंसको बाटो लिइरहेका छन् । हतियारको उन्मादले मानिसमा दुर्भावना बढ्दा मानवताका पर्खालहरू गल्र्यामगुर्लुम ढल्न थालेका छन् । एउटा रोगको निदानका लागि रासायनिक औषधिको प्रयोग गर्दा अरू रोगहरूको उत्पत्ति भइरहेको छ । मानवीय जीवन एकपछि अर्को गर्दै अझै सङ्कटको भुमरीमा फस्दै गएको छ । वैज्ञानिक आविष्कार, औद्योगिकीकरणको विस्तार अत्यधिक रूपमा यातायातका साधनले फाल्ने धुँवा आदिले वातावरण प्रदूषित भएको छ । यसले गर्दा ओजन तहमा प्वाल परी सूर्यका किरणहरू सोझै पृथ्वीमा आउने सम्भावना छ । यसले तापीय प्रदूषण बढ्न सक्छ र वातावरणीय परिवर्तनका साथमा सम्पूर्ण प्राणीको अस्तित्त्व सङ्कटमा पर्न सक्छ । त्यसैले आधुनिक विज्ञान मानवका लागि अभिशाप सिद्ध भइसकेको छ ।

**बोध प्रश्नहरू**

(क) प्राकृतिक सुन्दरता नाश हुनको मुख्य कारण के हो ?

(ख) हात हतियारको आविष्कार तत्त्व के हो ?

(ग) ओजन तहमा प्वाल पर्नाले देखिने असर के हो ?

(घ) आधुनिक विज्ञान मानव जीवनका लागि कस्तो देखिन्छ ?

(ङ) 'असहज' र 'ध्वंश' शब्दको अर्थ लेख्नुहोस् ।

२. **दिइएको गद्यांश पढी सोधिएका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

नेपाल कृषिप्रधान देश हो । नेपालको अर्थतन्त्रको मेरुदण्ड कृषि हो । यहाँ ८० प्रतिशत्भन्दा बढी मानिसहरू कृषिमा सङ्लग्न छन् । कृषिसँग सम्बन्धित अनुभवी जनशक्ति पर्याप्त छन् । यसका लागि जमिन छ, परम्परागत प्रविधि छ । पुर्खाहरूले छनोट गरेको अन्नबालीको सयौँ प्रकारका बिऊहरू छन् । कुन बिऊ कहिले र कसरी रोप्नुपर्छ भन्ने ज्ञान र अनुभव छ तर यति हुँदाहुँदै पनि कृषिलाई आधुनिक कृषि प्रणालीमा जोड दिनु आवश्यक देखिन्छ । कृषि वैज्ञानिकता अपनाइयो भने अन्नबालीको उत्पादन राम्रो हुने सम्भावना बढी हुन्छ । कृषिको आधुनिकीकरणबाट अकल्पनीय उपलब्धि हासिल हुन्छ । त्यसको लागि

आधुनिक प्रविधिबाट खेती गर्नका लागि उपयुक्त बिऊ, सिँचाइ, मेसिन औजारको व्यवस्था भएको खण्डमा कृषि प्रणाली अझ मजबुत बन्न सक्छ । त्यसैले सरकारले बेलाबेलामा कृषकलाई राम्रो बिऊ मल तथा समय–समयमा तालिमको व्यवस्था मिलाइदिनुपर्छ । अन्य कृषि मुलुकहरूमा झैँ नेपालमा पनि कृषिको दोहोरो भूमिका छ । कृषि उत्पादन नै सबैका लागि खाद्य पदार्थको प्रमुख स्रोत भएकाले यो जीवन रक्षाको मूल आधार हो भने उत्पादित अन्न राष्ट्रिय आयको स्रोत पनि हो ।

**बोध प्रश्नहरू**

(क) नेपालको अर्थतन्त्रको मेरुदण्ड के हो ?

(ख) नेपालमा कृषिका लागि कस्तो प्रविधि अपनाइएको छ ?

(ग) कृषिमा आधुनिकीकरण गर्नका लागि सरकारले कस्तो व्यवस्था मिलाइदिनुपर्छ ?

(घ) कृषिलाई जीवन रक्षाको मूल आधार मानिन्छ, किन ?

(ङ) 'प्रविधि' र 'संलग्न' शब्दको अर्थ लेख्नुहोस् ।

एकाइ
२

# सारांश लेखन

## १. साराशंको परिचय

कुनै अनुच्छेदमा भएका कुराहरूलाई एक तृतीयाशं भागमा छोट्याएर सिलसिला नटुट्ने गरी सङ्क्षिप्त रूपमा प्रस्तुत गर्ने प्रक्रियालाई सारांश भनिन्छ । सारांशलाई सङ्क्षेपीकरण पनि भनिन्छ । सारांश छोट्याउने प्रक्रिया भए पनि त्यसमा मूल पाठमा रहेका असम्बद्ध, पुनरावृत्ति, अप्रासङ्गिक भएका अंशहरू हटाई अनिवार्य, उपयोगी तथा मूल भावको प्रवाहलाई यथावत् राख्नुपर्छ । त्यसैले सारांश पाठको अपूर्ण अंश नभएर आफैँमा पूर्ण रचना हो । सारांश लेखन मूल अंशभन्दा भिन्न हुनु हुँदैन । लामो अनुच्छेदमा भएको कुरा यसमा छोट्याइने हुनाले यसले विद्यार्थीहरूलाई बुझेर पढ्न र पाठको सार पहिल्याउन प्रेरित गर्छ ।

## २. सारांश लेख्ने तरिका

(क) सारांश गर्नुपर्ने अनुच्छेदलाई राम्ररी बुझेर पटक–पटक पढ्नुपर्छ ।

(ख) पाठ वा अनुच्छेदको शब्द सङ्ख्या गनी त्यसको एक तृतीयांश निर्धारण गर्नुपर्दछ ।

(ग) व्याख्यात्मक अंश र दोहोरिएको अंशलाई हटाई सारभूत अंशलाई रेखाङ्कन गर्नुपर्दछ ।

(घ) रेखाङ्कित कुराहरूका आधारमा सबभन्दा पहिला सारांशको खेस्रा रूपरेखा तयार पार्नुपर्छ ।

(ङ) खेस्रामा रहेका बुँदालाई अनुच्छेदबद्ध गरी साफी लेखन गर्नुपर्छ ।

(च) मूल अनुच्छेदको एक तृतीयांशभन्दा बढी नहोस् भनेर खेस्राको संशोधन र परिमार्जन गरी अलङ्कार, उदाहरण, व्याख्या, विश्लेषण, विवरण आदिलाई झिक्नुपर्छ ।

(छ) मूल अंश जतिसुकै अनुच्छेदको भए पनि सारांश लेख्दा एक अनुच्छेदमा लेखेपछि सारांशको शब्द सङ्ख्या पनि खुलाउनुपर्छ ।

## ३. सारांश लेखनका नमुनाहरू

परिश्रमरूपी ईश्वरलाई अनास्था गरेर जीवनरूपी रथ अघि बढ्न सक्दैन । मानिसले इच्छा गरेर मात्र कहाँ हुन्छ । इच्छालाई मूर्त रूप दिन त क्रियाको अवश्यकता पर्छ । क्रिया भन्नु

नै परिश्रम हो । सुतिरहेको सिंहको मुखमा आहार कसले पो हालिदिन्छ र ? यसका लागि त उसले मिहिनेत गर्नुपर्छ । परिश्रम नगरी कसैले पनि केही पाउन सक्दैन । परिश्रमी जीवन नै पूज्य हुन्छ, उदाहरणीय हुन्छ । जसरी घोटिँदा–घोटिँदा नदीको ढुङ्गो गोलो हुन्छ । त्यसैगरी परिश्रम गर्दागर्दा जीवनले नयाँ रूप धारण गर्दछ । उद्योगीले जोगी हुनु पर्दैन । हरेक क्षेत्रमा परिश्रमको ठुलो महत्त्व छ । यथास्थितिबाट माथि उठ्न हामीले भाग्यवादी बन्ने होइन, कर्मवादी बन्न सक्नुपर्छ, पुरुषार्थ प्राप्त गर्न निरन्तर साधना वा परिश्रमको खाँचो आवश्यक छ । भाग्यवादी भएर बस्नु भनेको आफ्नो परिश्रमरूपी ऊर्जाको दुरुपयोग गर्नु हो । त्यसैले परिश्रम जीवनको पूजा हो । समाज र राष्ट्रको सेवा हो ।

**बुँदाहरू**

- परिश्रमरूपी ईश्वरलाई अनास्था गरेर जीवनरूपी रथ अघि बढ्न नसक्नु,
- इच्छालाई मूर्तरूप दिन परिश्रमको आवश्यकता पर्नु,
- यथास्थितिबाट माथि उठ्न हामीले भाग्यवादी नभई कर्मवादी बन्नुपर्ने,
- परिश्रम जीवनको पूजा तथा समाज र राष्ट्रको सेवा हुने ।

**सारांश**

## परिश्रमको आवश्यकता

परिश्रमरूपी ईश्वरलाई अनास्था गरेर जीवनरूपी रथ अघि बढ्न सक्दैन । मानिसले इच्छा गरेर मात्र हुँदैन, त्यसलाई मूर्तरूप दिन परिश्रमको आवश्यकता पर्दछ । जसका लागि यथास्थितिबाट माथि उठेर भाग्यवादी नभई कर्मवादी बन्नुपर्छ । त्यसैले परिश्रम जीवनको पूजा तथा समाज र राष्ट्रको सेवा हो ।

दिइएका शब्द सङ्ख्या – १२०
हुनुपर्ने शब्दसङ्ख्या – ४०
भएको शब्दसङ्ख्या – ३९

**नमुना**

एउटा सम्पन्न परिवारमा जन्मेर भौतिक सुखसयलमा हुर्केर पनि आफ्नो ऐसआराम, राज्यवैभवसमेत त्यागी देश, जनता, विश्वबन्धुत्व र शान्तिका लागि प्रयत्नरत रहने जयपृथ्वीबहादुर सिंह एक महान् व्यक्तित्व हुन् । परोपकार र समाज सुधारका लागि सदा समर्पित उनले आफ्नो सम्पूर्ण धन परसेवामा नै लगाए । उनका लागि विश्व नै एक घर थियो भने सारा मानिस बन्धुबान्धव थिए । उनी कुनै पनि शक्तिशाली राज्यले कमजोर राज्यमाथि आक्रमण गरेको मन पराउँदैनथे । एक पटक इटाली जस्तो शक्तिशाली देशले अविसिनिया जस्तो अति कमजोर राज्यमाथि आक्रमण गर्दा त्यहाँ गई उनले पीडित मानिसको सेवा

गरेका थिए । यसै क्रममा उनी बन्दी पनि बनाइए । पछि अङ्ग्रेजहरूको मध्यस्थताबाट उनी मुक्त भए । यसरी उनी आफ्नो ज्यानको समेत बाजी थापेर मानवताको सेवामा जुट्ने साहस र त्यागका ज्वलन्त उदाहरण बने । लडाइँमा भएको बमवर्षाको असरले गर्दा उनलाई हृदयरोगले आक्रमण गऱ्यो । उनी त्यहाँबाट बङ्गलोर आए । त्यतिखेर भारतमा अङ्ग्रेज शासनको विरुद्धमा आन्दोलन चल्दै थियो । त्यस आन्दोलनलाई समर्थन गरेकाले उनलाई एक वर्षसम्म बङ्गलोरमा नजरबन्द गरियो ।

**बुँदाहरू**

- जयपृथ्वीबहादुर सिंह परोपकार र समाजसुधारका लागि समर्पित हुनु,
- उनका लागि विश्व एक घर र सारा मानिस बन्धुबान्धव हुनु,
- उनले कुनै पनि शक्तिशाली राज्यले कमजोर राज्यलाई आक्रमण गरेको हेर्न मन नपराउनु,
- उनी मानवताका पक्षमा लाग्दा बन्दी बनाइए भने भारतीय स्वतन्त्रता आन्दोलनलाई समर्थन गर्दा नजरबन्दमा पनि पर्नु,

**सारांश**

## जयपृथ्वीबहादुर सिंह

परोपकार र समाजसुधारमा समर्पित जयपृथ्वीबहादुर सिंह विश्वलाई एक घर ठान्थे भने मानवमात्रलाई बन्धुबान्धव ठान्थे । भौतिक सुखसयल, ऐसआराम र राज्यबैभव त्यागी देश जनता, विश्वबन्धुत्व र शान्तिका लागि प्रयत्नरत सिंह शक्तिशाली राज्यले कमजोर राज्यलाई आक्रमण गरेको रुचाउँदैनथे । उनी मानवता र स्वतन्त्रताका पक्षपाती भएकाले पटकपटक बन्दी जीवन बिताउनुपरेको थियो ।

अनुच्छेदमा दिइएको शब्द सङ्ख्या – १४३

हुनुपर्ने शब्द सङ्ख्या – ४७

भएको शब्द संख्या – ४५



## अभ्यास

१. **तलको गद्यांशबाट चार बुँदा टिपी सारांश लेख्नुहोस् :**

मानिसले आफ्नो सुविधाको लागि प्राकृतिक स्रोतको उपयोग गर्छ । प्राकृतिक स्रोतको सही उपयोग हुन सकेन भने प्रकृतिमा विपत्ति आउँछ । हामीले भूक्षय, बाढी, पहिरो, अतिवृष्टि, अनावृष्टि जस्ता समस्या भोग्नुपर्छ । रूख विरुवा मासिन्छन् । जीवहरूको जीवन

सङ्कटग्रस्त हुन्छ । प्राकृतिक सौन्दर्य नासिन्छ । बालीनालीको उत्पादन कम हुन्छ । मौसममा परिवर्तन आउँछ । नदीहरू सुक्न थाल्छन् । हिमालहरू पग्लन्छन् । यसको प्रतिफल स्वयम् मानिस सङ्कटमा पर्छ । त्यसैले वातावरण प्रतिकूल हुन नदिन र प्रकृति स्वच्छ राख्न मानिसले नै प्रयत्न गर्नुपर्छ ।

२. **तलको गद्यांशबाट चार बुँदा टिपी सारांश लेख्नुहोस् :**

प्राणी र वनस्पतिको जीवन वातावरणमा निर्भर रहन्छ । सृष्टिक्रमसँगै प्रकृतिका प्राणी र वनस्पतिको जीवनका लागि निश्चित वातावरण सिर्जना भएको छ । वातावरणकै कारण प्राणी र जीवबिच घनिष्ट सम्बन्ध स्थापना हुन्छ । विश्वमा रहेका जीवहरूमध्ये मानिस सर्वश्रेष्ठ प्राणी हो । मानिसले प्रकृतिलाई बिगार्न र जोगाउन पनि सक्छ । वनस्पति र अन्य जीवले प्रकृतिको संरक्षण गर्न सक्दैनन् । प्राकृतिक सन्तुलन कायम गर्न भने जीव र वनस्पति दुवैको भूमिका हुन्छ । पारिस्थितिक प्रणाली खलबलियो भने प्राकृतिक अवस्था असन्तुलित हुन्छ यसबाट वनस्पति लोप हुन्छ र जीवले अनेकौँ सङ्कट झेल्नुपर्ने हुन्छ ।

३. **तलको गद्यांशबाट चार बुँदा टिपी सारांश लेख्नुहोस् :**

पुन्टे मझेरीमा बसेर चुलातिर हेरिरहेको थियो । धने साहु भात खाँदै थियो । थालमा अलिकति भात अनि वरिपरि कचौरा प्लेटमा थुप्रै खाने कुरा देखेर पुन्टे छक्क परेर बसिरहेको थियो । त्यति थोरै भात खान त्यत्रो तिहुन किन चाहिएको होला ? सबैभन्दा पहिला के खाने होला ? सबैभन्दा पछि के खाने होला ? त्यति धेरै खेत भएर पनि साहुले किन त्यति थोरै भात खाएको होला ? ऊ सोच्दै थियो । उसकी बहिनी भर्खरै जन्मेकी थिई । ऊ छैटौँ दिनको प्रतीक्षा गरिरहेको थियो । दसैँ आउने बेलामा पनि समयले यसरी नै बिस्तारै पाइलो साथ्र्यो । त्यही समय अहिले पनि सारै लोसे बनिरहेको थियो । पुन्टेलाई निकै बेचैन भइरहेको थियो । आज बल्ल बहिनी जन्मेको छ दिन भयो ।

४. **तलको गद्यांशबाट चार बुँदा टिपी सारांश लेख्नुहोस् :**

"अब नेपालसँग युद्ध गर्ने बेला आयो । यति सानो देशले हाम्रो साम्राज्यमाथि धावा बोल्ने ! के सोचेका छन् यिनले ? सूर्य नअस्ताउने साम्राज्यसँग एउटा भुसुनाले फुर्ती लाउन मिल्छ ?" रक्सीको चुस्की लिँदै जनरल हेस्टिङले भने । उनले आफ्ना सैनिक मित्रसँग सल्लाह गरे । उनले सेवामा राम्रो ख्याति कमाइसकेका थिए । उनी उग्र, रूखो र कठोर स्वभावका भएकाले उनलाई नेपाल कब्जा गर्न ब्रिटेन सरकारले भारतमा ४ अक्टोबर **१८१३** मा गर्भनर बनाई पठाएको थियो । उनी आफूलाई भिन्न र शक्तिशाली ठान्थे । जिद्दी स्वभावका हेस्टिङ आफ्नो समयलाई महत्त्वपूर्ण बनाउन चाहन्थे । उनमा उत्कृष्ट महत्त्वाकाङ्क्षा थियो ।

५. **तलको गद्यांशबाट चार बुँदा टिपी सारांश लेख्नुहोस् :**

देवकुमारीले स्वास्थ्य क्षेत्रमा पनि काम गरिन् । उनले विराटनगरको बाल मन्दिरमा तीस वर्षसम्म काम गरेर असल सेवाको उदाहरण दिइन् । उनले गाउँघरमा घुमेर बालक,

महिला, वृद्धलगायत धेरै अशक्त र बिरामीहरूको उपचार गरिन् । स्वास्थ्य क्षेत्रमा काम गर्दा उनलाई समाज सेवा गर्ने प्रेरणा प्राप्त भयो । उनले हिमाल महिला सङ्घ, नेपाली साहित्य सम्मेलन आदिबाट समाजसेवा सुरु गरिन् । त्यसपछि विविध सामाजिक संस्थामा काम गरिन् । उनी देश विदेशका विभिन्न कार्यक्रममा सहभागी बनिन् । उनी असहाय, उत्पीडित, विपन्न र रोगग्रस्त मानव समुदायको दुःख पीर हटाउन सधैँ तत्पर रहिन् । उनी विराट साहित्य सामाजिक, सांस्कृतिक र शैक्षिक संस्थामा पनि कार्यरत थिइन् । उनी विराट साहित्य संस्थाको अध्यक्ष भइन् । बालसाहित्य समाज, गुरुकुल विद्यालय, नेपाल प्रज्ञा प्रतिष्ठान आदि संस्थामा पनि उनी सक्रिय भइन् । यस प्रकारले उनले अनेकौँ संस्थामा रहेर समाजसेवामा उल्लेखनीय योगदान गरिन् ।

एकाइ

3

# जीवनी लेखन

## १. जीवनी लेखनको परिचय

कुनै विशिष्ट व्यक्तिको जन्मदेखि नमरुन्जेलसम्म गरेका महत्त्वपूर्ण तथा उपयोगी कार्यहरूको वर्णन गरी लेखिने लेखलाई जीवनी भनिन्छ । यो कुनै पनि व्यक्तिको बारेमा जानकारी दिई लेखिने लेख हो । जीवनी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगत्मा आफ्ना सुकर्मले समाजका लागि अनुकरणीय काम गरी सफल भएका व्यक्तिहरूको जीवनगाथालाई समेटेर जीवनी लेखिन्छ । जीवनी सत्य तथ्यमा आधारित हुन्छ । जीवनीले योगदान दिने व्यक्तिहरूप्रतिको श्रद्धा, सम्मान तथा पछिल्लो पुस्ताका लागि प्रेरणा, हौसला र पथ प्रदर्शनको काम गर्दछ ।

## २. जीवनी लेख्ने तरिका

(क) दिइएका बुँदाहरूलाई ध्यानपूर्वक पढेर समग्रमा सो जीवनीको ढाँचाको परिकल्पना गर्नुपर्दछ । जस्तैः

- बाल्यकाल
- पारिवारिक जीवन
- प्रमुख कार्य
- योगदानको वर्णन
- पुरस्कार, सम्मान र मूल्याङ्कन

(ख) सबैभन्दा पहिले सिरानमा जसको बारेमा जीवनी लेख्ने हो त्यस व्यक्तिको नाम लेख्नुपर्छ ।

(ग) दिइएका बुँदाहरूलाई नछुटाईकन क्रमबद्ध रूपमा संयोजन गर्नुपर्दछ ।

(घ) जीवनी लेखिने व्यक्तिले सम्बन्धित क्षेत्रमा पुऱ्याएको योगदान, उसका सङ्घर्षपूर्ण क्षणहरू, उसले प्राप्त गरेको सफलता र उसको जीवनीबाट लिन सकिने प्रेरणालाई जीवनीमा प्रष्ट पार्नुपर्छ ।

(ङ) जीवनीको भाषा सरल, सरस र मिठासपूर्ण हुनुपर्दछ ।

(च) अनावश्यक ठट्टा वा काल्पनिक कुरा समावेश गर्नु हुँदैन ।

## ३. जीवनी लेखनका नमुनाहरू

### नमुना – १

**दिइएका बुँदाहरूका आधारमा छोटो जीवनी तयार पार्नुहोस् :**

| | | |
|---|---|---|
| नाम | : | गोपालप्रसाद रिमाल |
| जन्मस्थान | : | काठमाडौँ |
| जन्ममिति | : | वि.सं. १९७५ जेठ १८ |
| पिता | : | उमाकान्त रिमाल |
| माता | : | आदित्यकुमारी रिमाल |
| शिक्षा | : | आई.ए सम्मको अध्ययन |
| योगदान | : | जुद्धोदय पब्लिक स्कुलका संस्थापक वि.सं. १९९७ मा बर्दिया अमिनीमा लप्टन युवाअवस्थामा नै सामाजिक, राजनीतिक र साहित्यिक कार्यमा संलग्न, राणा विरोधी आन्दोलनमा सक्रिय भई जेलसमेत परेका, वि.सं. १९९२ को प्रति शीर्षकको कविताबाट साहित्य यात्रा प्रारम्भ, वि.सं. २००० मा भाषानुवाद परिषद्का लेखक, वि.सं. २००३ मा शारदा पत्रिकाको सम्पादक |
| कृति | : | मसान र यो प्रेम (नाटक), आमाको सपना (कविता सङ्ग्रह) |
| विशेषता | : | गद्य कविताका प्रथम प्रयोक्ता, नारीप्रति विशेष सम्मान र राष्ट्रिय चेतना भएका कवि |
| सम्मान | : | मदन पुरस्कार र त्रिभुवन पुरस्कारबाट सम्मानित |
| देहावसान | : | वि.सं. २०३० काठमाडौँ |

### साहित्यकार गोपालप्रसाद रिमाल

नेपाली साहित्यको फाँटमा गद्य कविताको थालनी गर्ने आधुनिक कवि गोपालप्रसाद रिमालको जन्म १९७५ साल जेठ १८ गते काठमाडौँमा भएको थियो । उनका पिताको नाम उमाकान्त रिमाल थियो भने आमाको नाम आदित्यकुमारी रिमाल थियो ।

रिमाल सानैदेखि लगनशील थिए भने पढाइमा पनि अत्यन्तै जेहेनदार थिए । उनले औपचारिक रूपमा आई.ए. सम्म अध्ययन गरेका थिए । समाजमा अन्याय, अत्याचार र शोषण भएको देख्न नचाहने रिमाललाई राणाशासन पटक्कै मन पर्दैनथ्यो । उनी आई.ए पढ्दादेखि नै राणा विरोधी क्रियाकलापमा सक्रिय हुन थाले ।

सानैदेखि निडर र क्रान्तिकारी स्वभावका रिमालले आफ्नो कवितामा क्रान्ति र विद्रोहका स्वर घन्काएका छन् । आफ्नो राष्ट्रियता र स्वाभिमानी चरित्रलाई पनि उनले साहित्यमा उतारेको पाइन्छ । यसका साथै उनको नाटकमा नारीवादी चिन्तनलाई प्रयोग गरेको पाइन्छ । रिमाल आधुनिक नेपाली गद्य कविताका प्रवर्तक हुन् । आमाको सपना कविता सङ्ग्रह

उनको चर्चित काव्यकृति हो । उनका मसान र यो प्रेम नाटक पनि प्रकाशित छन् । कवि एवम् नाटककारका रूपमा चिनिने रिमालका कृतिमा क्रान्ति चेतना, राष्ट्रिय स्वाभिमान, नारी विद्रोहका स्वर लगायतका विशेषता पाइन्छन् ।

यिनी राष्ट्रियताका पुजारी हुन् । उनले साहित्य लेखनका साथसाथै विभिन्न क्षेत्रमा रहेर समेत काम गरेका थिए । उनी जुद्धोदय पब्लिक स्कुलका संस्थापक हुन् । उनी वि.सं. १९९७ मा बर्दिया अमिनीमा लप्टनसमेत भएका थिए । वि.सं. १९९० सालदेखि साहित्य सिर्जनामा लागेका रिमाललाई साहित्यको सेवा गरेबापत विभिन्न पुरस्कारहरूद्वारा सम्मानित गरिएको छ । उनलाई मदन पुरस्कार र त्रिभुवन पुरस्कार प्रदान गरिएको थियो । नेपाली साहित्यका यस्ता महान् प्रतिभाको २०३० सालमा काठमाडौँमा देहावसान भएको थियो । उनी आज हाम्रो सामु नभए पनि उनका अमूल्य साहित्यिक कृतिहरूले गर्दा अविस्मरणीय बनेका छन् ।

### नमुना – २

**दिइएका बुँदाहरूका आधारमा छोटो जीवनी तयार पार्नुहोस् :**

| | | |
|---|---|---|
| नाम | : | म्याडम क्युरी |
| जन्म | : | सन् १८६७ नोभेम्बर ७ |
| जन्मस्थान | : | वार्सा, पोल्यान्ड |
| रुचि | : | सानैदेखि अध्ययनमा चासो, जेहेनदार तथा असाधारण प्रतिभा, समाजसेवामा अभिरुचि । |
| शिक्षा | : | विज्ञानमा स्नातकोत्तर |
| विवाह | : | वैज्ञानिक पियरे क्युरीसँग |
| योगदान | : | विज्ञानको क्षेत्रमा असाधारण योगदान, रेडियमको आविष्कार, वैज्ञानिक खोज र अनुसन्धान, प्रो. हेनरीसँग युरेनियमबाट निस्कने किरणसम्बन्धी खोजमा संलग्न, रेडियोधर्मी किरण र रेडियो शक्तिसम्बन्धी खोजमा लामो समयसम्म सक्रिय, क्युरी इन्स्टिच्युट अफ रेडियम संस्थाकी संस्थापिका |
| पुरस्कार | : | नोबेल पुरस्कार सन् १९०३ सन् १९११ |
| मृत्यु | : | सन् १९३९ जुलाई ६ |

उत्तर :

## रेडियम आविष्कारक म्याडम क्युरी

विश्वप्रसिद्ध वैज्ञानिक म्याडम क्युरीको जन्म पोल्याण्डको राजधानी वार्सामा इ.सं. १८६७ नोभेम्बर ७ का दिन भएको थियो । शिक्षित र सभ्य परिवारमा जन्मिएकी क्युरीको वाल्याकालदेखि नै अध्ययन र समाज सेवामा रुचि जागेको थियो ।

विज्ञान विषयमा स्नातकोत्तर तहसम्मको अध्ययन गरी यिनी वैज्ञानिक पियरे क्युरीसँग

विवाह बन्धनमा बाँधिन पुगिन् । तत्पश्चात् उनी वैज्ञानिक खोज र अनुसन्धानमा संलग्न भइन् । यसै क्रममा हेनरी बेकनसँग मिलेर यिनले युरेनियमबाट निस्कने किरणसम्बन्धी तथ्यको खोजी गरिन् । यस्तै रेडियोधर्मी किरण र रेडियो सक्रिय तत्त्वसम्बन्धी खोजमा धेरै कालसम्म तल्लीन भएर लागिन् । उनको निरन्तरको खोज र अनुसन्धानमा उनका पतिले पनि साथ दिएका थिए । लामो खोज अनुसन्धानपछि रेडियमको आविष्कार गर्न यिनी सफल भएकी थिइन् । आफ्नो आविष्कारको प्रचार प्रसार गर्ने उद्देश्यले क्युरी इन्स्टिच्यूट अफ रेडियम नामक संस्थाको स्थापनासमेत क्युरीले गरेको पाइन्छ । विज्ञानका क्षेत्रमा महत्त्वपूर्ण अनुसन्धान र आविष्कार गरेवापत यिनलाई सन् १९०३ र १९११ मा दुईपटक नोबेल पुरस्कारबाट सम्मानित गरिएको थियो ।

वास्तवमा म्याडम क्युरीले विज्ञानका क्षेत्रमा असाधारण योगदान पुऱ्याएको पाइन्छ । विशेषतः रेडियमको आविष्कार र क्यान्सरजस्तो भयानक रोगको उपचार सम्भव तुल्याउने काम यिनको महत्त्वपूर्ण मानिन्छ । विज्ञान क्षेत्रको यस्ता महान् अनुसन्धानकर्ता एवम् वैज्ञानिक म्याडम क्युरीको मृत्यु इ. सं. १९३९ जुलाइ ६ तारिखका दिन भएको थियो ।



## अभ्यास

१. **दिइएका बुँदाहरूका आधारमा जीवनी तयार पार्नुहोस् :**

नाम : देवकुमारी थापा

पिता/माता : हस्तबहादुर कटुवाल/ रमादेवी

शिक्षा : प्रथम श्रेणीमा प्रवेशिका उत्तीर्ण

संलग्नता : लेडी हेल्थ भिजिटर नामक संस्थाबाट समाज सेवामा संलग्न भई विभिन्न संस्थामा काम गरेकी

: सूर्यविक्रम ज्ञवाली, धरणीधर, पारसमणि प्रधानका प्रभाव र प्रेरणाबाट साहित्य सेवामा संलग्न ।

: छ तारा, पुण्यात्मा आमा (जीवनी), एकादशी, झझल्को, सेतो बिरोलो, भोकतृप्ति, प्रलय, प्रतीक्षा, देवकुमारी थापाका प्रतिनिधि कथाहरू (कथा सङ्ग्रह), क्षण विचार र स्मृतिहरू (निबन्ध सङ्ग्रह), आदि कृति प्रकाशित

: सामाजिक र मनोवैज्ञानिक कथा लेखन र कथामा बालक र नारीलाई केन्द्र बनाएर दुःखको चित्रण गर्ने प्रवृत्ति ।

: सेवापद, गोरखा दक्षिणबाहु, उत्तम कुँवर प्रतिभा पुरस्कार आदिबाट सम्मानित ।

एकाइ

४

# कथा लेखन

## १. कथाको परिचय

एक बसाइमा पढिसकिने घटनाक्रमको सिलसिला मिलाएर प्रस्तुत गरिएको आख्यानात्मक गद्य लेखनलाई कथा भनिन्छ । कथाले जीवनको सानो अंश ओगटेको हुन्छ । तथापि यसले जीवन जगत्को अनुभूतिलाई चिनाएको हुन्छ, भविष्यको बाटो कोरेको हुन्छ। कथाले मानिसको सामाजिक आर्थिक परिस्थितिलाई केस्रा–केस्रा केलाएको हुन्छ र अन्तरहृदयको चिरफार गरेको हुन्छ। विषयवस्तु, चरित्र, परिवेश, उद्देश्य, दृष्टिविन्दु, संवाद आदि कथाका तत्त्व हुन्। सामान्यतया कथामा जीवन र जगत्को रोचक प्रस्तुति पाइन्छ। साहित्यका अन्य विधाको तुलनामा कथा लोकप्रिय र रोचक विधा हो। कथामा सरल भाषा शैलीको प्रयोग गरिएको हुन्छ । कथ्य भाषाको प्रयोगले कथा जीवन्त बनेको हुन्छ । कथा लेखन एउटा सिर्जनात्मक लेखन हो । व्यक्तिको आफ्नो सिर्जना कला नै यसमा प्रमुख मानिन्छ ।

## २. कथा लेख्ने तरिका

(क) दिइएका बुँदाहरूलाई पटक पटक पढ्नुपर्छ ।

(ख) सम्बन्धित घटनाका लागि आवश्यक केही पात्र र विषय थप्नु पर्ने भए तिनको कल्पना गर्नुपर्छ तर बुँदामा दिइएभन्दा बाहिरी कुरामा जानु हुँदैन ।

(ग) कथाको विषयवस्तु, स्वरूप वा ढाँचाका बारेमा कथाको सुरु, मध्य र निष्कर्ष कसरी गर्ने भनेर सोच्नुपर्छ ।

(घ) कथाको विषयवस्तु, घटना वा पात्रका लागि उपयुक्त वातावरण, समय र स्थानको उल्लेख गर्नुपर्छ ।

(ङ) कथामा छोटाछोटा संवादको प्रयोग गर्न सकिन्छ र पात्रअनुकूल सरल भाषामा जोड दिनुपर्छ ।

(च) कथाको अन्त्यमा कथाले दिने शिक्षा वा सन्देश स्पष्ट पार्नुपर्छ ।

(छ) मूल विषयवस्तु समेट्ने गरी बढीमा दुई तीन शब्दको शीर्षक दिनुपर्छ ।

## ३. कथा लेखनको नमुना

### नमुना – १

कुनै राजाको दरवारमा कुकुरको दरबन्दी खाली हुनु ................... विभिन्न स्थानबाट प्रतियोगिता गराएर छनोट भएको कुकुर दरबारमा भित्रिनु ............. कुकुरका लागि मीठो खाना, सुसारे र तालिम दिने व्यक्ति हुनु ............. दरबारको बगैँचामा मृग आउनु .............. राजालाई मृगको मासु खान मन लाग्नु ................ मृग मार्न दरबारको कुकुर ल्याउनु ................ कुकुरले धेरै लखेटे पनि मृग मार्न नसक्नु....... मृग दरबारको घेरा तोडी भाग्नु ................ बाहिर बसेको भुस्याहा कुकरले मृग देख्नु र खेदेर मार्नु ......... आफूले धेरै खर्च गरेको कुकुरले मृग नमारेको तर भुस्याहा कुकुरले मृग मारेको प्रति राजाले मन्त्रीसँग कारण सोध्नु ................ दरवारको कुकुर अरूको भोकका लागि दौडेको तर भुस्याहा कुकुर आफ्नो भोकका लागि काम गरेकाले मार्न सकेको जवाफ दिनु ....... कुनै काममा सफलता पाउन आफैँ उत्प्रेरित हुनु पर्ने सन्देश ।

## सफलताको कारण

कुनै एउटा देशमा राजाको दरवार थियो । उनीहरू राजदरवारमा आनन्दको जीवन बिताउँथे । एकदिन दरबारमा राम्रो कुकुरको खोजी गरियो । अनेक ठाउँहरूबाट राम्रा कुकुरहरूको छनोट सुरु गरियो । अन्त्यमा एउटा कुकुरलाई सबैभन्दा राम्रो मानेर दरबारमा भित्र्याइयो ।

दरबारभित्र नयाँ र राम्रो कुकुरका लागि खान बस्नका लागि कुनै कमी थिएन । त्यहाँ हेरचाहका लागि एउटा सुसारे र तालिम दिने व्यक्ति पनि नियुक्त गरियो । कुकुरलाई राम्रो हेरचाहका साथ पाल्न थालियो ।

एकदिन राजालाई मृगको मासु खान मन लाग्यो । त्यसैबेला दरबारभित्रको बगैँचामा एउटा मृग चर्दै आइपुग्यो । मौका छोपी दरबारभित्र पालेको कुकुरलाई मृग मार्नका लागि छाडियो । तर त्यसमा कुकुरले जति लखेटे पनि मृग मार्न सकेन बरू मृग दरबारको घेरा तोडी बाहिर उम्कियो । बाहिर बसेको भुस्याहा कुकुरले त्यस मृगलाई देखी लखेट्न थाल्यो । लखेट्दा लखेट्दै आखिरमा भुस्याहा कुकुरले मृगलाई मार्न सफल भयो ।

यस्तो घटना देखेर राजा छक्क पर्दै मन्त्रीसँग त्यसको कारण सोधे । त्यति राम्रो मानिएको र तालिम पाएको कुकुरले किन मार्न नसकेको र भुस्याहाले किन सकेको भन्ने प्रश्नको जवाफ मन्त्रीले सजिलै गरी दिए । उनले दरबारभित्रको कुकुरले अरूको भोकका लागि काम गर्नु परेको तर भुस्याहा कुकुरले आफ्नो भोकका लागि मार्न सफल भएको कुरा बताए ।

यसरी अर्काको भोक र आफ्नो भोक जस्तै अरूका लागि गरिएको काम र आफैँभित्रबाट उत्प्रेरित भई गरिएको काममा फरक हुने हुँदा आफ्नै उत्प्रेरणाले मात्र सफल भइन्छ भन्ने

सन्देश यस कथाले दिएको छ ।

## नमुना – २

एक जोडी बाँदर बाँदर्नी बाटो छेउको रूखमा बसिरहनु .......... बाटामा धेरै मानिसको भीड देख्नु ......... बाँदर्नीले त्यसको कारण सोध्नु ......... मानिसहरू मकर मेलामा जान लागेको थाहा हुनु ......... मकर मेलामा घाम छँदै नुहाएमा चिताएको पुग्ने कुरा थाहा पाउनु ........... बाँदर बाँदर्नी पनि त्यहाँ जानु ............. कसले पहिले नुहाउने बारे बाँदर बाँदर्नीबिच विवाद हुनु ............ नदीमा नुहाउँदा बाँदर्नी राम्री युवती हुनु ......... बाँदर छक्क पर्नु ........ घाम अस्ताउनु ........... बाँदरले पनि नुहाउनु ........... घाम अस्ताइसकेकाले बाँदरको रूप नफेरिनु ............. बाँदरबाँदर्नी अन्योलमा पर्नु ........ बाँदर्नीप्रति धेरैको आँखा पर्नु ............ अन्त्यमा राजासँग बाँदर्नीको बिहे हुनु ............ बाँदर मानिससँग रिसाइ विद्रोही हुनु ............... त्यसपछि मानिसलाई बाँदरले झम्टनु ........ समयमा काम गर्न नसक्दा पछुताउनुपर्ने सन्देश ।

## सुन्दरी

एकादेशमा बाटोको छेउमा एउटा ठुलो रूख थियो । त्यस रूखमा बाँदरहरू बस्ने गर्थे । एकदिन एकजोडी बाँदरबाँदर्नी बाटाको छेउमा रहेको रूखमा बसिरहेका थिए । तिनीहरूले धेरै मानिसहरू भेला हुँदै एकैतर्फ गइरहेको देखेछन् । बाटामा यसरी मानिसहरूको हुल देखेर बाँदर्नीका मनमा खुलदुली जागेछ । बाँदर्नीलाई उनीहरू मकर मेलामा जान लागेको कुरा थाहा भएछ । साथै मकर मेलामा घाम छँदै नुहाउँदा मनले चिताएको पुग्छ भन्ने कुरा पनि थाहा पाएछन् । त्यसपछि दुवै बाँदर बाँदर्नीलाई मकर मेलामा नुहाउन मन लागेछ । दुवै नदी किनारमा उभिएर कसले पहिले नुहाउने भन्ने विषयमा छलफल हुँदाहुँदा आपसमा विवाद भएछ । लामो विवादपछि बाँदर्नीलाई पहिले नुहाउने अवसर मिलेछ र बाँदर्नीले नुहाइछे । नुहाउँदा नुहाउँदै बाँदर्नी त राम्री युवती बन्न पुगिछे । बाँदर छक्क पर्दै नुहाउन पसेछ तर घाम अस्ताइ सकेकाले उसले नुहाउँदा केही पनि भएनछ । ऊ बाँदरकै रूपमा रह्यो । युवती बनेकी बाँदर्नीलाई धेरैले आँखा लगाएछन् । पछि उसको सुन्दरता देखेर राजाले बिहे गरेछन् ।

यसरी आफ्नै आँखा अगाडि श्रीमती बाँदर्नीलाई मानिसको राजाले बिहे गरेकाले बाँदरलाई मान्छेदेखि रिस उठ्न थालेको रहेछ । अतः समयमा काम नगर्दा बाँदरले जीवनभर पछुताउनु परेको सम्झेर समयको सदुपयोग गर्नु राम्रो मानिन्छ ।

## अभ्यास

१. **दिइएको बुँदाको आधारमा एउटा कथा तयार पारी उपयुक्त शीर्षक दिनुहोस् :**

नदी किनारको जङ्गलमा बाँदर र नदीमा गोही बस्नु ............ गोहीलाई बाँदरको सिकार गर्न मन लाग्नु ............... जङगलमा मात्र नबसी नदी हुँदै सामुद्रिक यात्रामा लैजाने गोहीले प्रस्ताव राख्नु ............ बाँदर रूखबाट ओर्ली गोहीको ढाडमा बस्नु ........... बाटोमा आफूले बाँदरलाई सिकार बनाउन ल्याएको रहस्य खोल्नु .............बाँदरले आफ्नो शरीरको सबभन्दा मीठो भाग मुटु रहेको र सो आफूले रूखमै छाडेको बताउनु ............ गोहीले सो ल्याउन आग्रह गर्नु ................ बाँदर रूखमा चढी बाँच्नु, बुद्धिले काम लिनुपर्ने सन्देश ।

२. **दिइएको बुँदाका आधारमा एउटा कथा तयार पारी उपयुक्त शीर्षक दिनुहोस् :**

कुनै भीरका छेउमा ढुङ्गो र माटो मिलेर बसेका ................. ढुङ्गो र माटोलाई एक अर्काको सहारा मिलेको ........ एक रात ठुलो पानी परेको ........... माटोले ढुङ्गालाई समातेको र ढुङ्गाले माटालाई थिचेको ........... दुवै जोगिन सफल भएका ........... केही समयपछि दुवैमा तँभन्दा म ठुलो भन्ने घमण्ड चढेको .......... एकले अर्कालाई दिएको सल्लाह मान्न छाडेका .............. एक दिन घनघोर वर्षा भएको ........ माटालाई पानीले बगाएको ............ ढुङ्गो पल्टेर फुटेको ........... आखिर दुवैको विनाश भएको......... घमण्डले नाश गर्ने र एकतामै बल हुने सन्देश ।

३. **दिइएका बुँदाको आधारमा एउटा कथा तयार पारी उपयुक्त शीर्षक दिनुहोस् :**

बादशाह अकबरका राज्यमा वीरबल नामक बुद्धिमान मन्त्री हुनु ............. कुनै धनी मानिसको बहुमूल्य हीराको हार चोरी हुनु ......... धनी मानिसले वीरबलकहाँ गएर चोरी पत्ता लगाइदिन आग्रह गर्नु .......... वीरबलले महाजनलाई आफ्ना नोकरहरूलाई लिएर आउन अह्राउनु .......... धनी मानिस भोलिपल्ट आफ्नो नोकरहरूका साथ उपस्थित हुनु ................. वीरबलले सबै नोकरलाई एकएक ओटा लट्ठी दिनु र भन्नु ''जसले हार चोरेको छ, मन्त्रका बलले उसको लट्ठी एक अङ्गुल लामो हुने छ, भोलि सबै मकहाँ उपस्थित हुनु'' ....... घर गएर हार चोर्ने नोकरले वीरबलले दिइएको लट्ठी एक अङ्गुल छोटो पार्नु ............ भोलिपल्ट सभामा छोटो लट्ठीवाला नोकर पक्राउ पर्नु ...... जुक्तिबुद्धि पुऱ्याउन सके जस्तोसुकै कार्य पनि सहज रूपमा सम्पादन गर्न सकिन्छ भन्ने सन्देश ।

४. **दिइएका बुँदाको आधारमा एउटा कथा तयार पारी उपयुक्त शीर्षक दिनुहोस् :**

एकादेशमा एउटा क्रुर शासक हुनु ............. काम गर्दा नोकरबाट एउटा गमला फुट्नु ....... गमला ऐतिहासिक महत्त्वका पच्चीसमध्ये एक हुनु ............. शासकलाई झोक चल्नु ......... मृत्युदण्डको घोषणा गर्नु ............ समाजको बूढो व्यक्तिले त्यो खबर सुन्नु ........... बूढोले उस्तै गरी जोड्न सक्ने घोषणा गर्नु ......... शासकले बूढालाई दरबारमा झिकाउनु ............. गमला जोड्न निर्देशन दिनु .............. बूढाले सबै गमला फुटाइदिनु ........... त्यसरी फुटाउनुका कारण सोधिनु ............ २५ जना निर्दोष व्यक्ति मारिन सक्ने हुँदा आफू मरेर तिनलाई बचाउन चाहेको बूढाले जानकारी दिनु ................... शासकले मानवजीवनको मूल्य बुझ्नु ......... बूढो व्यक्तिलाई सम्मानित गर्नु ............. आवेशमा कुनै निर्णय गर्न नहुने सन्देश ।

५. **दिइएका बुँदाका आधारमा छोटो कथा तयार पारी उपयुक्त शीर्षक दिनुहोस् :**

एउटा जङ्गलमा हात्ती र बाँदर सँगै मिलेर बस्नु र सँगै खानेकुरा खोज्नु ........ एकदिन "को ठुलो" भन्ने विषयमा झगडा पर्नु ............. लाटोकोसेरोलाई झगडा छिनिदिन अनुरोध गर्नु ........ लाटोकोसेराले दुवैलाई खोलापारिबाट नरिवल टिपेर ल्याउन लगाउनु.......... खोला तर्दा बाँदर हात्तीको पिठिउँमा चढ्नु ............ खोलो तर्नु ............ नरिवलको रूख ज्यादै अग्लो हुनु ......... हात्तीले बाँदरलाई नरिवल टिपेर ल्याउन अह्राउनु .......... बाँदरलाई नरिवल बोक्न अप्ठेरो हुनु ............. हात्तीले मुखमा च्याप्नु ........... लाटोकोसेरोले नरिवल कसरी ल्यायौ भनी सोध्नु ........... दुवैले समान कार्य गरेकाले दुवै आआफ्नो काममा ठूला छौ भनी लाटोकोसेराले बताउनु .......... पहिले जस्तै मिली जङ्गलमा बस्न थाल्नु ।

एकाइ ५

# वादविवाद लेखन

## १. वादविवादको परिचय

कुनै पनि विषय वा शीर्षकमा केन्द्रित भई पक्ष वा विपक्षमा तर्क, प्रमाण, उदाहरण आदि दिई गरिने बहस वा छलफललाई वादविवाद भनिन्छ । यसमा कुनै पनि विषय वा शीर्षकका पक्ष र विपक्ष दुवै हुन्छन् । वादविवादमा दुई वा दुईभन्दा बढी व्यक्तिले आ–आफ्नो पक्षतर्फको कुराको समर्थन र विपक्षतर्फका कुराको खण्डन गरी तर्कपूर्ण अभिव्यक्ति प्रस्तुत गरिन्छ । यसबाट तर्कशक्ति बढ्नाका साथै आफ्ना विचारहरू निश्चित समयमा प्रभावकारी ढङ्गले प्रस्तुत गर्ने सीपको विकास हुन्छ । यो खासगरी मौखिक अभिव्यक्ति नै हो । तापनि विद्यार्थीहरूलाई मौखिक अभिव्यक्तिकै ढाँचामा वादविवादको अभ्यास पनि गराइन्छ ।

## २. वादविवादको संरचना

१. शीर्षक

२. संबोधन : सभाध्यक्ष, प्रमुख अतिथि, निर्णायक मण्डल, गुरुवर्ग र साथीहरू

३. आदि भाग – विषय वा शीर्षकको पक्ष वा विपक्षको जानकारी दिई विषय प्रवेश
   - विषय वा शीर्षकको महत्त्वका बारेमा आफ्नो संक्षिप्त धारणाको स्थापना
   - जनाउ घण्टीको सङ्केत

४. मध्य भाग – विपक्षीका मतहरूको शिष्ट भाषामा क्रमशः खण्डन
   - आफ्नो मतको स्थापना
   - हाउभाउपूर्ण ढङ्गले विभिन्न उदाहरण र तर्कहरूको प्रयोग गर्दै आफ्नो धारणाको तर्कपूर्ण प्रस्तुति

५. अन्त्य भाग – आफ्नो विषयमा उपयुक्त निष्कर्षसहित समापन
   - अन्तिम घण्टीको सङ्केत

## ३. वादविवाद लेख्ने तरिका

(क) सर्वप्रथम विशिष्ट व्यक्तिहरूलाई सम्बोधन गर्नुपर्छ ।

(ख) सम्बोधनपछि आफू पक्ष वा विपक्ष केमा बोल्ने हो, सो स्पष्ट पार्नुपर्छ ।

(ग) त्यसपछि रोचक भाषामा तर्कपूर्ण शैलीले विषयवस्तुप्रति आफ्ना भनाइहरू प्रस्तुत गर्नुपर्दछ ।

(घ) उदाहरणका रूपमा प्रस्तुत गरिने तर्क वा भनाइहरू आधिकारिक वा प्रामाणिक हुनुपर्दछ ।

(ङ) विपक्षका तर्कहरू खण्डन गर्दा व्यक्तिगत आक्षेप नलगाई ज्यादै शिष्ट भाषामा प्रसङ्ग, उदाहरण वा प्रमाण दिनुपर्छ ।

(च) वक्ताले प्रयोग गर्ने हाउभाउ र समयको सङ्केत कोष्ठकमा गर्नुपर्छ ।

(छ) अन्त्यमा आफ्नो पक्ष वा विपक्षका कुराको जोडदार तर्कपूर्ण समर्थन गर्नुपर्दछ र धन्यवादसहित आफ्नो अभिव्यक्ति टुङ्ग्याउनुपर्छ ।

## ४. वादविवाद लेखनका केही नमुनाहरू

### नमुना – १

विपक्षी तर्कहरूको खण्डन गर्दै ''छोरीलाई पैतृक सम्पत्तिभन्दा शिक्षा दिनुपर्छ'' भन्ने विषयका पक्षमा आफ्ना गहकिला तर्क प्रस्तुत गर्नुहोस्:

श्रीमान् सभाध्यक्ष महोदय,

निर्णायक मण्डल

गुरुवर्ग तथा

सहयोगी एवम् मेरा सम्पूर्ण साथीहरू !

आज म 'छोरीलाई दाइजो होइन शिक्षा' भन्ने विषयमा पक्ष अर्थात् शिक्षाका तर्फबाट आफ्ना भनाइहरू राख्न गइरहेको छु । तपाईँ हामीलाई थाहा छ आजको समयमा यदि कसैलाई पनि शिक्षाबाट बञ्चित गरियो भने ऊ आँखा भएर पनि अन्धो हुन सक्छ । शिक्षाबाट प्राप्त हुने ज्ञानलाई जतिसुकै सम्पत्ति खर्च गरे पनि किन्न सकिँदैन । समाजमा छोरीलाई दाइजो दिएर पन्छाउन खोज्नुभन्दा शिक्षा दिनाले नै उनीहरूमाथि सम्मान गरेको ठहर्छ ।

एउटा परिवार सुखी र सम्पन्न बनाउन नारीको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । वास्तवमा भन्ने हो भने एउटा पुरुष शिक्षित भयो भने ऊ मात्र शिक्षित हुन्छ तर एउटी नारी शिक्षित भइन् भने उनको परिवार शिक्षित बन्न पुग्छ । यसबाट पनि पुष्टि हुन्छ कि परिवार सुखी बनाउने कुरामा पनि छोरीलाई दाइजोको भन्दा शिक्षाको जरुरत पर्दछ । छोरीले असल शिक्षा समयमै पाइन् भने उनले दाइजोबाट कमाउने सम्पत्ति क्षणभरमै कमाउन सक्छिन् । आफूसँग शिक्षाबाट प्राप्त हुने क्षमता भए कहिल्यै दुःख पाउनु पर्दैन । त्यसकारण शिक्षाले हरेक व्यक्तिलाई शिक्षित मात्र बनाउँदैन, सक्षम र योग्य नागरिक पनि बनाउँछ । सम्पत्ति

नाशवान् बस्तु हो । यो आज छ भोलि छैन । छोरीलाई सम्पत्ति दिनु भनेको उसलाई निस्क्रिय पार्नु हो । सम्पत्तिले ओछ्यान किन्न पाइएला तर निन्द्रा किन्न पाइँदैन । हामीले देखेका छौँ जब मानिस पैसा कमाउने चक्करमा पर्छ, उसले नैतिकता, मर्यादा र आफन्तहरूसमेत बिर्सिन्छ । ऊ सम्पत्तिले अन्धो बन्छ अनि त्यहाँ घमण्डको बीजारोपण हुन्छ । त्यसैले यस्तो भविष्य उज्ज्वल बन्न सक्ला ? अवश्य पनि सक्दैन ।

(जनाउ घण्टी बज्छ)

सभाध्यक्ष महोदय, हामीले देख्दै आएका छौँ, हाम्रो समाजमा दाइजोकै कारण कतिपय परिवारमा सङ्कट आएको छ । दाइजोकै कारण गरिब परिवारमा छोरीको जन्म हुँदा दुःख मनाउ गर्नुपर्ने अवस्थाको सिर्जना भएको छ । अर्को कुरा माइतीलाई नङ्ग्याएर कोही पनि चेली दाइजोका साथ खुसी रहन सक्दिन । त्यसको सट्टा यदि ऊसँग शिक्षा छ भने त्यसमा कसैले पनि आँखा लगाउन सक्दैन । त्यसकारण आजको युगमा छोरीलाई अंशभन्दा शिक्षा दिनु नै वेश हुन्छ भन्दै आफ्ना भनाइहरू यहीँ अन्त्य गर्न चाहन्छु ।

धन्यवाद !

(अन्तिम घण्टी बज्छ)

## नमुना - २

विपक्षीका मतहरूको खण्डन गर्दैन ''धनभन्दा स्वास्थ्य ठुलो हुन्छ'' भन्ने विषयका पक्षमा आफ्ना गहकिला तर्कहरू प्रस्तुत गर्नुहोस् ।

श्रीमान् सभाध्यक्ष ज्यू,

आदरणीय निर्णायकवर्ग, श्रद्धेय गुरुजन सहभागी एवम् सम्पूर्ण साथीहरू ।

आजको 'धनभन्दा स्वास्थ्य ठुलो' भन्ने विषयको वादविवाद प्रतियोगितामा म पक्षमा बोल्न लागेको छु ।

वास्तवमा धन र स्वास्थ्य अलग–अलग कुरा हुन् । यी दुईका बिचमा अन्योन्याश्रित सम्बन्ध भए पनि मेरो विचारमा धनभन्दा स्वास्थ्य नै ठुलो हुन्छ । मानव जीवनमा धन सधैँ आइरहने र गइरहने वस्तु हो भने स्वास्थ्य धनभन्दा महान् कुरा हो । स्वास्थ्य मानव जीवनको अमूल्य सम्पत्ति हो । मानिसको स्वास्थ्य राम्रो भएको खण्डमा नै उसका काम गर्ने पाखुरा बलिया हुन्छन् । मस्तिष्कले सोच्न, खुट्टाले हिँड्न र आफूले चाहेको ठाउँमा पुग्न सकिन्छ । भौतिक वस्तुका रूपमा रहेको धन हराएर, आगो लागेर वा खर्च गरेर सकिन्छ । धनले मानिसलाई घमण्डी, अहङ्कारी बनाउँछ । त्यसकारण स्वास्थ्यलाई बेवास्ता गरेर धनको सञ्चयमा एक कप चिया पनि नपिई दौडिनेहरू आखिरमा कुनै कुराको उपयोग नगरी खराब स्वास्थ्यका कारण असमयमै संसार छोड्न बाध्य हुन्छन् । स्वस्थ मानिस दीर्घजीवि, तन्दुरुस्त, उच्च आत्मबल भएको हुन्छ र उसले जुन काम पनि सहजै सम्पन्न गर्न सक्षम हुन्छ । त्यसैले मेरो विचारमा धनभन्दा स्वास्थ्य नै ठुलो हुन्छ ।

मेरा पूर्ववक्ता साथीले केही उदाहरण दिएर स्वास्थ्यभन्दा धन नै ठुलो हुन्छ भन्नुभयो । म उहाँलाई प्रश्न गर्छु मानिसको स्वास्थ्य ठीक छैन भने उसले कसरी धन कमाउन सक्छ ? तर स्वास्थ्य ठीक भएको खण्डमा मानिसले सजिलै धन कमाएका उदाहरण प्रशस्त छन् ।

(जनाउ घण्टी बज्छ)

जीवनमा स्वस्थ रहन सकियो भने धन भन्ने कुरो जति पनि कमाउन सकिन्छ । जीवनमा स्वस्थ रहन सकिएन भने मानिससँग जतिसुकै धन सम्पत्ति भए पनि काम लाग्दैन । स्वास्थ्यको ख्याल नगरी धनको पछि दौडिँदा मानिसले चाहेको कुरा खान पाउँदैन र चाहेको जस्तो जीवन जीउन पनि सक्दैन । अस्वस्थताका कारण मान्छेको जीवन बेकम्मा बन्छ । अतः मेरा विचारमा धनभन्दा स्वास्थ्य नै ठुलो हुन्छ भन्दै मेरो भनाइ यहीँ पूरा गर्न चाहन्छु । धन्यवाद !

(अन्तिम घण्टी बज्छ)



## अभ्यास

१. **तलका शीर्षक पक्ष विपक्ष दुवैबाट एक एक ओटा वादविवाद रचना गर्नुहोस् :**

(क) धनभन्दा विद्या ठुलो

(ख) सम्पत्तिभन्दा नैतिकता बलवान्

(ग) मानिसभन्दा प्रकृति बलियो हुन्छ

(घ) बलभन्दा बुद्धि ठुलो

(ङ) भौतिक जीवनभन्दा आध्यात्मिक सुख उत्तम

(च) सहरिया जीवनभन्दा गाउँले जीवन वेश

(छ) भाग्यभन्दा परिश्रम ठुलो

(ज) विज्ञान अभिशाप होइन, वरदान हो

(झ) कलमभन्दा तरबार बलियो

(ञ) समाजमा बाबुको भन्दा गुरुको महत्त्व ठुलो छ

एकाइ ६

# संवाद लेखन

## १. संवादको परिचय

कुनै खास समयमा कुनै विषयका बारेमा दुई वा दुईभन्दा बढी व्यक्तिहरूले गर्ने कुराकानीलाई संवाद भनिन्छ । संवादलाई कुराकानी, वार्तालाप, वातचित र कथोपकथन पनि भनिन्छ । संवादमा निश्चित विषयमा केन्द्रित भई निष्कर्षमा पुग्नका लागि दुई वा दुईभन्दा बढी पात्रहरूको बिचमा तर्क–वितर्क, खण्डन मण्डन र विचार विमर्श हुन्छन् । संवादमा पात्रहरूमध्ये केही विषयका बारेमा अनभिज्ञ रहेका हुन्छन् भने केही विषयका ज्ञाता हुन्छन् । यसमा एक किसिमको द्वन्द्वात्मक अवस्था सिर्जना हुन्छ । अन्त्यमा सहमतिको वातावरण तयार हुन्छ र संवाद टुङ्गिन्छ ।

## २. संवाद लेख्ने तरिका

(क) दिइएको विषयवस्तुलाई राम्ररी चिन्तन मनन गरी पात्रद्वारा व्यक्त गरिने आवश्यक बुँदाहरू टिप्नुपर्छ ।

(ख) दुई वा दुईभन्दा बढी पात्रहरूको सिर्जना गरी तिनीहरूले बोल्ने बुँदाहरूको वितरण गर्नुपर्छ ।

(ग) संवादको सुरुमा स्थान र पात्रहरूको परिचयलाई कोष्ठकभित्र दिनुपर्छ ।

(घ) पात्रहरूको माध्यमबाट विषयवस्तु प्रवेश गराई क्रमशः विकास र उत्कर्षमा पुऱ्याएर समन्वयतर्फ लैजानुपर्छ ।

(ङ) संवाद लेख्दै जाँदा कुनै पात्रको हाउभाउ, क्रियाकलाप आदिलाई जनाउनु पर्ने देखिएमा त्यस्ता कुराहरूलाई कोष्ठकभित्र लेखी जनाउनुपर्छ ।

(च) लामा–लामा वार्तालाप वा अनुच्छेद प्रयोग गर्नु राम्रो हुँदैन ।

(छ) अन्त्यमा कुनै खास निष्कर्ष वा समाधान झल्कने गरी संवाद लेखनलाई टुङ्ग्याउनु पर्छ ।

## ३. संवाद लेखनका नमुनाहरू

### नमुना – १

**'पत्रपत्रिकाको महत्त्व' शीर्षकमा एउटा संवाद तयार पार्नुहोस् :**

**(एउटै कक्षामा पढ्ने रमा र सुनिता बाटामा अचानक भेट हुन्छन्)**

रमा : ए सुनिता ! कतातिर जान लागेको हँ ?

सुनिता : अहो रमा ! यसो पत्रपत्रिका पनि हेरुँ, साँझको हावा पनि खाऊँ भनेर निस्केकी नि ।

रमा : पत्रपत्रिका पढ्ने कुरा छोडिदेउ, गोपालसँग गएर नेपाली भाषा र व्याकरणका बारेमा छलफल गरौँ । छलफल गरी पढ्दा छिट्टै बुझिन्छ र सम्झिन्छ पनि ।

सुनिता : आफूलाई दिनको एकपटक पत्रपत्रिका पढ्न पाइएन भने चैन नै हुँदैन । बरु तिमी पनि हिँड । पत्रपत्रिका पढ्ने बानी बसाल्न, यसैबाट सबैलाई फाइदा हुन्छ ।

रमा : हेर सुनिता ! यो पत्रपत्रिका भनेको नचाहिँदा कुराहरू छापेर सर्वसाधारण जनतालाई झुक्याउने खेल मात्र हो । यसमा त झन् नभएका कुरा छापिएका हुन्छन् । यो त काम नभएका व्यक्तिहरूले पढ्ने चिज हो । समय बिताउने साधन मात्र हो ।

सुनिता : रमा तिमी त ठुलो भ्रममा रहिछौ । तिमीलाई थाहा रहेनछ । पत्रपत्रिका भनेको ज्ञान विज्ञानको भण्डार हो । यसबाट धेरै कुरा सिकिन्छ । आज यो पढाइको एक अङ्ग भइसकेको छ । यसबाट कल्पना शक्ति र लेखनकलाको विकास हुन्छ ।

रमा : यसबाट पढाइलाई कसरी फाइदा हुन्छ र ? परीक्षामा पत्रपत्रिकाबाट प्रश्न सोधिदैनन् ।

सुनिता : रमा, खै तिमीले अरू कुरो बुझिनौ । आजको युग भनेको ज्ञान र विज्ञानको युग हो, प्रतिस्पर्धाको युग हो, अब त हामीले किताबी किरो मात्र भएर पुग्दैन । बाहिरी संसारको गतिविधि जान्न पनि पत्रपत्रिकाको सहायता लिनैपर्छ ।

रमा : सुनिता, त्यसो भए पत्रपत्रिकाबाट हाम्रो पाठ्यसामग्रीलाई सहायता लिनैपर्छ ।

सुनिता : अवश्य पर्छ । हामीले कतिपय विषयका जानकारीहरू सन्दर्भ सामग्रीका रूपमा पत्रपत्रिकाबाट थाहा पाउँछौ । अहिले त पत्रपत्रिका अध्ययन नगर्ने मानिस लाटो हुन्छ । त्यसैले बेलैमा तिमी पनि विचार गर ।

रमा : तिमीले मेरो आँखा बल्ल खोल्यौ । मैले आज पत्रपत्रिकाको महत्त्वबारे धेरै ठुलो कुरा सिकेँ । अब त म पनि नियमित पत्रपत्रिका पढ्ने बानी बसाल्छु ।

सुनिता : लौ हिँड । जे होस् अब त तिमी पनि ठीक ठाउँमा आयौ । जाऔँ अब पत्रिका पढ्नलाई ।

रमा : ल हिँड त ।

### नमुना २

**'लागुपदार्थ दुर्व्यसन र यसको रोकथाम' विषयमा एउटा संवाद तयार पार्नुहोस् :**

स्थान : नयाँ बजार, काठमाडौँ

समय : बेलुका– ५ बजे

पात्रहरू : राम, हरि, दावा, पेम्बा

(हरि, दावा र पेम्बा विद्यालयको पर्खालपछाडि लुकेर चुरोट खाँदै थिए । राम त्यहाँ आइपुग्छ ।)

राम : ए, तिमीहरू पो ? यहाँ लुकी–लुकी कुन महान् काम गर्दै छौ हँ ?

हरि : (हप्काएको सानो स्वरमा) चुप लाग् चुप ! धेरै कराइस् भने अरूले थाहा पाउलान् ।

दावा : हैन के हेरिरहेको ? (रामतिर सङ्केत गर्दै) तँ चाहिँ नलिने ?

राम : क्या हो ? यहाँ त चुरोटको गन्ध आउँछ नि ।

पेम्बा : (चिम्म गर्दै) पल्किन्छस्, जिन्दगीको आनन्द आउँछ यार ।

राम : अँ, पढ्ने बेलामा त्यस्तै कुकर्म गरेर बस अनि आउँछ नि जिन्दगीको स्वाद । साँच्ची तिमीहरूलाई यस्तै गरेर सधैँ पुग्ला जस्तो लाग्छ ?

दावा : छोड् न यस्तो कुरो ।

राम : आमा बुबाको पैसा यसरी उडाउन लाज लाग्दैन तिमीहरूलाई ?

हरि : यसबाट हानी पो के छ र ? जताततै सुखैसुख ।

राम : हेर हरि । यसबाट तिम्रो पैसा मात्र होइन समय पनि बर्वाद भइरहेको छ, के यो हानी होइन ?

पेम्बा : हेर, फेरि थाल्यो अर्ती दिन ।

राम : यो अर्ती होइन पेम्बा, यस्तो लागुपदार्थले त तिमीहरूलाई दीर्घरोगी बनाउँछ । गुरुले थाहा पाए स्कुलबाट निकालिदिनुहुन्छ । समाजमा इज्जतसमेत गुम्छ ।

हरि : हो र ? त्यसो भए यसले (पेम्बातिर सङ्केत गर्दै) ल मलाई बिगारी छाड्ने भो ।

पेम्बा : (डराउँदै), अँ, मैले हो र ! तँ आफै पनि कम्तीको छस् ।

राम : भो, तिमीहरू झगडा नगर, बरु यस्तो हानिकारक कुलत छाडेर आफ्नो भविष्य सोच र काम गर ।

पेम्बा : ओहो राम ! तैँले त हामीलाई समयमै बचाइस् यार । नत्र त यसले (चुरोट देखाएर) हामीलाई बर्वाद नै गर्ने रहेछ । तिमीलाई धन्यवाद !

राम : आजदेखि यो गल्ती नदोहोऱ्याउनू । ल म पनि गएँ । (सबैजना आ–आफ्नो बाटो लाग्छन् ।)



## अभ्यास

१. 'पर्यटनको महत्त्व' शीर्षकमा एउटा संवाद तयार पार्नुहोस् ।
२. 'बालअधिकार' विषयमा एउटा संवाद तयार पार्नुहोस् ।
३. 'खेलकुदको महत्त्व' भन्ने विषयमा एउटा संवाद तयार पार्नुहोस् ।
४. 'पुस्तकालयको महत्त्व' शीर्षकमा एउटा संवाद लेख्नुहोस् ।
५. 'अनुशासनको महत्त्व' शीर्षकमा एउटा संवाद लेख्नुहोस् ।

एकाइ

८

# मनोवाद लेखन

## १. मनोवादको परिचय

मनोवाद भनेको आफैसँग गरिएको कुराकानी हो । यसलाई एकालाप वा स्वगत कथन पनि भनिन्छ । कुनै पनि व्यक्तिले कुनै विशिष्ट घटना वा विषयका बारेमा मनमनै कल्पेका, सोचेका वा आफूले आफैँसँग कुरा गरेको जस्तो गरी प्रस्तुत गरिएको रचनालाई मनोवाद भनिन्छ । यो अभिव्यक्ति लेख्दा निर्धारित शीर्षकबारे चिन्तन मनन गरी मनका कुरा पोख्नुपर्छ । यस्तो कुराकानी मनमनै गरिने भएकोले दोस्रो व्यक्तिले सुन्न सक्तैन तर कहिलेकाहीँ मनोवाद कर्ताले अरूको वास्ता नगरी एक्लै गुनगुन गरिरहेको देख्न पनि सकिन्छ । यसबेला मनोवादकर्तालाई आफू कुन अवस्थामा कसरी प्रस्तुत भइरहेको छु भन्ने पत्तै हुँदैन । यस किसिमको लेखन गर्ने बानीले विशृङ्खलित सोचाइलाई सङ्गठित गर्ने तथा आफ्ना अनुभव र अनुभूतिलाई अभिनयात्मक रूपमा प्रस्तुत गर्नसक्ने क्षमताको विकास हुन्छ ।

## २. मनोवाद लेख्ने तरिका

(क) कुन विषयमा मनोवाद लेख्ने हो त्यसको विषय वा शीर्षक उल्लेख गर्नुपर्दछ ।

(ख) शीर्षकको मुनि बायाँपट्टि स्थान, समय र पात्रहरू उल्लेख गर्नुपर्छ ।

(ग) मनोवाद लेखन एकै अनुच्छेदमा पूरा गर्नुपर्छ ।

(घ) मनोवादको लेखाइमा प्रथम पुरुष 'म' को कथन ढाँचाको प्रयोग गर्नुपर्छ ।

(ङ) एक्लो 'म' पात्रको कुरा गराइको लामो गन्थन रुचिकर नहुने हुनाले बिचबिचमा 'म' पात्रको मनोभावको उतार चढावको भाव झल्काउने खालका हाउभाउ, क्रियाकलाप आदिलाई कोष्ठकभित्र लेखेर जनाउनुपर्छ ।

(च) आफैँ प्रश्न गर्ने र तार्किक उत्तर दिने खालको शैली अँगाल्याउँदा मनोवाद प्रभावकारी हुन्छ ।

(छ) जुन विषय वा शीर्षकमा मनोगत खुल्दुलीको क्रमलाई एउटा रोचक टुङ्गोमा पुऱ्याई मनोवाद लेखन पूरा गर्नुपर्छ ।

## ३. मनोवाद लेखनका नमुनाहरू

**नमुना – १**

**आफू जन्मेको ठाउँ छोडेर अन्यत्र पढ्न जाँदा आफ्ना मनमा उठेका भाव समेटी मनोवाद लेख्नुहोस् :**

### नौलो ठाउँमा गएर पढ्दाको पीडा

स्थान : सुत्ने कोठा

समय : रातको ९ : ०० बजे

पात्र : श्याम

मिति : २०७६/०१/०७

(श्याम मध्यम वर्गीय किसानको छोरो हो । ऊ आफ्नो सुत्ने कोठाको खाटमा बसिरहेको छ । बत्तीको प्रकाशमा कोठा उज्यालो देखिन्छ । कोठामा लुगा, किताव, व्यागहरू, टेवल आदि उचित तरिकाले मिलाएको छ । ऊ गाउँको स्कुलबाट एस.ई.ई पास गरेर +२ अध्ययनको लागि नेपालगञ्ज पुगेको छ । नयाँ कलेज, अपरिचित साथीहरू र प्रदूषित सहरी वातावरणमा उसलाई घुलमिल हुन गाह्रो परेको छ । सहरमा बसेर पढ्दाका अनुभवहरू सम्झँदै विभिन्न कुरा मनमा खेलाइरहेको छ ।)

छि ! कस्तो ठाउँमा गएर पनि पढ्नुपर्ने मलाई त यो ठाउँ पटक्कै मन परेन । न स्वच्छ वातावरण, न स्वास्थ्यलाई अनुकूल हुने किसिमको हावापानी न त ताजा तरकारी र फलफूल खान पाइने । घरको जस्तो सबै ताजा र शुद्ध खानेकुरा भेट्न त सपना नै हुने भयो । गर्मी पनि कति हुन सकेको हो ? (उठेर पङ्खा खोल्छ) गाउँमा एउटा उच्च माध्यमिक विद्यालय भइदिएको भए यहाँ आएर यस्तो हण्डर खानुपर्ने नै थिएन होला नि । चिसो पानी, स्वच्छ हावा, ताजा मीठा फलफूल खान पाइने, मान्छे पनि सबै चिनेका, यहाँ त कोही चिनेको पनि छैन । आपत्–विपत्मा सर–सहयोग पनि नपाइने । घरमा आमा बाबुले एक्लो छोरो भनेर कति माया गर्नुहुन्थ्यो मलाई । छि ! म त यहाँ पढ्दिन बरु घरै फर्किन्छु । अब पैसा सिद्धिने बेला भयो । सकियो भने कोहीसँग सापट गरेर काम चलाउनु है भनेर बाबाले भन्नुहुन्थ्यो । यहाँ कसलाई चिनेको छ र सापट माग्नु । मैले सुन्न त सुनेको थिएँ सहरका मान्छे स्वार्थी हुन्छन् भनेर, साँच्चै हो रहेछ । वल्लो कोठा पल्लोकोठा बस्नेलाई त केही वास्ता हुँदो रहेनछ, अरूको त के कुरा गरौँ । (उठेर फूल मिलाउँदै) उफ् ! गर्मी पनि कति हो । यस्तो ठाउँमा बस्नुभन्दा त भोलिनै उठेर हिँडिन्छ । अहँ हुँदैन, यस्तो हडबडमा निर्णय गर्ने मान्छेले जीवनमा धेरै दुःख पाएका उदाहरणहरू छन् । एक त विद्यार्थी जीवनमा धेरै दुःख हुन्छ । दुःख नगरी सुख पनि त पाइँदैन । के अरू म जस्ता साथीहरू यहाँ पढ्दैनन् । (अचानक सम्झन्छ) अँ त्यो रमेश, गाउँकै साथी हो । उसले पैसा खाँचो पर्‍यो

भने माग्नु है भनेको थियो । उसँग माग्छु र पछि घरबाट मगाएर तिर्नु पर्ला । अनि दुईचार महिना पछिदेखि त यहाँको वातावरणमा कसो नभिजिएला त ? दुःख कष्ट सहेर पनि +२ नसकेसम्म कतै पनि मन डुलाउँदिन । घरकै मीठो मसिनो खाएर आमाबाबुका काखपोल्टामा बस्ने छोराछोरीहरू कोही पनि डाक्टर, इन्जिनियर, पाइलट, प्राध्यापक भएका छैनन् । छ्या ! म पनि व्यर्थैमा मनमा कति कुरा खेलाउँदो रहेछु (घडी हेर्दै) आम्मै एघार पो बज्न लागेछ । अब त निदाउँछु । (ओड्ने ओडेर गुटुमुटु हुन्छ) ।

## नमुना २

### विदेशमा खर्च सकिँदा परेको सङ्कटको अनुभव समेटी मनोवाद लेख्नुहोस् :

### विदेशमा खर्च सकिँदाको पीडा

स्थान : आफ्नो सुत्ने कोठा

समय : रातको १० बजे

पात्र : सङ्कल्प

(सङ्कल्प गोरखा जिल्लाको एउटा विकट गाउँमा जन्मेको मध्यम वर्गीय किसानको छोरो हो । रोजगारीको सिलसिलामा सम्पूर्ण चलअचल सम्पत्ति धितो राखेर साउदी अरेवियाको रियाद सहरमा पुगेको छ । दलालको फन्दामा परेर उसले भनेजस्तो काम पाउन सकेको छैन । अब हातमुख जोर्ने समस्यादेखि उसको मन पिरोलिएको छ ।)

अर्काले कमाएको धनमा होली खेल्न क्या मज्जा हुँदो रहेछ । आफूले कमाएर गुजारा गर्नुपर्दा खेरी त तिरिमिरी भ्याइँ पो देखिँदो रहेछ । आजको दिन त जेनतेन टऱ्यो, भोलि के खाने हो ? (गोजीबाट पैसा झिकेर हेर्छ) खोइ, अब जम्मा एकसय मात्र रहेछ यतिले के गर्नु ? हरे शिव ! मालिकले तलब दिने लक्षण देखिँदैन । फेरि सम्झौता गरे अनुसारको काम पनि पाएको होइन । घरदेखि कुन साइतमा हिँडिएछ कुन्नि ! ठीकै छ, अत्तालिइहाल्नुपर्ने केही छैन, काम गरेको पारिश्रमिक त पाइएला नि । अलिकति दुःख नपाएको मान्छे त परिपक्व हुँदैन भन्छन् । ए, म त के पो सम्झिँदो र'छु । यहाँ खान नपाएर मान्छेलाई कन्तबिजोग हुन आँटिसक्यो, परिपक्व र पाकेको कुरा । घरबाट नजिकै भए पो पैसा पठाइदिनु है भन्नु यत्रो टाढा पऱ्यो के गरौँ । नजिकै भए पनि पैसा कमाउन गएको छोराले कसरी घरबाट पैसा पठाइदिनु भन्न मिल्छ ? उल्टै छोराले कहिले खर्च पठाइदेला भनेर घरमा आशा गरेर बसेका हुन्छन् । त्यसकारण पैसा पठाइदिनु भन्दा त अवगाल मात्रै होइन मरेकै जुनी हुन्छ । बा, आमाले विदेश नजा दुःख पाइन्छ, आखिरमा घरमा खान लाउन केहीको समस्या छैन । सँगै बसौँ, देशमा काम पाए गर्लास् नत्र बि.एड. पढ् भन्नु भएकै हो । 'दुःख पाइस् मङ्गले आफ्नै ढङ्गले' भनेको यही हो । विदेशमा गएर सङ्कल्पले दुःख पायो भन्ने कुरा जोरीपारीले थाहा पाए भने के भन्लान् ? राम्ररी कमाउन सकिएन भने त नेपाल फर्किंदैन

छोरो बरू दुःख पाएर मरे पनि यतै मर्छ । धत् ! छोरो भएर जन्मेपछि पनि यस्तो लाछी कुरा गर्ने हो ? आफू भलो त जगत् भलो, मालिकलाई भोलिदेखि रिझाएर काम गर्छु । अर्काको मुलुकमा सुख खोजेर त धन कमाइँदैन । ओहो ! मध्यरात पो हुन आँटेछ । अब मनमा धेरै कुरा खेलाउनु हुँदैन । (कोल्टे फर्केर सिरकले मुख छोप्छ ) ।



## अभ्यास

१. **तलका शीर्षकमा मनोवाद रचना गर्नुहोस् :**

(क) कविता प्रतियोगितामा प्रथम हुँदा

(ख) महान् व्यक्तिको जीवनी पढ्दा

(ग) विद्यालयको बस छुट्दा

(घ) एस.ई.ई परीक्षामा उत्तीर्ण हुँदा

(ङ) जिल्लास्तरीय चित्रकला प्रतियोगितामा प्रथम हुँदा

(च) नौलो ठाउँमा आफू हराउँदा

(छ) आफू जन्मेको ठाउँ छाडेर अन्यत्र पढ्न जाँदा

एकाइ
८

# चिठी लेखन

## १. चिठीको परिचय

टाढा बसेको आफन्त वा परिचित व्यक्तिलाई सम्बोधन गरी हुलाकमार्फत वा कुनै व्यक्तिमार्फत् पठाइने लिखित सन्देशलाई चिठी भनिन्छ । यसमा चिठी लेख्ने (प्रेषक) व्यक्तिले आफ्ना भलाकुसारी र हालखबर लेख्नुका साथै चिठी पाउने (प्रापक) व्यक्तिका भलाकुसारी र हालखबर के कस्ता छन् भनी सोधिएको हुन्छ । त्यसै गरी कुनै व्यक्ति वा कार्यालयले कुनै संस्था वा व्यक्तिका नाममा लेखेको दर्खास्त वा निवेदन पत्र पनि चिठी नै हो । यसरी व्यक्ति वा संस्थाले कुनै व्यक्ति वा संस्थालाई सम्बोधन गरेर केही कुरा भनी सोधी वा अनुरोध गरी लिखित रूपमा पठाएको पत्र कागज नै चिठी हो । चिठीलाई पत्र पनि भनिन्छ ।

## २. चिठीका प्रकार

चिठी मुख्य गरी तीन प्रकारका छन् :

(क) घरायासी चिठी

(ख) कार्यालयीय चिठी

(ग) व्यापारिक चिठी

### (क) घरायासी चिठी

व्यक्तिले आफ्ना आमाबुबा, नातागोता, साथीभाइजस्ता आफन्तहरूलाई लेखिने लिखित अभिव्यक्तिलाई घरायसी चिठी भनिन्छ । यस्ता चिठीमा आफ्ना व्यक्तिगत मनोभावनाहरू व्यक्त गरी अर्को व्यक्तिलाई पठाइन्छ । यस किसिमका चिठीहरूमा सुरुमा ठेगाना र मिति लेखी त्यसपछि बाँयातर्फ सम्बोधन र अभिवादन लेखी सञ्चोबिसञ्चो खबर लेख्दै अन्त्यमा समापन गरिन्छ ।

**घरायासी चिठीको नमुना**

**देश विकासमा विज्ञान प्रविधिको महत्त्वबारे उल्लेख गर्दै साथीलाई चिठी लेख्नुहोस् :**

पुतलीसडक–२९, काठमाडौँ

२०७९/०४/२०

आत्मीय मित्र पाल्देन,

मीठो सम्झना ।

धेरै दिन भयो चिठी आदानप्रदान नभएको । यहाँ ईश्वरको कृपाले म लगायत सबै परिवारलाई आरामै छ । त्यहाँ पनि तिमी लगायत तिम्रो परिवारलाई पनि आरामै होला भन्ने कामना गर्दछु । विशेष लेख्नुपर्ने कुरा त केही छैन तापनि देश विकासमा विज्ञान र प्रविधिको महत्त्वबारे जानकारी गराउने उद्देश्यले यो चिठी लेख्दै छु ।

हेर साथी । हाम्रो कर्तव्य भनेको देश विकास गर्नु पनि हो । यसका लागि अब त परम्परित पद्धतिभन्दा नयाँ पद्धतिको खाँचो छ । विश्वमै हरेक कुरामा विज्ञान र प्रविधिको उपयोग हुन थालेको छ । विकसित विज्ञान र प्रविधिको उपयोगबाट मानव जातिले उल्लेख्य उपलब्धि हासिल गर्दै आएको छ । शिक्षा, स्वास्थ्य, कृषि, व्यापार उद्योग र यहाँसम्म कि पर्यटनका क्षेत्रमा समेत विज्ञान र प्रविधिको उपयोग गर्ने विकसित देशहरूको तुलनामा हामी निकै पछाडि छौँ । कम्प्युटर, इन्टरनेट, यातायातका अत्याधुनिक साधनहरू र विद्युतीय प्रविधि अथवा सौर्य ऊर्जाको प्रयोगबाट पनि विकासका लागि अनेकौँ कामहरू गर्न सकिन्छ । स्थल मार्ग मात्र होइन हवाईमार्गका प्रयोगका लागि पनि यसको उपयोग आवश्यक मानिन्छ । स्वास्थ्यसम्बन्धी उपकरणहरूको पनि त्यतिकै महत्त्व रहेको छ ।

अतः देश विकासका लागि योगदान पुऱ्याउने हरेक निकायमा विज्ञान तथा प्रविधिको महत्त्व रहेको हुनाले हाम्रो देशमा पनि सम्पूर्ण पक्षको ध्यान यतैतिर आकर्षित गराउनु जरुरी छ । अझ महिलाका माध्यमबाट यस किसिमको प्रयास थाल्ने हो भने निकै चाँडो हामीले सफलता हात पार्न सक्छौँ । अरू कुरा भेटमा गरौँला, आजलाई यतिमै कलम बन्द गर्न गर्दछु ।

उही तिम्रो साथी

महेन्द्र यादव

**खामको नमुना**

| प्रेषक | प्रापक |
|---|---|
| महेन्द्र यादव | पाल्देन चौधरी |
| पुतलीसडक–२९ | नारायणघाट – ५ |
| काठमाडौँ । | चितवन । |

टिकट

## (ख) कार्यालयीय चिठी

कुनै व्यक्ति वा कार्यालयले कुनै कार्यालय वा संस्थालाई लेख्ने पत्रलाई कार्यालयीय चिठी भनिन्छ । यस्तो चिठीलाई निवेदन पनि भनिन्छ । यस चिठी अन्तर्गत कार्यालयले कार्यालयलाई पठाउने सूचना, परिपत्र आदि पर्दछन् । यो चिठी औपचारिक शैलीमा लेखिन्छ ।

### कार्यालयीय चिठी लेख्ने तरिका

(क) कागजको दायाँ सिरानमा मिति लेख्नुपर्छ ।

(ख) त्यसको केही तल बायाँतिर कुनामा सम्बन्धित कार्यालयका प्रमुखलाई सम्बोधन गरी सो कार्यालयको नाम र ठेगाना उल्लेख गर्नुपर्छ ।

(ग) सम्बोधनभन्दा केही तल विषय लेख्नुपर्छ ।

(घ) विषयभन्दा केही मुनि महोदय लेख्नुपर्छ ।

(ङ) महोदयभन्दा मुनिबाट आफूले लेख्नुपर्ने मूल व्यहोरा लेख्नुपर्छ ।

(च) मूल कुरा सकिएपछि धन्यवाद लेखेर टुङ्ग्याउनुपर्छ ।

(छ) अन्त्यमा दायाँ कुनामा निवेदक लेखेर त्यसको तल नाम, ठेगाना लेखी हस्ताक्षर गर्नुपर्छ ।

## कार्यालयीय चिठीको नमुना

मद्यपान सेवन गरी जथाभावी होहल्ला गर्नेहरूको सङ्ख्या बढेकाले सोको नियन्त्रण गरिदिन अनुरोध गर्दै प्रहरी कार्यालयलाई एउटा निवेदन लेख्नुहोस् ।

मिति : २०८०/०१/२५

श्री कार्यालय प्रमुखज्यू,

प्रहरी कार्यालय,

धरान ।

विषय : नियन्त्रण गर्ने सम्बन्धमा

महोदय,

उपर्युक्त सम्बन्धमा विगत एक महिनादेखि साँझ पर्न नपाउँदै केही युवाहरूले मद्यपान गरी जथाभावी होहल्ला गर्दै आएकाले त्यसको गलत असर हाम्रो टोलमा पनि पर्न थालेको छ । सुरु–सुरुमा दुई चार जनाको समूह रहे पनि हाल विभिन्न ठाउँबाट भेला हुन थालेकाले वरिपरिको वातावरण नै प्रभावित बनेको छ । चर्को स्वरमा अश्लील शब्दहरू बोल्ने र आपसमा झगडा गर्ने समेत प्रवृत्ति बढेको छ ।

अतः मद्यपानका कारण देखा परेको समस्या नियन्त्रणका लागि सहयोग गरिदिनुहुन सम्पूर्ण टोलबासीका तर्फबाट विनम्र अनुरोध गर्दछु ।

निवेदक
हर्कमान तामाङ
जागृति टोल
धरान – ५

खामको नमुना

प्रेषक
हर्कमान तामाङ
जागृति टोल
धरान ।

प्रापक
टिकट
श्री कार्यालय प्रमुखज्यू
प्रहरी कार्यालय
धरान ।

## (ग) व्यापारिक चिठी

एउटा व्यापारिक संस्थाले अर्को व्यापारिक संस्थालाई वा एउटा व्यापारीले अर्को व्यापारीलाई लेख्ने चिठीलाई व्यापारिक चिठी भनिन्छ । यो व्यापारिक प्रयोजनका निम्ति लेख्ने गरिन्छ । यो औपचारिक चिठी भएकाले सामान्यतया संस्थाको नाममा छापिएको लेटरप्याडमा लेखिन्छ ।

व्यापारिक चिठी लेख्ने तरिका

(क) कागजको सिरानमा सम्बन्धित संस्थाको नाम र ठेगाना लेख्नुपर्छ ।
(ख) ठेगानाभन्दा केही तल दायाँतिर कुनामा मिति लेख्नुपर्छ ।
(ग) चिठीको ठेगानाभन्दा बायाँतिर कुनामा संस्थाको चलानी नम्बर र पत्रसङ्ख्या लेख्नुपर्छ ।
(घ) पत्र सङ्ख्याभन्दा मुनि विषय लेख्नुपर्छ ।
(ङ) विषयभन्दा केही मुनि बायाँतिर सम्बोधन गर्नुपर्छ ।
(च) सम्बोधनभन्दा मुनि 'महोदय' लेख्नुपर्छ ।
(छ) महोदयभन्दा तल सम्बन्धित विषय खुलस्त हुने गरी शिष्ट भाषामा मूल विषयवस्तु लेख्नुपर्छ ।
(ज) अन्त्यमा मूल कुरा सकिएपछि दायाँ कुनातिर भवदीय लेखी त्यसको मुनि आफ्नो

नाम र पद लेख्नुपर्छ ।

**व्यापारिक चिठीको नमुना**

**पाथीभरा वस्त्र भण्डार सुर्खेत तर्फबाट हिमाल कपडा उद्योग काठमाडौँलाई विभिन्न गुणस्तरका कपडा पठाइदिन अनुरोध गर्दै उक्त वस्त्रभण्डारले लेख्ने चिठी तयार पार्नुहोस्**

पाथीभरा वस्त्रभण्डार

सुर्खेत, नेपाल

मिति : २०७६/०१/१०

प.स. ९५/०७६/०७७

च. नं. ४१०

श्रीमान् महाप्रबन्धकज्यू,

हिमाल कपडा उद्योग,

काठमाडौँ, नेपाल ।

विषय : गुणस्तरका विभिन्न कपडा पठाइदिने बारे

महोदय,

त्यस उद्योगबाट उत्पादित विभिन्न गुणस्तरका निम्नलिखित कपडाहरू पठाइदिनुहुन अनुरोध गरिन्छ :

| | |
|---|---|
| १. चोलाको कपडा | ५० थान |
| २. साडी | ५० थान |
| ३. कमिजको कपडा | ४० थान |
| ४. टेलिकटन | ३० थान |
| ५. जिन्स कपडा | ५० थान |
| जम्मा | २२० थान |

उल्लिखित कपडाहरूको भुक्तानीका लागि पचास हजार रुपियाँ मात्रको बैङ्क ड्राफ्ट यसै पत्रसाथ संग्लन गरी पठाइएको छ । बाँकी रकम कपडाहरूका साथै बिल प्राप्त हुनासाथ भुक्तानी गरिने व्यहोरा अनुरोध छ ।

भवदीय

प्रो. सिद्धार्थ लामा

खामको नमुना

प्रेषक

सिद्धार्थ लामा
पाथीभरा वस्त्र भण्डार,
सुर्खेत, नेपाल ।

प्रापक

श्री महाप्रबन्धकज्यू,
हिमाल कपडा उद्योग,
काठमाडौँ, नेपाल ।

टिकट



## अभ्यास

१. रजनी पुस्तक पसल, काठमाडौँले कक्षा ८ का अनिवार्य विषयका पुस्तकहरू उपलब्ध गराइदिन अनुरोध गरी साझा प्रकाशन पुलचोकलाई लेख्ने चिठी तयार पार्नुहोस् ।

२. आफ्नो धर्म र संस्कृतिलाई भुल्दै गएको एक सहरिया मित्रलाई नेपाली संस्कृतिको महत्त्व झल्काउँदै यसलाई भुल्न नहुने सल्लाह दिँदै एउटा चिठी लेख्नुहोस् ।

३ आफू जेहेनदार विद्यार्थी भएको व्यहोरा उल्लेख गर्दै कक्षा ८ मा पढ्नको लागि निःशुल्क छात्रवृत्ति पाऊँ भनी प्रधानाध्यापकलाई एउटा निवेदन लेख्नुहोस् ।

४ आफ्नो गाउँको बाटो स्तरोन्नति गर्न आग्रह गर्दै वडा अध्यक्षलाई एउटा निवेदन लेख्नुहोस् ।

५ जाडोको लागि विभिन्न कपडा पठाइदिन आग्रह गर्दै अनुष्का स्टोर्स छत्रदेव–६, अर्घाखाँचीले नेपाल ऊल हाउस भोटाहिटी, काठमाडौँलाई लेख्ने चिठी तयार पार्नुहोस् ।

एकाइ ८

# निबन्ध लेखन

## १. निबन्धको परिचय

निबन्ध 'बन्ध' धातुमा 'नि' उपसर्ग लागेर बनेको तत्सम शब्द हो । यसको शाब्दिक अर्थ राम्ररी बाँध्नु भन्ने हुन्छ । निबन्ध भनेको कुनै विषयलाई लिएर कलात्मक वा वस्तुगत पाराले लेखिएको साहित्यिक रचना हो । यसमा कुनै विषय वा शीर्षकमा बाँधिएर वा केन्द्रित रहेर आफ्ना अनुभूति, धारणा, सोचाइ वा भनाइलाई क्रमबद्ध रूपमा रोचक पाराले प्रस्तुत गरिएको हुन्छ । यो भाषिक कला स्वरूप साहित्यको एक प्रमुख विधा हो । यो कलात्मक हुनुपर्छ ।

निबन्धका आदि, मध्य र अन्त्य गरेर तीनओटा भाग हुन्छन् । यसको आदि भागमा परिचय खण्ड हुन्छ । मध्य भागमा विस्तार खण्ड रहन्छ भने अन्त्य भागमा उपसंहार खण्ड रहन्छ । निबन्धका आदि र अन्त्य भाग एकएक अनुच्छेदमा लेखिन्छ भने मध्य भाग दुई वा तीन अनुच्छेदमा लेख्न सकिन्छ । सामान्यतयाः निबन्धको थालनीमा विषयको संक्षिप्त परिचय दिइन्छ । निबन्ध लेख्न खास गरेर पहिला दिइएका विषय वा शीर्षकको अर्थ वा परिभाषा अथवा प्रसङ्ग कोट्याएर सुरु गर्न सकिन्छ । निबन्धको बिच भागमा विषयका सन्दर्भमा वर्णन, व्याख्या, विश्लेषण, गुण, अवगुण जस्ता कुराहरूलाई केलाएर विस्तार गरी लेख्ने काम हुन्छ । निबन्धमा अन्तिम अनुच्छेदमा उपसंहार दिइन्छ । यसका सम्पूर्ण विषयको निचोड लेखिन्छ । निबन्ध लेखनबाट विवेचना गर्ने, शक्ति बढ्ने, विचार तिखारिने तथा कुनै विषयवस्तुलाई प्रस्तुत गर्ने आफ्नै किसिमको भाषिक शैलीको निर्माण हुने जस्ता लेखन कलाको पनि विकास हुन्छ ।

## २. निबन्धका प्रकार

विषयवस्तु र निबन्ध लेखनका बिचको सम्बन्धका आधारमा निबन्ध दुई प्रकारका छन् :

(क) आत्मपरक निबन्ध (ख) वस्तुपरक निबन्ध

### (क) आत्मपरक निबन्ध

कुनै विषय वा शीर्षकमा निबन्धकारको आफ्ना निजी किसिमका भावना, विचार, दृष्टिकोण आदिको सिलसिला मिलाएर लेखिएको रचना आत्मपरक निबन्ध हो । यस्तो निबन्धमा प्रथम पुरुष (म वा हामी) को कोणबाट गरिएको कथनको प्रधानता हुन्छ । यसमा विषयवस्तुलाई निजी अनुभवमा मुछेर व्यक्त गरिन्छ । यस्तो निबन्धमा व्यक्ति कल्पनाको संसारमा रमाएको

हुन्छ । यस्ता निबन्धमा वस्तुभन्दा अनुभव महत्त्वपूर्ण हुने हुनाले विषयवस्तुको प्रस्तुतीकरण पनि स्वतन्त्र हुन्छ ।

### (ख) वस्तुपरक निबन्ध

कुनै विषय वा शीर्षकमा केन्द्रित रही त्यससँग सम्बन्धित सत्यतथ्य कुराको क्रमबद्ध वर्णन, विवरण वा विवेचना गरिएर लेखिएको रचना वस्तुपरक निबन्ध हो । यस्तो निबन्धमा तृतीय पुरुषको कथन ढाँचा अँगालिएको हुन्छ । यस्तो निबन्धमा कुनै वस्तु वा विषयलाई चिनाउन त्यसको वर्णन विश्लेषण तटस्थ भएर प्रस्तुत गरिनेछ । यस्ता निबन्धमा निबन्धकारको निजी अनुभूतिको महत्त्व रहन्न । यसमा विषयवस्तुको यथार्थ चित्रण दिने काम गरिन्छ । यस्तो खालको निबन्धमा भावना र विचारको ठुलो महत्त्व हुन्छ ।

## ३. निबन्ध लेख्ने तरिका

(क) सुरुमा आफूले लेख्नुपर्ने निबन्धको शीर्षक लेख्नुपर्छ ।

(ख) सबैभन्दा पहिला विषयवस्तुसँग सम्बन्धित बुँदा टिपोट गरी ती बुँदाहरूको क्रम निर्धारण गर्नुपर्छ ।

(ग) टिपिएका बुँदाहरूबाट विषयवस्तुका आधारमा आदि, मध्य र अन्त्य भागमा लेखिने कुरा विभाजन गर्नुपर्दछ ।

(घ) निबन्धको आदि भागमा विषयवस्तु वा शीर्षकको अर्थ, परिभाषा वा परिचय दिनुपर्छ ।

(ङ) निबन्धको मध्य भागमा विषयवस्तु वा शीर्षकको विस्तारपूर्वक चर्चा गर्नुपर्दछ ।

(च) निबन्धको अन्त्य भागमा आफूले अगाडि सारेका विषवस्तुसँग सम्बन्धित कुराको खँदिलो निष्कर्ष लेख्नुपर्छ ।

(छ) निबन्धको भाषाशैली शुद्ध, स्पष्ट र विषयवस्तुसँग सुहाउने खालको हुनुपर्छ ।

## ४. निबन्ध लेखनका नमुनाहरू

### मेरा सपनाहरू

मानिसले आफ्नो जीवनमा सपनाहरू सजाएर अगाडि बढ्ने चाहना राखेको हुन्छ । कुनै पनि व्यक्तिले भविष्यमा 'म यो बन्छु वा यो गर्छु' भनी वर्तमान समयमा सोच्नु वा कल्पना गर्नु नै सपना हो । भविष्यमा गएर कसैले शिक्षक, डाक्टर, वकिल, इन्जिनियर, प्राध्यापक बन्ने सपना देखेका हुन्छन् । मानिसले सपना बुनेर मात्र हुँदैन सपना पूरा गर्न मिहिनेतका साथ आफ्नो काम गर्नुपर्दछ । त्यसकारण मानिसले वर्तमान समयमा तय गरेका जीवनका आधारमा मानिसले आफ्नो सपना सजाउनुपर्दछ । यही कुरालाई दृष्टिगत गर्दै जीवनको उषाकालदेखि नै आफ्नो जीवनलाई निश्चित लक्ष्यको गोरेटोमा हिँडाउनु मानवीय स्वभाव

हो । मैले पनि आफ्नो जीवनलाई राष्ट्रप्रति समर्पित गर्दै राष्ट्रियताको पवित्र मार्गमा हिँडाउने सपना बुनेको छु । त्यसकारण मेरो जीवनको सपना आफू जन्मेको गाउँ, समाज र राष्ट्रको सुधार गर्नु हो । यो सुधारको भावना म आफू जन्मेको गाउँ, ठाउँ, पाखा, पखेरोप्रति असीम माया पोखेर उजागर गर्न चाहन्छु ।

म मेरो गाउँलाई माया गरेर राष्ट्रलाई माया गर्न चाहन्छु । गाउँको सेवाबाट राष्ट्रियताको भावनामा टेवा पुग्न सक्छ भन्ने मेरो विश्वास छ । मलाई प्रथम पटक आश्रय दिने, मलाई कर्म गर्न सिकाउने, मेरो तोतेबोली सुनिदिने, मलाई बाँच्ने आधार प्रदान गर्ने मेरो स्वर्गभन्दा पनि प्यारो गाउँलाई सिँगार्नु, विकासको पथमा अगाडि बढाउन भूमिका खेल्नु मेरो जीवनको सपना रहेको छ ।

मेरो जीवनको सपना नयाँ पुस्तामा आफ्नो गाउँप्रति अपार स्नेहको भावना जगाउनु हो । गाउँमा जन्मनु अभिशाप होइन न त पूर्व जन्मको पाप नै हो । वास्तवमा गाउँ मानव सभ्यताको सरोवर हो, मानवताको मुहान हो । गाउँलाई छोडेर पढाइका लागि सहर पस्ने, रोजगारीको नाममा सहर पस्ने र आफू जन्मेको गाउँलाई चटक्कै बिर्सेर उतै बसोवास गर्ने निर्मोही गाउँबासीलाई आफू जन्मेको ठाउँ, आफ्नो प्यारो गाउँ र माटोप्रति माया मार्नु हुँदैन भन्ने सन्देश दिन चाहन्छु । हो मेरो गाउँले आफ्ना सन्तानलाई काम दिन सकेन, खम्रो आँटो र पीठो दिए पनि मीठोमसिनु माम दिन सकेन । हृष्टपुष्ट तन र स्वच्छ तथा पवित्र मन दिन सके तापनि धेरै धन दिन सकेन । कामको खोजीमा, मीठो खान पाउने आशामा तथा धेरै धन कमाउने लोभमा गाउँको आफ्नो सिरिखुरी बेचेर गाउँलाई धुरुधुरु रुवाउँदै सहर पसे । जसरी गरिब बाबुआमाको कोखमा जन्म लिँदैमा कुनै पनि सन्तानले आफ्नो बाबुआमालाई सराप्दैनन् । त्यस्तै गाउँमा जन्मनु परेकोमा आफ्नै गाउँलाई नै सराप्नु आफ्नै जन्मदिने बाबुआमालाई सराप्नु सरह नै हो । आफू जन्मेको गाउँलाई माया मार्न सक्ने मानिसले राष्ट्रलाई पनि माया मार्न सक्छ । मेरो गाउँमा पनि यस्तो प्रकारको समस्या दिन प्रतिदिन बढ्दो क्रममा रहेको छ र यस्ता समस्याको निदानमा संलग्न हुने सपना मैले बुनेको छु ।

मेरो गाउँ विकासमा पछाडि परको छ । मेरा गाउँमा अझै पनि मानिसलाई आवतजावत गर्न बाटोघाटो, गाडी चलाउनलाई सुरक्षित फराकिलो मोटरबाटो, पढ्नलाई विद्यालय, उच्च शिक्षा हासिल गर्नको लागि क्याम्पस, उपचारको लागि स्वास्थ्य संस्था, अस्पताल तथा रोजगारका लागि उद्योगधन्दाको अभाव रहेको छ । आजको एक्काइसौँ शताब्दीमा पनि अन्धविश्वासमा रुमल्लिएको छ, चेतनाको दीप जल्न सकेको छैन । यस स्थितिबाट ग्रामीण जनतालाई मुक्ति प्रदान गर्ने लक्ष्य लिएको छु । आफ्नो गाउँलाई सम्पन्न र सक्षम बनाउन एक्लैले सम्भव हुन सक्दैन । यसका लागि म सर्वप्रथम विदेशमा गएर बसेका र रोजगारमा गएका व्यक्तिहरूबाट आर्थिक सहयोगको अपिल गरेर अनि धन कमाएर सहर पस्नेहरूका हृदयमा अलिकति भए पनि जन्मभूमिप्रतिको माया जगाएर उनीहरूबाट आर्थिक सहयोग सङ्कलनको अभियान नै चलाएर गाउँमा एउटा अक्षयकोष खडा गर्ने छु । उक्त रकमको सही सदुपयोगबाट गाउँमा रहेको रोग, भोक, अशिक्षा, गरिबी, बेरोजगारका विरुद्धमा लड्ने छु ।

मैले मेरो गाउँमा एउटा निजी स्तरमा विद्यालय, औषधालय, पुस्तकालय, सहकारी संस्था, कृषि व्यवसाय तथा घरेलु तथा कुटीर उद्योगहरू खोल्न पहल गर्ने छु । गाउँका युवावर्गहरूलाई लक्षित गरी रोजगारमूलक काममा लगाउने मेरो जीवनको सपना रहेको छ । त्यसपछि गुणस्तरीय शिक्षाको लागि कोही पनि व्यक्ति आफ्नो प्यारो गाउँ छाडेर सहर कुद्नु पर्ने छैन । सामान्य उपचारको लागि समेत सहर जानुपर्ने अवस्था मेरो गाउँमा आउने छैन । ज्ञान तथा चेतनाको अभावमा कोही पनि अन्धविश्वासको सिकार बन्ने छैनन् । रोजगारको नाममा चालिस डिग्रीको तापक्रममा काम गर्न अरब र कतारमा जानुपर्ने छैन । सहरमा प्राप्त हुने सबै सुविधाहरू मेरै गाउँमा प्राप्त हुने छन् । बरु गाउँमा जस्तो हरियालीपन, कञ्चन सफा पिउने पानी, कलकल बग्ने खोलानाला सहरमा पुग्ने छैनन् । मेरो प्यारो गाउँ सहरभन्दा सुन्दर, शान्त, सुरम्य र लोभलाग्दो हुने छ ।

भगवानले पनि भनेका छन् 'तँ आट म पुऱ्याउने छु' नेपालीमा पनि एउटा उखान छः जहाँ 'इच्छा त्यहाँ उपाय ।' संसारमा असम्भव भन्ने कुरा के छ र ? मेरो गाउँलाई सुधार गर्ने लक्ष्यमा मलाई सबैले सहयोग गर्ने छन् । मलाई भरपूर विश्वास छ मेरा सपनाहरू अवश्य पूरा हुने छन् ।

## यन्त्रमानव

विज्ञान र प्रविधिको विकासले आज मानिसले सोचेभन्दा बढी प्रगति गरेको पाइन्छ । विज्ञान र प्रविधिकै कारण आज विश्वमा अभूतपूर्व विकास भएको पाइन्छ । यातायात, सञ्चार, शिक्षा, स्वास्थ्य, चिकित्सा, इन्जिनियरिङलगायत विविध क्षेत्रमा विज्ञान र प्रविधिको अत्यधिक प्रभाव परेको पाइन्छ । यसको प्रभावको कारण आज मानवजीवन बढी सुखी, सुविधायुक्त र सम्पन्न बन्दै गएको छ । दिन प्रतिदिन वैज्ञानिकहरूले नयाँ नयाँ आविष्कारहरू गरेर मानव जीवनलाई अझ सहज, सुविधायुक्त बनाउँदै लगेको पाइन्छ ।

आजको मानिस पहिलेको झैँ कडा परिश्रम गर्न रुचाउँदैन । ऊ हरेक कार्य छिटो र छरितो रूपमा सम्पन्न गर्ने कुरामा रुचि राख्छ । यस क्रममा लामो समयको अध्ययन, खोज र अनुसन्धानको परिणाम स्वरूप यन्त्रमानवको आविष्कार भएको छ । यन्त्रमानवको आविष्कारले मानव जीवनलाई सहज, सरल र सुखद बनाएको छ । यसले औद्योगिक क्षेत्रको विकासमा ठुलो योगदान पुऱ्याएको छ । यन्त्रमानव आज आएर मानिसको सहायकको रूपमा विकसित हुँदै आएको छ । यसलाई घरायसी कार्यदेखि लिएर कृषि, विज्ञान, प्रविधि, उद्योग, कल कारखाना आदि हरेक क्षेत्रमा प्रभावकारी रूपमा उपयोग गर्न सकिन्छ । जोखिमयुक्त क्षेत्रमा गएर काम गर्ने सन्दर्भमा त यन्त्रमानव वरदान नै सावित भएको छ । औद्योगिक क्षेत्रमा काम गर्नका लागि यन्त्रमानवलाई अधिकतम रूपमा प्रयोग गर्न सकिन्छ । यसलाई सामान टिप्न, उठाउन, बाकसमा प्याकिङ गर्न, बढी तौल भएका सामान उठाएर गाडीमा राख्नका लागि पनि उपयोग गर्न सकिन्छ । त्यसै गरी किला ठोक्ने, प्वाल पार्ने, पेचकिला कस्ने, वेल्डिङ गर्ने, रङ रोगन लगाउने तथा जोखिमयुक्त ठाउँमा गएर काम गरेर यन्त्रमानवले मानव जीवनलाई सरल र सहज बनाइदिएको छ । आज

यन्त्रमानवलाई उद्योगका साथै घरेलु उपयोगितामा पनि त्यतिकै प्रयोग गर्न थालिएको छ । बाल बालिकालाई मनोरञ्जन प्रदान गर्नका लागि विभिन्न किसिमका खेलहरू जस्तै चेस, चेकर, टेबुल टेनिस जस्ता खेल रोचक ढङ्गले खेलेर मनोरञ्जन प्रदान गर्नुका साथै नाच्ने, गाउने, रुने, हाँस्ने आदि क्रियाकलाप गरेर बालबालिकालाई रमाइलो प्रदान गर्छन् । यसका साथै घर, आँगन, चोक सफा गर्न, पाहुनाको स्वागत गर्नसमेत यन्त्रमानवको प्रयोग गर्न सकिन्छ । पसलमा सामान बिक्री गर्न, ग्राहकलाई आकर्षित गर्न, बाल बालिकाको पढाइको बारेमा अभिभावकलाई सचेत गराउने, काठ काट्ने, भेडा चराउने जस्ता कार्य कुशलतापूर्वक सम्पन्न गरी मानिसलाई सहयोग पुऱ्याएको छ ।

ठूल्ठूला दुर्घटनाबाट मान्छेलाई जोगाउने, वातावरणीय सन्तुलन कायम गर्ने, विकास निर्माणमा सहयोग गर्ने, बिरामीको शल्यक्रिया गर्ने जस्ता कार्यमा पनि यन्त्रमानवको महत्त्वपूर्ण भूमिका रहेको छ । यसले चौबिसै घन्टा गल्ती नगरी खुरुखुरु काममा लागेर उद्योग व्यवसायलाई प्रगतिपथमा अघि बढाउन सहयोग पुऱ्याउँछ । यन्त्रमानवले कर्मचारीको जस्तो आन्दोलन, हडताल, कामरोक धर्ना गरेर आम जनतालाई असजिलो पार्दैन । कर्मचारीलाई जस्तो तलब, विभिन्न किसिमका भत्ता, औषधोपचार खर्च, उपदान, पेन्सन, बीमा र सञ्चयकोष जस्ता कुनै पनि सुविधाको आवश्यक नपर्ने भएकाले यसको उपयोगिता झन् बढ्दै गएको छ । विषादीयुक्त ठाउँ, सुरुङ, आगलागी भएको ठाउँ तथा मानवका लागि जोखिमपूर्ण ठानिएका कामहरू पनि यन्त्रमानवले सहज तरिकाले सम्पन्न गर्न सक्छ ।

विश्वका विकसित मुलुकहरूका औद्योगिक क्षेत्रलगायत अन्य विविध क्षेत्रमा अत्यधिक मात्रामा यन्त्रमानवको प्रयोग बढ्न थालेको पाइन्छ । यसरी समय, श्रम र सम्पत्तिको समेत वचत हुने भएकोले वर्तमान युगमा यन्त्रमानवको उपयोगिता र महत्त्व दिन प्रतिदिन झन् बढ्दै गएको पाइन्छ ।



## अभ्यास

१. **तल दिइएका शीर्षकमा निबन्ध तयार पार्नुहोस् :**

(क) मेरो जन्मस्थान
(ख) पर्यटनको महत्त्व
(ग) मेरो जीवनको लक्ष्य
(घ) शिक्षा र जीवन
(ङ) मलाई मनपर्ने ठाउँ
(च) नेपालको जल सम्पदा
(छ) विद्यार्थी जीवनमा अनुशासनको महत्त्व
(ज) लोकतन्त्र
(झ) वातावरण प्रदूषण
(ञ) मेरो जीवनको लक्ष्य
(ट) शान्ति र देश विकास
(ठ) वृद्धवृद्धाप्रति मेरो कर्तव्य
(ड) विद्यार्थीको कर्तव्य
(ढ) मलाई मनपर्ने खेल